# दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम्.ए. चौथो सत्र
शोधपत्र लेखन (कोड.नं.५७७) को
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधकर्ता
अनिमाकुमारी पौडेल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

२०७८

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली स्नातकोत्तर तह, शैक्षिक वर्ष २०७४–२०७५ चौथो सत्रकी विद्यार्थी अनिमाकुमारी पौडेलले ‘दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व’ शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७८/०६/१५

..............................

(उपप्रा.डा. साधना पन्त)

शोधनिर्देशक

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली स्नातकोत्तर तहकी विद्यार्थी अनिमाकुमारी पौडेलद्वारा शैक्षिक वर्ष २०७४-७५ (एम.ए.) चौथो सत्रको निर्धारित पाठ्यक्रम ५७७ को प्रयोजनको पूर्तिका लागि तयार पारिएको हो । *दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व* शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति** **हस्ताक्षर**

प्रा. डा. कृष्णप्रसाद घिमिरे ..........................

**(विभागीय प्रमुख)**

उपप्रा. डा. साधना पन्त ...........................

**(शोधनिर्देशक)**

सहप्रा. डा. नारायणप्रसाद गडतौला ..........................

**(बाह्य परीक्षक)**

मिति : २०७०/०६/२०

# कृतज्ञता ज्ञापन

प्रस्तुत *दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व* शीर्षकको शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह, एम.ए. चौथो सत्रको प्रयोजनका निम्ति तयार पारेकी हुँ । प्रस्तुत शोधपत्र तयारीका सन्दर्भमा स्नेहपूर्ण निर्देशन एवम् ज्ञानवर्द्धक सल्लाह र सुझाव दिएर सहयोग गर्नुहुने समादरणीय गुरुआमा उपप्रा. डा. साधना पन्तप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धाभाव व्यक्त गर्दछु । मेरो शोध शीर्षकमा अध्ययन गर्न स्वीकृत दिएर शोधकार्य गर्नका लागि अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख गुरु प्रा. डा. कृष्णप्रसाद घिमिरे तथा नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । बाह्य परीक्षाका रूपमा रही शोधकार्यमा आवश्यक संशोधनका लागि स्नेहपूर्ण निर्देशन गर्नुहुने सहप्रा. डा. नारायणप्रसाद गडतौलाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधकार्य गर्दा आवश्यक सामग्री प्रदान गरी हरबखत सहयोग र सल्लाह दिनुहुने साहित्यकार दिल पौडेलप्रति कृतज्ञ छु । शोधपत्र तयारीका क्रममा सामग्री सङ्कलनमा सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय पुस्तकालयप्रति हार्दिक आभारी छु । विभिन्न व्यावहारिक समस्याहरूको समाधान गर्दै जीवनका हरेक कार्यहरूमा हरतरहबाट अध्ययनका लागि हौसला र प्रेरणा दिई यस अवस्थासम्म ल्याइपुऱ्याउन अनुकूल वातावरण सिर्जना गर्नुहुने पतिदेव दिनेश त्रिपाठीप्रति म श्रद्धाभाव व्यक्त गर्दै सादर बन्दना गर्दछु । मैले अध्ययन गर्न जाने समयमा घरमा नै बसेर मलाई साथ दिने छोरा स्वदेश त्रिपाठीप्रति कृतज्ञ छु । साथै मलाई शोधकार्य गर्न प्रेरणा जागृत गराइदिने सबैलाई सम्झन र प्रशंसा गर्न चाहन्छु । एकातिर जीवन उतार्न र अर्कोतर्फ रचनाको वैशिष्ट्यलाई मूल्याङ्कन गर्ने काम कठिन भए पनि मसँग दिल पौडेलका सिर्जनाका रूप र सार दुवै पक्षलाई निरीक्षण गर्ने क्षमता कम रहे तापनि भावगत र शिल्पगत सौन्दर्यको मूल्याङ्कन गर्ने प्रयास गरेकी छु । अन्त्यमा, यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेस गर्दछु ।

शैक्षिक सत्र :- २०७४/७५
त्रि.वि. द.नं.:- ६२४०३२२००९
क्रमाङ्क : ३
मिति : २०७८/०६/१५

.........................
अनिमाकुमारी पौडेल
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर, काठमाडौँ

# विषय सूची


**शोधनिर्देशकको सिफारिस** **क**

**स्वीकृति-पत्र** **ख**

**कृतज्ञता ज्ञापन** **ग**

**विषय सूची** **घ**

**तालिका सूची** **ज**

**पहिलो परिच्छेद**

**शोध परिचय**

१.१ विषय परिचय १

१.२ समस्या कथन २

१.३ शोधपत्रको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य र महत्त्व ६

१.६ शोधपत्रको सीमाङ्कन ६

१.७ शोधविधि ६

१.७.१ सामग्री सङ्कलन विधि ६

१.७.२ विश्लेषण विधि ७

१.८ शोधपत्रको रूपरेखा ७

**दोस्रो परिच्छेद**

**दिल पौडेलको जीवनी**

२.१ विषय परिचय ८

२.२ जन्म र जन्मस्थान ८

२.३ बाल्यकाल ८

२.४ उपनयन संस्कार १०

२.५ शिक्षादीक्षा १०

२.६ विवाह तथा दाम्पत्य जीवन १२

२.७ सन्तान १३

२.८ लेखनप्रेरणा र प्रभाव १४

२.९ लेखन कार्य र प्रकाशित कृतिहरू १५

२.१० आर्थिक अवस्था १७
२.११ सङ्घ संस्थागत आबद्धता १८
२.१२ रुचि तथा स्वभाव २०
२.१३ पुरस्कार तथा सम्मान २४
२.१४ भ्रमण २५
२.१५ अविस्मरणीय घटना २५
२.१५ निष्कर्ष २८

## तेस्रो परिच्छेद

## दिल पौडेलको व्यक्तित्व

३.१ विषय परिचय ३०
३.२ व्यक्तित्वका विविध पाटाहरू ३०
३.२.१ बाह्य व्यक्तित्व ३१
३.२.२ आन्तरिक व्यक्तित्व ३२
३.२.३ साहित्यिक व्यक्तित्व ३३
३.२.३.१ कवि व्यक्तित्व ३३
३.२.३.२ उपन्यासकार व्यक्तित्व ३४
३.२.३.३ समालोचक व्यक्तित्व ३५
३.२.३.४ संस्मरणकार व्यक्तित्व ३५
३.२.३.५ हाइकुकार व्यक्तित्व ३६
३.२.३.६ सम्पादक व्यक्तित्व ३७
३.२.३.७ गजलकार व्यक्तित्व ३७
३.२.३.८ प्रकाशक व्यक्तित्व ३८
३.२.३.९ गीतकार व्यक्तित्व ३८
३.२.४ साहित्येतर व्यक्तित्व ३९
३.२.४.१ साङ्गठनिक व्यक्तित्व ३९
३.२.४.२ समाजसेवी व्यक्तित्व ४०
३.२.४.३ प्रशासनिक व्यक्तित्व ४३

३.२.४.४ उत्प्रेरक व्यक्तित्व ४५

३.२.४.५ पत्रकार व्यक्तित्व ४५

३.२.४.६ राजनीतिक व्यक्तित्व ४६

३.२.४.७ चिन्तक व्यक्तित्व ४७

३.२.४.८ निष्कर्ष ४८

## चौथो परिच्छेद

## दिल पौडेलको कृतित्वको अध्ययन र विश्लेषण

४.१ विषय परिचय ५०

४.२ अधुरो जिन्दगी उपन्यासको विश्लेषण ५०

४.२.१ परिचय ५०

४.२.२ शिल्पसंरचना ५१

४.२.३ कथानक ५१

४.२.४ पात्रविधान ६२

४.२.५ परिवेश ६६

४.२.६ दृष्टिविन्दु ६७

४.२.७ उद्देश्य ६८

४.२.८ भाषाशैली ६९

४.२.९ शीर्षक सार्थकता ६९

४.३ 'केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन' समालोचना सङ्ग्रहको विश्लेषण ७१

४.३.१ परिचय ७१

४.३.२ विषयवस्तु ७१

४.३.३ शिल्पसंरचना ७५

४.३.४ दिल पौडेलको 'कात्रोमा मेरो देश' कविता सङ्ग्रहको विश्लेषण ७५

४.३.४.१ परिचय ७५

४.३.४.२ विषयवस्तु ७५

४.३.४.३ शिल्पसंरचना ७९

४.३.४.४ परिवेश ७९

४.३.४.५ उद्देश्य ८०

४.३.४.६ भाषाशैलीय विन्यास ८१
४.३.५ 'दिल पौडेलका गजलहरू' गजलसङ्ग्रहको विश्लेषण ८३
४.३.५.१ परिचय ८३
४.३.५.३ विषयवस्तु ८३
४.३.५.२ शिल्पसंरचना ८५
४.३.५.४ परिवेश ८७
४.३.५.५ उद्देश्य ८७
४.३.५.६ भाषाशैलीय विन्यास ८८
४.३.५.७ विश्लेषण ८८
४.३.६ दिल पौडेलको 'अतीतका अवशेष' संस्मरण सङ्ग्रहको विश्लेषण ८९
४.३.६.१ परिचय ८९
४.३.६.२ विषयवस्तु ८९
४.३.६.३ शिल्प संरचना ९०
४.३.६.४ उद्देश्य ९१
४.३.६.५ भाषाशैलीय विन्यास ९१
४.३.७ दिल पौडेलको हाइकु सङ्ग्रहको विश्लेषण ९२
४.३.७.१ विषय परिचय ९२
४.३.७.२ 'प्रजातन्त्र' हाइकु सङ्ग्रहको विश्लेषण ९४
४.३.७.३ दिल पौडेलको 'काउसो जून' हाइकु सङ्ग्रहको विश्लेषण ९९
४.३.७.४ दिल पौडेलका प्रकाशित फुटकर लेख रचनाहरू १०६

**पाँचौं परिच्छेद**

**सारांश तथा निष्कर्ष**

५.१ सारांश १११
५.२ निष्कर्ष ११७

**परिशिष्ट -१** **१२१**

**सन्दर्भ सामग्रीसूची** **१३४**

# तालिका सूची


तालिका नं. २.१ : सुमिता पौडेलद्वारा प्रकाशित कृति १३

तालिका नं. २.२ : प्रकाशित कृतिहरू १६

तालिका नं. २.३ : पौडेलसँग सम्बन्धित अन्य लेखकका कृतिहरू १७

तालिका नं. २.४ : सङ्घ संस्थाहरूमा आबद्ध कालक्रमिक विवरण १९

तालिका नं. २.५ : पुरस्कार तथा सम्मान २४

तालिका नं. ३.१ : शोधनायकले प्रकाशन गरेका कृतिहरू ३८

तालिका नं. ३.२ : निर्माणाधीन र निर्माण भइसकेका विकासका योजनाहरू ४१

तालिका नं. ३.३ : प्रशासनिक कार्यक्रम ४४

तालिका नं. ३.४ : शोधनायकको पत्रकारिता ४६

तालिका नं. ४.१ : अन्य पात्रहरू ६३

तालिका नं. ४.२: फुटकर समालोचना प्रकाशन ११०

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

दिल पौडेल वि.सं.२०२८ पौष १० गते शनिबार सिन्धुली जिल्लाको लदाभिरमा जन्मेका हुन् । उनी पिता धनबहादुर पौडेल र माता चन्द्रकुमारी पौडेलका जेठा छोरा हुन् । साहित्यकार दिल पौडेल कविता विधाबाट सिर्जनायात्रामा प्रवेश गरेका हुन् । उनको *अधुरो जिन्दगी* उपन्यास २०५० सालमा प्रकाशित भयो । २०५६ सालदेखि निजामती सेवामा कार्यरत पौडेल नेपाली भाषा र साहित्यमा निरन्तर लागिपरेका स्रष्टा हुन् । हालसम्म नेपाली साहित्यमा स्नातकोत्तर तहसम्म अध्ययन गरी सैद्धान्तिक ज्ञानसमेत हाँसिल गरेका उनले साहित्यको कुनै एक विधामा मात्र सीमित नरही कविता, निबन्ध, आख्यान, समालोचना आदि विधाहरूमा कलम चलाएका छन् । गीत रचनामा पनि उनको उल्लेख्य योगदान छ । पौडेलले सुरुमा हाइकु विधालाई गम्भीर रूपमा नलिएको भए पनि यसको सम्प्रेषण कला र सन्देशको विशेष रहस्य बोध गरेर पछिल्लो कृति *काउसो जून* नामक हाइकुसङ्ग्रह प्रकाशित गरेका छन् । यिनका आधा दर्जन भन्दा बढी पुस्तकका कृतिहरू प्रकाशित भइसकेको पाइन्छ । जुन यस प्रकार छन् :

*अधुरो जिन्दगी,* उपन्यास (२०५०), *केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन,* समालोचना सङ्ग्रह (२०६१), *प्रजातन्त्र,* संयुक्त हाइकुसङ्ग्रह (२०६१), *कात्रोमा मेरो देश,* कवितासङ्ग्रह (२०६३), *दिल पौडेलका गजलहरू,* गजल सङ्ग्रह (२०६४), *अतीतका अवशेष,* संस्मरणसङ्ग्रह (२०६५), *काउसो जून,* हाइकुसङ्ग्रह (२०७७) हुन् ।

'सुनैको दरबार' चर्चित आधुनिक गीतका सर्जक दिल पौडेलका झन्डै आधा दर्जन आधुनिक गीत रेकर्ड भएका छन् । दुधौली प्रज्ञा प्रतिष्ठान सिन्धुलीका अध्यक्षसमेत रहेका दिल पौडेल कुशल सम्पादक र प्रकाशक पनि हुन् । उनले आधा दर्जनभन्दा बढी अन्य लेखकहरूका कृतिहरू प्रकाशित गरेका छन् । सिन्धुली जिल्लाका स्थानीय तह र विद्यालयद्वारा हालसम्म डेढ दर्जनभन्दा बढी सम्मान तथा पुरस्कार प्राप्त गरेका स्रष्टा दिलले सिन्धुली जिल्लामा भौतिक पूर्वाधार विकास गरी समाज सेवामा पनि उत्तिकै चाख राखेका

छन् (शोधनायकका अनुसार) । उनको साहित्यिक कृतिको समीक्षा गरी लेखिएका *दिलको सृष्टि, अध्येताको दृष्टि* समालोचना (२०७५) हरिप्रसाद सिलवालद्वारा लिखित *दिल पौडेलका साहित्यिक कृतिको विश्लेषण* (२०७६) यज्ञेश्वर निरौलाद्वारा लिखित *दिल पौडेलका हाइकुको : विश्लेषण र मूल्याङ्कन* (२०७८) गरी तीन पुस्तक प्रकाशित छन् । *नेपाली साहित्यमा सिन्धुली जिल्लाको योगदान* शीर्षकमा अनुसन्धानरत दिल मिहिनेती सर्जकका साथै कुशल अनुसन्धाता पनि हुन् । यिनी अध्ययनमा रमाउन पाउँदा आफूलाई भाग्यमानी ठान्दछन् । यिनी पूर्वीय र पाश्चात्य चिन्तनको अध्ययन गरेर नेपाली साहित्यको भण्डारलाई धनी बनाउँन प्रयासरत स्रष्टा हुन् । उनका काव्य र समालोचनातर्फ सयौँ फुटकर रचना प्रकाशन भएको पाइन्छ । प्रस्तुत शोधकार्यमा दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वमाथि अध्ययन र विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधकार्यमा निम्नलिखित समस्याहरू रहेका छन् :

(क) दिल पौडेलको जीवनी के कस्तो रहेको छ ?

(ख) दिल पौडेलको व्यक्तित्वका पक्षहरू के कस्ता छन् ?

(ग) साहित्यिक मूल्यका दृष्टिले दिल पौडेलका कृतिहरू के कस्ता छन् ?

## १.३ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधकार्यमा निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) दिल पौडेलको जीवनी प्रस्तुत गर्नु,

(ख) दिल पौडेलका व्यक्तित्वका पक्षहरू निरूपण गर्नु,

(ग) साहित्यिक मूल्यका दृष्टिले दिल पौडेलका कृतिहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

दिल पौडेल नेपाली साहित्यिक क्षेत्रमा कवि, आख्यानकार, समालोचकका रूपमा परिचित छन् । विभिन्न पत्र पत्रिकाहरू तथा उनका प्रकाशनमा कृतिको समीक्षात्मक विश्लेषण भएको छ । उनका केही कृतिहरूका बारेमा विभिन्न विद्वान्द्वारा मन्तव्य, भूमिका, समालोचना र पत्र पत्रिकामा गरिएका समीक्षात्मक लेख तथा चर्चा परिचर्चा नै पूर्वकार्य हुन् ।

आजसम्म दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत अध्ययन नभई फाटफुट रूपमा चर्चा भएको पाइन्छ । तसर्थ, दिल पौडेलका बारेमा विद्वान्हरूले गरेका चर्चा परिचर्चालाई पूर्वकार्यको समीक्षा ठानेर त्यसको कालक्रमिक विवरण तल प्रस्तुत गरिएको छ ।

मोहनराज शर्माद्वारा "केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन" (२०६१) समालोचना कृतिमा उपत्यका भित्रभन्दा उपत्यका बाहिर रहेर साहित्य साधना गर्न कठिन छ भन्ने धारणा व्यक्त गर्दै दिल पौडेल यस्तै अप्ठ्याराका बीचमा जनकपुर हुँदै सिन्धुपाल्चोकमा उदाएका सिन्धुलीका नक्षत्र हुन् भनिएको छ । उनले उपत्यकाबाहिर आवश्यक सामग्री, उचित सल्लाह र बाञ्छित प्रोत्साहनको खडेरी नै रहे पनि उनले वरपरका दशजना साहित्यकारका विविध विधाको वास्तविक मूल्याङ्कन गर्ने प्रयास गरेको मन्तव्य प्रस्तुत गरेका छन् ।

लीलानाथ घिमिरेद्वारा "दिल पौडेलको लगन" *कान्तिपुर राष्ट्रिय दैनिक,* २०६२, ०६, २२, ०७ केही *नेपाली साहित्यिक कृतिहरूको अध्ययन* समालोचनामाथि सबै विधाका रचनामा समालोचना गरिएको यो आफैँमा नौलो प्रयास हो भन्दै केही सामान्य विश्लेषण गरेको पाइन्छ ।

"कर्मथलो सिन्धुपाल्चोकलाई प्यारो ठान्ने कवि दिल पौडेल" शीर्षकमा प्रकाशक *अविरल साहित्यिक त्रैमासिक,* सिन्धुपाल्चोक, २०६३ असोज प्रवेशाङ्क, पृ.११६ मा कवि दिल पौडेल साझा प्रेरणाका वाहक हुन् भनिएको छ । उनले सिन्धुपाल्चोक प्रवेशपश्चात् सिन्धुवासी लेखक र स्रष्टाहरूसँग हातेमालो गर्दै आफ्नो सक्रियतामा वामे सर्दै गरेका साहित्य सर्जकहरूलाई सुझाव दिँदै अगाडि बढ्न र बढाउन सबैलाई बारम्बार सुझाव दिएको कुरा चर्चा गरेको पाइन्छ ।

"दिल पौडेलका गजल विशेष" *कौशिकी* साप्ताहिक त्रैमासिक अङ्क २४ (२०६४) मा सामान्य चर्चा भएको देखिन्छ ।

कृष्णहरि बरालले दुधौली साप्ताहिक परिवार, (२०७५) *दिलको सृष्टि, अध्येताको दृष्टि* समालोचना कृतिमा दिल पौडेल राष्ट्रमा भएका विकृतिहरूलाई छर्लङ्सँग पाठकसमक्ष प्रस्तुत गर्न रुचाउने व्यक्ति हुन् र उनको कात्रोमा मेरो देश कविता सङ्ग्रह नै यसको ज्वलन्त उदाहरण रहेको बताएका छन् ।

हरिप्रसाद सिलवाल (२०७६) ले "दिल पौडेलका, साहित्यिक कृतिहरूको विश्लेषण" शीर्षक समालोचना कृतिमा *अधुरो जिन्दगी* उपन्यासको समाजशास्त्रीय विश्लेषण, *कात्रोमा मेरो देश*को ध्वनि विश्लेषण, *दिल पौडेलका गजल विशेष* मा व्यङ्ग्य विधानको विश्लेषण, हाइकुमा प्रयुक्त विषय विधानको विश्लेषण र समालोचकीय शिल्प सौन्दर्यको विश्लेषणगरेका छन् ।

रामप्रसाद ज्ञवालीद्वारा दिल पौडेल निजामती सेवामा कार्यरत सिर्जनशील प्रतिभा रहेको बताउँदै सामान्य चर्चा गरेको पाइन्छ ।

हरिप्रसाद सिलवाल, *शब्दाङ्कुर* साहित्यप्रधान मासिक (२०७७) ले "दिल पौडेलको हाइकुकारिता : सामान्य चर्चा" शीर्षकमा साहित्य पठनमा समय दिन नसक्ने जीवन शैलीका बीच यसलाई जोगाउने अनेक चिन्तन र चासो हुँदा धेरै कुरालाई थोरैमा संश्लेषण गर्ने लेखनका रूपमा हाइकुलाई संक्षिप्त समालोचना गरी चिनाएको पाइन्छ ।

*तरुण साप्ताहिक* (२०७७) पुस २० बुधबारले "नेपाली साहित्यमा हाइकुको महत्त्व" शीर्षकमा सङ्क्षिप्तमा गहन भाव व्यक्त गर्न सक्नु हाइकुको विशेषता हो भन्दै *काउसो जून* हाइकुसङ्ग्रहको सामान्य चिनारी प्रस्तुत गरेको पाइन्छ ।

*बालसिर्जना मासिक* बर्ष १०, अङ्क २, पूर्णाङ्क ११०, (२०७७) साउनले, *"बहुमुखी प्रतिभा सम्पन्न साहित्यकार दिल पौडेल"* शीर्षकमा दिल पौडेल अध्ययनमा रमाउन पाउँदा आफूलाई भाग्यमानी ठान्ने र पाश्चात्य चिन्तनलाई समेटेर नेपाली साहित्यको भण्डारलाई धनी बनाउन प्रयासरत स्रष्टा हुन् भन्दै संक्षिप्त जीवनी प्रस्तुत गरेको पाइन्छ ।

कृति परिचय "केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन" *सिन्धुयात्रा* मासिक, वर्ष ४, अङ्क ३, (२०६२ असार), ले सामान्य चर्चा गरेको पाइन्छ ।

"विसङ्गतिमाथि तिखो प्रहार"*कात्रोमा मेरो देश* कवितासङ्ग्रहमा प्रस्तुत समीक्षा, *त्रिशुली प्रवाह,* साप्ताहिक, २०६७, ११, २६, पृ. ६ नवदीप अजनवीद्वारा यस कविता सङ्ग्रहमा मानवीय चरित्र, स्वार्थी संसार विवेकहीन कर्मचारीतन्त्र, विसङगत समाज, प्रकृतिको प्रेम लगायतका भावमा कविताका अक्षरहरू कोरिएका छन् भन्दै सामान्य परिचय प्रस्तुत गरेको पाइन्छ ।

काशिराम विरसद्वारा "समय विम्बमा कात्रोमा मेरो देश" शीर्षकमा *नेपाल न्यूज साप्ताहिक,* भक्तपुर, २०६३, ०७, २२, ४, मा उनले समाजको अन्याय,

अत्याचार, स्वार्थ, असत्य, दुष्कर्म, बेथितिप्रति कवि कवितामार्फत विरोधी भएर देखा परेको कुरा माथि सामान्य चर्चा गरेको पाइन्छ ।

सविना सिन्धुद्वारा *कात्रोमा मेरो देश* २०६३, १०, १७ *घटना र विचार* साप्ताहिक भित्र देशमा व्याप्त अन्याय, अत्याचार, थिचोमिचो र शोषणहरू विरुद्ध दिल खोलेर शब्दको आक्रमण गर्न सक्ने दिल पौडेल समय र परिस्थितिलाई बुझेर प्रतीकात्मक रूपमा उभ्याउँछन् भन्दै सामान्य चर्चा गरेको पाइन्छ ।

लीलानाथ घिमिरेले "चर्चामा गीत ओझेलमा गीतकार" *कान्तिपुर राष्ट्रिय दैनिक,* २०६७, ०१, मा दिल पौडेलले चर्चित गीत 'सुनैको दरबार' रातको बाह्र बजे उठेर दुई घन्टा दिमाग घोट्दै यो गीत तयार पारेको बताएका छन् । उनले गीत बजारमा आउनु के थियो, युवायुवतीले आफ्नै कथा त्यसमा पाए भन्दै उनले गीत सुनेर बसिरहेको ठाउँमा निकै जनाले आफूलाई नचिनेरै पनि गीतको चर्चा गरेको बताएका छन् । दिल जागिरका सिलसिलामा जहाँ जहाँ पुग्छन् त्यहाँ साहित्यिक माहौल सिर्जना गर्छन् भन्दै सामान्य चर्चा गरेको पाइन्छ ।

"पुल निर्माण र महिला गोष्ठी सम्पन्न" (२०५५) *जनप्रभात* साप्ताहिक पत्रिका सिन्धुलीद्वारा विकास सम्बन्धी सामान्य परिचय प्रस्तुत गरेको पाइन्छ ।

गान्धीराज मगरले दुधौली साप्ताहिक व. २, अङ्क ३३, पृ. ६, (२०७५) "दिल एक दील अनेक" शीर्षकमा स्थानीय पूर्वाधार विभाग पुल्चोक, ललितपुर जिन्सी शाखाका नायब सुब्बा पदमा रहँदा दिल पौडेलले दुधौली नगरपालिकाको कार्यालय वा अन्तर्गतको लागि आफ्नो शाखाबाट २०-२५ वटा मोटरसाइकल र ३ वटा टाटा पिकअप गाडी हस्तान्तरण गराई सहयोग गरेका थिए भन्ने कुरा उल्लेख गरेका छन् । उनले दिल पौडेल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय विभागीय कार्यसमितिका निजामती कर्मचारी सङ्गठनको अध्यक्ष तथा आधिकारिक ट्रेड यूनियनका सचिव रहेको बताएका छन् । उनको एकल प्रयासबाट दुधौली नगरपालिकाका लागि उक्त सहयोग प्राप्त भएको कुरा सामान्य चर्चा गरेका छन् ।

दिल पौडेल र उनका कृतिका बारेमा आजसम्म गरिएका फाटफुट चर्चा यिनै हुन् । यस अतिरिक्त वर्तमान अवस्थामा उनको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा गहन र व्यवस्थित अध्ययन हुन सकेको छैन । यिनै विषयवस्तुको अभाव परिपूर्ति गर्ने उद्देश्यले यस

शोधकार्यमा दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन र विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत रूपमा अध्ययन नभएको अवस्थामा यस शोधकार्यमा दिल पौडेलका समग्र जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन र विश्लेषण गरिएको छ । पौडेलका बारेमा अध्ययन अनुसन्धान एवं थप ज्ञानार्जन गर्न चाहने भावी अध्येताहरूलाई मार्ग निर्देशन गर्नमा पर्याप्त सहयोगी हुने देखिएकाले यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

यो शोधपत्र तयार भएपछि साहित्यकार दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वका विषयमा जानकारी लिन चाहने जिज्ञासुहरू लाभान्वित हुने छन् । साथै यस कार्यले अनुसन्धान परम्पराको विकासमा पनि सहयोग पुऱ्याउने छ । यो शोधपत्र तयार भएपछि नेपाली साहित्यको क्षेत्रमा दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी, शोधार्थी र अन्य जिज्ञासु पाठकहरूका लागि यो शोधकार्यले थप जानकारी उपलब्ध गराउँनु नै यसको महत्त्व हो ।

## १.६ शोधपत्रको सीमाङ्कन

प्रस्तावित शोधकार्यको मुख्य विषय 'दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व' रहेको छ । यस अध्ययनको सीमाबारे शोधशीर्षकले नै सङ्केत गरेको छ । यसमा उनका जीवनका आरोह अवरोह एवं व्यक्तित्वका विविध आयामलाई प्रकाश पार्दै नेपाली साहित्यमा प्रकाशित पुस्तका कृतिहरूको अध्ययन र विश्लेषण गरिएको छ । यो नै प्रस्तुत शोधकार्यको सीमाङ्कन रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य साहित्यिक भएको हुनाले यसमा सोहीअनुसारको सामग्री सङ्कलन विधि र विश्लेषण विधिको प्रयोग गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वका लागि आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन शोधनायकलाई नै प्रमुख स्रोतका रूपमा

लिइएको छ । उनका कृतिको अध्ययनका क्रममा आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन पुस्तकालयीय विधिको प्रयोगद्वारा गरिएको छ । त्यसैगरी  प्रस्तुत शोधकार्यको अध्ययनका क्रममा आवश्यकताअनुसार सम्बद्ध विषय एवं जानकार व्यक्तित्वहरूसँग भेट, अन्तर्वार्ता र विभिन्न पत्रपत्रिकाको लेख टिपोट गरेर पनि सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधपत्र दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व रहेकाले यसमा शोधनायकको जीवन–चरित्र, व्यक्तित्व, साहित्यिक यात्रा र कृतित्वको विश्लेषण गर्ने सन्दर्भमा व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । माथि उल्लेखित विभिन्न स्रोतबाट प्राप्त भएका सामग्रीहरूलाई परिचयात्मक, विवरणात्मक, वर्णनात्मक र विश्लेषणात्मक पद्धतिका आधारमा विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सन्तुलित एवं व्यवस्थित ढङ्गले प्रस्तुत गर्ने क्रममा निम्नानुसार पाँच परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : दिल पौडेलको जीवनी

तेस्रो परिच्छेद : दिल पौडेलको व्यक्तित्व

चौथो परिच्छेद : दिल पौडेलको कृतित्वको अध्ययन र विश्लेषण

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

प्रस्तुत शोधपत्रको अन्त्यमा परिशिष्ट र सन्दर्भसूची राखिएको छ ।

# दोस्रो परिच्छेद

# दिल पौडेलको जीवनी

## २.१ विषय परिचय

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा दिल पौडेलको जीवनीको अध्ययन गरिएको छ । प्रस्तुत शीर्षकअर्न्तगत उनको जन्म र जन्मस्थान, पारिवारिक पृष्ठभूमि, बाल्यकाल, उपनयन, शिक्षादीक्षा, विवाह तथा दाम्पत्य जीवन, सन्तान, आर्थिक अवस्था, कार्यक्षेत्रमा प्रवेश, रुचि तथा स्वभाव, साहित्य लेखनमा प्रेरणा तथा प्रवेश, लेखनकार्य र प्रकाशित कृतिहरू, पुरस्कार तथा सम्मान, दिनचर्याका, अविस्मरणीय घटना, भ्रमणका साथसाथै समस्त जीवन चक्रसँग सम्बन्धित घटनाहरूको क्रमशः अध्ययन गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

दिल पौडेलको जन्म २०२८ पौष १० गते शनिबार भएको हो । उनी सिन्धुली जिल्लाको साविक लदाभिर ३ र हालको दुधौली नगरपालिका ७ कत्लेखोला भन्ने ठाउँमा जन्मेका हुन् । कृषकको परिवार भएकाले उनकी आमाले परालको भारी बोक्दा बोक्दै व्यथा लागेपछि घर नजिकैको बारीको पाटानिर रहेको सिमलको रुखनिर बिहान ११ बजेतिर उनलाई जन्माएकी हुन् । उनी पिता धनबहादुर पौडेल र माता चन्द्रकुमारी पौडेलका जेठा छोरा हुन् । अहिलेको जस्तो यातायातको सुविधा नभएको र स्वास्थ्यचौकी पनि नभएका कारण उनी घरमै जन्मेका थिए । दिल पौडेलको भनाइअनुसार : “आफू जन्मेको ठाउँ सचेत नभएको, अन्धविश्वास र भूतप्रेतका घटनाले जेलिएको र त्यही समाजमा अनुशासित, नम्र, आदरभाव जस्ता गुणहरू सिक्दै आफ्नो पढाइलाई अगाडि बढाएको कुरा उल्लेख गरेका छन्” (पौडेल, २०६५, पृ.५१) । उनले आफ्नो जन्मभूमिलाई माया, सद्भाव, सहयोग र इमानको नमुना भन्ने गरेका छन् । दिलले आफ्नो पहलमा जन्मभूमिका साथै सिन्धुली जिल्लाका लागि थुप्रै भौतिक विकासका योजना पारिसकेका छन् ।

## २.३ बाल्यकाल

मानव जीवनको प्रारम्भिक र संवेदनशील चरण भनेकै बाल्यकाल हो । आमाको कोखमा गर्भधारण भएदेखि नै मानव जीवनको शृङ्खला प्रारम्भ हुन्छ । बाल्यकालीन

अवस्थामा सामाजिक जनजीवन, रहनसहन र वातावरणसँग घुलमिल हुन बालकलाई गाह्रो हुन्छ । यो उमेरमा बालकमा चञ्चलता, मनोरञ्जन तथा खेलकुदमा रमाउने प्रवृत्ति हुन्छ । यस अवस्थामा बालकलाई अनेक किसिमका आपतविपद्ले सताउने गर्छ । बालकको मनोविज्ञानमा प्रतिकूल असर पर्ने खालको क्रियाकलाप गर्नु भनेको उसको वृद्धि र विकासमा प्रतिकूल असर पार्नु हो । दिल पौडेलको बाल्यकालीन अवस्थामा वा मनोविज्ञानमा त्यति ठुलो प्रतिकूल असर भने परेको पाइँदैन ।

दिल पौडेल जन्मपश्चात् आमा बुबाको काखमा रमाउँदै न्यानो मायाको साथमा हुर्के । उनी जन्मेको अर्को वर्ष हजुरबुबाको निधन भएका कारण हजुरबुबाको स्नेहबाट वञ्चित रहे । आमाबुबा खेती किसानी गर्ने भएकाले आमाबुबा खेतीमा निस्केका बेला हजुरआमाको साथमा रहन्थे । उनी आफूभन्दा ठूला व्यक्तिहरूको कुरा गहिरिएर सुन्ने र बुझ्ने प्रयास गर्थे । औलोको महामारी र जङ्गली जनावरको बेलाबेलाको आक्रमणबाट कति मानिस विस्थापित भएका थिए भन्दै बुढापाकाले सुनाउँदा दिल एकदम डराउँथे । उनी विद्यालय छुट्टी भएको बेला घरमा भात भान्साको काम गर्न पछि नपर्ने र अग्रजहरूसँग गोठालो जाने गर्थे । साथीहरूसँग गोठालो जाँदा चाँहि जङ्गली फल खोजेर खाने, भञ्ज्याङ्मा टाँढ हाल्ने, खोप्पी खेल्ने, सालको पात टिपेर लाफो गाँस्ने, पातको तास बनाएर खेल्ने ढुङ्गालाई घोटेर गुच्चा बनाएर खेल्ने आदिमा भुलिँदा गाईवस्तु हराएको पत्तो नै पाउँदैनथे । कुनै नराम्रो काम गरेमा भूत प्रेत लाग्छ भनेर सकेसम्म अनुशासित बन्ने गर्थे । २०४२ जेठ ६ गते माध्यमिक विद्यालय लदाभिरबाट प्रहरीको हिरासतमा परे । ‘पञ्चायती व्यवस्था मुर्दावाद’ लेखेको प्लेकार्डसहित फेला पारेर प्रहरीले चौकीमा पुर्‍याए । कक्षा आठमा पढ्ने १४ वर्षीय बालक दिल पौडेल २२ दिनसम्म जेल परे । यो समय उनको बाल्यकालको अविस्मरणीय दुःखद् क्षण बन्यो (अतीतका अवशेषबाट) ।

सानोमा आमाको साथमा लागेर भगवानको पूजा पाठ गर्नु परेन । किनकि उनी छात्रवासमा वा स्कुल छेउका आफन्तकोमा बस्दथे । छात्रवासमा बसेको बेलामा ‘पाऊँ सरस्वती हामी सबैले विद्याको वरदान’ भन्ने गीत गाएर प्रत्येक साँझ कोठाभित्र पस्नु पर्दथ्यो । साथै प्रत्येक विहान कक्षा सुरु हुनुअघि स्कुलमा अपवाद छाडेर राष्ट्रिय गान उनकै नेतृत्त्वमा सुरु हुन्थ्यो ।

फुर्सदमा घर गएको बेला माघको महिनामा स्वस्थानी वाचन गर्दथे । गाउँघरमा प्राप्त रामायण, महाभारत, कृष्ण चरित्र लगायतका अध्ययनले उनलाई कल्पनाशील बनायो ।

जसले साहित्य सिर्जनामा मलजल पुऱ्यायो । प्रगतिशील लेखक मोदनाथ प्रश्रितका अन्धविश्वास विरोधी *भूतप्रेतका कथा* लगायतका थुप्रै कृति पढेपछि उनमा अनिश्वरवाद विकास भयो । उता कक्षामा विज्ञान शिक्षक श्री कालिन्द्रप्रसाद सिंहले भगवान हुँदैन भन्ने शिक्षा मस्तिष्कमा थपथाप पारिदिन्थे । जसको परिणाम पूर्णतः उनमा नास्तिकपना छाएको बताएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.४ उपनयन संस्कार

दिल पौडेलको जन्म वैदिक सनातन हिन्दु परम्परामा भएको थियो । उनको लालनपालन आफ्नै पितामाताबाट भएको थियो । दिल पौडेलको उपनयन आठ वर्षकै उमेरमा भएको थियो । उनलाई गायत्री मन्त्र दान गर्ने गुरु साविक लदाभिर-२ सुगारेका पण्डित श्री टेकप्रसाद घिमिरे रहेको कुरा उनका पिताले बताएका हुन् । तर जनै लगाए पनि उनले त्यसको विधि पालना गर्न सकेनन् । त्यसैले व्रतबन्ध भइसकेपछि गायत्री मन्त्र जप्न कडाइ भएन र उनले मन्त्र नै बिर्सिए । आजकल उनी वर्षमा एकपटक जनै पूर्णिमाका दिन मात्रै जनै लगाउँछन् । यदि कुनै कारणले हराएमा फेरि खोजी गरेर जनै धारण नगर्ने बताएका छन् ( शोधनायकबाट प्राप्त जानकारी) ।

## २.५ शिक्षादीक्षा

मानिसको जीवनमा शिक्षाको आवश्यकता अनिवार्य हुन्छ । अशिक्षित मानवको जीवन अन्धकार समान हुन्छ । शिक्षाले आत्मनिर्भर बन्न सिकाउँछ र कर्तव्यको बोध गराउँछ । त्यसैले जीवनको सर्वाङ्गीण विकासका निम्ति शिक्षा अनिवार्य छ । यसै सन्दर्भमा दिल पौडेलको अक्षरारम्भदेखि स्नातकोत्तर तहसम्मको सम्पूर्ण अध्ययनलाई तल प्रस्तुत गरिएको छ ।

बाबुआमा शिक्षित नभए पनि उनीहरूले आफ्ना सन्तानलाई पढाउनुपर्छ भनेर पौडेलकै माइली फुपू जितकुमारी भट्टराईको गाईगोठको माथिल्लो भागमा व्यवस्था मिलाएका थिए । उनीजस्तै ससाना बालकहरूलाई जम्मा पारी कखरा सिकाउँथे । चारपाँच वर्षको उमेरमा कालोपाटी बोकी क,ख सिक्न जानु उनका लागि चानचुने कुरा थिएन । बाँसको कलममा कमेरो माटोको मसीले अक्षर कोर्न पाउँदा कसरी राम्रा अक्षर बनाउन सकिन्छ भनेर खुब जाँगर गर्थे । विजुली नभएकाले मट्टितेलबाट लाल्टिन वा डिबीको प्रयोग गरेर पढ्ने गर्थे । दिलको सम्पूर्ण जीवन नियाल्दा पछि उनले

पारिपट्टिको सालघारी पाठशालाबाट अक्षरारम्भ गरेको कुरा उनको कृति *अतीतका अवशेष* (२०६५, पृ. ५५) मा उल्लेख छ । त्यसबेला आफ्नै गाउँमा ल्याइएका निजी शिक्षक श्री चक्रबहादुर अधिकारी गुरुसँग वर्णमाला आरम्भ गरे । अग्रज दाजुहरूको साथमा बसी वर्णमाला सिकेपछि उनी शङ्खरटार स्कुलमा भर्ना भए । विना भर्ना कक्षा एकमा अध्ययन गर्ने क्रममा तीन जनाको नाम *देव* भएकाले एउटा साथीलाई कक्षा २ मा कक्षा चढाएको र सोही साथीलाई आफूले पनि नछाडेकाले गुरुहरूले नै उनको नाम दिल राखिदिएको उनी सम्झन्छन् । यसरी आफूभन्दा २-४ वर्ष जेठोसँग प्रतिस्पर्धा गर्दै कक्षा २ को अन्तिम परीक्षामा त्यसबेला ३ वटा विषय (महेन्द्रमाला, सामाजिक शिक्षा, गणित) मध्ये उनी सामाजिक शिक्षामा अनुत्तीर्ण भए पनि गुरुहरूले उनलाई कक्षा तीनमा भर्ना गर्न स्वीकृत दिए ।

उनले १० वर्षको उमेरदेखि नै छात्रवासमा बसेर एस.एल.सी. सम्मको अध्ययन पूरा गरे पनि हाल दुधौली नगरपालिकास्थित सरस्वती माध्यमिक विद्यालय शङ्खरटारबाट कक्षा तीनसम्म उत्तीर्ण गरे । कक्षा ४ देखि हिँडेरै २ घण्टा समय लाग्ने श्री लदाभिर माध्यमिक विद्यालय पढ्न गएका दिलले स्कुले जीवनमै कविता कोर्न थालेका थिए । उनको भनाइअनुसार कक्षा चारमा मिस्टर श्रेष्ठको स्पिलिङ नआउँदा गुरु श्री जयकृष्णलाल कर्णको पिटाइले कहिल्यै अङग्रेजीमा अनुत्तीर्ण हुन नपरेको र अङ्ग्रेजीमा मात्र नभई समग्र विषयमा कक्षा पाँचबाट छ मा चढ्दा तेस्रो स्थानमा उत्तीर्ण भएका थिए ( पौडेल, २०६५, पृ.५४ ) । कक्षा ८-मा एक विषय लागेको विद्यार्थीलाई प्रथम र दोस्रो बनाएपछि सर्वप्रथम गुरुहरूविरुद्ध घृणाको बीज उनको मस्तिष्कमा रोपियो । सरस्वती पूजामा बुनियाँ खाँदा भेटेको कापीमा पञ्चायत विषयमा फेल भएका भए पनि स्थानीय धनी बाउका छोराछोरीलाई विद्यालयले प्रथम र दोस्रो बनाएको थाहा पाएपछि भण्डाफोर गर्ने सोचले स्कुल प्रशासनमा जानकारी गराउँदा चुप लागेर बस्न धम्की दिएपछि पक्षपातको भण्डाफोर गर्ने सुरमा लागे । उक्त स्कुलमा हुने पक्षपात, अन्याय, लापर्वाही र कर्मचारीतन्त्रको नकारात्मक कार्यको प्रतिबिम्बको रूपमा उनको मस्तिष्कमा परेपछि उनलाई साहित्य सिर्जनाको स्रोत प्राप्त भएको हुनुपर्छ ।

सिन्धुली जिल्लाको दुधौली हरेक विकासका पूर्वाधारको अभाव रहेको क्षेत्रमा जन्मेर पनि यिनले शिक्षाका क्षेत्रमा भने विद्याकी देवी सरस्वतीलाई मुखैमा राखेका छन् । परिवारको जेठो सन्तान भएकाले बाबुआमाले आइ. कम. सम्मको खर्च बेहोरेका र नोकरी पश्चात

परिवारका अन्य सदस्यहरूको जिम्मेवारी बहन गर्दै पौडेलले स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका छन् ।

माध्यमिक शिक्षा अध्ययनका बेला वडाभरिमा २ जनाले मात्र एस. एल. सी. पास गरेर क्याम्पस पढ्न बाहिर गएका थिए । तसर्थ पढाइसम्बन्धी केही जिज्ञासा, नजानेका कुरा भएमा जवाफ दिने कोही पाइँदैनथ्यो । त्यसबेला घोक्नै पर्ने शिक्षा पद्दति थियो । विज्ञानको प्रयोगशाला थिएन । कक्षा १० को जीवशास्त्र (भाग-३ विज्ञान) एकै पाठ पनि कक्षामा पढाई नभएकाले स्वअध्ययनबाट पौडेलले एस. एल. सी. दिएका थिए ।

दिल पौडेलले कक्षा आठमा पढ्दा नै विश्व चर्चित उपन्यास *आमा* पढिसकेका थिए । उनी हरेक सांस्कृतिक कार्यमा भाग लिने र आफ्ना रचना प्रस्तुत गर्ने गर्थे । २०४२ सालमा स्कुलको फी बढेकाले फी घटाउनका निम्ति आन्दोलन भयो र २०४२ जेठ ६ गते माध्यमिक विद्यालय बाट पञ्चायती व्यवस्था मूर्दावाद लेखेको प्लेकार्डसहित प्रहरीको हिरासतमा परेको र २२ दिनपछि छुटेको कुरा पौडेलले उल्लेख गरेका छन् (देश पोष्ट टेलिभिजनको अर्न्तवार्ता) । दिलले यति सानो उमेरमा नै २२ दिन जेल जीवन बिताउन बाध्य भएका थिए । उनले आफ्नो जीवनका अप्ठ्यारा क्षणहरूमा अनेक सङ्घर्ष गर्दै सेन्टअप परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए । यो सजिलो कुरा थिएन ।

वि.सं. २०४४ मा द्वितीय श्रेणीमा एस. एल. सी. उत्तीर्ण गरी उच्च शिक्षाका लागि जनकपुरको आर.आर. क्याम्पसमा भर्ना भए । उनी जनकपुरको रामसागर रामस्वरूप वहुमुखि क्याम्पसमा आई. कम. को अन्तिम परीक्षा दिएपछि प्राविधिकतर्फको विशेष तालिम लिनका लागि हेटौंडा गए (बालसिर्जना : पू.११०, २०७७, पृ.३) । जागिरे भएपछि वि. पि. कोइराला क्याम्पस जनकपुरमा वि. एड प्राइभेटतर्फ भर्ना भए पनि विविध कारणले बीचैमा छोडिदिए । धेरै पछि रत्नराज्य लक्ष्मी क्याम्पस काठमाडौँबाट वि. ए. उत्तीर्ण गरे र सोही क्याम्पसबाट सेमेस्टर प्रणालीबाट एम्. ए. तहको अध्ययन सके । हाल उनी एम्. ए. तहको इतिहास र राजनीतिक शास्त्रका प्राइभेटतर्फका  विद्यार्थी पनि हुन् ।

## २.६ विवाह तथा दाम्पत्य जीवन

वैदिक परम्परामा ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास गरी चार प्रकारका आश्रमहरूको व्यवस्था गरिएको छ । मानवीय जीवन यात्रालाई पारिवारिक रूप तथा सृष्टिको क्रमलाई निरन्तरता दिन गृहस्थी जीवन अवलम्वन गर्नु आवश्यक हुन्छ । यसै

प्रक्रियालाई अवलम्बन गर्दै दिल पौडेलले २०४८ साल आषाढमा साविक कटारी-१ (बलिका) पिता जयप्रसाद अधिकारी र माता गंगा अधिकारीकी कान्छी छोरी सुमिता अधिकारीसँग प्रेम विवाह गरेका हुन् । उनीहरूका दुई छोरा छन् । सुमिताले आफ्ना छोराहरूको लालनपालन, पोषण र संरक्षण गर्दै दम्पत्य जीवनमा पारिवारिक एवं आर्थिक जस्तोसुकै समस्या आइपरे पनि पौडेललाई साथ र सहयोग गर्दै आएकी छिन् । उनले पनि २ वर्ष जति बोर्डिङ स्कुलमा शिक्षण गरेकी थिइन् । आज विवाह भोलि सम्बन्धविच्छेद हुने पाश्चात्य विकृति बढ्दै गएको समाजमा यी जोडीले आफ्नो जीवनको पहिलो र अन्तिम प्रेमी-प्रेमिका भएको स्विकार्दै आएका छन् । अत : दिलको जीवनमा श्रीमतीसँग कहिलेकाहीँ सामान्य ठाकठुक भए पनि फेरि मिलिहाल्ने प्रक्रिया रहेकाले दाम्पत्य जीवन सुखमय र सफल रहेको देखिन्छ । साथै उनकी श्रीमती सुमिता पौडेलले पनि साहित्य लेखन र प्रकाशनको भूमिका निर्वाह गर्दै आएकी छिन् । जुन यसप्रकार छन् :

**तालिका नं. २.१ : सुमिता पौडेलद्वारा प्रकाशित कृति**

| क. स. | कृति | लेखक | प्रकाशक | साल |
|---|---|---|---|---|
| १ | दिल पौडेलका हाइकुको विश्लेषण र मूल्याङ्कन, समालोचना | डा. यज्ञेश्वर निरौला | सुमिता पौडेल | २०७७ |
| २ | काउसो जून, हाइकुङ्ग्रह | दिल पौडेल | सुमिता पौडेल | २०७७ साउन |
| ३ | दिल पौडेलका साहित्यिक कृतिहरूको विश्लेषण, समालोचनासङ्ग्रह | डा. हरिप्रसाद सिलवाल | सुमिता पौडेल | २०७७ |

## २.७ सन्तान

दिल पौडेलका जम्मा चार सन्तान जन्मेका थिए । उनका दुई सन्तान जीवित छन् । उनको जेठी छोरी र साहिलो छोराको जन्मनबित्तिकै निधन भएकाले उनी पीडित छन् । जेठो छोरो सुदीप पौडेलको जन्म २०५० चैत्र-९ मंगलबार लोहारपट्टी महोत्तरीमा भएको हो । उनीहरूका जेठो सन्तान जन्मेको बेला दुबै जना चिल्ड्रेन होलीप्लेस स्कुलका शिक्षक थिए । पहिलो सन्तान भएको पाँच वर्षपछि कान्छो छोराको जन्म २०५४ माघ १८ गते शनिबार सिन्धुलीमाडी अस्पतालमा भएको हो । त्यतिबेला दिल, सिन्धुलीमाडीको मिलनचोकस्थित न्यु इङ्लिस बोर्डिङ्का शिक्षक थिए । हाल जेठो छोरो अध्ययनका लागि अस्ट्रेलियाको क्विन्सल्यान्डको विश्वविद्यालयमा स्नातकोत्तर तह चौथो सेमेस्टरमा एम्. पी. एच.

अध्ययनरत छन् । कान्छो छोरो साथैमा रही भक्तपुरको खोपामा सिभिल इन्जिनियरको फाइनल परीक्षा दिएर आफ्नो अध्ययनलाई अगाडि बढाइ रहेका छन् । छोराहरू लगनशील, मिहिनेती र इमानदार रहेका कारण आफूलाई भाग्यमानी ठान्ने उनले बताएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.८ लेखनप्रेरणा र प्रभाव

नेपाली साहित्यका बहुमुखी प्रतिभासम्पन्न दिल पौडेलले कक्षा आठमा पढ्दा नै विश्व साहित्यको चर्चित उपन्यास *आमा* पढेका थिए । यस बारेमा हरिप्रसाद सिलवालको भनाइ यस्तो छ : “कवि पौडेलको साहित्यिक झुकावको प्रेरणा स्रोत २०४२ को तत्कालीन पञ्चायती व्यवस्था विरोधी आन्दोलनताका प्राप्त साहित्यिक र अन्य पत्रपत्रिकामा प्रकाशित लेखहरूको अध्ययन रहेका छन् ( सिलवाल,२०७५, पृ.४९-५० ) । नेपालको सुन्दर पहाडी जिल्ला सिन्धुलीको कमलाखुजमा जन्मी हुर्केका स्रष्टा दिल ग्रामीण यथार्थतासँग साक्षात्कार हुँदै साहित्य लेखनमा अघि बढेका हुन् । कविता किन लेख्नुहुन्छ ? भन्ने जिज्ञासा राख्दा एक अन्तर्वार्ताको क्रममा उनी भन्छन् : ‘निर्दलीय पञ्चायती व्यवस्थाको दमन र सामाजिक अन्याय अत्याचारको पर्दाफास गर्न म कवितातिर अग्रसर भएको हुँ, जसले मानव चेतनाको अभिवृद्धि गरी समाज परिवर्तनको लागि मद्दत गर्दछ’ (शोधनायकका अनुसार) ।

दिल पौडेल समाजका अन्याय, अत्याचार, वर्गीय विभेद र आफ्ना विभिन्न अनुभवबाट पनि प्रभावित देखिन्छन् । श्रीमती सुमिता पौडेलका अनुसार सानैदेखि साहित्य रचना र प्रकाशन गर्न हुरुक्क हुने उनले २०५० सालमा *अधुरो जिन्दगी* शीर्षक सामाजिक उपन्यास रचना गरे, त्यसबेला सुमिताले गलामा लगाइराखेको तिलहरी बेचेर उनको सो उपन्यास प्रकाशित गरी उनलाई साहित्य सिर्जनामा हौसला बढाएकी हुन् । पौडेलले विभिन्न धार्मिक पुस्तकहरू पढेका कारणले साहित्य लेखनमा थप प्रेरणा मिलेको पाइन्छ ।

नेपाली समाजका विभिन्न चाडपर्व, धर्म र संस्कृति आदिबाट पनि पौडेल प्रभावित छन् । हरिप्रसाद सिलवालका भनाइ अनुसार “नेपाली ग्रामीण समाजमा भएका विभिन्न चाडपर्वसँग सम्बद्ध घटना र त्यसका क्रिया प्रतिक्रियाबाट उनी प्रभावित भएको, धार्मिक पुस्तकहरू जस्तै रामायण, महाभारत, स्वस्थानी जस्ता सामग्रीमा आधारित प्रदर्शन, भजन किर्तन, वाचन कला, प्रस्तुतिबाट उनले प्रभाव ग्रहण गरेका हुन्” (सिलवाल, २०७५, पृ.५०) । पौडेलले लोक कल्याण र आत्मा सन्तुष्टिका लागि सिर्जनामा प्रवेश गरेको

बताएका छन् । प्राकृतिक सभ्यता, देशको अस्तव्यस्तता, दुर्गन्धित राजनीतिले हृदयमा पारेको प्रभावका कारण सिर्जना लेखनमा अग्रसर भएको यथातथ्य जाहेर छ । उनी देवकोटाको 'भिखारी', 'गरीब', 'कोपिला' जस्ता कविताको भावको निचोडका कारण अरूप्रति दयामाया गर्ने भावना विकसित भएको अनुभव पनि उल्लेख गर्दछन् । उनी देवकोटाकै 'यात्री' कविताका कारण ढुङ्गामा देवता हुँदैन भन्ने निर्णयका पक्षधर बनेका छन् । दिल प्रगतिवादी कृतिहरूको अध्ययनका कारण अन्यायका विरोधी बनेका छन् । तत्कालीन समयमा पञ्चायती व्यवस्थाका विरुद्धमा विभिन्न पत्रपत्रिकामा लेख रचनाहरू प्रकाशित भएका र त्यसको गहिरो अध्ययनका साथै पौडेलले घर छिमेकमा हुने धार्मिक अनुष्ठानका पुस्तकहरूको श्रवण र अध्ययन गरेकाले साहित्य लेखनमा थप प्रेरणा मिलेको बताउछन् ।

उनमा नेपाली र अङ्ग्रेजी भाषाको लेख्ने र बोल्ने दुवै क्षमताको पहुँच भएको पाइन्छ । साथै मैथिली र हिन्दी बुझ्ने क्षमता भएकाले हिन्दी सिर्जनाहरू पनि अध्ययन गरेर पठित कृतिबाट केही प्रभाव परेको उनी बताउछन् ।

## २.९ लेखन कार्य र प्रकाशित कृतिहरू

दिल पौडेलले कविता विधाबाट आफ्नो लेखनकार्यलाई नेपाली साहित्यमा अघि बढाए । उनले स्कुलमा पढ्दैदेखि कविता लेख्न थालेका थिए । २०४७ मा हेटौँडाबाट प्रकाशित *वर्चस्व मासिक* पत्रिकामा उनको 'सकिनँ' शीर्षकको कविता प्रकाशित भयो । यो नै उनको पहिलो प्रकाशित कविता हो । उनले विशेषत : काव्य, आख्यान, समालोचना आदिमा कलम चलाएका छन् । विद्यालयमा अध्ययन गर्दादेखि नै सृजनात्मक लेखनतर्फ लागि परेका दिल पौडेलका सृजनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका हालसम्म सात ओटा कृति प्रकाशित छन् । स्रष्टा दिल पौडेलका हालसम्म प्रकाशित भएका कृतिहरू यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २.२ : प्रकाशित कृतिहरू**

| क.स. | शीर्षक | कृति | साल | प्रकाशक |
|---|---|---|---|---|
| १ | अधुरो जिन्दगी | उपन्यास | २०५० | रुद्र पौडेल |
| २ | केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन | समालोचनासङ्ग्रह | २०६१ | स्थानीय विकासका लागि साहित्यिक प्रतिष्ठान |
| ३ | प्रजातन्त्र | संयुक्त हाइकुसङ्ग्रह | २०६१ | अविरल साहित्य समाज |
| ४ | कात्रोमा मेरो देश | कवितासङ्ग्रह | २०६३ | भक्तपुर साहित्य समाज |
| ५ | दिल पौडेलका गजल विशेष | गजलसङ्ग्रह, अचानो मन | २०६४ | कौशिकी मासिक |
| ६ | अतीतका अवशेष | संस्मरणसङ्ग्रह | २०६५ | कौशिकी मासिक |
| ७ | काउसो जून | हाइकुसङ्ग्रह | २०७७ | सुमिता पौडेल |

साहित्य लेखनमा लागिरहेका निरन्तर दिलका प्रकाशोन्मुख कृतिहरू यस प्रकारका देखिन्छन् :

(क) ऐलानी घाम हाइकुसङ्ग्रह (ख) डिलको फूल कवितासङ्ग्रह (ग) अन्तर्वार्तासङ्ग्रह (भक्तपुर विशेष) (घ) आधुनिक गीतसङ्ग्रह (ङ) समालोचना सङ्ग्रह लगायतका आधादर्जन जति छन् । साथै दिल पौडेलसँग सम्बन्धित अन्य लेखकका कृतिहरू यसप्रकार रहेका छन् :

**तालिका नं. २.३ : पौडेलसँग सम्बन्धित अन्य लेखकका कृतिहरू**

| क्र. स. | कृति | लेखक | प्रकाशक | साल |
|---|---|---|---|---|
| १ | दिलको सृष्टि अध्येताको दृष्टि | विभिन्न लेखकहरू | दुधौली साप्ताहिक परिवार | २०७५ |
| २ | दिल पौडेलका साहित्यिक कृतिहरूको विश्लेषण, समालोचनासङ्ग्रह | हरिप्रसाद सिलवाल | सुमिता पौडेल | २०७७ |
| ३ | दिल पौडेलका हाइकुको विश्लेषण र मूल्याङ्कन, समालोचनासङ्ग्रह | यज्ञेश्वर निरौला | सुमिता पौडेल | २०७७ |

## २.१० आर्थिक अवस्था

दिल पौडेल सिन्धुली जिल्लाको मध्यम वर्गीय परिवारमा तत्कालीन समयका सानो र सुखी परिवार अन्तर्गत जेठो सन्तानका रूपमा जन्मेका हुन् । बुबा आमा किसान भएर पनि खेतीको आम्दानीले खान लाउन प्रशस्त पुग्थ्यो । उनको बाल्यकालको समयमा हली राख्ने चलन उनको घरमा पनि लागु हुन्थ्यो । पहाडका राई र घिमिरे थरका गोठाला घरमा राखेको र उनीहरूले खेती, पशुपालनका सम्पूर्ण काम गर्थे । उनीहरू उनलाई निकै माया गर्थे । पौडेलका घरमा पाहुना आउँदा घरका कोही सदस्यलाई दही, दुध खान मन लाग्दा घिमिरे थरका गोठालोको अनुमति चाहिन्थ्यो भन्ने कुरा आफ्नो संस्मरणमा उल्लेख गरेका छन् । दिल पौडेलका बुबाका पुस्ताहरू मधेसबाट शिक्षक झिकाएर घरैमा पढ्ने हुनाले साक्षर थिए । आफ्नै आमा बुबाको आर्थिक आम्दानीले आधारभूत आवश्यकता पूरा हुन्थ्यो । त्यतिबेलाको समयमा दुधौलीदेखि जनकपुरसम्म गएर उच्च शिक्षा लिनु चानचुने कुरा थिएन । यसका लागि दिलले मिहिनेत गरेर पढे र उनका बुबाआमाले आर्थिक भरथेग र सहयोग गरे । २०४८ साल असार ३० गते प्रेम विवाहमा बाँधिएका दिलसँग जागिर थिएन । खत्री भएर जैसी समुदायसँग बैवाहिक सम्बन्ध कायम भएपछि परिवार र समाजसँग कताकता अन्तरद्वन्द्व सुरु भयो । जसका कारण उनले अविवाहित हुँदा जस्तो माया र समर्थन नपाएको बताए । आर्थिक अवस्थाको चरम अभावका कारण आफ्नो छोरीको जन्मने बित्तिकै निधन भएको घटना झन दुःखदायी छ । छिमेकी अन्तरे दाजुसँग २५० रूपैयाँ सापट लिएर माइली फुपूको घर बन्दीपुर लागे । माइली फुपूले दिएको एकहजार रूपैयाँ र एक बोरा चामल अनि तरकारी बोकेर जनकपुर गई कोठा लिई त्यहाँ वरपरका

निजी विद्यालयमा अध्यापनको जागिरमा प्रयास गरिरहे । चिल्ड्रेन होलीप्लेस नवस्थापित स्कुलमा दुबैजनालाई खानाबस्नसहित मासिक २००० पारिश्रमिक पाउनेगरी २०५० कार्तिकदेखि शिक्षण कार्यमा लागे । चिल्ड्रेन होलीप्लेस स्कुलको व्यवस्थापकले तिस/चालिस जना विद्यार्थीलाई सित्तैमा ट्युसन पढाउन लगाएपछि मनमुटाव भएर एकवर्ष पछि उक्त स्कुलको जागिर छाडेर घर फर्किए । २०५२ सालमा माइलो छोराको जन्म भयो । झाडापखालाका कारण १५ दिन जति बाँचेर आर्थिक अभावको कारण उपचार गर्न ढिलो भई छोराको निधन भएपछि उनलाई गरिबी के हो भन्ने बोध भयो । पुनः आर्थिक समस्या समाधानका लागि उनले मासिक छ सयमा न्यू इङ्लिस बोर्डिङ् सिन्धुली मिलनचोकमा शिक्षण पेसामा आबद्ध भए । त्यसैबेला २०५६ साउन १ गते निजामती सेवामा मुखिया पदमा प्रवेश गरे । यिनले राष्ट्रसेवक भएर देशको सेवा गर्न थालेपछि आफ्नै कमाइ हातमा पर्न थालेको र आर्थिक समस्या कम भएको बताउँछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

अध्ययन र सिर्जनाका रुटिङ हुदैनन् । यिनी समयको नियममा बाधिँदैनन् । मुड अनुसार सिर्जना र अध्ययनको काम गर्छन् । मुड भएन भने परीक्षा जस्तो गम्भीर समयमा पनि फिल्म हेरेर बस्ने उनले बताएका छन् । उनी धार्मिक कट्टरताका विरोधी हुन् । धर्मशास्त्रलाई उनी आफूजस्तै लेखकको कल्पना मात्रै हो भन्ने निष्कर्ष ठान्दछन् ।

## २.११ सङ्घ संस्थागत आबद्धता

साहित्यकार दिल पौडेल विभिन्न सङ्घ संस्थामा आबद्ध रहेका छन् । सरकारी कर्मचारी सेवादेखि हालसम्म संलग्न भएका सङ्घ सस्थाहरूको कालक्रमिक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २.४ : सङ्घ संस्थाहरूमा आबद्ध कालक्रमिक विवरण**

| क्र.सं. | संलग्न सङघ् सस्था | पद | साल |
|---|---|---|---|
| १ | अनेरास्वयू कक्षा ८, मा. वि. लदाभिर | प्रारम्भिक कमिटी सभापति | वि.सं.२०४२ |
| २ | रा.रा.बहुमुखी क्याम्पस जनकपुर क्याम्पस स्तरीय समिति | सदस्य | वि.सं.२०४५-२०४७ |
| ३ | प्रारम्भिक राष्ट्रिय युवा संघ | लदाभिर गाउँ कमिटी सदस्य | २०४९ |
| ४ | कत्ले प्राथमिक विद्यालय हाल दुधौली नगरपालिका ७ | अध्यक्ष | २०५०–२०५१ |
| ५ | कत्ले सामुदायिक वन उपभोक्ता समूह | अध्यक्ष | २०५२–२०६१ |
| ६ | सामुदायिक वन उपभोक्ता महासंघ सिन्धुली | सल्लाहाकार | २०५५–२०६० |
| ७ | स्थानीय विकासका लागि साहित्यिक प्रतिष्ठान | सचिव | वि.सं.२०६१–२०६९ |
| ८ | नागार्जुन साहित्यिक प्रतिष्ठान, काठमाडौँ | आजीवन सदस्य | वि.सं.२०६२ देखि |
| ९ | गाउँ विकास समिति सचिव<br>हकहित संरक्षण केन्द्र नेपाल : भक्तपुर जिल्ला कार्य समिति | अध्यक्ष | वि.सं.२०६५-२०६६ |
| १० | नेपाल निजामती कर्मचारी सङगठन् , नुवाकोट जिल्ला कार्य समिति | सचिव | वि.सं.२०६६-२०६९ |
| ११ | श्री सचेतन सामुदायिक अध्ययन केन्द्र भवन उद्घाटन, ८५<br>जना साहित्यकारलाई सम्मान कार्यक्रम तयारीसमिति विदुर नुवाकोट | कार्यक्रम संयोजक | वि.सं.२०६७ |
| १२ | नेकपा एमाले सिन्धुली-<br>काठमाडौँ सम्पर्क मञ्च | सल्लाहाकार | २०६७ देखि हालसम्म |
| १३ | नेपाल निजामती कर्मचारी संगठन संघीय मामिला तथा स्थानीय विकास | सचिव | २०६९–२०७२ |

| | | | |
|---|---|---|---|
| | मन्त्रालय,विभागीय कार्य समिति | | |
| १४ | नेपाल निजामती कर्मचारी संगठन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,विभागीय कार्यसमिति | अध्यक्ष | २०७३–२०७६ |
| १५ | भक्तपुर साहित्यिक समाज | आजीवन सदस्य | २०७४ देखि |
| १६ | त्रिपुरा साहित्य समाज | सचिव | २०७५ देखि हालसम्म |
| १७ | दुधौली प्रज्ञा प्रतिष्ठान, सिन्धुली | अध्यक्ष | वि.सं.२०७६ देखि हालसम्म |
| १८ | माध्यमिक विद्यालय पूर्व विद्यार्थी समाज | उपाध्यक्ष | २०७७ |
| १९ | दुधौली एफ.एम. रेडियो, सिन्धुली | अध्यक्ष | २०७८ देखि |
| २० | नेपाल निजामती कर्मचारी संगठन | केन्द्रीय सदस्य | २०७८ असोजदेखि |

### २.१२ रुचि तथा स्वभाव

साहित्यकार दिल पौडेलको मुख्य रुचि भनेको अध्ययनमा रमाउँदै समाजसेवा गर्नु हो । ‘‘सादा जीवन उच्च विचार’’ भन्ने उक्तिलाई यिनले आफ्नै जीवनमा उतारेका छन् । अध्ययनमा रमाउन पाउँदा आफूलाई भाग्यमानी ठान्ने दिल पौडेल पूर्वीय र पाश्चात्य चिन्तनलाई समेटेर नेपाली साहित्यको भण्डारलाई धनी बनाउन प्रयासरत सर्जक हुन्” (बालसिर्जना : रेग्मी, पृ. ११०, २०७७ साउन, पृ. ३) । बोलेर होइन व्यवहारमा समानता हुनुपर्छ भन्ने सिद्धान्त बोकेका पौडेल अरूको दुःखलाई आफ्नै दुःख सम्झेर सेवा गर्नु महत्त्वपूर्ण कार्य ठान्छन् । उनी खानामा दाल भात रुचाउने र बाल्यकालदेखि अहिलेसम्म पनि दुध पिउन मन पराउँछन् । खानासँग तरकारी कम खाने उनको बानी छ । खाजामा मकै मोही रुचाउने, सफा सुग्घर बन्नमा ध्यान दिने उनको बानी रहेको देखिन्छ । उनले

जीवनभर अल्कोहल पिउन सिकेनन् । साथीभाइको लहैलहैमा लागेर छात्रावासमा बस्दा कक्षा ९ बाट (२०४३) चुरोट खान सुरु गरे । दिनमा २/४ वटा चुरोट पिउने लत बसेका पौडेलले १५ वर्ष पछि २०५८ बाट उनले चुरोट पिउन छाडे । २०५९ मा उनलाई क्षयरोगले समात्यो र ९ महिना औषधि खाएपछि निको भए । चुरोट पिउँदै छाड्दै गर्ने उनको खराव आदत जारी रहेको छ । उनी भुइँकटहर, रुखकटहर र केरा पनि रुचाउँछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

उनी भलिबल खेलाडी हुन् । त्यसो त यिनलाई फुटबल, बाघचाल, क्यारिमबोर्ड र रनिङ पनि मन पर्छ । उनी नेपाली र हिन्दी फिल्म खुब हेर्ने गर्दथे । युवाकालमा आधुनिक गीत सुन्न खुब रुचाउँथे । त्यसैले छात्रावासमा बस्दा उनको साथमा रेडियो थियो भने क्याम्पस पढ्दा टेपरेकर्डर सानो आवाजमा बजिरहन्थ्यो, उनी पढिरहन्थे । भिज्युअल प्रविधिको विकास भएपछि अचेल उनलाई लोक दोहोरीप्रति रुचि जागेको बताउँछन् । उनी प्राय : समाचार सुनिरहन्छन् । पत्रपत्रिका किनेर हेर्न र पढ्न मन पराउँछन् । समाज रूपान्तरणका सन्देश छर्ने क्रान्तिकारी फिल्म कथा रुचाउँछन् । स्कुल पढ्दा उनी विद्रोही स्वभावका थिए । साना तिना उपद्याहा काम गरिरहन्थे । छात्रावासमा तास खेल्ने र चुरोट पिउने उनको बदमासी रहन्थ्यो । त्यसैले कति पटक छात्रावास छाडेर घर जानु परेको उनी सम्झन्छन् । छात्रावास छाडेर नजिकैको दनुवारी गाउँमा हुने नाचगानमा टुप्लुक्क पुग्दथे । साथीहरूको सङ्गतका कारण भएको खराब आदत जे जस्तो भए पनि अध्ययनमा उनी पछि पर्दैनथे । यिनको रुचिको विषय विज्ञान थियो तर सरकारी विद्यालयमा अङ्ग्रेजी विषयमा पढाइ कमजोर भएका कारण क्याम्पसमा विज्ञान पढ्न सकेनन् (शोधनायकबाट प्राप्त जानकारी) ।

दिल कसैको चित्त नदुखाउने, सबैसँग मिठो बोल्ने उनले राजनीतिक जनप्रतिनिधिले समेत पार्न नसक्ने विकासका योजनाहरू सिन्धुली जिल्लामा पारिसकेका छन् भन्ने कुरा *दुधौली साप्ताहिक* मा गान्धीराज मगरले प्रस्तुत गरेका छन् । उनी समाज परिवर्तनका लागि आफूले गर्न सकेजति योगदान गर्न पछि नपर्ने र समाजसेवामा निरन्तर लागिरहने बताउँछन् । "गरिबले भोग्नुपरेका पीडा, भ्रष्टाचारबाट देशले बेहोर्नुपरेको क्षति र त्यसबाट समाजमा बढ्दै गएको वैमनश्यलाई देखेर यिनको मन चहऱ्याउँछ" (बालसिर्जना : मासिक, व. १०, अ.२, पू.११०, २०७७, पृ.४) । उनी भानुभक्त आचार्यको 'घाँसी' कविताको भावद्वारा सामाजिक सेवा गर्ने रुचि जागृत भएको बताएका छन् । 'एउटा मान्छेको मायाले

कति ...', लगायतका चर्चित वियोगान्त आधुनिक गीत रेडियो नेपालबाट सुनेपछि गीत रचनामा चाख बढेको रहेछ । समाजको अन्याय, अत्याचार, राजनीतिक विकृति, रुढिवादी, भ्रष्टाचार, सामाजिक विभेद, जातीय विभेद आदि नकारात्मक पक्षलाई आफ्ना कृतिमार्फत् व्यङ्ग्य गर्दै समाज परिवर्तनको चाहना राखेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

दिल पौडेलले औपचारिक प्रमाणपत्रलाई जीवनको सर्वोच्च प्राप्ति मान्दैनन् । प्रख्यात र चर्चित कृतिहरू किनेर राख्छन् र फुर्सदको समयमा पढ्ने गरेको बताउँछन् । यद्यपि दबाब परेमा उनी बिदाको समयमा पनि र अरू दिन-रातमा अध्ययन गरिरहन्छन् । उनलाई कसैले पैसा सापट लगेर नतिरेमा चिन्ता छैन तर पुस्तक लगेर फिर्ता नगरेमा चित्त दुखाउँछन् । योग्यता र इमान्दारिताको सही मूल्याङ्कन नगर्नेप्रति उनी जङ्गिन्छन् । जीवन छोटो छ : सार्थक मृत्युको लागि उनी चिन्तित देखिन्छन् । त्यसैले उनी व्यवहार र सिर्जनामा समतुल्य हुने काम गर्छन् । सिर्जनामा मुड नभएका बेला उनी सङ्गठन र सामाजिक कार्यमा तल्लीन रहन्छन् साथै उच्च मनोबलका साथ क्रियाशील रहन्छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

उनमा प्रकृति प्रेमी, समाजसेवा र साहित्य प्रेमी जस्ता आन्तरिक गुण रहेको पाइन्छ । उनी अपवाद छाडेर जोकोही उच्च पदस्थ यो देशका किर्ना हुन् भन्ने मान्यता राख्छन् । उनी स्वार्थ सिद्धिका लागि स्वाभिमान बेचेर अपमान सहदैनन् । फलको आकाङ्क्षा नराखी समाजसेवामा प्रवृत्त भैरहने, निष्काम कर्मयोगमा विश्वास गर्ने, अप्ठ्यारामा नडगमगाउने यिनको आन्तरिक व्यक्तित्व हो । धर्म, अर्थ, काममा जीवन तमाम देखेर उनी सचेत बन्छन् । सकारात्मक ऊर्जा शक्तिले भरपुर मानिस नै समाजसेवी र सहृदयी बन्छन् । यसरी दिल नेपाली भाषाको उन्नयनमा निरन्तर क्रियाशील छन् ।

दिल सभ्य, सुशिक्षित, निष्कलङ्क व्यक्ति हुन् । पदको गरिमा र मर्यादामा रहेका, निरन्तर अध्ययन र मेहेनत गर्ने, सहृदयी, मिलनसार, फराकिलो हृदय भएका बाहिर जे देखिन्छ, भित्र पनि त्यही रूप भएका व्यक्ति हुन् । उनी दुई रूप नभएका पारदर्शी र उत्साही, जो कोहीलाई प्रोत्साहित पार्ने बानी उनको रहेको छ । सबैलाई बराबरी पारेर लैजानु पर्ने मान्यता राख्दछन् । अरूलाई समझदार, काम गर्न चाहनेलाई जोखिम वा सम्भावित हानी देखाएर तर्साउने स्वभाव नभएका व्यक्ति हुन् । सुन्दर मुखाकृति, गोरो वर्ण, शारीरिक उचाई र सौन्दर्य समेतका दृष्टिले आकर्षक व्यक्तित्व हुन् ।

प्रगतिवादी कृतिहरूको अध्ययनले पिडितलाई सहयोग गर्ने, आफ्नो काम आफै गर्ने, परिश्रमी मेहेनती र लगनशील सामूहिक भावनाको विकास गराएको बताउँछन् । उनी खानामा ङिचङाच नगर्ने र यद्यपि मासुका परिकार बढी रुचाउने बानी रहेको भन्दछन् । कसैको चाकडी, चाप्लुसी, चुक्ली र चेपारो नगर्ने, अन्याय नसहने, निर्भीक र स्वाभिमानी उनि निम्नवर्गको कुरामा उनको तुरुन्तै विश्वास गर्ने बानीले गर्दा धेरै ठाउँमा धोका पाएको अनुभव बताउँछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

सारगर्भित रोचक र स्पष्ट बोल्ने, तर्कयुक्त, सारपूर्ण र अकाट्य बोल्ने उनको बानी छ । उनी जागरिला र सक्रिय छन् । उनले २०४६ सालपछिको बिग्रँदो राजनीतिक वातावरण पछि जागिरतिर ध्यान लगाएको देखिन्छ । मानिसको जीवनयात्रा अनौठो हुदोरहेछ । उमेर, विचार र अध्ययनले फरक पार्दो रहेछ । कालखण्डले कताबाट कता आकर्षित पार्दो रहेछ । क्षमता र योग्यता अनुसार कार्यशैलीमा परिवर्तन आउँदो रहेछ । उनको जीवन समयका अनुभवका टुक्राटुक्रा रोचक हिस्सा अनेक हुनसक्छन् । उनको व्यक्तित्व शालीन गम्भीर र श्रद्धायुक्त देखिन्छ । साहित्य अध्ययन र सिर्जना गर्नु नै उनको अर्जुनदृष्टि हो (शोधनायकबाट प्राप्त जानकारी) ।

गरिबदुःखी, अनाथ विद्यार्थीलाई शुल्क तिरेर पढाइदिने, पुस्तकालय खोल्ने आदि कार्य पनि गरेको बताएका छन् । निस्वार्थ सामाजिक कार्य गर्नेको मुक्त कण्ठले प्रशंसा गर्ने, बडप्पन नदेखाउने उनको खास विशेषता रहेको पाइन्छ । उनी ठट्टा र फोकटिया कुरा गर्दैनन्, कल्याणकारी भिजन भएका, गल्ती भएमा क्षमा माग्ने र सुध्रिने प्रयास गर्ने, गलत सहकर्मीको सङ्गत गर्न नरुचाउने उनको बानी रहेको बताएका छन् । उनको सम्पूर्ण जीवनलाई नियाल्दा उनको व्यक्तित्व, आत्मा सम्मान, निष्ठा भरोसायुक्त र स्वाभिमानी रहेको देखिन्छ । सोचेर मात्र बोल्ने स्वभाव, व्यबहारिक भएपनि उनको छिट्टै अरूलाई विश्वास गर्ने कमजोरी देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

कसैलाई पनि नहेप्ने, नदबाउने र आफू पनि हेपिन नचाहने उनको स्वभाव रहेको बताउँछन् । आफूले सकेको सहयोग गर्ने, जसरी सकिन्छ, मद्दत गर्ने उनको स्वभाव पाइन्छ । उनी प्राय पढाइमा मनमौजी रहेको र फुर्सदको समयमा जन्म गाउँका केटाकेटी जम्मा पारेर टियुसन पढाइदिने गर्दथे । कसैले लोकसेवा पढ्ने इच्छा गरेको र आर्थिक अभावका कारण पढ्न नसकेमा आर्थिक सहयोगका साथै किताब किनेर दिने गर्दछन् । समाजमा जाँड खाएर होहल्ला गर्नेलाई रातभरि मियोमा बाधेर कार्वाही गरेको, आफू गा. वि. स. सचिव हुँदा जनप्रतिनिधिविहीन भएकाले अध्यक्ष पद सम्हाल्दा नुवाकोटको थानापति  गा. वि. स. मा

जाँड खाएर होहल्ला गर्नेलाई ११५१/- जरिवाना लिई करिब ५१ हजार राजस्व सङ्कलन गरेको अविस्मरणीय घटना उनको मानसपटलमा ताजै छ । यसैले उनी पुरस्कार र दण्ड दुबै दिने चरित्रका देखा पर्दछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.१३ पुरस्कार तथा सम्मान

दिल पौडेल 'हुने बिरुवाको चिल्लो पात' भन्ने उक्तिलाई सार्थक पार्दै बाल्यकालदेखि नै मेधावी, लगनशील र जुझारु छात्रका रूपमा परिचित छन् । यसका अतिरिक्त सरकारी सेवामा प्रवेश गरेपछि विभिन्न सामाजिक कार्यमा पनि संलग्न हुँदै आएका छन् । उनले साहित्य, पत्रकारिता र सामाजिक सेवाका क्षेत्रमा कार्य गरेवापत विभिन्न सङ्घ संस्थाबाट पुरस्कार, अभिनन्दन तथा सम्मान प्राप्त गरेका छन् । उनले हालसम्म प्राप्त गरेका पुरस्कार तथा सम्मानहरू प्रस्तुत तालिकामा यसप्रकार रहेका छन् :

**तालिका नं. २.५ : पुरस्कार तथा सम्मान**

| क.सं. | पुरस्कार तथा सम्मान दिने संस्था | साल | जिल्ला |
|---|---|---|---|
| १ | दुधौली नगरपालिकाको कार्यालय | २०७५-२०७६ दुई पटक | सिन्धुली |
| २ | मा. वि. टाँडी, पत्रिङ्गा | २०७५ | दुधौली-११, सिन्धुली |
| ३ | फिक्कल गाउँपालिकाको कार्यालय, | २०७६ | सिन्धुली |
| ४ | ७ नं. वडा कार्यालय | २०७६ | दुधौली नगरपालिका सिन्धुली |
| ५ | दुधौली साप्ताहिक परिवार | २०७५ र २०७६ दुई पटक | सिन्धुली |
| ६ | कोहिनुर साप्ताहिक परिवार | २०७६ | दुधौली, सिन्धुली |
| ७ | जनमुखी कल्याणकारी नेपाल | २०७६ | दु.न.पा.१०, सिन्धुली |
| ८ | आधारभुत विद्यालय पोखरढिक | २०७६ | दुधौली-१२, सिन्धुली |
| ९ | जनप्रिय आधारभूत विद्यालय, रानीटार, | २०७६ | दुधौली-१४, सिन्धुली |
| १० | सिर्जना आधारभूत विद्यालय, रमितेदोबाटो | २०७६ | सिन्धुली |
| ११ | सरस्वती आधारभूत विद्यालय | २०७६ | ठाकुरदमार, सिन्धुली |
| १२ | निम्न माध्यमिक विद्यालय मनवा चौतारा | २०७६ | दुधौली-१३, सिन्धुली |
| १३ | माध्यमिक विद्यालय बाँसबोटे | २०७६ | दुधौली-१४, सिन्धुली |
| १४ | जनप्रेमी माध्यमिक विद्यालय, अरूणडाँडा | २०७६ | दुधौली-१३, सिन्धुली |

### २.१४ भ्रमण

सिन्धुली जिल्लाको लदाभिरमा जन्मी हाल दुधौली-७ मा बसोबास गर्ने दिल पौडेल प्रकृतिप्रेमी र भ्रमणशील व्यक्ति हुन् । यस्तो रुचिअनुसार उनी आफ्नो देशका सुन्दर स्थानहरूमा विभिन्न समयमा घुमेका छन् । नेपालको इलाम, विराटनगर, झापा, जनकपुर, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, खोटाङ, पोखरा र नेपालगञ्ज जस्ता पर्यटकीय र धार्मिक प्रसिद्ध भएका स्थानमा घुमेको उनी बताउँछन् । त्यस्तै गरी उनले जागिरे जीवनमा भारतका दिल्ली, चण्डीगढ, हरिद्वार, अमृतसर र आग्राजस्ता प्रख्यात स्थानको भ्रमण गरिसकेका छन् भने चीनको खासा पनि पुगेको उनले बताएका छन् ।

### २.१५ अविस्मरणीय घटना

दिल पौडेलका जीवनमा केही अविस्मरणीय घटना भएका छन् । जुन यस प्रकारका छन् :

#### (क) बेलसोत खोला बाढीमा थुनिँदा

दिल पौडेल आफ्ना बाल्यकालमा भएको घटनालाई यसरी सम्झन्छन् : यसो भन्दछन् : 'म ८/१०वर्षको हुदाँ उदयपुर कटारीको बेलसोतमा हाम्रो ८/१० कठ्ठा बारी थियो । त्यसबेला साइँला बुबा पदमबहादुर पौडेलले कमाउने गर्दथे । यसै सन्दर्भमा वर्षेपिच्छे हाम्रो गाईगोठ चरिचरणको लागि यहाँ लैजाने गरिन्थ्यो । पुन : २/३ महिनापछि सात नं. कत्लेगाउँमा ल्याउने गर्दथे । बेलसोत खसीबासमा अहिले पनि घनघोर जङ्गल देख्न सकिन्छ । जहाँ पशुपालनको लागि घाँसपात प्रशस्त छ । यसैक्रममा त्यहाँ पुगेको बेला पशुपालनको लागि हाम्रो अभिभावकले जङ्गलमा मलाई समेत लिएर गए । त्यसै दिन दिनभरी आरी घोप्टे पानी पर्‍यो । हाम्रो बगालको मूल गाई तारी गाई थियो । जसको घाटीको घण्टीको आवाजले अरू गाईहरू हिड्ने गर्थे । उक्त गाई घर फर्किने बेला ठानेर बेलसोतको गडुमे खोलाको ठूलो बाढीमा हेलियो र उक्त बाढीले बगाउँदै लगेपछि अरू बगाललाई जोगाइयो । पछि बाढी घटेपछि आधा घण्टा तल धारापानी छेउको चौरमा पो उक्त गाई जिउँदै उत्रिएर जोगिएछ । खुसी लाग्यो तर अध्याँरो साँझ भै सकेको भएपनि वर्षा हुन रोकिएन र बेलसोत खोला उर्लियो । त्यस बेला त्यहाँ जङ्गली जनावरको भय

व्यापक थियो । त्यस रात हामी ८/१० जना गोठालोसहित रातभर खोलापारी चौरमा बास बस्यौं । भोर्लाको पातको लाफो ओढेर बिहान ४ बजे खोला तरेर घर आएँ' । यस घटनाले बालहठको कारण यस्तो दुःख पाइदो रहेछ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

**(ख) सशस्त्र युद्धका सास्ती**

हत्या, आतङ्क, बम-विस्फोट, भिडन्त, चन्दा सङ्कलन, आक्रमण जस्ता घटना संझिदा पनि आङ् अझैं सिरिङ हुन्छ । त्यस बेलाका यस्ता घटनाहरू उनी सम्झँदै भन्छन् :'भिमान चेक पोष्टमा सँगसँगै एउटै बसको सिटमा रहेको माओवादी लडाकुले रोकीरहेको बसमा निहुरीएर चेक गर्दा जवान प्रहरीलाई पेस्तोलको गोलीले घाइते पारेको उनी बिर्सन सक्दैनन् । घटना घटेको आधा घण्टा भित्रमा भिमान प्रहरीले आक्रमणकारी लडाकु खोज्दै अन्धाधुन्द गोली चलाउँदा कमला बगरमा गाई हेर्ने गोठालो एक जना लाटो मारिएकोले कर्फ्यु लागेको र उनी भिमानमा नै बास बस्नु परेको' घटना सुनाउँछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

त्यस्तै उनी सिन्धुली मिलनचोकको बजारमा न्यू इङ्लिस स्कुलमा शिक्षण गरेको समयमा सिन्धुली माडीको तल्लो बजारमा बस्थे । कुनै दिन एक साँझ जिल्लाप्रहरी कार्यालय छेउमा बस्ने एक जना साथीले खाना खाने निम्तो दियो र उनीहरू ९ बजेतिर खाना लाग्दै गरेको बेलामा सिन्धुली जेल घरमा माओवादीले आक्रमण गरे, आक्रमण चल्दै थियो, भेरीलाइटको उज्यालोमा उनी दौडदै कोठामा आए । भित्र पसेको २ मिनेटमा प्रहरी इन्स्पेक्टर आए र भने "तपाईलाई मैले चिनेको कारण गोली खानबाट जोगिनु भयो । यसरी आक्रमणको बेलामा बाहिर अबदेखि हिडडुल नगर्नू" । अनि पो ज्यान जोगिएकोमा उनी झसङ्ग भए ।

त्यस्तै गरी उनी अर्को चपेटामा परे । २०६३ वैशाख ११ गते राति माओवादी शसस्त्र युद्धको अन्तिम आक्रमण चौतारामा गरेको थियो, जहाँ उनी बसेको घर वरिपरि दोहोरो भिडन्तका कारण पर्खालतिर बन्दुकका नालबाट निस्केको गोलीले यत्रतत्र प्वाल छेडिएका अवस्था देखिन्थ्यो । उनी रातभर बसेको घरको सबैभन्दा अन्तिम तलाको पलङमुनी लुकेर ज्यान जोगाएको उनले बताएका छन् । त्यस्तै गरी डायरी भित्र फोन नम्बर लेखेको आधारमा भिमान प्रहरी र ताराघारी सैनिक क्याम्पको चेकपोस्टमा पनि उनलाई सोधपुछ गरी यात्राका बस छुटाइदिई दुःख दिने काम गरेको उनी सम्झन्छन् ।

**(ग) मुददा झमेला**

यसै अवधिमा उनले सामुदायिक वनको मुद्‌दा पनि खेप्नु पऱ्यो । २०५६ मा उनले लोकसेवा उत्तीर्ण भए पनि २०५२ सालदेखि उनी कत्ले सामुदायिक वनका अध्यक्ष थिए । २०५८ मा उनले बनाएका कार्यवाहक अध्यक्षले सुकेको काठ कटानको स्वीकृति ल्याएर काठ खुलाए । तर गाउँलेले काँचो रुख ढालेर घर बनाए । तीनै मध्ये उनका १/२ जना विरोधीहरूले त्यसै बेला २०५९ मंसिरतिर अख्तियारमा वन मुद्धा हालिदिए र उनले सिन्धुली जिल्ला प्रशासनमा २८ महिना तारिख धाए । सफाइ पाएपछि उनी निर्धक्क भएर सिन्धुपाल्चोकमा गा. वि. स. सचिव चलाउँदै रहे । २०६२ सालमा एकजना बाँसखर्क गा. वि. स. का एक स्थानीय तामाङले नागरिकता सिफारिसमा झुक्याए र अख्तियार समेतमा उसको विरोधीले मुद्‌दा लगाए । छोरीसहित श्रीमती लगिदिएको रिस साध्न विपक्षीले बाबु छोरीलाई तर्साउन मुद्‌दा दिएको रहेछ र छ महिनाको प्रयासपछि फेरि दिलले सफाइ पाए, त्यसपछि भक्तपुरमा तीन वर्षसम्म सेवा गरे । त्यस बेलाका स्थानीय तहका जनप्रतिनिधिले आफ्ना पार्टीका कार्यकर्तालाई अस्थायी कर्मचारीमा जागीर खुवाएका थिए । ती कर्मचारीले गा. वि. स. का राजस्व कर सिफारिस दस्तुरको रसिद काट्ने गर्दथे । गृहयुद्धका कारण २०५९ साउन पछि स्थानीय तहको चुनाव हुन सकेन र कर्मचारीले जनप्रतिनिधिको जिम्मेवारी पाए । त्यसैबेला पार्टीले नियुक्ति गरेको तिनै कर्मचारीहरूले उस्तै नम्बरको नक्कली रसिद छपाएर पैसा सङ्कलन गरेको दिलले थाहा पाए र धादिङको एक कार्यक्रम भाषण गरे । तिनले वर्षौदेखि केही रकम जि.वि.स.का लेखा फाँटका कर्मचारीमार्फत् हाकिमलाई बुझाउदै आएका रहेछन् । त्यस्ता भ्रष्टाचारजन्य विरोधी क्रियाकलाप देखेपछि धादिङको एक कार्यालयमा उनले भाषण गरेको रेकर्ड ल्याएर सबै भ्रष्टचारीहरूले जि.वि.स. भक्तपुरमा उनलाई आफ्नै स्टाफसमेत मिलेर माफ मगाए । केही समयपछि उनी नुवाकोट सरुवा भए । नुवाकोट गएको ६ महिनापछि नक्कली रसिद छपाउने भक्तपुरका एक दुई जना अख्तियारद्वारा पक्राउ खाए भन्ने उनले थाहा पाए । उनी ठान्छन् सत्कर्म गर्नेका शत्रु अझ धेरै हुँदा रहेछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

२०६७ वैशाखमा नुवाकोट चतुरालेका अर्का एकजना तामाङले भाइको स्कुलको प्रमाण पत्रमा आफ्नो फोटो टाँसेर नागरिकता सिफारिस गराई फेरि झुक्याए । ब्रिटिस लाहुरे बन्ने चाहनाका कारण उमेर घटाउन उनले त्यस्तो कर्तुत गरेको थाहा भएपछि सिडियो कार्यालयबाट सो मुद्‌दा टुङ्गो लगाइयो र उनले शान्तिको सास फेर्न पाएको कुरा अझै

मानसपटलमा  ताजै रहेको बताएका छन् । उनी धन र पदमा कहिले पनि विलासिताको लागि लोभ नगर्ने तर उनीमाथि त्यही कारणले समाजका किर्नाहरूले अनेक दुःख दिएको बताउँछन् ।

## २.१५ निष्कर्ष

सिन्धुली जिल्लाको लदाभिरमा वि. सं. २०२८ पौष १० गते जन्मेका दिल पौडेलको बाल्यकाल जन्मस्थानमा नै बितेको थियो । उनले ४/५ वर्षको उमेरमा सालघारी पाठशालाबाट अक्षरारम्भ गरेका हुन् । उनको उपनयन संस्कार आठवर्षको उमेरमा नै गरेको बताउँछन् । पौडेलले कक्षा ३ सम्म दुधौली नगरपालिका (साबिक  गा.वि.स. ६) स्थित सरस्वती मा. वि. शङ्खरटारबाट पढे । कक्षा ४ देखि हिडेरै २ घण्टा समय लाग्ने श्री मा. वि. पढ्न गएका उनले विद्यार्थी जीवनमा नै कविता कोर्न थालेका थिए । वि. सं. २०४२ जेठ ६ गते मा. वि. बाट पञ्चायती व्यवस्था मूर्दावाद लेखेको प्लेकार्ड सहित प्रहरीको हिरासतमा परे र २२ दिन पछि छुटकारा पाए । यस घटना उनको बाल्यकालको अविष्मरणीय दुःखद क्षण बन्न पुग्यो । मा. वि. लदाभिरबाट एस.एल.सी. उत्तीर्ण गरी रा.रा. बहुमुखी क्याम्पस जनकपुरबाट आई.कम. उत्तीर्ण गरे ।

वि.सं.२०५६ असार ३२ गते उनले मुखिया पदबाट निजामती सेवामा प्रवेश गरे । प्रथम पोस्टिङ् आफ्नै जन्मभूमि दुधौली इलाका हुलाकमा भयो र २०५८ कार्तिकदेखि उनी भक्तपुर जिल्ला हुलाकमा सेवारत रहे । मुखिया भएको चालिस महिना पछि वि.स.२०५८ मा लोकसेवा आयोग अनाम नगरले खरिदार पदका लागि खुलाएको विज्ञापनबाट फेरि लोकसेवा उत्तीर्ण गरे । उक्त विज्ञापनबाट उनले ६२ नम्बरमा नाम निकाली २०५९ साल मंसिर १६ गतेदेखि गाउँ विकास समितिका सचिव भै सिन्धुपाल्चोक चौतारामा हाजिर हुन पुगे । उनी २०६९ कार्तिक २४ गते नायबसुब्बा पदमा बढुवा भएर २०७५ चैत्र १८ गतेबाट अधिकृत छैटौँ तहको निजामती कर्मचारीको भूमिका निर्वाह गर्दै आएका छन् । उनले हालसम्म सेमेस्टरबाट नेपालीका साथै इतिहास र राजनीतिशास्त्र (प्राइभेट) विषयमा स्नातकोत्तर तहसम्म अध्ययन गरेका छन् । उनको अहिलेसम्म सात वटा कृतिहरू प्रकाशित भएका छन् ।

दिल पौडेल मध्यमवर्गीय परिवारमा जन्मेका हुन् । उनी पहिलो सन्तान भएकाले परिवारका हरेक जिम्मेवारीलाई वहन गर्दै आएका छन् । उनी २०६८ असार देखि

परिवार सहित टीकाथली ललितपुरमा बस्दै आएका छन् । पौडैल आफ्नो फुर्सदको समय साहित्यमा खर्चेर केही न केही नव सिर्जना गरिरहन्छन् । उनी यथार्थता, मानवता, प्रणयप्रेम, राजनीतिक विकृति, समाजको विसङ्गतिप्रति कटाक्ष, आदर्श र सरल लेखनशैली अँगाल्ने साहित्यकार हुन् । जीवनमा स-सना थुप्रै झमेलाहरू पार गर्दै व्यवहारिक र पारिवारिक रूपमा सुखी भए पनि राष्ट्रको विकृति र विसङ्गति देखेर उनी चिन्तित देखिन्छन् । उनको समग्र जीवन सुखपूर्वक नै देखिन्छ ।

# तेस्रो परिच्छेद

# दिल पौडेलको व्यक्तित्व

## ३.१ विषय परिचय

व्यक्तिको व्यक्तित्व निर्माणमा  परिवार, समाज, सत्सङ्ग, प्रतिभा, जीवनदर्शन, धर्म, संस्कृति र विचारले प्रमुख भूमिका खेल्दछ । अत : जीवनका विभिन्न पाटाहरूले व्यक्तित्वको निर्माण हुने गर्दछ । मानसिक प्रक्रियामा एकरूपता वा अनुरूपताको निर्माण हुनु नै व्यक्तित्वको अर्थ हो । परिवेशअनुसारको व्यक्तित्व निर्माण गर्नु नै एकरूपता हो । एक व्यक्ति साहित्य र समाजप्रति समर्पित हुँदा उसका व्यक्तित्वका बहुविध पाटाहरूको निर्माण हुने गर्दछ । साहित्यकार दिल पौडेलको जीवनमा आरोह अवरोहको क्रम धेरै चले तापनि उनी आफ्नो उद्देश्य र लक्ष्य प्राप्तिबाट कत्ति पनि विचलित देखिँदैनन् ।

विद्यार्थी अवस्थादेखि हालसम्म पनि उनी साहित्य र समाजका विविध क्षेत्रसँग सम्बद्ध रही निरन्तर कार्य गरिरहेका छन् । बाल्यकालमा व्यक्तिको अभिप्राय आफ्नो आन्तरिक स्वभावलाई दृढ बनाउनु हो । संसार परिवर्तनशील छ । परिवर्तनशील संसारमा रहेर हरेक अवस्थामा आफ्नो प्रतिभाको गहन र स्पष्ट छाप साहित्यमा र समाजमा छोड्न सक्नुपर्छ । प्रस्तुत शोधपत्रको यस परिच्छेदमा विभिन्न गतिविधि, प्रेरणा र प्रभावबाट निर्मित दिल पौडेलका बाह्य व्यक्तित्व, साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्वका विभिन्न पाटाहरूलाई केलाउने प्रयास गरिएको छ ।

## ३.२ व्यक्तित्वका विविध पाटाहरू

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणका सन्दर्भमा जीवन भोगाइका क्रममा आउने अनेक घटना, जीवनका आरोह-अवरोह, क्रिया-प्रतिक्रिया, द्वन्द-प्रतिद्वन्द्व, घात-प्रतिघात, परिवेश, पारिवारिक पृष्ठभूमि, रुचि, पेसा र शिक्षाको प्रमुख भूमिका रहन्छ । जीवनभरी आफ्नो कार्यप्रति इमान्दारीता, लगनशील र संवेदनशीलका साथै निरन्तर क्रियाशील भइरहने दिल पौडेलको व्यक्तित्व कवि, उपन्यासकार, समालोचक, हाइकुकार, गजलकार, गीतकार, सम्पादक, प्रकाशक, संस्मरणकार आदि अन्य विविध क्षेत्रमा निर्वाह गरेको भूमिका र योगदानका कारण बहुआयामिक बन्न पुगेका छन् । सामान्यत : आन्तरिक एवं बाह्य गरी दुई प्रकारका व्यक्तित्व हुन्छन् । बाह्य व्यक्तित्वभित्र शारीरिक बनोट, रूप, रङ्ग आदि

पर्दछन् भने आन्तरिक व्यक्तित्वभित्र साहित्यिक र साहित्येतर व्यक्तित्व पर्दछ । उनको साहित्यिक व्यक्तित्वभित्र कवि, समालोचक, उपन्यासकार, हाइकुकार, गजलकार, गीतकार, सस्मरणकार, प्रकाशक व्यक्तित्व आदि पर्दछन् भने साहित्येतर व्यक्तित्वभित्र प्रशासनिक, साङ्गठनिक, धार्मिक, समाजसेवी, उत्प्रेरक, आदि व्यक्तित्व पर्दछन् ।

दिल पौडेललाई साहित्यिक क्षेत्रमा मूलत आख्यानकारका रूपमा लिन सकिन्छ भने साहित्येतर क्षेत्रको योगदानमा उनको भूमिका उत्तिकै महत्त्वपूर्ण रहेको छ । व्यक्तित्वका यिनै दुई पाटाहरूबाट यिनले आफूमा बहुमुखी प्रतिभाको निर्माण गरेका छन् । साहित्यका विभिन्न विधामा कलम चलाउन सफल पौडेलले साहित्येतर क्षेत्रमा पनि विशेष पहिचान बनाउँन सफल भएका छन् । यहाँ दिल पौडेलको यिनै व्यक्तित्वका विविध पाटाहरूलाई प्रस्तुत गरिएको छ ।

### ३.२.१ बाह्य व्यक्तित्व

बाह्य व्यक्तित्व भनेको मानिसको बाहिरबाट झट्ट हेर्दा देखिने शारीरिक बनावट र आकारप्रकार हो । सामाजिक रूपमा यसको महत्त्व त्यति धेरै नभए पनि व्यक्तिको पहिलो परिचय भनेको शारीरिक बनावट नै हो । दिल पौडेलको शारीरिक व्यक्तित्वलाई हेर्दा उनको उचाइ ५ फिट १० इन्च रहेको, न मोटो न पातलो तर सुँहाउदो शरीर, गहुँगोरो वर्ण, ठूलो निधार, हँसिलो अनुहारमा चस्मा लगाउने, मिलेको नाक र आँखा, मीठो बोली, दाह्री काटेर चिटिक्क पर्ने, मसिनो र मिठो बोल्ने, शालिन, भद्र नम्र र मिलनसार बानी व्यवहारबाट उनको बाह्य व्यक्तित्व परिपूर्ण रहेको छ । परिस्थिति हेरी नाडी छामेर मात्र पाइला अघि सार्ने, सोझो, फूर्तिलो स्वभाव, सहृदयी, आत्मीय, अरूलाई तुरुन्तै विश्वास गर्ने करुण भावका जनपक्षीय दृष्किोण राख्ने, उनको बाह्य व्यक्तित्व भित्र पर्दछ । साथै साहित्य सिर्जना र शरीरको संरक्षणमा सधै जवान देखिने, यथास्थितिबाट समाज र जीवनलाई प्रगतिको द्वारतिर उत्प्रेरित गर्ने व्यक्तित्व उनको रहेको पाइन्छ ।

सानैदेखि अग्रजका कुरा सुन्ने र त्यसलाई गम्भीरताका साथ लिई त्यसबाट केही नयाँ कुरा सिक्ने, अरूलाई दुःख पर्दा आफ्नै दुःख सम्झेर आफूले सकेजति सहयोग गर्ने, स्वाभिमानी, निडर, कसैलाई अनावश्यक दुःख दिएर आफू उच्च स्थानमा पुग्न नचाहने, बाल्यकालदेखि नै अग्रजका कुरा सुनी ध्यानमा राखि स्वाभिमानी र आत्मनिर्भर बन्नुपर्छ भन्ने मान्यता राख्ने, साहित्य लेखनमा आफू पनि निरन्तरता दिने र अरूलाई पनि लेख्नुपर्छ भनी

प्रोत्साहन गर्ने, साथीभाइ, इस्टमित्रहरूसँग सौहार्द्रभाव प्रकट गर्ने बानी दिल पौडेलमा पाइन्छ ।

दिल पौडेल फुसर्दको समयमा स्वाध्ययन, विभिन्न पत्रपत्रिकाहरूको सम्पादन, साहित्य सिर्जना गरी कटाउने गर्छन । उनको बारेमा गाधीराज मगरको धारणा यस्तो छ : "दिल नामले मात्र दिल नभएर दिल पनि त्यतिकै कोमल छ, सहयोगी छ, दीलदार छ, उनले विद्यालयमा साहित्यिक प्रतियोगिता हुँदा प्राय कहिले पनि अरूलाई जित्न दिएनन्, सानैदेखि तीक्ष्ण दिमाग भएको एक कुशल र योग्य व्यक्तित्वका धनी छन्" (गाधीराज मगर : २०७५, पृ. ६) । गाउँलेहरूलाई माया गर्ने स्थानीय फटाहाहरूको विरोध गर्ने, आफ्नो प्रयासमा वेरोजगारीलाई रोजगारीको अवसर मिलाइदिने जस्ता कुरामा उद्यत रहने दिल पौडेल उदार मानवतावादी व्यक्तित्व हुन् ।

### ३.२.२ आन्तरिक व्यक्तित्व

व्यक्तिमा अन्तर्निहित स्वभाव, आचरण र प्रवृत्ति नै उसको आन्तरिक व्यक्तित्व हो । दिल पौडेलको आन्तरिक व्यक्तित्वतर्फ नियाल्दा उनको बाल्यकालीन अवस्थालाई पनि हेर्नु पर्ने हुन्छ । उनी बाल्यकालदेखि नै जिज्ञासु, परिश्रमी, अनुशासित, तीक्ष्ण बुद्धि भएका तथा साथीहरूसँग सहयोगी भावना राख्ने व्यक्तित्वका रूपमा चिनिन्छन् । जीवनमा आइपर्ने कुनै पनि अफठ्यारा परिस्थितिमा नडगमगाउने, चिन्तनशील, प्रकृतिप्रेमी र साहित्यप्रेमी निम्न वर्गका हितकारी उनका आन्तरिक गुणहरू हुन् ।

समाजमा व्याप्त पक्षपात, असमानता, अन्याय, थिचोमिचो, विकृति-विसङ्गतिप्रति धावा बोल्नु दिल पौडेलको आन्तरिक व्यक्तित्व हो । विनोद मन्जनका अनुसार : "दिल पौडेल चुप लागेर बस्न नसक्ने निरन्तर सक्रिय रहने उत्साही, जाँगरिला, मिहिनेती, सिर्जनामा रमाउने , आशावादी चरित्रका व्यक्ति हुन्" (मन्जन, २०७५, पृ.६८) । दिल पौडेलले कक्षा आठमा पढ्दा नै विश्व साहित्यको चर्चित उपन्यास आमा पढिसकेका थिए । नेपाली साहित्यकारहरू पारिजात, विश्वेश्वरप्रसाद कोइराला, लक्ष्मीप्रसाद देवकोटा, आदिका रचनाहरूको गहिरो अध्ययन यिनले गरेका छन् । पौडेल यिनै पृष्ठभूमिबाट प्रभावित भई साहित्यतर्फ आकर्षित हुनु उनको आन्तरिक व्यक्तित्व हो ।

कवि पौडेलको साहित्यिक झुकावको प्रेरणा स्रोत २०४२ को तत्कालीन पञ्चायती व्यवस्था विरुद्ध विद्यार्थी आन्दोलनबाट प्रभावित साहित्यिक र अन्य पत्रपत्रिकामा प्रकाशित

लेखहरूको अध्ययन रहेको कुरा उनको संस्मरणमा उल्लेख गरिएको छ । उनी चाकडी चाप्लुसी गर्न मन नपराउने, फलको आकाङ्क्षा नराखी स्वकर्ममा लागि पर्ने, कर्मयोगमा विश्वास गर्ने प्रवृत्तिका व्यक्तित्व हुन् । यसरी दिल पौडेलको आन्तरिक व्यक्तित्वलाई केलाउँदा उनी शिष्ट, कर्मठ, जिज्ञासु, दयालु, चिन्तनशील, स्वभिमानी, स्वावलम्बी व्यक्तित्व हुन् ।

दिल पौडेलको आन्तरिक व्यक्तित्वका विविध पाटाहरूलाई हेर्दा यहाँ साहित्यिक र साहित्येतर गरी दुई भागमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### ३.२.३ साहित्यिक व्यक्तित्व

समान किसिमको साहित्यिक व्यक्तित्व प्रत्येक मानिसमा हुँदैन । साहित्यका अनेक विधाहरूमध्ये आ-आफ्नो अभिरुचि र प्रतिभाद्वारा व्यक्तिको विभिन्न विधामा प्रवृत्ति हुने गर्दछ । सर्वप्रथमत : कुनै पनि स्रष्टाको साहित्यिक व्यक्तित्व के-कस्तो छ भनेर निर्क्योल गर्न त्यस व्यक्तिका साहित्यिक व्यक्तित्वका साहित्यिक कृतिहरूको अध्ययन गर्नु आवश्यक हुन्छ । एउटा स्रष्टाका कृतिहरू कविता, समालोचना, उपन्यास, हाइकु आदिको मूल्याङ्कन समालोचना र विश्लेषणबाट उसको साहित्यिक व्यक्तित्वको निर्क्योल गर्न सकिन्छ । अन्तर्वार्ताका क्रममा उनी भन्दछन् : “मानिसका मन मस्तिष्कमा भुक्ति खेलिरहने सफलताको खुसी र विफलताको पीडा नै साहित्यका श्रोत हुन् । सबै खाले राजनीतिक आग्रह पूर्वाग्रहभन्दा जनतालाई मर्नबाट जोगाउने साहित्य सर्वकालिक हुन्छ” (शोधनायकका अनुसार) । दिल पौडेलले ‘सकिनँ’ शीर्षकको कविता २०४७ मा प्रकाशित गरे र उनले यहीबाट साहित्य प्रकाशनमा प्रवेश गरे । उनले कविता, समालोचना, उपन्यास, गीत, गजल, हाइकु आदि विधामा कलम चलाउँदै आएका छन् । उनको करिब तीन दशक लामो साहित्यिक योगदानलाई साहित्यिक व्यक्तित्वका रूपमा चित्रण गर्दै त्यसकै आधारमा उनको साहित्यिक व्यक्तित्वको अध्ययन गरिएको छ ।

#### ३.२.३.१ कवि व्यक्तित्व

नेपाली साहित्यमा दिल पौडेल कविका रूपमा पनि परिचित छन् । २०४७ मा ‘सकिनँ’ शीर्षकको कविता (*वर्चस्व* मासिक पत्रिका) प्रकाशित गराएर साहित्य लेखनमा प्रवेश गरेका हुन् । सानैदेखि केही न केही विषयमा कविता लेख्ने र साथीहरूलाई बोलाएर सुनाउने गर्थे । उनले २०६३ मा *कात्रोमा मेरो देश* कवितासङ्ग्रह प्रकाशित गराए । पौडेलले यस

कवितासङ्ग्रहमा राष्ट्रमा भएका विकृतिहरूलाई छर्लङ्सँग पाठक समक्ष प्रस्तुत गरेका छन् र देशमा भएका थिचोमिचो, अन्याय, अत्याचार, राजनीतिक विकृति तथा मान्छेको तानाशाही प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरेका छन् । एक अन्त्वार्ताको क्रममा उनी कवितालाई यसरी परिभाषित गर्छन् : "भाषाका माध्यमबाट उन्मेष वा आल्हाद-पीडाको क्षणमा बुद्धिको सहायताले कल्पनाको प्रयोग गरी पाठक वा श्रोतालाई रसानुभूति गराउदै कलात्मक ढङ्गले प्रस्तुत गरिने विधा कविता हो" । उनले थुप्रै फुटकर कविताहरूको रचना गरीसकेका छन् । "कात्रोमा मेरो देश शीर्षक आफैँमा ध्वन्यात्मक शीर्षकीकरण हो, संस्थागत र व्यक्तिगत कमजोरीप्रति ध्वन्यात्मक अभिव्यक्ति प्रस्तुत भएकाले यो कृति ध्वनिपरक संरचनायुक्त रहेको पाइन्छ" (सिलवाल, २०७६, पृ.४५) । दिल पौडेलको हालसम्म प्रकाशित कवितासङ्ग्रह *कात्रोमा मेरो देश* पहिलो कवितासङ्ग्रह हो ।

मृत्युपछि लासलाई बेर्ने कपडालाई कात्रो भनिन्छ । "कविले देश कात्रोमा भन्नुको ध्वन्यार्थले अर्थ बहुलता र देशको शान्ति हराएको सन्दर्भमाथि ध्वन्यात्मक प्रहार गरेका छन्" (सिलवाल, २०७६, पृ.४५) । स्रष्टा दिल पौडेलका कवितामा मानवीय जर्जरता, मानवताहीन मूर्खता, राज्यका कमजोरी आदिलाई व्यङ्ग्य गरिएको छ । साथै भाबुकता, हृदयस्पर्शीता, सूचनात्मकता, सजीव अनुभूतिको प्रकाश पाइन्छ । अतः उनी कुशल कवि व्यक्तित्वबाट अछुतो रहेनन् ।

### ३.२.३.२ उपन्यासकार व्यक्तित्व

साहित्यिक व्यक्तित्वका धनी दिल पौडेल उपन्यासकारका रूपमा पनि उभिन सफल भएका छन् । उनको एक उपन्यास प्रकाशित छ । उनले २०५० मा *अधुरो जिन्दगी* शीर्षक उपन्यासको प्रकाशन गरेका हुन् । ई. एम. फोस्टरका अनुसार : "हालको जटिल एवम् सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानवजातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो ।" उक्त परिभाषा दिल पौडेलको उपन्यासमा लागु भएको छ ।

*अधुरो जिन्दगी* उपन्यास एक सामाजिक कथावस्तुमा आधारित छ । यस उपन्यासमा समाजमा घटेका यथार्थ घटनालाई चित्रण गरिएको छ । *अधुरो जिन्दगी* उपन्यासमा नेपाली समाजमा भएका महिला हिंसा, बलात्कार, शोषण, दाइजो प्रथा, राजनैतिक घटनाक्रमलाई विस्तार गर्ने क्रममा समाजको तितो यथार्थ व्यक्त गरिएको छ ।

दुई फरक कथामा आधारित रहेर अधुरो र अपुरो जीवनको चित्रण गरिएको छ । रोशन दाहाल र ऋषिराम खतिवडाका अनुसार उपन्यासमा सानै उमेरमा गरिने प्रेम विवाहलाई  परिवार र समाजले स्वीकार्न नसक्नु नै वियोगान्तको प्रमुख कारण बनेको छ ( दाहाल र खतिवडा, २०७५, पृ.१२० ) । लय र क्रम विन्यासमा आबद्ध भएको सन्तुलित र व्यवस्थित योजनामा उपन्यास तयार भएको पाइन्छ । उनका उपन्यासमा सामन्जस्य, सान्दर्भिकता, तार्किकता र अन्वितिमूलकतामा पूर्णता उपन्यासको खास विशेषता मान्न सकिन्छ । यस उपन्यासमा पुरुष प्रधान मानसिकता प्रखर रूपमा खडा भएको पाइन्छ ।

### ३.२.३.३  समालोचक व्यक्तित्व

दिल पौडेलको *केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन* समालोचना कृति २०६१ मा प्रकाशित भएको हो । यो उनको पहिलो समालोचना कृति हो । कृतिमा निहित वस्तुले युग र परिवेश बहन गरेको हुन्छ । स्रष्टालाई सचेत र सतर्क बनाउने, सिर्जनाको प्राप्ति र अप्राप्तिलाई ध्यान दिन जाँगरिलो बनाउने समालोचकको धर्म हो । समालोचकका आँखा विशेष गुणले सम्पन्न भएका हुन्छन् । उनले यस कृतिमा केही साहित्यकारका विभिन्न विधाका दश कृतिमाथि समालोचना गरेका छन् । उक्त समालोचना सङ्ग्रहमा पौडेलले निबन्धसङ्ग्रह, कथासङ्ग्रह, गीतसङ्ग्रह, कवितासङ्ग्रह, नाटक, लघुकथासङ्ग्रह, मुक्तकसङ्ग्रह आदिको समालोचना गरेका छन् । दिल पौडेलले विभिन्न समय र सन्दर्भमा गरिएका समीक्षात्मक समालोचनात्मक आलेखलाई यस कृतिमा समावेश गरेका छन् । औपचारिक अध्ययनबाट प्राप्त ज्ञान र स्वाध्ययनबाट आर्जन ज्ञानको समन्वय गरेर सन्तुलित ढङ्गले समालोचना गरेका छन् । अत : उनी समालोचक व्यक्तित्व हुन् ।

### ३.२.३.४  संस्मरणकार व्यक्तित्व

साहित्यिक व्यक्तित्वका धनी दिल पौडेल संस्मरणकारका रूपमा पनि परिचित छन् । उनको *अतीतका अवशेष* संस्मरणसङ्ग्रह *कौशिकी मासिक* वि.सं.२०६५, अङ्क १, पूर्णाङ्क २७ मा प्रकाशित भएको हो । यस कृतिभित्र लेखकका अनुभव, अनुभूति, विचार, धारणा, चिन्तन, चिन्ता, समसामयिक परिवेश र परिस्थितिलाई नजिकबाट नियाल्ने काम भएको छ । आत्मकथा अरूको हुँदाहुँदै पनि अरू सबैको जीवनमा मिल्ने गर्छ । यो कृति पनि त्यस्तै बनेको पाइन्छ । साहित्यिक गतिविधि, यात्रा, धार्मिक अनुष्ठान, चुनाव, आन्दोलन, पञ्चायती

व्यवस्था विरुद्धको आन्दोलन आदि प्रसङ्गहरूले हामी सबैले देखे भोगेका घटनाक्रमको स्मरण गराउँछ ।

दिलले आफ्नो संस्मरणात्मक कृतिमा जागिरे जीवनका परिवेश र जीवनलाई अनुभव गरेका कुरा उतारेका छन् । कति व्यक्ति विभिन्न देश, विदेश घुम्छन् तर आफूले गरेको अनुभवलाई अमर तुल्याउन र अरूलाई सम्प्रेषण गर्न सक्दैनन् तर उनले *अतीतका अवशेष* संस्मरणसङ्ग्रहमा आफ्ना अनुभव उतारेका छन् । जागीरे जीवन बिताउँदाका क्षणलाई सिन्धुपाल्चोकमा त्रिचालिस महिना शीर्षक राखी आफ्नो संस्मरणमा उतारेका छन् । प्रहरी यातनाका पीडाहरू, नेपालको जनयुद्ध, सङ्कटकालीन अवस्थामा आफूले भोगेको परिस्थिती, समाजले निम्न वर्गमाथि गर्ने अन्याय, महिला हिंसाका कुरा आदि *अतीतका अवशेष*मा उतारेका छन् । यस कृतिले दिलको पारिवारिक, आर्थिक र व्यक्तिगत घटनाहरूलाई व्यक्त गरेको छ । खास गरी निजामती सेवा भित्रका समस्या र सुविधाहरू, राजनीतिक हस्तक्षेपका कुराहरूलाई रोचक ढङ्गले व्यक्त गर्नु पौडेलको कला हो । अतः यसै कृतिबाट उनको संस्मरणकार व्यक्तित्व झल्कन्छ ।

### ३.२.३.५ हाइकुकार व्यक्तित्व

हाइकु कम शब्दमा धेरै भाव व्यक्त गर्ने जापानी शैलीको कविता हो । पाँच, सात, पाँच अक्षरको संरचनामा हाइकुको निर्माण हुन्छ । ओजिला र चमकदार किगोको प्रयोगले उत्कृष्ट हाइकु निर्माण हुन्छ । दिल पौडेलले परम्परित एवं प्रचलित नियम अनुसार नै हाइकुको रचना गरेकाले उनलाई हाइकुकार व्यक्तित्व भन्न सकिन्छ ।

दिल पौडेलले हालसम्म दुई वटा हाइकुसङ्ग्रह प्रकाशित गरेका छन् । २०६२ मा *प्रजातन्त्र* नामक संयुक्त हाइकुसङ्ग्रह प्रकाशन गराएर सिन्धुली जिल्लाकै प्रथम हाइकुकार बन्न सफल भए । यस हाइकुसङ्ग्रहमा निजी विद्यालयको विकृति, राजनीतिक विकृति, गलत पथ प्रर्दशन, हराउदै गएको मूल्य मान्यताप्रति व्यङ्ग्य गरेका छन् । एउटै शीर्षक र एउटै विषयमा फरक तरिकाले विषयवस्तु प्रस्तुत गर्नु उनको खुबी हो ।

दिल पौडेलले पछिल्लो समय विश्वभर फैलिएको कोभिड १९ को सन्त्रास र बन्दाबन्दीको समयलाई भरपुर सदुपयोग गरेर *काउसो जून* हाइकुसङ्ग्रह (२०७७) प्रकाशित गरे । उनले यस सङ्ग्रहमा सामाजिक, सांस्कृतिक परिवेशमा आएका विसङ्गतिमाथि चोटिलो प्रहार गरेका छन् । उक्त कृति पठन संस्कृति र साहित्य साधनाका लागि योग्य

बनेको छ । *काउसो जून*मा यूगबोधी सरकारलाई कटाक्ष, सरकारी कार्य प्रणालीमा व्यङ्ग्य, कुर्सीको लागि लडाँई आदि नकारात्मक पक्षमाथि आलोचना गरिएको छ । मिथ, अनुश्रुति र लोक साहित्यका तत्त्वमा आधारित उनका कतिपय हाइकुमा चिन्तनको प्रौढता र भावको सबलता भएकाले उनका हाइकु ओजनदार र गम्भीर एवम् महनीय प्रवाहले टलपल र बेगवान भएका पाइन्छन् ।

### ३.२.३.६ सम्पादक व्यक्तित्व

दिल पौडेल निजामती सेवामा संलग्न भएर पनि विभिन्न पत्रपत्रिकाहरूको सम्पादन कार्य गरेका छन् । उनीद्वारा सम्पादित पत्रपत्रिकाहरूमा *मेलम्ची संगम,* सिन्धुपाल्चोकका प्रधान सम्पादक(२०६१), नागार्जुन साहित्यिक त्रैमासिक, काठमाडौँका सम्पादक (२०६५-२०७१) सम्म*, मेदिनी साहित्यिक त्रैमासिक* सिन्धुली सहसम्पादक (२०५५), *समय र समाचार साप्ताहिक* (२०५६), सिन्धुली सम्पादक आदि पर्दछन् । यिनै विविध साहित्यिक व्यक्तित्वका धनी दिल पौडेल एक कुशल सम्पादक हुन् ।

### ३.२.३.७ गजलकार व्यक्तित्व

कौशिकी साहित्य प्रतिष्ठान काठमाण्डौँद्वारा प्रकाशित *कौशिकी* साहित्य त्रैमासिक वर्ष ९, अङ्क २, पूर्णाङ्क २४, २०६४मा "दिल पौडेलका गजलहरू" शीर्षकमा दिल पौडेल गजल विशेषाङ्कका रूपमा प्रकाशित भएको छ । यस कृतिमा उनका बत्तिस वटा गजलहरू सङ्कलित भएका छन् । हरिप्रसाद सिलवालका अनुसार गजलको विषयवस्तु प्रेम र श्रृङ्गार मानिएको भए तापनि यसमा कुनै पनि रसको अभिव्यक्ति, कुनै पनि विषयको प्रयोग ,विचार दर्शनको समावेश गर्न सकिन्छ (सिलवाल, २०७६, पृ.७३) । दिल पौडेलका गजलमा राजनीतिक विकृति, सामाजिक विषयवस्तुको उठान, अन्याय अत्याचार, नातावाद, सामन्ती प्रथा, आर्थिक असमानता, अन्धविश्वास, वर्गीय भेदभाव आदि कुराहरूमा उनका गजलहरू व्यङ्ग्यात्मक रूपमा केन्द्रित भएका छन् । उनले आफ्ना गजलमार्फत देशलाई जागरण, क्रान्ति, परिवर्तनमुखी बनाउँने चाहना राखेका छन् । अत : उनी गजलकार हुन् ।

### ३.२.३.८ प्रकाशक व्यक्तित्व

दिल पौडेल एक कुशल प्रकाशक पनि हुन् । उनले हालसम्म आधा दर्जन कृतिमा प्रकाशकको भूमिका निर्वाह गरिसकेका छन् । डा. हरिप्रसाद सिलवालको भनाइ यस्तो छ : “साहित्य लेखनमा मात्र नभई प्रकाशक बनेर नयाँ ‘मोतीराम’ बन्ने धुन पनि उनमा जागृत भएको छ” (सिलवाल,२०७६ समालोचक मन्तव्य) । उनले हालसम्म प्रकाशकको भूमिका निर्वाह गरेका कृतिहरू तालिकामा यसप्रकार प्रस्तुत गरिएका छन् :

**तालिका नं. ३.१ : शोधनायकले प्रकाशन गरेका कृतिहरू**

| क्र.सं. | कृति | लेखक | साल |
|---|---|---|---|
| १ | तृष्णा कथासङ्ग्रह | लक्ष्मीप्रकाश पौड्याल | २०७३ |
| २ | ओभेलवारी र ओभेलपारीका केही साहित्यकारहरू, समालोचनासङ्ग्रह | यज्ञेश्वर निरौला | २०७४ |
| ३ | केही अवधारणा केही समालोचना, समालोचना सङ्ग्रह | रामप्रसाद ज्ञवाली | २०७५ |
| ४ | पर्यावरण र नारीकेन्द्री समालोचना, समालोचनासङ् ग्रह | गीता त्रिपाठी, | २०७५ |
| ५ | एउटा कथाको पुनर्जन्म, लघुकथासङ्ग्रह | महेश प्रसाई, | २०७७ |
| ६ | नेपाली हाइकु परिचय | यज्ञेश्वर निरौला | २०७७ |

### ३.२.३.९ गीतकार व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी दिल पौडेलले साहित्यको विभिन्न क्षेत्रमा कलम चलाएका छन् । गीत रचनामा पनि उनको उल्लेख्य योगदान रहेको छ । ‘सुनैको दरबार’ चर्चित आधुनिक गीतका सर्जक दिल पौडेलको पुर्ख्यौली थलो सिन्धुली भए पनि सरकारी जागिरका सिलसिलामा विभिन्न जिल्ला पुगेका उनले एक डेढ सय जति गीतको सिर्जना गरिसकेको बताउछन् । उनको पहिलो रेकर्ड भएको गीत भने रोशन शाहीको स्वरमा २०५७ मा ‘नआउ भन तिमीले बरु...’ हो । यो गीत त्यतिखेर रेडियो नेपालद्वारा आयोजित आधुनिक गीत

प्रतियोगितामा उत्कृष्ट दशौँ स्थानमा पर्न सफल भएको थियो । उनी गीतको परिभाषा यसरी दिन्छन् : "भावका आलोडन-विलोडनका निमित्त चयन गरिएका शब्दावलीले पाठक-श्रोताका मन मस्तिष्कमा तिब्र छाप छाड्ने सङ्गीतबद्ध विशिष्ट भाषिक कला नै गीत हो । चम्किला, छरिता,बान्कीदार, गीतहरूले युगपरिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्छन् । (शोधनायकबाट प्राप्त जानकारी) । २०४९ तिर उनका ४/५ वटा गीत हेटौँडाका गायक भोला रिजालले आफ्नै संगीतमा विभिन्न स्टेज कार्यक्रममा गाउँदै हिडेका थिए । चर्चित आधुनिक गीतका सर्जक दिल पौडेलले रचना गरेका (अप्रकाशित) एक डेढ सय वटा गीतमध्ये 'सुनैको दरबार' लगायत आधा दर्जन गीत रेकर्ड भएको पाइन्छ (सिलवाल, २०७६, समालोचकको मन्तव्य) । अतः उनलाई गीतकार व्यक्तित्व भन्न सकिन्छ ।

### ३.२.४ साहित्येतर व्यक्तित्व

साहित्यकार दिल पौडेलको साहित्यिक व्यक्तित्वका साथै साहित्येतर व्यक्तित्व पनि सशक्त रहेको छ । जीवनयात्राका क्रममा हरेक व्यक्तित्वका जीवनका विविध पाटाहरू हुने गर्दछन् । मनुष्य एक सामाजिक प्राणी भएकाले उसमा समाजसापेक्ष अनेकौँ गुणहरू विद्यमान रहन्छन् । हरेक व्यक्तिका आ-आफ्नै प्रवृत्ति हुने भएकाले त्यसबाट व्यक्तिबीच वैयक्तिक भिन्नता पनि पाइन्छ । सामाजिक व्यक्तित्वको धरातलमा मनुष्यको अन्तर्निहित प्रतिभाको प्रस्फुटन भएको देखिन्छ । व्यक्तिको रुचि, स्वभाव, कर्म, दायित्त्व र समाजका विभिन्न क्षेत्रहरूमा भएको संलग्नताबाट साहित्येतर व्यक्तित्वको निर्माण हुन्छ ।

जसरी साहित्यिक व्यक्तित्व जीवनको एक पाटो हो ठीक त्यसरी नै साहित्येतर व्यक्तित्व पनि जीवनको अर्को पाटो हो । दिल पौडेल बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । उनले आफ्नो जीवनमा साहित्येतर व्यक्तित्व निर्माणका लागि निकै नै सङ्घर्ष गरेको देखिन्छ । बाल्यकालदेखि नै आत्मनिर्भर बन्नुपर्छ भन्ने अठोटका साथ उनी निरन्तर क्रियाशील रहँदै आएका छन् । यहाँ दिलका साहित्येतर व्यक्तित्वसम्बन्धी विभिन्न पाटाहरूलाई क्रमश : अध्ययन गरिएको छ ।

#### ३.२.४.१ साङ्गठनिक व्यक्तित्व

दिल पौडेल विभिन्न सङ्घ-संस्थाहरूमा संलग्न रहेर विभिन्न कार्यमा सहयोग गर्दै आएका छन् । उनी नेतृत्त्वकर्ता पनि हुन् । कक्षा आठमा पढ्दै उनी अनेरास्ववियूका कक्षाको प्रारम्भिक कमिटी सभापति बनेका थिए । सरकारी कर्मचारी सेवादेखि

हालसम्म संलग्न भएका सङ्घ-संस्थाहरूमा स्थानीय विकासका लागि साहित्यिक प्रतिष्ठानका सचिव, तत्कालीन गाउँ विकास समिति हकहित संरक्षणकेन्द्र नेपाल : जिल्ला कार्य समिति भक्तपुरका अध्यक्ष, नेपाल निजामती कर्मचारी सङ्गठनका सचिव, श्री सचेतन सामुदायिक अध्ययन केन्द्र भवन उद्घाटन एवम् सम्मान कार्यक्रम तयारी समिति विदुर नुवाकोटका कार्यक्रम संयोजक, दुधौली प्रज्ञा प्रतिष्ठान सिन्धुलीका अध्यक्ष पदमा रही विभिन्न सेवा तथा सुविधाहरू प्रदान गर्दै आएका छन् । दिलले सामुदायिक वन उपभोक्ता महासंघ सिन्धुली जिल्लाको ५ वर्ष सल्लाहाकार भई काम गरेका थिए । १० वर्षसम्म स्थानीय सामुदायिक वनको अध्यक्षको जिम्मेवारी सम्हालेका थिए । उनी दलविशेषको अन्धभक्त होइनन् । आलोचनात्क समर्थक हुन् । कसैको पनि लोक कल्याणकारी कार्यमा समर्थन गर्छन् । उनी मानव अधिकार उलङ्घन गर्नेमाथि कडा आलोचना गर्छन् ।

### ३.२.४.२ समाजसेवी व्यक्तित्व

दिल पौडेल समाजसेवामा रमाउने व्यक्ति हुन् । उनले जीवनको जटिलता र विविधतालाई निकटबाट नियालेका छन् । सानैदेखि जिज्ञासु स्वभावका दिल न्याय र समानताको पक्षधर देखिन्छन् । समाज परिवर्तनको लागि आफूले गर्न सकेजति योगदान गर्न पछि नपर्ने दृढ सङ्कल्प लिएका पौडेलले सामाजिक सेवामा निरन्तर लागि रहेको र लागि रहने कुरा बताएका छन् । रोहित गुरुङको भनाइ यस्तो छ : "कुनै पनि सङ्घसस्था वा समग्र देशको विकासमा र विनासमा कर्मचारीको ठूलो हात हुन्छ" (दुधौली साप्ताहिक, व.२, अ.३९, पृ.६, २०७५) । २०५२ सालमा कत्ले सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष पदमा रहँदा पौडेलले आफ्नो कार्यकालमा ४ ठाउँमा काठको पुल निर्माण गरेका थिए (जनप्रभात साप्ताहिक, सिन्धुली, २०५७) ।

दिल पौडेलले जागिरे अवस्थामा रहेर पनि समाजसेवाका लागि आफ्नो पहलमा थुप्रै विकासका योजनाहरू पारिसकेका छन् । रोहित गुरुङको भनाइ यस्तो छ : "स्थानीय पूर्वाधार विभाग पुलचोक, ललितपुर जिन्सी शाखाका नायब सुब्बा पदमा रहँदा दिल पौडेलले दुधौली नगरपालिकाको कार्यालय वा अन्तर्गतका लागि आफ्नो शाखाबाट २०-२५ वटा मोटरसाइकल र ३ वटा टाटा पिकअप गाडी हस्तान्तरण गराइसहयोग गरेका थिए । दिल पौडेल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय विभागीय कार्यसमितिका निजामती

कर्मचारी सङ्गठनको अध्यक्ष तथा आधिकारिक ट्रेड यूनियनका सचिव रहेका छन् । उनको एकल प्रयासबाट दुधौली नगरपालिकाका लागि उक्त सहयोग प्राप्त भएको छ'' (दुधौली साप्ताहिक, व.२, अ.३३, २०७५, पृ.१६) । दिल पौडेलले सवारी साधन, ल्यापटप, कम्प्युटर, फर्निचरका सामग्री दिएर होस् या झोलुङ्गेपुल, पक्कीपुल, बाटो, सिँचाइका लागि सिंहदरबार भित्रबाट योजना माग गरेर होस्, आफ्नो सरकारी कामकाज तथा मूल्यवान् समयलाई पनि थाती राखेर सिन्धुली जिल्ला भित्र यस्ता सामाजिक क्रियाकलापमा धेरै सहयोग पुऱ्याएका छन् ।

दिल पौडेलले समाजसेवाका लागि आफ्नो शक्ति र पावरको भरपुर प्रयोग गरेका छन् । निम्न बमोजिमका योजनाहरू उनको पहलमा पारेका केही निर्माणाधीन अवस्थामा छन् भने केही निर्माण भैसकेका छन् । उनीद्वारा निर्माणाधीन र निर्माण भइसकेका विकासका योजनाहरूलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.२ : निर्माणाधीन र निर्माण भइसकेका विकासका योजनाहरू**

| क्र.स. | योजनाको नाम | लागत अनुमान | स्थान | स्थिति |
|---|---|---|---|---|
| १ | खत्री टोलमा सिँचाइ | करिब २० लाख | दुधौली नगरपालिका-७ कत्लेखोला | निर्माण सम्पन्न |
| २ | झोलुङ्गे पुल खत्री टोल | करिब १ करोड ६ लाख, | दुधौली ७ | निर्माण सम्पन्न |
| ३ | पँरासे गभुवा झोलुङ्गे पुल, | करिब ३ करोड ५५ लाख | दुधौली १४ पराँसे गभुवा ककुरठाकुर, कटारी | निर्माण सम्पन्न |
| ४ | झोलुङ्पेपुल कमला नदी ढोडेली मंगलपुर | करिब ५करोड ६५ लाख बराबरको | दुधौली-१० र ६ | सर्भे |
| ५ | बाटो पिच भुँगा-धानरी | ६८ करोड लागत | दुधौली-३-११ | निर्माण सम्पन्न |
| ६ | पक्की पुल, धनसरी बेलसोत | करिब २१ करोड | दिल पौडेल र स्थानीय प्रमुख तीन दलको पहलमा, दुधौली-११ | निर्माण सम्पन्न |
| ७ | सिम्ले सिँचाई आयोजना | ५० लाख | गोलन्जोर गाउँ पालिका-६ | निर्माण सम्पन्न |
| ८ | पक्कीपुल, झोलुङ्गे पुल,सडक पिच, मन्दिर निर्माण आदि | करिब १० करोड | फिक्कल गाउँपालिकाका विभिन्न वडामा | निर्माणाधीन |

| | | | | |
|---|---|---|---|---|
| ९ | पक्की पुल दुधौलीखोला | करिब ४ करोड बराबरका | दुधौली-७ दुधौलीखोलामा | निर्माण सम्पन्न |
| १० | झोलुङ्गे पुल | १ करोड ६० लाख, | कत्लेगाउँको गायटारमा | निर्माणाधीन |
| ११ | झोलुङ्गे पुल | १ करोड ६६ लाख, | कत्लेगाउँको रूपाटारमा | निर्माणाधीन |
| १२ | पक्की पुल | करिब ३७ लाख बराबरको | दुधौली-७ कत्लेखोलामा | निर्माण सम्पन्न |
| १३ | जाल्पादेवी मन्दिर निर्माण | करिब २ लाख ३५ हजार | दुधौली-७ | बजेट फ्रिज |
| १४ | पक्की पुल | करिब ९२ लाख बराबरको | दुधौली-७ दुधौलीखोलाको पहाडेदहमा | निर्माणाधीन |
| १५ | झोलुङ्गे पुल, डम्मरखाडी हडैया | | दुधौली-७ र कटारी-२ | निर्माणाधीन |
| १६ | चार ओटा काठे पुल | ६० हजार | दुधौली-७ कत्लेखोला | निर्माण सम्पन्न |

स्थानीय पूर्वाधार विभाग पुल्चोकबाट कार्यक्रममा समावेश भएका सिन्धुली जिल्लाका प्रायजसो योजनाहरू उनकै पहलमा परेको देखिन्छ । अझै दर्जनौं योजनाहरू सर्भे भइसकेको उनी बताउँछन् । त्यसैले विकासप्रेमी भएकाले उनी सिन्धुलीका जनताका आशाका केन्द्रबिन्दु रहेका छन् (दुधौली साप्ताहिक, व.२, अ.३३, २०७५, पृ.१६) । विभिन्न संस्थामा आवद्ध हुँदै समाजसेवा गर्नु पौडेलको खुबी मान्न सकिन्छ ।

स्थानीय स्तरमा मात्र नभई देशमा नै जनप्रतिनिधिको अभाव रहेको बेलामा दिल पौडेलले विभिन्न प्रशासनिक निकायमा रहेर समाजसेवा गरेका छन् । यसरी उनी जनताको प्यारो हुने अवसर खोजिरहेका छन् । हामीमा योजनाहरू भयो भने गन्तव्यमा जान सजिलो हुन्छ भन्दै गाउँ विकास समिति इकुडोल ललितपुरमा थुप्रै विकासका योजनाहरू तयार पारेका छन् (दिगो दृष्टि साप्ताहिकका अनुसार) । २०६८ सालमा इकुडोलमा आएर नमुना गाविस बनाउँन विश्व वातावरण दिवसको अवसर पारेर सरसफाइ अभियान चलाए । एक घर एक शौचालय निर्माण, स्तरीय सरसफाई समिति, कार्यदल र प्रचारप्रसार समिति बनाई जनजागृति उ.मा.वि.मा जनचेतनामूलक कार्यक्रम राखी दिल पौडेलद्वारा उद्घाटन गरी शुभारम्भ भएको छ ।

पौडेलले इकुडोल गाविसलाई नमुना बनाउन विभिन्न समिति गठन गरी विकासका योजना अघी सारे । गाविसमा स्थानीय गाविस स्तरीय शान्ति समिति, गाउँ शिक्षा समिति, महिला समन्वय समिति, एकल महिला समिति, अपाङ्ग समिति, अनुगमन समिति, जाँचपास समिति, सरसफाइ समिति, प्रचारप्रसार समिति, गठन गरेर बालबालिकाको लागि *जनजागृति बाल क्लव* निर्माण गरे । उनले दलित छात्रवृत्ति कोष स्थापना गरी गाविस भित्रका विद्यालयमा अध्ययन गर्ने प्रत्येक दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरे । सामाजिक सेवा निर्वाह गर्नेलाई उनी सम्मान दिन पछि पर्दैनन् (नुवाकोट आवाज साप्ताहिक २०६६/०८/१७) । दिल पौडेलले थानापति नुवाकोटमा गाउँ विकास समिति –६१ जनालाई सम्मान, सिपाडोल भक्तपुरमा–७ जनालाई सम्मान, दुधौली प्रज्ञा प्रतिष्ठानबाट–३५/४० जनालाई सम्मान, नुवाकोटमा एक पुस्तकालय भवन उद्घाटन कार्यक्रममा जिल्ला भरका ८५ जनालाई सम्मान गरेको स्थानीय पत्रिका इमेज साप्ताहिक नुवाकोट २०६७ मा उल्लेख छ । सम्मानित हुने व्यक्तित्वहरूमा साहित्यकार, कलाकार, पत्रकार, खेलाडी, उत्कृष्ट अङ्क ल्याउने विद्यार्थी, सहीद परिवार, अशक्त, शिक्षक आदि सामाजिक क्षेत्रबाट उनले छनौट गरेर सम्मान नै मेहनतको महान् पुरस्कार हो भन्दै उनी प्रफुल्ल हुन्छन् ।

### ३.२.४.३ प्रशासनिक व्यक्तित्व

हरेक व्यक्तिलाई आफ्नो आर्थिक अवस्था सुधार गर्न र आत्मनिर्भर भएर जीविका चलाउन जागिरको आवश्यकता पर्दछ । दिल पौडेलले २०५०–२०५२ सम्म महोत्तरीको लोहारपट्टी स्थित चिल्ड्रेन होलीप्लेस र ग्यालेक्सी वोर्डिङ स्कुलमा पढाएका थिए । उनले २०५४-२०५६ सम्म न्यु इङ्लिस बोर्डिङ स्कुल सिन्धुलीमा पढाउँदै गर्दा लोक सेवा अध्ययनन गरे । २०५६ मा जलेश्वरबाट उनले मुखिया पदमा लोकसेवा उत्तीर्ण गरेर दुधौली इलाका हुलाकमा हाजिर भए । छब्बीस महिना पछि भक्तपुर हुलाक सरुवा भए र २०५८ मा लोकसेवा आयोग अनाम नगरले खरिदार पदका लागि विज्ञापन खुलायो । उक्त विज्ञापनबाट उनले ६२ नम्बरमा नाम निकाली २०५८ सालमा गा.वि.स.सचिव भै सिन्धुपाल्चोक चौतारामा हाजिर हुन पुगे । विभिन्न द्वन्द्वको प्रत्यक्ष पीडा खेप्दै, गाविसमा विभिन्न व्यक्तिहरूसँग विभिन्न खाले वादविवाद सहदै, झुटा मुद्दा मामिला झेल्दै, माओवादीको आतङ्कबाट ज्यान जोगाउँदै २०६३ चैत १९ गते काठमाडौं जि.वि.स.मा सरुवा भए ।

दिल पौडेलले गाविस सचिवका पदमा रहेर सिन्धुपाल्चोक (पाङताङ, फुल्पिङ्कोट, बाँसखर्क, दुवाचौर), नुवाकोट (थानापति चतुराले), भक्तपुर र ललितपुर (इकुडोल) का विभिन्न गाविसमा काम गरिसकेका छन् । गाविसको काम गर्दा निर्णयमा जनसहभागिता, पारदर्शिता र सूचनाको हकलाई मूल मन्त्र सम्झी काम गर्ने सचिव पौडेलले आफूले जनप्रतिनिधि विहिन अवस्थामा काम गर्दा पनि जनताको हित र प्रभावकारितालाई जोड दिएको बताए (दिगो दृष्टिका समाचारदाता दिपेन्द्र चौँलागाईले लिएको अन्तर्वार्ता) । यसरी पौडेलले विभिन्न अप्ठ्यारा परिस्थितिलाई सम्हाल्दै आफ्नो कार्यकालमा थुप्रै विकासका योजना पार्दै हाल बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय यातायात व्यवस्था कार्यालय, साना/ ठुला सवारी, एकान्तकुना, ललितपुरका जिन्सी शाखामा अधिकृत छैटौँको रूपमा रही नेपाली जनताहरूलाई सेवा प्रदान गरी आफ्नो दायित्त्व पूरा गर्दै आएका छन् । अत : उनी प्रशासनिक व्यक्तित्व हुन् ।

**तालिका नं. ३.३ : प्रशासनिक कार्यक्रम**

| क.सं. | प्रशासनिक कार्य | पद | मिति |
|---|---|---|---|
| १ | इलाका हुलाक कार्यालय, दुधौली | मुखिया | २०५६असार ३२-२०५८असोज ३० |
| २ | जिल्ला हुलाक कार्यालय, भक्तपुर | मुखिया | २०५८कार्तिक १-२०५९ मंसिर १५ |
| ३ | जि. वि. स. कार्यालय सिन्धुपाल्चोक | गा. वि. स. सचिव (खरिदार) | २०५९ मंसिर १६-२०६३ असार ३१ |
| ४ | जि. वि. स. कार्यालय भक्तपुर | गा. वि. स. सचिव (खरिदार) | २०६३ साउन-२०६६ असार |
| ५ | जि. वि. स.कार्यालय नुवाकोट | गा. वि. स. सचिव (खरिदार) | २०६६ साउन-२०६८मंसिर १० |
| ६ | जि. वि. स.कार्यालय ललितपुर | गा. वि. स. सचिव (खरिदार) | २०६८ मंसिर ११-२०६९ कार्तिक २३ |
| ७ | जिल्ला हुलाक कार्यालय, ललितपुर | नायबसुब्बा | २०६९ कार्तिक २४-२०६९ पुस, २ |
| ८ | स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग, पुल्चोक | नायबसुब्बा | २०६९ पुस ३-२०७५ चैत्र १७ |
| ९ | यातायात व्यवस्था कार्यालय, एकान्तकुना सानाठुला सवारी | अधिकृत छैटौं | २०७५ चैत्र १८-हालसम्म |

### ३.२.४.४ उत्प्रेरक व्यक्तित्व

साहित्यकार दिल पौडेल साझा प्रेरणाका वाहक हुन् । हरबखत आफू पनि नयाँनयाँ सिर्जना तयार पार्ने र अरूलाई पनि लेख्न प्रेरणा दिने उनी ओझेलमा परेका स्रष्टाहरूलाई समेत चिनाउँन खप्पीस देखिन्छन् र चिनाउँदै आएका छन् । आफ्नो मूल्यवान् समयलाई खर्चेर सबै अगाडि बढ्नुपर्छ भन्ने दिल लेखकहरूलाई उत्प्रेरणा जगाउँदै आएका छन् । दिल पौडेल सिन्धुलीका मात्र साहित्यकार नभएर नेपाली साहित्याकाशकै उज्याला तारा बन्न पुगेका छन् । उनले साहित्यमा बामे सार्दै गरेका विभिन्न स्रष्टाहरूलाई चिनाउने काम गरेका छन् । उनले ओझेलमा परेका साहित्यकार, शिक्षक, समाजसेवी, गायक-गायिका, आदि व्यक्तित्वहरूलाई चिनाउँदै आएका छन् । उनी अकुत धन कमाउने तिर नभई साहित्यमा सफल भई रमाउन चाहन्छन् ।

नाम मात्र व्यक्तिको पर्याप्त परिचय होईन र उसको रचना, उसले गरेका सामाजिक, आर्थिक, धार्मिक, राजनैतिक आदि योगदान नै सार्थक जीवनको यस कीर्ति हो । दिल पौडेलले राम्रा काम गर्दै आएका र ओझेलमा परेका व्यक्तिहरूलाई चिनाउँने क्रममा गजलकार *शरु काली,* कवि *ध्रुवलाल श्रेष्ठ,* दोलखा निवासी कवयित्री *जेनु बस्नेत,* लोक गायिका *सानु मैयाँ,* बहुमुखी प्रतिभाका धनी गीतकार *भिमविराग,* साहित्यकार *चन्द्रप्रसाद न्यौपाने* सँगको कुराकानी, गायन र लेखनको सुन्दर नाम *माया निरासी* सँगको अर्न्तवार्ता, समाजसेवी *अम्बरदीप देवकोटा*लगायत ५० औं व्यक्तित्व का सिर्जना प्रकाशनमा हौसला दिदै सहयोग पुऱ्याएका छन् । साहित्यिक पत्रकारहरूलाई विभिन्न कार्यालयबाट विज्ञापन मागिदिने आदि कार्य गरेर सहयोगीका रूपमा यिनी परिचित छन् ।

### ३.२.४.५ पत्रकार व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी दिल पौडेलले जनकपुर र सिन्धुलीबाट प्रकाशित हुने स्थानीय पत्रिकामा पत्रकारिताको कार्यभार सम्हालेका थिए । उनले लियो क्लब अफ सिन्धुलीले २०५४ मा प्रकाशन आरम्भ गरेको जिल्लाको *मेदिनी* साहित्यिक त्रैमासिक पत्रिकाको सह-सम्पादक भई काम गरेका थिए । पौडेलले नागार्जुन साहित्यिक प्रतिष्ठान काठमाडौँद्वारा प्रकाशित हुने नागार्जुन साहित्यिक पत्रिकाको सम्पादक र प्रबन्ध निर्देशकको भूमिका निर्वाह गरेका छन् । उनी *समय र समाचार साप्ताहिक,* सिन्धुलीका सम्पादक पनि भएका हुन् । उनी दुधौली क्षेत्रका पहिलो रिपोर्टर भएको कारणले स्थानीय साप्ताहिकले

सम्मान पनि गरेको छ । अत : उनी पत्रकार व्यक्तित्व पनि हुन् । उनको बारेमा पत्रकारिता सम्बन्धी तालिकाबाट स्पष्ट गरिएको छः

**तालिका नं. ३.४ : शोधनायकको पत्रकारिता**

| क.स. | अन्तर्वार्ता | शीर्षक | सालआ. व. |
|---|---|---|---|
| १. | चन्द्रप्रसाद न्यौपानेसँग | चकडी गर्ने काम राजनीतिकर्मीको होला, साहित्यकारको होइन । | २०६१/१२/ ०१/२ अभिलेख साप्ताहिक (चौतारा) |
| २. | अन्तर्वार्ता | विकास गर्न जनताले बनाएको गुरुयोजनालाई जिल्ला र केन्द्रले शतप्रतिशत लागु गर्नु पर्छ । | दिगो दृष्टि साप्ताहिक २०६९ |
| ३. | समाचार लेखक | आतंकित गाविस सचिवका पीडा | २०६४/०८/१७(नयाँ प्रकाश साप्ताहिक) |
| ४. | अन्तर्वार्ताकार | जुगल टेलिभिजन, साताको भेट कार्यक्रम प्रस्तोता | २०६०-२०६३ |

यिनले देशका प्रमुख राजनीतिकर्मी, कलाकार, साहित्यकार र समाजसेवीहरू लगायत सयौं व्यक्तित्वहरूसँग अन्तर्वार्ता लिएको बताउँछन् । साथै साहित्यसँग सम्बन्धित दर्जनौं अन्तर्वार्ता उनले पनि विभिन्न मिडियालाई दिएका छन् । उनको अन्तर्वार्तासँग सम्बन्धित कृति प्रकाशोन्मुख अवस्थामा रहेको बताउँछन् ।

### ३.२.४.६ राजनीतिक व्यक्तित्व

दिल पौडेल सानै उमेरदेखि राजनीतिमा लागेका व्यक्ति हुन् । किशोर अवस्थामा जेल परे । सानैदेखि पातलो थिए । उनी पढ्ने विद्यालयमा राजनीतिक विचारका विद्यार्थी भएकाले स्वभाविक रूपले उनी राजनीतिमा तानिए । १४ वर्षको उमेरमा उनलाई अनेरास्ववियूको (पाचौं) कक्षा आठ को प्रारम्भिक कमिटीको अध्यक्ष वनाइँदिए । उनी कक्षाको मुनिटर भएको कारण संगठन निर्माणमा सजिलो भयो । २०४२ जेठ ६ गते भएको मा.वि. लदाभिरको विद्यार्थी आन्दोलनमा उनी पक्राउ परे । २२ दिन हिरासतमा बसी फर्किएर अध्ययनलाई निरन्तरता दिए । उनी १७ वर्षको उमेरमा पनि रा.रा.ब.

क्याम्पस स्तरीय कमिटी जनकपुरको अनेरास्ववियूको सदस्य भए । उनमा उग्रवादी सोचाई भने थिएन । २०४२ सालको वम काण्डसँगै पञ्चायती दमन झनै तीब्र भएको थियो । २०४६ साल पछिको प्रजातान्त्रिक व्यवस्थामा धनी कम्युनिष्टको पेलाईको कारण उनी पत्रकारिता र साहित्यलाई अङ्गाल्दै जागिरतर्फ ढल्किए । त्यस पछि उनी निजामती ट्रेड यूनियनमार्फत विभिन्न पदमा रही सक्रिय बन्दै आएका छन् । साथै उनी नेकपा एमाले काठमाडौँ सिन्धुली सम्पर्क मञ्चका २०६७-२०७५ सल्लाहकार पनि भए । त्यसैले उनी राजनीतिक व्यक्तित्व हुन् ।

### ३.२.४.७ चिन्तक व्यक्तित्व

उनी धर्मद्वारा स्थापित रुढिवादी परम्परा र अन्धविश्वासका विरोधी हुन् । अन्तरवार्ताको क्रममा उनी भन्छन् "कुनै पनि धर्मशास्त्र विशुद्ध साहित्य मात्रै हो" (प्रत्यक्ष अन्तरवार्ता) । तिनका अभियन्ता वा नेतृत्त्वकर्ताले पात्रको चरित्रको चरित्र चित्रण गर्दा वा तत्कालीन शासन सत्तामा आफू भएको अवस्थामा आफूले आफैलाई घोषणा गरेर तथा धार्मिक उग्रवादीलाई कानुन बनाई लगाउन नसकेर कथित भगवानको उपस्थापन गरेका हुन् । धार्मिक अतिवादीका नेता नै कालान्तरमा भगवान कहलिएका हुन् । कुनै पनि उग्रवाद धर्म होइन । त्यसैले यिनी ढुङ्गाको भगवानमा विश्वास गर्दैनन् । यिनी छुवाछुत र जातीय विभेदको विरोधी हुन् । पितृसत्तात्मक संरचनाका सत्ताका शोषण र दासताको यिनी विरोधी हुन् । नेपाली समाजमा भएका धर्म, संस्कृति, परम्परा र संरचनाका दासत्त्वको यिनी खुलेर विरोध गर्छन् । धर्मको प्रभुत्त्ववाद (हेजेमोनी) र अन्धविश्वासको चक्करमा स्थापित सामाजिक धार्मिक कुसंस्कारको विरुद्धमा यिनले वकालत गर्छन् । धर्म संस्कृतिको कारण समाजमा नारीहरू, दलितहरू र गरिब निमुखा हिंसा पीडित भएको उनी बताउँछन् । महिला मुक्तिका लागि महिलाहरूले अध्ययनका साथै विकृत परम्पराका जञ्जीर तोड्न जरुरी रहेको उनी ठान्दछन् । भ्रमपूर्ण संस्कार र अन्धविश्वास जस्तो दास मानसिकतालाई परास्त गरेमा मात्रै पीडितका अधिकार, स्वतन्त्रता र समानता प्राप्तिको यात्रा पूर्ण होला भन्ने उनको निष्कर्ष छ । विभेदकारी संस्कृति र परम्पराका तगाराहरू सुरुवातमा धर्मका आधार बन्छन् । कालान्तरमा तिनै भय र भ्रम जस्ता तत्त्व समाजका आस्था र विश्वासमा परिणत भएका छन् । त्यसैले उनी अर्न्तमनका नास्तिक हुन् । उनी देवता र अन्धविश्वासको विरोधी भएपनि समाजमा मिल्न व्यवहारतः आङ्शिक रूपमा आस्तिक हुन् ।

समाज अनपढ र अन्धविश्वासमा व्याप्त थियो । उनी लगायत केही कक्षासाथीहरू यस्तो विषयको भण्डाफोर गर्दथे । धार्मिक अन्धविश्वास यतिसम्म व्याप्त थियो कि महिलाहरू निराहार व्रत बसेर काम्दै नजिकैको शनि वा पिपलको बोटमा चढ्थे । भगवान प्राप्त हुने नारीलाई मात्र यस्तो अवसर प्राप्त हुन्छ, जो धार्मिक छ । अनि पापीलाई भगवान् चढ्दैन भन्दै विभेद गरिन्थ्यो । यसरी धर्मले नारीमाथि दास मनोवृति सिर्जना गरेको देखेपछि ढुङ्गामा भगवान नहुने निष्कर्षमा देवकोटाको 'यात्री' कविताको भाव उनले पनि अनुसरण गरे । तर अध्ययन कालमा नै विभिन्न स्थलमा देवता उत्पत्ति भएको हल्ला चल्थ्यो । उनी लगायत साथीहरू हल्लाको प्रतिवाद गर्दथे । दुधौलीको पतेनीमा एक वर्ष अगाडि ढलेको सिमलको रुख पुनः ठडिएपछि भगवानको कारण त्यस्तो भएको भनी विश्वास गरियो र सो स्थानमा हेर्नेको घुइँचो सुरु हुन्थ्यो । २/४ महिनाभित्रमा सो रुख पून : ढलेपछि पुजा गर्ने त्यस्तो कार्य स्थगित भयो । यसै क्रममा उनीहरूले उदयपुरको खसिवासमा भगवान निस्केको हल्लाले भगवान हेर्न जाँदा कक्षा साथीसँग भगवान नदेखेपछि तीनै भाइले त्यहाँ अभद्र काम गरेर आए, अहिले उक्त स्थानमा प्रत्येक वर्ष धार्मिक मेला लाग्दछ । भारतबाट भक्तहरू ओइरहेका देखेर उनी अचम्म मान्छन् ।

उहाँलाई भगवानप्रति घृणा जगाउने वहाँको विज्ञान शिक्षक कालिप्रसाद सिंह थिए । किनकि उनी आदर्शवान क्षमतावान विषयप्रखर प्रतिभा भएका शिक्षक थिए । उनी निर्भीक, स्पष्ट, पुरस्कार र दण्ड दुबै दिने क्षमता भएका विरोधीलाई प्रभाव पारी सत्य तथ्यको आधार लिएर बोल्ने र आफ्नो बसमा ल्याउने, सत्य तथ्यको आधार लिई बोल्ने, मृदुभाषी, हसिला, हुनाले दिलको उनी श्रद्धा योग्य व्यक्तित्व भए । जीवनमा उनको अर्थोपार्जन गरी ऐश आराम गर्ने ठूलो अपेक्षा छैन ।

### ३.२.४.८ निष्कर्ष

दिल पौडेलको जीवनीका विविध पाटाहरूलाई नियाल्दा उनका जीवनका पचासौँ वसन्तहरूको उपलब्धि निकै नै सङ्घर्षपूर्ण देखिन्छ । उनको बाह्य व्यक्तित्व जति आकर्षक छ आन्तरिक व्यक्तित्व पनि त्यतिकै आकर्षक छ । उनको आन्तरिक व्यक्तित्व अर्न्तगत साहित्यिक व्यक्तित्वका रूपमा रहेका उपन्यासकार, संस्मरणकार, समालोचक, गीतकार, गजलकार, कवि, हाइकुकार व्यक्तित्वहरूमध्ये हाल हाइकुकार व्यक्तित्व नै उच्च रहेको देखिन्छ । यद्यपि मूलतः हाइकुकार र उपन्यासकार व्यक्तित्व उच्च भए पनि उनका सबै रचना उत्तिकै सशक्त रहेको देखिन्छन् ।

उनको साहित्येतर व्यक्तित्वअन्तर्गत समाजसेवी व्यक्तित्व, प्रशासनिक व्यक्तित्व, साङ्गठनिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, उत्प्रेरक व्यक्तित्व, पत्रकार व्यक्तित्वमध्ये प्रशासनिक र समाजसेवी व्यक्तित्व उच्च रहेको छर्लङ्ग देख्न सकिन्छ । यसरी दिल पौडेलले आफ्ना कृतिहरूमार्फत् नेपाली साहित्यिक फाँटलाई अविच्छिन्न रूपमा जीवन्त बनाइराखेका छन् ।

# चौथो परिच्छेद
# दिल पौडेलको कृतित्वको अध्ययन र विश्लेषण

## ४.१ विषय परिचय

दिल पौडेलको साहित्यिक यात्रा २०४७ मा हेटौँडाबाट प्रकाशित हुने *वर्चस्व* मासिक पत्रिकामा 'सकिनँ' शीर्षकको पहिलो कविता प्रकाशित भयो त्यसपछि उनको पहिलो पुस्तकाकार साहित्यिक कृति उपन्यास हो । उनले २०४९ साल माघमा लेखेका *अधुरो जिन्दगी* उपन्यास २०५० मा प्रकाशित गराए । त्यस पछि साहित्यका विभिन्न विधामा कलम चलाउँने क्रममा उनको समालोचना, कवितासङ्ग्रह, हाइकुसङ्ग्रह, संस्मरणसङ्ग्रह, गजलसङ्ग्रह गरी हालसम्म सात ओटा कृति प्रकाशित छन् । पौडेलका प्रकाशित कयौँ फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् ।

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा दिल पौडेलका प्रकाशित कृतिहरूलाई आख्यान कृति र गैरआख्यान कृति गरी दुई भागमा विभाजन गरी अध्ययन र विश्लेषण गरिएको छ ।

दिल पौडेलको पहिलो पुस्तकाकार कृति *अधुरो जिन्दगी* उपन्यास हो । उनको पहिलो साहित्यिक प्रकाशित विधा आख्यान रहेको छ । २०५० मा *अधुरो जिन्दगी* उपन्यास लेखेर आख्यान विधामा प्रवेश गरेका हुन् । उनको हालसम्म एक मात्र आख्यान कृति प्रकाशित छ ।

## ४.२ अधुरो जिन्दगी उपन्यासको विश्लेषण

### ४.२.१ परिचय

दिल पौडेल (२०२८) द्वारा लिखित *अधुरो जिन्दगी* (२०५०) मा उपन्यास सामाजिक यथार्थवादी कृति हो । नेपाली समाजको सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक संरचनाले प्रदान गरेका विभिन्न अनुभूतिका संरचनात्मक आयामहरूलाई समेटेको हुनाले *अधुरो जिन्दगी* उपन्यास सामाजिक यथार्थवादी बन्न पुगेको छ । *अधुरो जिन्दगी* उपन्यास दिल पौडेलको एक मात्र आख्यान कृति हो । समाज सुन्दर, सभ्य र रमाइलो मात्र हैन यस भित्र विभिन्न विकृतिहरू पनि रहेको सङ्केत यस उपन्यासमा उपन्यासकारले व्यक्त गरेका छन् । समाजका सामन्ती चिन्तन, पुरुषप्रधान मानसिकता, राजनीतिक द्वन्द्व, विपरीतगामी

आकर्षण जस्ता समस्या लिएर बाँच्न बिवश भएका नेपाली समाजको चित्रण यस उपन्यासमा गरिएको छ । यस उपन्यासमा उपन्यासकार आफूले देखेका, सुनेका, भोगेका र समाजमा घटेका वास्तविक घटनाहरूलाई आफ्नो कल्पना जालमा बुनेर चित्रण गरेका छन् । उपन्यासकारले नेपाली समाजलाई राम्ररी नियालेका र नेपाली समाजमा भएका अन्याय, अत्याचार, शोषण, बलात्कार, दाइजो, महिला हिंसा आदि नकारात्मक पक्षलाई समेटेर उपन्यासको सिङ्गो स्वरूप तयार पारेका छन् । उपन्यासकारले दुई भिन्न प्रेम कथामा मानिसको जीवनलाई अधुरो र अपुरोको रूपमा प्रस्तुत गर्नु खास विशेषता मान्न सकिन्छ । यस उपन्यासका पात्रहरू दुर्घटना, मृत्यु, पलायन, धोका, धम्की, बलात्कार, हत्या, आदि घटनामा परी अधुरो जीवन बाँच्न बाध्य भएका छन् । सामन्ती समाजका विकृति, त्यस ठाउँको अविकास, सामन्तका अमानवीय व्यवहार, वर्गीय उत्पीडन शोषणका अनेक रूपहरूको उद्घाटन उक्त उपन्यासमा उल्लेख गरिएको छ ।

### ४.२.२ शिल्पसंरचना

उपन्यासकार दिल पौडेलको *अधुरो जिन्दगी* उपन्यास (२०५०)सालमा भाइ रुद्र पौडेलले प्रकाशन गरेको सामाजिक कृति हो । यो पौडेलको एक मात्र आख्यान कृति हो । यस उपन्यास १९ भाग र ११४ पृष्ठसङ्ख्यामा संरचित छ । अङ्क विभाजनका आधारमा उपन्यासको भाग परिवर्तन गरिएको पाइन्छ । “अधुरो जिन्दगीका उपन्यासकार दिल पौडेलमा *दिल* कै प्रधानता भएकाले होला, यस उपन्यासमा शिल्पलाई भाबुकता र संवेदनशीलताले जितेको छ” (विमल २०५० भूमिका, पृ. ग) । वृत्ताकारीय शैलीमा रचना गरिएको अधुरो जिन्दगी उपन्यासमा मनोवैज्ञानिक पक्ष बलियो रहेको पाइन्छ । उपन्यास पढ्दै जाँदा पाठकलाई अब के हुन्छ भन्ने कौतुहलता जाग्छ । यस उपन्यासका घटनाहरू करिब दुई-तीन वर्षको समयावधिमा घटेको पाइन्छ । करुण रस प्रधानता रहेको यस उपन्यासमा सामाजिक यथार्थलाई मुख्य विषयवस्तु बनाएर गाउँले परिवेशको चित्रण गरिएको पाइन्छ ।

### ४.२.३ कथानक

नेपालको पूर्वी तराईको ग्रामीण जीवनको कथावस्तुलाई उतार्दै दुई फरक प्रेम कथालाई फरक दृष्टिकोणबाट त्यस समाजको जीवनस्थिति, शैक्षिक अवस्था, आर्थिक सङ्कट र तिनीहरूको जीवन पद्दति आदिको यथार्थपरक अङ्कन गर्दै उपन्यासकारले

कथानकलाई डोहोऱ्याएकाले *अधुरो जिन्दगी उपन्यास* समाज सापेक्षित बन्न पुगेको छ । सामाजिक जीवनका विभिन्न घटना एवम् पात्रहरूलाई समेटेर कथा बनाई सामाजिक जनजीवनको यथार्थ प्रस्तुत भएकाले यो सामाजिक यथार्थवादी उपन्यास हो । हरिप्रसाद सिलवालको भनाइ अनुसार : औपन्यासिक कथ्य निर्माणमा रविको मनोदशालाई सरल, जटिल र विश्रामको अवस्थामा संरचित गरी उपन्यासलाई भावुक अनुभूतिको जगबाट उठाएर त्यसैको समापनमा बिसाउने काम उपन्यासकार पौडेलबाट भएको छ (सिलवाल, २०७६, पृ. १८) । रवि र रोमीको प्रेम उत्कर्षमा पुगेको तर पूर्ण हुन नसकेको कुरा उपन्यासमा पाइन्छ । दीपाले दिपकलाई गरेकी प्रेममा राजनीतिक, आर्थिक, सामाजिक आदिको कारणले अधुरो भएको छ । उपन्यासकार पौडेलले आफूले देखेका भोगेका जानेका व्यवहारलाई आफ्नो कल्पनाजालले बुनेर उपन्यासको रचना गरेकाले उपन्यास रोचक बन्न पुगेको छ । यस उपन्यासमा गरिबीप्रति गहिरो सहानुभूति, सामाजिक कुप्रथा, कुरीति, नेपाली ग्रामीण जीवनमा नारीले भोग्ने हृदयविदारक कारुणिक पक्षलाई उजागर गरिएको छ । तत्कालीन अवस्थामा नारीको स्थान, उनीहरूले भोग्नु परेको मर्माहत व्यथा, उनीहरूप्रतिको सामाजिक दृष्टिकोण, उपेक्षाभाव, नारी जनजीवनका अशिक्षा, अभाव, अज्ञानता, शोषण उत्पीडनका बेदना र समस्यालाई सरल र सहज ढङ्गले प्रस्तुत गरिएको छ । समग्रमा *अधुरो जिन्दगी उपन्यास*को कथानकलाई अङ्कका आधारमा यसरी विश्लेषण गर्न सकिन्छ :

**अङ्क – १**

*अधुरो जिन्दगी* उपन्यासका नायक रविको पूर्वदीप्ति घटनाबाट कथानक अगाडि बढेको छ । उपन्यासको प्रथम पृष्ठमा नायक रविलाई एक विकृतिग्रस्त मनोदशाको स्थानमा राखिएको छ । रविकुमार थापाको परिचयबाट रविलाई चिनाइएको छ, जसको त्रिवेणी मेलामा विभिन्न आकाङ्क्षाका असफलताको पीडाबोध मनोदशामा चित्रित छ ।

**अङ्क – २**

रवि र उसका परिवारमा पाँच जना सदस्य रहेको र रवि सामान्य गरिब परिवारको पात्रका रूपमा खडा गरिएको छ । रविकी आमा बहिनीको घरमा जादा भूकम्प आई मृत्यु भएको र रविका बुबा श्रीमतीको अन्तिम संस्कार गरेर घरमा छोराछोरीलाई भन्न नसकी जङ्गल प्रवेश गरेको घटना यस अङ्कमा प्रस्तुत छ ।

**अङ्क – ३**

रवि कक्षा ९ मा र रोमी कक्षा ८ मा पढ्ने भए पनि स्कुल जाँदा आउँदा सँगसँगै हुनु, स्कुल जाँदा पानी पर्नु, बिजुली चम्कनु, गड्याङ्गुडुङ गर्दा डराएर एक अर्काको अङ्गालोमा बाँधिएको कुराले उनीहरू प्रेममा परेको कुरा स्पष्ट हुन्छ । स्कुलमा रोमीले रविको किताब मागेर लैजानु र प्रेम पत्र लेखेर किताबमा राखेर पठाउँनु सम्मको घटनालाई रवि र रोमीको प्रेमको अङ्कुरणको अवस्था मान्न सकिन्छ ।

**अङ्क – ४**

समय र उमेर फर्किएर आउँदैनन् । दीपा २१/२२ वर्ष भएकी छे । दीपाले कक्षा ५ सम्म पढेकी र गोठालो जीवन बिताएकी कुरा यस उपन्यासमा उल्लेख छ । दीपाको विवाहको कुरा चलेको छ । अब तिम्रो बिहे गर्ने बेला भै सक्यो । आइमाइ बुढिकन्या बसेको राम्रो हुन्न । पछि कसैले बिहे गर्दैन । तिम्रो जीवन बर्बाद हुन्छ । भन्दै सानिमाले दीपालाई सम्झाएकी थिई । छोरी भएर जन्मेपछि समाजलाई पटकपटक परीक्षा दिनुपर्ने यथार्थ घटना यस उपन्यासमा व्यक्त गरिएको छ । दीपाको विवाहको कुरा चलेपछि मीना थापाले दीपालाई आफ्नो घरमा लैजानु, दीपा र दीपकको भेट हुनु, दीपकले मीनालाई आमा बिरामी भएको खबर सुनाएपछि मीनाले दीपालाई घरमा एक्लै छोडेर जानु, एक्लै भएको मौकामा दिपकले दीपालाई क्यारिम बोर्ड खेल्ने भनी कोठामा लैजानु, क्यारिम बोर्ड खेल्न भनी दिपकले ढोका बन्द गर्नु सम्मको घटना यस अङ्कमा प्रस्तुत छ ।

**अङ्क – ५**

प्रेम पत्र एक अर्कामा लेनदेन भएपछि रवि र रोमीको मनमा खुल्दुली हुन्छ । रविले रोमी स्कुल नआए पनि हुने भन्ने सोच्छ र यथार्थ अर्कै हुन्छ । "माया गर्छु भन्ने बित्तिकै चरित्रहीन ठान्नु गलत हो । जात, रूप, सम्पति, उमेरले मायाको परिभाषा कहिल्यै दिनुहुँदैन । तर बाध्यता...। बाध्यता पनि आफ्नो इच्छा र आवश्यकतामा निर्भर पर्दछ । प्रेमका लागि धेरैले ज्यान सुम्पेका छन् । यो बाध्यता के हो र ? मट्टीतेल नै ओइऱ्याउने हो भने कहाँ आगो निभ्छ र ! प्रेम सत्य हुन्छ, कुनै पनि वस्तुले छोपिएको छैन । मेरो हिजोको निर्णय गलत हो" (पृ.२७) । रविले यही कुरा मनमा खेलाइरहेको थियो ।

रोमीलाई देखेपछि रवि बेहोसी जस्तो बन्न पुग्छ । "शिशिरमा पातहरू झरेको नाङ्गो रुख झैँ उस्ले रोमीलाई नाङ्गो रूप नै देखेको थियो " (पृ.२६) । रविको मनमा

विभिन्न कुराले द्वन्द्व गर्दै थियो । कक्षामा जेजे पढाइ भए पनि रविलाई सताएर टाउको दुखाएको थियो । रोमीले ढोकामा उभिएर हेर्दा रवि नबोलेकाले रोमी रिसाएकी भएपनि प्रेमले रिसलाई जितेको र फर्किदा बाटामा रवि र रोमी बीच सामान्य कुराकानी भएको प्रसङ्ग यस्तो छ :

-रोमी ?

-हजुर !

-तिमीलाई सन्चो छैन ?

-सन्चै छ ।

-अनि किन नबोलेको ?

-त्यसै...।

-एउटा कुरा सोधुँ ?

-अब पनि मसँग 'प्रर्मिट' लिनुपर्छ र ?

-तिमी पनि राजनीतिज्ञकी छोरी...म...।

-त्यस्तो कुरा गर्ने भए मसँग नबोले पनि हुन्छ । किन ? (पृ.२८)

जस्ता संवादको प्रयोग भएका कारण यस उपन्यास संवादात्मक शैलीको प्रयोग भएको मान्न सकिन्छ ।

**अङ्क – ६**

आम मानिसलाई समाजको राजनीतिक, आर्थिक, बौद्धिक, धार्मिक, आदि कुराले प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्दछ । यी यावत् कुराले दीपाको जीवनलाई पनि प्रभाव पारेको छ । दीपालाई दिपकले जबरजस्ती बलात्कार गरेर छोडेको छ । दिपकले राजनीतिक व्यक्तित्व सभापति शुरवीरको निर्देशनमा दीपाको बलात्कार गरेको हो । अशिक्षित, गरिब, दलित र पिछडिएका वर्ग समुदाय कसरी राजनीतिक आडमा बर्वाद पारिन्छन् भन्ने कुरा यस उपन्यासमा व्यक्त भएको छ । मीनाले जसरी भए पनि शुरवीरको हुँदो चाहन्छे र उसले काम गरे वापत पारिश्रमिक लिने गर्नाले दीपाको जीवनमा बाढी आएको छ । शूरवीरले दुई मुरी धान मिनाहा गर्दिने सर्तमा मीनाले दीपाको बलात्कारमा दिपकलाई ठूलो साथ दिएकी सम्मको घटनाले यस अङ्क रोचक बनेको छ ।

**अङ्क – ७**

यस अङ्कमा अतीतलाई भुल्ने कोशिस दीपाले यसरी गर्दै छे "कुनै पनि अतीतको चोट बिर्सन जीवनलाई अति व्यस्त बनायो भने मात्रै सम्भव हुन्छ" (पौडेल, २०५०, पृ.३४)। अतीतलाई बिर्सन दीपा लागि परेकी छे। दीपाले दिपकलाई माफी दिएर उसकी पत्नी बन्ने कुरा मनमा खेलाउन थालेकी छे। आफ्नो भाग्य नै खोटो भन्दै भाग्यलाई दोष दिएर दिपकलाई गाली गरेकोमा पश्चताप मानेकी छे। यस कुराले उपन्यासकार नियतीवादी चिन्तनलाई उपन्यासमा समावेश गराउन सफल देखिन्छन्। दीपाले सतित्त्व लुटिए पनि हृदय नलुटिएको र यो संसारमा आफू मात्र बलात्कार नभएको भन्दै आफैँलाई प्रश्न गरी मनलाई सम्झाएकी छे। दीपा अब दिपकले बिहे गर्छ कि गर्दैन भन्ने कुराले मानसिक द्वन्द्वमा परेकी छे।

**अङ्क – ८**

रोमीको प्रेम पत्र रविलाई स्वीकार्न कठिन भएको छ। समाजको नियमले गर्दा रवि चुपचाप रहन बाध्य बन्छ। रोमीले डराएर प्रेम नहुने र प्रेम प्रर्दशन गर्ने कुरा होइन भन्दै रविलाई सम्झाएकी छे। रोमी भित्रभित्रै रविप्रति निकै आकर्षित बन्न पुगेकी छे। सामाजिक मर्यादाले डराएको रविलाई प्रेम जालमा पार्छे। रविको एस.एल.सी. परीक्षाको पन्ध्र दिन उनीहरू छुट्टिनलाई दुखित भएका छन्। हरेक प्रेममा उनीहरूको मुख नभएर हृदय बोल्ने कुरा उपन्यासमा उल्लेख छ। रवि र रोमीलाई निश्चल प्रेमका प्रतीक मान्न सकिन्छ।

**अङ्क – ९**

यस अङ्कमा रवि एस. एल. सी. परीक्षा दिन जानु अघि रोमीको बाबु, दिपक र दिपकको साथीसँगै रविको घरमा आएकाले रवि र रोमीको सम्बन्धको बारेमा थाहा पाएर आएका हुन् भनी रवि सशंकित हुन्छ। वास्त्वमा उनीहरू दिदी दीपा र दीपकको विवाहको कुरा चलाउन आएका थिए। यस कुराले दीपालाई आत्महत्या गर्न मन लाग्छ। दिपक एस. एल. सी. दिन जानैपर्ने बाध्यताले हिड्छ। दिपक जस्तो बलात्कारीसँग विवाह गर्न मन लाग्दैन तर जति बिद्रोह गर्दागर्दै पनि दिपकसँग नै विवाह गर्न राजी भएको घटना आएको छ।

**अङ्क – १०**

प्रेम केही दिनका लागि गरिन्छ; लिनका लागि होइन भन्दै रोमीले आफ्नो जीवन रविको उपहार सम्झन्छे । रवि एस. एल. सी. परीक्षा दिन गएपछि एक्लिएकी रोमी निकै बिरामी पर्छे । डेढ महिना पछि रवि रोमीको घरमा पुग्छ र घरमा कोही नभएको समयमा रवि र रोमीको भेट हुन्छ । रोमीले रविलाई माथि कोठामा लगेर विभिन्न कुराले माया जालमा पारेर रविलाई मायाको चिनो स्वरूप सिउँदोमा सिन्दुर हाल्न आग्रह गर्छे । रविले विभिन्न वाहानाले छल्न खोज्दा खोज्दै पनि मायाको झङ्कारले गर्दा रोमीलाई सिन्दुर हालिदिन्छ । यो रवि र रोमी बीचको प्रेमको उत्कर्षको चरण मान्न सकिन्छ । उनीहरू अङ्गालोबाट नछुट्दै रोमीकीआमा र नोकर बिर्खे आइपुग्छन् । रोमीकी आमालाई देखेर रवि भाग्छ । रोमीलाई आमाले बालखैमा मरेकी भा हुन्थ्यो नि, आफ्नी आमालाई ढाट्ने अपराधी भन्दै गाली गर्छे । रविलाई पनि विभिन्न गाली गरी घृणाले हेर्छे । रोमीको हृदय सिमलको भुवा जस्तो भएर उड्छ । रोमीको हृदयबाट रवि निस्कन सक्दैन । आमाले सिन्दुर पखाल भन्दा रोमीले अटेर गर्छे अनि आमा झन् रिसाएर जा त्यही ठेउकासँग भन्दै गाली गर्छे ।

प्रेम गर्नु अपराध होइन भन्दै रोमीकी आमाको मनमा सत्य प्रेम गर्न कसैले कसैलाई सोध्नु पर्दैन भन्ने मनोद्वन्द्वको भाव पैदा भएको छ । फेरि पछि यो त अर्कालाई दिने उपदेश हो वास्तविक जीवनमा सहन नसकिने ठान्छे । रोमीको आमाको मनमा एक प्रकारको पश्चातापको अनुभूति पैदा भएको छ । यस उपन्यासमा प्रेमलाई अणुवमसँग तुलना गरिएको छ । जसरी अणुवमसँग विश्व सखाप पार्ने शक्ति हुन्छ त्यसरी नै प्रेममा पनि ठुलो शक्ति भएको कुरा उपन्यासमा व्यक्त भएको छ ।

रोमीले सिन्दुर पखाल्न विद्रोह गरे पनि आमाले जगमा पानी दिएपछि समाजको डर र आमाको धम्कीले ऊ सिन्दुर पखाल्न बाध्य हुन्छे । रोमीले आमालाई आफ्नो प्रेमको बारेमा सुनाउँदै विछोड भएमा आत्मा हत्या गर्नेसम्म बताएकी छे । रोमीलाई खाना खुवाएर दुबै आमा छोरी सँगै सुते पनि आमालाई छोरीसँगै भएर पनि एक्लै सुतेको अनुभव भएको छ । यी विभिन्न घटनाले यस अङ्क रोचक बन्न पुगेको छ ।

**अङ्क – ११**

दीपाले रोईकराई केही गरेर पनि आफ्नो अधिकार पाउँदिन र संघर्ष गरेर अधिकार लिउँन त भन्दा साथ दिने कोही हुँदैन । दीपाको विवाह दिपकसँग हुन्छ तर दीपा

अन्धकारमय जीवन बाँच्न बाध्य भएकी छे । दिपकलाई सिङ् र पुच्छर नपलाएको पशुसँग तुलना गरिएको छ । दीपाले नचाहँदा नचाहँदै दिपक जस्तो बलात्कारीसँग बैवाहिक सम्बन्ध गाँस्न बाध्य भएकी छे । दीपाले मनमा अनेक कुरा खेलाउँछे । कहिले बलात्कारलाई बरदान ठान्छे, कहिले आफू त पशु भयो तर अरूलाई पशु बनाउन नहुने र आफूलाई बलात्कार गर्नेले अर्कोलाई गर्दैन भन्न कहाँ सकिन्छ ? भन्दै आफैलाई प्रश्न गर्छे । दीपा मान्छे आफै सप्रिनुपर्छ अर्काले निर्देश मात्र गर्ने हो भन्छे । फेरि पनि दीपाले आफ्नै भाग्यलाई दोष दिएकी छे । यस अङ्कमा दीपाले दिपकको जीवन साथी भएर घरव्यवहार सम्हालेको घटनासम्म यस अङ्कमा प्रस्तुत छ ।

**अङ्क – १२**

कसैको जीवनमा पनि दुःख बाजा बजाएर आउदैन, दुःख त आफैं परिआउँछ । दुःख आफ्नो इच्छाहरू हुन् र दुःख आफैले निम्त्याउने कुरा उपन्यासमा व्यक्त भएको छ । रविले रोमीलाई माया गर्नु नै उसको जीवनको दुःखको कारक हो । रविले रोमीलाई सिन्दुर लगाई दिएर दौडदै घर पुग्दा उसको सानोबुबाले दीपाको विवाहमा कति खर्च लाग्यो भनी हिसाब गर्नका लागि प्रणितासँग कापी माग्छन् । रोमीले रविलाई दिएको प्रेमपत्र त्यही कापी भित्र फेला पर्छ । रवि र रोमीको सम्बन्धको बारेमा सानोबुबाले थाहा पाउछन् । सानोबुबा रिसको आवेगमा रविलाई ठूलोमान्छे बनाउने सपना भताभुङ्ग पारिस् भनेर गाली गर्दै "तेरो यस घटनाले गर्दा हाम्रो पनि बास उठ्न बेर लाग्दैन । ऊ सभापति हामी गोठाले तलाई विहे गर्न मन भए हामी आफू समानको घर खोजेर विहे गर्दिन्थ्यौं, कृषि काम समाल्न सक्ने खालको" (पृ.७०) । रोमी सभापतिको छोरी हुनु, रवि गरिब परिवारको भएकोले सम्पत्ति नहुनु, रोमीकी आमाले उसको सिउँदोमा सिन्दुर देख्नु, दिदीको भर्खर विवाह हुनु आदि कुराको वियोगमा रवि त्यही रात मावल जान बाध्य भएको छ । साँच्चै भन्ने हो भने यस अवस्थामा रविको होस आफ्नो नियन्त्रणमा थिएन । रवि दोधारमा परेको थियो । उसका मनमा अनेक कुराहरू खेल्दै थिए । यतिकैमा सानोबुबासँग रात्री बस चढेर रवि मावला पुगेको हुन्छ । रवि मावला पुगेको बीस दिन भइसकेको हुन्छ । ऊ अब दोधारमा छैन । रवि अब रोमीलाई साथ दिने पक्षमा पुग्छ । ऊ सोच्दै छ नारी पृथ्वी हुन् र पुरुष सूर्य । यी दुई विना संसार बेकार छ भन्दै जस्तोसुकै बाधा, चोट, नाता, र समाज सबैलाई लत्याएर रोमीलाई साथ दिने अठोट रविले गरेको छ ।

**अङ्क – १३**

दीपकसँग विवाह गरे पनि दीपाले बाध्यताले चित्त बुझाएकी थिई । दीपाले दिपकको आफूले थाहा पाएसम्मका सबै गल्तीलाई देखेर पनि पुन : दिपककै घरमा आउनु परेको छ । सानोभन्दा सानो कुरामा दिपकले दीपालाई गाली गरिरहन्छ । दीपा आफूले भनेको बेलामा खान नपाए पनि आफ्नो काम गरिरहन्छे । दीपाले जति रोएर आफ्नो दुःख देखाए पनि दीपाको लागि दिपकको मन ढुङ्गा बराबर भएको हुन्छ । विवाह भएको दुई महिनापछि दीपाले माइत जान्छु भनेर दिपकलाई भन्दा 'गए जा तर फर्किंदा केही लिएर आउनु' भन्ने दिपकको कुरा सुनेर दीपाले 'म भन्दा सम्पत्ति ठूलो हो र' ? भनेर प्रश्न गर्छे । दिपक रिसाएर दीपालाई 'गोठालेको दिमाग गोठको भन्दा बढी हुँदैन' भन्दै गाली गर्छ । दिपकले दीपालाई माइतबाट खाली हात आउनु पर्दैन भन्ने आग्रह गर्छ तर पनि दीपाले माइतबाट फर्किदा केही सम्पति ल्याउन सक्दिन । दीपाले माइतबाट फर्किदा केही सम्पति नल्याकोमा दीपालाई क्रुर यातना दिएर सताउन थाल्छन् । दिपकले कुनै गल्ती नगर्दा पनि गल्तीको आरोप लगाएर सधैं यातना दिन्छ । दिपक विना कारण दीपासँग रिसाइरहन्छ । सभापतिले जे भन्यो त्यही गरेर दीपालाई दुःख दिन्छ । आमालाई दीपाले भन्दै नभनेको कुरा भनी भनेर सुनाउँछ र आमाले गाली गर्छे । दीपा आमा र छोराको शारीरिक, मानसिक यातना, रातदिनको पिटाई सहन नसकी घरबाट निस्कन बाध्य हुन्छे । दीपाले आफ्ना जति सबै पराई भएको सम्झेर घरबाट माइततिर लाग्छे । यस अङ्कमा उपन्यासकारले दाइजोको निहुमा नारीहरूले खेप्नु, भोग्नु परेको यथार्थ पीडालाई व्यक्त गरेका छन् ।

**अङ्क – १४**

मान्छेले आफ्नो जस्तोसुकै भन्न नमिल्ने कुरा पनि एक न एक जनालाई भनेकै हुन्छ । त्यस्तै रविले पनि टेलर मास्टरलाई आफ्नो सबै कुरा भनेको छ । रवि मामा घरमा हुन्छ, उसलाई रोमीसँग बोल्न भेट्न मन भए पनि बाध्यतामा परेको छ । मामा घरमा भए पनि रविले रोमीलाई चिठी लेखेर पठाउँन चाहन्छ तर चिठी पठाउन सजिलो नभएकोले आफ्ना मनका भावनालाई लेख्दै च्यात्दै गर्छ । मनको शान्तिको लागि उसले कविताको भावमा चिठी लेख्छ । मनको भावना चिठीमा पोखेकाले ऊ भोलिको पर्खाईमा ओछ्यानमा छट्पटाउँछ । राती अबेर सुतेकाले भोलिपल्ट दश बज्दासम्म निदाइरहेकाले माइजूको छोराले उठाउँदा रिसाउँदै उठ्छ । मायाले लाशलाई त प्राण दिन्छ भने रोमी त ज्युँदै थिई । नजिकैको शहर घुम्ने निहुँमा राजु र रवि सोमबारे पुग्छन् । त्यहा युवा टेलर

मास्टरलाई भेट्छन् । उनीहरू बीच सामान्य कुराकानी पछि रविले यो चिठी रोमीलाई दिनुस् ल ! भन्दा टेलर मास्टरले कुटाई खुवाउने विचार छ कि के हो ? भन्दा रविले रोमी र आफ्नो बारेमा छोटो तरिकाले सबै बताउँछ अनि चिठी दिएर मावली फर्कन्छ । यता रोमी र रविको सम्बन्धको बारेमा थाहा पाएकाले रोमीका बुबाले रोमीलाई हेटौंडा पढ्न पठाउने निर्णय गर्छन् र बिर्खेलाई रोमीको कपडा लिन टेलर कहाँ पठाउँछन् । रवि हिडेको ५ मिनेट पछि बिर्खे रोमीको कपडा लिन आएको भन्दै रोमी ४ बजे तिर हेटौंडा जाने कुरा टेलर मास्टरलाई सुनाएर रविको चिठी र रोमीको कपडा लिएर घर फर्के सम्मको घटना यस अङ्कमा आएको छ ।

**अङ्क – १५**

उपन्यासकारले सम्पत्तिमा जोडिएको नाता आफ्नो र बलियो नहुने भन्दै बुद्धिको कमिले पनि मानवीयता हराएर पशु समान हुन्छ भन्ने सन्देश दिएका छन् । दीपाको मनमा आँधिबेरी आएको छ । बलात्कार, गाली, बेइज्जत, भनेको बेलामा खान नपाएको, राम्रो कामलाई पनि गलत आरोप लगाएको, सम्पति नल्याएकोमा शारीरिक यातना खप्नु परेको, रविले राम्रो कुरालाई नराम्रो भन्दै कुटेको, मुखमा जे आयो त्यही बोली बेश्यासम्म भन्न पछि नपरेको, आदि यस्ता पतिको वचनले दीपाको मुटु छियाछिया भएको थियो । दीपाले बाटोमा काकी मीनालाई भेटाएर उसैको घरमा गएकी हुन्छे । काकीलाई सबै कुरा सुनाएपछि काकीले ‘भोकाएकी रहिछौ, दुध छ खाऊ’ भन्दै दीपालाई दुध दिन्छे । दीपाले दुध खान्छे अनि मीना सभापतिकोमा जान्छे भने दीपा आफ्नो माइततिर जान्छे ।

सभापतिले दश हजार दिएर मीनालाई दीपालाई मार्न लगाएकाले दीपाले खाएको दुधमा फाइकम विष मिलाएको हुन्छ । रविलाई दीपा बिरामी भएको भनी मावलाबाट बोलाइन्छ । रवि आफ्नो घरको आँगनमा मान्छे नै मान्छे देखेर अत्तालिएर भिडमा पस्छ र दीपाको लास देख्छ । यस घटनाले रवि विक्षिप्त बन्न पुग्छ । केही समय पछि घटनास्थलमा सभापति आइपुग्छन् र उसैको आदेशमा प्रहरीले सानोबुबा र रविलाई सोधपुछको लागि भनी प्रहरी कार्यालय बोलाउछन् । दीपाको मृत्यु कसरी भयो भन्ने सबै थाहा भए पनि सभापतिले रवि र सानोबुबालाई पुलिसको फन्दाबाट छुटाउन उनीहरूलाई केही रकम दिनुपर्ने बताउँछन् । उनीहरू हामीले केही गल्ती नगरी कसरी पैसा दिने भनेर बोल्छन् । दीपालाई मार्ने दीपक, सानोबुबा, रवि मध्ये एक जना हो भन्दै गाउँको एक जना कराउँछ । विना गल्तीको सजाय रवि र सानोबुबाले भोग्नु परेको छ । यस

अङ्कमा अपराधलाई लुकाउने दुष्प्रयासको उद्घाटन भएको र निर्दोष व्यक्तिलाई फसाउने कार्यमा सभापतिले खेल खेलेसम्मको घटना प्रस्तुत छ ।

**अङ्क – १६**

धनभन्दा प्रेम अजर हुने कुराको उल्लेख यस अङ्कमा गरिएको छ । रोमी हेटौँडा पढ्न जानु अघि उसका बुबाले निकै थर्काएका र नमानेमा पढ्न नपाउने अनि अर्कै केटो खोजेर विवाह गरिदिने धम्कीले रोमी निकै डराएकी थिई । रोमीलाई बुबासँग निकै डर लागेकाले आफ्नो प्रेमलाई जोगाउने हिम्मत कमी भएको छ । हेटौडा जाने बेलामा रोमीको हातमा बिर्खेले कपडासँगै चिठी दिन सफल भएको र रोमीले पनि लेखेर राखेको चिठी रविलाई दिनु भनेर विर्खेलाई दिएकी थिई । रोमी हेटौँडामा पुगेर रविको चिठी पढ्दै रोइरहेकी हुन्छे । रोमीलाई रविको असाध्यै माया लाग्छ । रविले विना गल्तीको सजाए भोग्नु परेकोमा रोमी विक्षिप्त बन्न पुग्छे । रोमी हेटौँडा पुगी पढ्न थालेको घटनासम्म यस अङ्कमा आएको छ ।

**अङ्क – १७**

दीपा आफ्नो माइतघर पुग्नेबित्तिकै वितेको कारण प्रहरीले सानोबुबा र रविलाई हिरासतमा लिन्छन् । पोस्टमार्टम रिपोर्टमा विष खुवाएर मारेको रिपोर्ट आए पनि प्रहरी, डाक्टर, र सभापतिले रविको परिवारसँग पचास हजार माग्दछन् । गल्तीविनाको सजाय भोग्न तयार नभएकोले पैसा नदिने वाचा गर्छन् । तर सानोबुबा, रवि र दीपकलाई प्रहरीले हिरासतमा लिए पनि दीपकलाई ससम्मान छाडिदिएको हुन्छ । सानोबुबा र रविले पैसा नदिएको हुनाले कारागारमा राखि प्रहरीले चरम यातना दिई उनीहरू प्रहरीको कुटाइ र कारागारको बसाइका कारण बिरामी भएका हुन्छन् । आफ्नो ज्यान भन्दा पैसा ठुलो हैन भन्ने सोचेर र प्रहरीको चरम यातना खप्न नसकी पैसा दिन बाध्य हुन्छन् । रविको साथमा पैसा नभएकोले सभापतिले धेरै जति खेत लिन्छन् । दीपाको हत्या नभइ आत्महत्या हो भन्ने रिपोर्ट तयार पारेर रवि र सानो बुबालाई छोडि दिन्छन् ।

रोमीले गाउँ छोड्नु, दिदी दीपाको मृत्यु हुनु, काराबासको बसाइमा बिरामी पर्नु, दोष विना नै पैसा तिर्नु परेको आदि कारणले गर्दा रविको हृदयमा चट्याङ् लाग्छ । चोटै चोटको अचानो झैँ भएर रवि बाच्न बाध्य हुन्छ । रविसँग दीपा, रोमी, सम्पत्ति, कोही नभएकाले भक्कानिँदै कयौँ रात रोएर बिताउँछ । बुबा, आमा, रोमी सम्पति कोही छैन किन

? भन्दै आफैँसँग प्रश्न गर्छ । जन्माउने जन्मदाता नभएपनि दीपाले हुर्काएकी थिई तर आज दीपा पनि छैन । रविले एक्लो भएको महशुस गर्छ ।

रवि रक्सीले दुःख भुलाउँछ भन्ने सुनेकाले खान नहुने भन्ने थाहा हुँदाहुँदै पनि रक्सी खान थाल्छ । ऊ बिस्तारै बिस्तारै रक्सी विना बाँच्न नसक्ने हुन पुग्छ । केही दिन पछि रवि सानोबुबालाई र त्यस गाउँ छोडेर जान्छ । "दुःखमा मान्छे एक्लो हुन्छ" ( पृ.१०४) । सत्यता यही हो रवि एक्लो भएको छ । रवि आफू हुर्केको ठाउँलाई सम्झेर धेरै रुन्छ । रवि कुलतमा फसेको भए पनि एक नयाँ जीवन सुरु गर्ने बाचा सहितको घटना यस अङ्कमा आएको छ ।

**अङ्क – १८**

रविलाई एकान्तले पिरोल्न थालेपछि सानोबुबाको घर छोडेर बैनी प्रणितासँग अर्कै गाउँ गएको छ । पीडालाई भुल्न रक्सीको नसामा डुबे पनिआफ्नो जस्तो व्यथा अरूको पनि देख्छ । दुःखी, गरिब धेरै भए पनि बाँचेकै छन् । आफूलाई कति नियन्त्रणमा राख्दा त गल्ती हुन्छ, झन् रक्सीको नियन्त्रणमा दियोभने के होला ? रक्सी नखाई बाँच्न नसक्ने पनि होइन, रक्सीले आफ्नो मनको चोट हराउँदैन, समस्या झन् थपिन सक्छ भन्दै रक्सी खान छोडी परिवर्तनको बाटो अँगाल्छ । रविले आफ्नो मनलाई अतितका घटनातिर जान लागेमा जबरजस्ती केही न केही काममा लगाएर छाड्थ्यो । रवि आफ्नो जीवनलाई काममा लगाएर व्यस्त बन्न थालेको छ । दुःखमा दीपा, आमा, बुबालाई मात्र सम्झे पनि दुःख सुख दुबैमा रोमीलाई सम्झन्छ । रोमीप्रति रविको माया झन् गाढा भएको छ । रोमीले मानेको खण्डमा लिएर आउने बाचा गरी रवि हेटौंडातिर लाग्छ । सभापति पनि दसैंको बिदामा आफ्नो छोरीलाई लिन कार हाकेर गए सम्मको घटना यस अङ्कमा आएको छ ।

**अङ्क – १९**

स्कुल छुट्टीको अन्तिम दिन भएकोले रोमी प्रफुल्ल थिई । भोलि गाउँ गएर जसरी भए पनि रविलाई भेट्ने कल्पना गर्दै हुन्छे । रोमीले हेटौँडा जाने बेलामा रविलाई पठाएको चिठीको जवाफ नपाएका कारण रवि परिवर्तन भयो कि भन्ने शङ्का गर्छे । स्कुल छुट्टी भएर गेट खोल्ने बित्तिकै रोमीले रविलाई रोड पारी देख्दा अचम्ममा पर्छे । रवि पनि उदास भएर हेरिरहेको थियो । रविले हातमा मेटासिटको बट्टा बोकेको थियो । रोमी रविलाई देखेर खुशीले रवितिर जान लाग्दा एक्कासि एउटा कारले ठक्कर दिन्छ र रोमीको टाउकोमा गहिरो चोट

लागि रगत बग्न थाल्छ । रविले अत्तालिदै रोमीलाई उठाउँन खोज्दा कार ड्राइभरले अँगाल्छ । रोमीलाई ठक्कर दिने कार रोमीकै बुबाले चलाएको हुन्छ ।

रविलाई सभापतिले परबाटै देखेकोले रिसले मुर्मुरिदै कार हाँक्दा ध्यान सबै रवितिर गएकोले दुर्घटना हुन पुग्छ । दुर्घटनामा घाइते भएकी रोमीलाई सोही कारमा राखेर अस्पताल पुर्‍याइन्छ । रवि पनि टेम्पुमा चढेर अस्पताल पुग्छ । रवि अस्पताल पुग्दा रोमीको मृत्यु भइसकेको हुन्छ । रवि रोमीको मृत्युको पीडा खप्न नसकी केही बर्बराउँछ । पाले दाइले पागल भनेर गेट बाहिर निकालि दिन्छन् । रविले यावत पीडा खप्न नसकी मेटासिट खान्छ । अचानक घटना स्थलमा सानोबुबा आइपुग्दा रवि ललाक्लुलुक् परिसकेको हुन्छ । सानोबुबाले काँधमा बोकेर अस्पताल पुर्‍याउछन् र उपचार पछि ठिक हुन्छ ।डा. हरिप्रसाद सिलवालको भनाइ अनुसार रोमीका बुबाले प्रेम सम्बन्धी कठोर भाव बोकेका छन् जसका कारण रोमी र रविको दुःखान्त विछोडमा उपन्यासको कथानक सम्पन्न भएको छ (सिलवाल, २०७६, पृ. ४२) । उपचार पछि ठिक भएको रवि उपन्यासकारका अनुसार आज पनि तपाई हाम्रै समाजमा प्रेम वियोगका कारण पागलसरी छट्पटिँदै हिडिरहेको हुनसक्ने आशङ्का सहित उपन्यासको अन्त्य भएको छ ।

### ४.२.४ पात्रविधान

भिन्न भिन्न चरित्रका पात्रहरूलाई खडा गरेर *अधुरो जिन्दगी* उपन्यासले औपन्यासिकता प्राप्त गरेको छ । यस उपन्यासका पात्रहरू दुर्घटना, मृत्यु, पलायन, धोका, धम्की, विभिन्न बाधा व्यवधान, हत्या, बलात्कार जस्ता घटनाका कारण विषमताजन्य अवस्थामा पुगेका छन् । उपन्यासकार पौडेलले सत् र असत् दुवै चरित्रका पात्रहरू खडा गरेर उपन्यासको रचना गरेकाले उपन्यास रोचक बन्न पुगेको छ । सत् चरित्र भएका पात्रहरूमा रोमी, रवि, रविको सानोबुबा, दीपा, प्रणिता पर्दछन् भने असत् चरित्र भएका पात्रहरूमा दिपक, मीना, सभापति, डाक्टर, प्रहरी आदि पर्दछन् । यस उपन्यासका पात्रहरू बहिर्मूखी र अन्तरमूखी दुवै चरित्रका पात्र भेटिन्छन् । बहिर्मुखी चरित्र भएका पात्रहरूमा रोमी, रवि, रविको सानोबुबा, दीपक आदि पर्दछन् भने अन्तरमुखी चरित्र भएका पात्रहरूमा सभापति, मीना देखिन्छन् । अतः समग्रमा *अधुरो जिन्दगी* उपन्यासका पात्रहरूको चरित्र चित्रण यसरी तालिकीकरण गरेर देखाउन सकिन्छ ।

**तालिका नं. ४.१ : अन्य पात्रहरू**

| क.सं. | पात्र | लिङ्ग | भूमिका | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्न | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | रवि | पुरुष | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| २ | रोमी | महिला | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ३ | दिपक | पुरुष | सहायक | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ४ | दीपा | महिला | सहायक | अनुकूल | स्थीर | वर्गगत | मञ्चीय | बद्ध |
| ५ | सानोबाबु | पुरुष | सहायक | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ६ | सानीआमा | महिला | गौण | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ७ | प्रणिता | महिला | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ८ | रामीआमा | महिला | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ९ | सभापति | पुरुष | सहायक | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| १० | नोकर | पुरुष | गौण | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | मुक्त |
| ११ | मीना | महिला | गौण | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| १२ | डाक्टर | पुरुष | गौण | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| १३ | प्रहरी | पुरुष | गौण | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १४ | गाउँले | | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १५ | पाले | पुरुष | गौण | प्रतिकूल | स्थीर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १६ | टेलर मास्टर | पुरुष | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १७ | राकेश | पुरुष | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १८ | वलवीर | पुरुष | गौण | प्रतिकूल | स्थीर | वर्गगत | नेपथ्य | मुक्त |
| १९ | देवी थापा | महिला | गौण | अनुकूल | स्थीर | वर्गगत | मञ्चीय | मुक्त |

उल्लिखित तालिकामा उन्नाइस पात्रहरूको चारित्रिक विशेषताको उद्घाटित गरिएको छ । पात्रहरू तालिकामा भिन्नभिन्न विशेषता लिएर आएका छन् । केही पात्रहरू यहाँ साङ्केतिक रूपमा मात्र उपस्थित भएका छन् त्यसैले यहाँ केही पात्रहरूको चारित्रिक भूमिकाका आधारमा चर्चा गर्नु उपयुक्त देखिन्छ ।

**(क) रवि**

*अधुरो जिन्दगी* उपन्यासको केन्द्रीय पुरुष पात्रका रूपमा रविलाई खडा गरिएको छ । रविको मनोसंरचनात्मक अवस्था सानैदेखि दुःख कष्टले जेलिएको छ । ऊ सानैमा आमाको मृत्यु भएको कारण मातृस्नेहबाट बञ्चित पात्र हो । रविको बुबाले श्रीमतीको मृत्यु भएपछि पीडा खप्न नसकी जङ्गल प्रस्थान गरेपछि ऊ पूर्ण रूपले टुहुरो पात्र हो । भर्खरै किशोरवस्थामा प्रवेश गरेको र आफ्नो मनमा उठेको प्रेम भाव रोमीलाई स्पष्टसँग

भन्न सक्ने बहिर्मुखी चरित्रको पात्र हो । सानैदेखि आइपरेका समस्यासँग जुँध्दै जीवनलाई आधुनिकतातिर लम्कन खोज्ने पात्र हो । उसले सानै उमेरमा प्रेमलाई अङ्गालेकाले परिवारमा जटिल अवस्थाको सामना गर्नु परेको छ । उसको जीवन विभिन्न समस्या, भय, एक्लोपन, उदासीपन, तनाव, आदि समस्याले जेलिएको छ । रवि पैसाको पहुँच भएका र स्थानीय तहमा भएको राजनीतिक अस्तव्यस्तताका कारणले रोमीसँगको प्रेमलाई दबाउन खोजे पनि सङ्घर्षशील पात्रका रूपमा देखा परेको छ । उसैको भूमिकामा कथानक अघि बढी उसकै भूमिकामा अन्त्य भएकोले रवि मञ्चीय पात्र हो । रवि गरिब, निमुखा भएका कारण रोमीसँगको प्रेम निस्वार्थ भए पनि सभापतिको अनेक छलकपटमा फसाइएको कारण दबाब र तनावयुक्त जीवन बाँच्न बाध्य भएको र विना गल्तीको सजाय भोग्न बाध्य पात्र हो । रोमीले मानेमा आफैँसँग लिएर आउँने वाचा सहित हेटौँडा पुग्दा अचानक रोमीको मृत्यु भएर विक्षिप्त बन्न पुग्दा पागलको सङ्ज्ञा दिइएको पात्र र अधुरो जिन्दगी बाँच्न विवश पात्र हो ।

**(ख) रोमी**

रोमी *अधुरो जिन्दगी* उपन्यासको केन्द्रीय नारी चरित्र हो । ऊ रवि सँगको प्रेम अगाडि बढाउने क्रममा बुबाको अवरोध खेप्न बाध्य भएकी पात्र हो । आफूले प्रेम गरेको प्रेमीसँग उपहारको रूपमा सिन्दुरलाई चिनो सम्झी लगाएकी स्वच्छ भावना भएकी पात्र हो । रोशन दाहाल र ऋषिराम खतिवडाका अनुसार राजनैतिक आडमा रवि र उनको प्रेमलाई हत्या गर्न लागिएको समयमा स्वतस्फूर्त निर्णय गरी सिन्दुर पहिरिने विद्रोही पात्रको रूपमा देखापरेकी छिन् (दाहाल र खतिवडा, २०७५, पृ. ११७) । आफू सम्पन्नशाली परिवारकी भए पनि गरिब परिवारको रविलाई माया गर्ने निस्वार्थी भावना भएकी र रवि जस्तो गरिब, टुहुरो, निमुखा पात्रलाई हृदयदेखि प्रेम गर्ने र रविप्रति पूर्ण रूपले प्रेममा समर्पित हुने पात्र हो । आफ्नो प्रेमीसँग मनका कुरा स्पष्टसँग राख्न सक्ने बहिर्मुखी चरित्र भएकी पात्र हो । कथानकको सुरुदेखि अन्त्यसम्म भूमिका निर्वाह गर्ने पात्र हो । रोमी रविलाई जस्तोसुकै दुःखमा साथ दिने र निस्वार्थ प्रेम अघि बढाउँने आशामा रहँदा रहँदै यो संसारलाई छोडेर गएकी पात्र हो ।

**(ग) दीपा**

दीपाको जीवन योजनाहीन, इच्छाहीन र अपेक्षाहीन बनाएर उपन्यासमा खडा गरिएको छ । आफ्नो जीवन सफल बनाउँन नसकेकी निमुखा नारी पात्रका रूपमा

दीपालाई खडा गरिएको छ । दीपा पुरुष प्रधान सामन्ती एवं लैङ्गिक विभेदमा पिल्सिएकी नारी पात्र हो । गरिबीको कारणले सानैमा पढाई छाड्नु परेको र बाल्यकालदेखि नै पारिवारिक माया ममताबाट वञ्चित भएकी पात्र हो । उसका बारेमा हरिप्रसाद सिलवाल यसो भन्छन् : "त्रासद, भययुक्त, कुण्ठित, दमित, शोसित, उत्पीडित,तनाव र विक्षिप्त अनुभूतिको संरचनामा बाँच्नु परेको र नारी पीडाको प्रतिनिधि भएर यस उपन्यासमा दीपा देखापरेकी छ" (सिलवाल, २०७६, पृ. २१–२२) । दीपा राजनीतिक स्वार्थको लागि दीपकद्वारा बलात्कृत नारी पात्र हो । बलात्कार पछि विक्षिप्त बन्न गई विभिन्न मनोभावद्वारा आत्महत्यासम्म गर्न खाज्ने पात्र हो । तर बलात्कारलाई आफ्नो भाग्यसँग दाँज्दै आफ्नो जीवनलाई जीउन दीपकसँगै विवाह गर्न बाध्य भएकी र नियतिको खेलमा रुमलिन पुगेकी पात्र हो । बाध्यतामा दिपकसँग विवाह गरेकी दीपाले श्रीमानको यातना सहनु परेको अवस्था चित्रण गरिएको छ । विवाह भएको दुई महिनापछि माइतबाट दाइजो नल्याएकोमा घरेलु हिंसामा परेकी पात्र हो । विभिन्न झुटा आरोप लगाएर शारीरिक, मानसिक क्रुर यातना पाएकी पात्र हो । शारीरिक र मानसिक यातना खप्न नसकी माइत हिडेकी दीपा बाटोमा मीनालाई भेटी आफ्ना सबै कुरा बताइसकेपछि मीनाद्वारा दूधमा विष मिलाई खुवाएर मारिएकी पात्र हो ।

**(घ) दीपक**

*अधुरो जिन्दगी* उपन्यासको खलनायकको रूपमा दिपकलाई खडा गरिएको छ । सभापतिको आदेशमा दिपक चलेको भरौटे पात्र हो । दिपकलाई उपन्यासमा राजनीतिक चम्चाको सङ्ज्ञा दिइएको छ । ऊ सभापतिकै आदेशमा दीपालाई बलात्कार गर्ने र पछि उसकै आदेशलाई पालना गरी दीपासँग विवाह गर्ने स्वार्थी पात्र हो । सभापतिले जे भने पनि गर्न तयार हुने र सभापतिकै आदेशमा दीपालाई दाइजो नल्याएको निहुँ पारी घरबाट निकाल्ने पात्र हो । आमालाई नचाहिने कुरा लगाउने कुरौटे र अमानवीय सिङ र पुच्छर नपलाएको पशु बराबरको पात्र अनि श्रीमतीलाई शारीरिक र मानसिक यातना दिई घरबाट निस्कन बाध्य पार्ने र दीपालाई घरबाट निकालेपछि आफू स्वतन्त्र बन्ने चाहना राख्ने चरित्रका रूपमा उक्त उपन्यासमा खडा भएको अमानवीय पात्र हो ।

**(ङ) अन्य पात्रहरू**

*अधुरो जिन्दगी* उपन्यासमा गौण पात्रका रूपमा देखा परे पनि सानोबुबाको भूमिकाले उपन्यासलाई उत्कर्षमा पुऱ्याएको छ । सानोबुबाद्वारा दीपा, रवि र

प्रणितालाई लालनपालन गर्ने, धेरथोर सकेजति शिक्षा दिदै उनीहरूको उज्जवल भविष्यको कल्पना गर्ने सफा र निस्वार्थी मन भएको पात्र हो । खल पात्रको भूमिकामा सभापति शुरवीर देखा परेको छ । सभापति जस्तो समाजमा एकलौटी अधिकार जमाएर बसेका व्यक्ति हरेक समाजमा पाइन्छन् तर यस उपन्यासमा दुई प्रेमलाई अधुरो बनाएर उपन्यासको शीर्षक सार्थक बनाउनमा ठूलो खेल खेल्ने खल पात्र हो । श्रेष्ठ प्रिया पत्थरका अनुसार मीना थापा जस्ती कुटिनी र दिपक खड्का जस्ता स्वार्थी र कमजोर मनस्थिति भएकाहरूबाट नै शोषकीय प्रवृत्तिहरूलाई बढवा मिल्छ र यस्तै व्यक्तिहरूबाट नै समाजको जरो बिस्तारै बिस्तारै खोक्रो हुँदै गइरहेको हुन्छ (श्रेष्ठ, २०७५, पृ. १०१) । मीना सभापतिद्वारा परिचालित पैसा कमाउनलाई अर्काको ज्यानै लिने खल पात्र हो ।

मीनाको भूमिकाले दीपाको जीवन कहालीलाग्दो गरी समाप्त भएको छ । रोशन दाहाद र ऋषिराम खतिवडा "बलात्कृत हुनु, विवाहमा बाध्यताले बाँधिनु, घरबाट अपहेलित हुनु र मीनाद्वारा खुवाइएको विषले नै दीपाको मृत्यु हुँदा मीनालाई एक सफल खल पात्रका रूपमा लिन सकिन्छ" (दाहाल र खतिवडा, २०७५, पृ. ११८) । यस उपन्यासका सबै पात्रहरू प्रतिनिधिमूलक छन् । यस उपन्यासमा खडा भएका विर्खे, रोमीको आमा, मास्टर, प्रहरी, डाक्टर आदि गौण पात्रका रूपमा आएका छन् । उनीहरूको भूमिकाले '*अधुरो जिन्दगी*' उपन्यासमा थप सहयोग पुगेको देखिन्छ ।

### ४.२.५ परिवेश

*अधुरो जिन्दगी* उपन्यासको रचना नेपाली समाजको गाउँले परिवेशमा आधारित छ । यस उपन्यासमा गाउँले जीवन, विद्यालय, मेलापात, हाट–बजार, गोठालो, हेटौँडा बजार, अस्पताल आदि परिवेशको वर्णन सशक्त रूपमा गरिएको छ । नेपालको पञ्चायतकालीन राजनीतिक परिवेशलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । साथै यस उपन्यासमा सरल ढङ्गले प्राकृतिक चित्रण भएको उदाहरण यस प्रकार छ : "उसबेला त्यहाँ वरिपरि कोही थिएनन् तर हावाले रोकिएर त्यो हेरिरहेझैं भएको थियो । परपरसम्म फैलिएका नदीका ढुङ्गाहरूले मात्रै तिनीहरूलाई पहरा दिइरहेको थियो । नदीको पानी कञ्चन थियो र यात्रा गतिशील थियो" (पृ.४१) पैसा र पहुँचमा हुनेहरूले, ग्रामीण परिवेशका गरिब, निमुखा र पिछडिएका वर्गलाई कसरी चेपेका हुन्छन् भन्ने यथार्थ घटना प्रस्तुत गरिएको छ ।

रोशन दाहाल र ऋषिराम खतिवडाका अनुसार राजनीतिको आडमा प्रहरी, डाक्टरहरू पनि डराएर पैसाको प्रलोभनमा परी जस्तो सुकै काम पनि गर्न सक्ने वातावरण सिर्जना भएको देख्न सकिन्छ (दाहाल र खतिवडा २०७५, पृ.११९) । गाउँका गरिब, पिछडीएका वर्ग र हुँदा खाने समुदायलाई हुने खानेहरूले कसरी दुर्व्यवहार गर्छन् अनि राजनीतिमा पावर भएकाहरूले कसरी दपेट्दै पैसामा किनबेच गर्छन् भन्ने परिवेश यस उपन्यासमा आएको छ। यस्तो घटनालाई राजनीतिमा आएको विकृति मान्न सकिन्छ।

दिपकले दीपालाई दाइजो नल्याएकोमा घरबाट निकाल्छ र ऊ माइततिर गएको परिवेश आएको छ। दाइजोको निहुँमा नेपाली समाजका छोरी चेलीले भोग्नु परेको दर्दनाक अवस्था चित्रण गर्दै दाइजो प्रथाले ल्याएको विकृतिलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ। यस उपन्यासमा पुरुष प्रधान सामन्ती समाजले गरेको लैङ्गिक विभेद, दाइजो, आदिबाट त्रासद, भययुक्त, कुण्ठित, दमित, शोषित, उत्पीडित, तनाव र विक्षिप्त भएर बाँच्नु परेको नेपाली सामाजिक परिवेश चित्रण भएको छ । यस उपन्यासका सम्पूर्ण पात्र सामाजिक परिवेशमा आधारित भएकाले विषय गठन पनि सामाजिक छ।

*अधुरो जिन्दगी* उपन्यास स्थानीय गाउँले परिवेशमा रचना भएको र गौण रूपमा सहरीया परिवेशको चित्रण गरिएको छ। स्थानीय बजारको चित्रणबाट नै उपन्यासको आरम्भ यसरी गरेका छन् : "हल्का जाडोको पर्दापणमा त्रिवेणी मेलाको स्थान..." (पृ.१) । यस उपन्यासमा अविकसित गाउँघरका निम्न वर्गीय किसान र श्रमजीवी जनताका दुरावस्थाहरूलाई उतारिएको छ । गरिब गाउँले वस्तीमा कृषि प्रविधिको अभाव झेल्दै, अशिक्षित अविकसित समाजमा पञ्चहरूको आतङ्क प्रस्तुत गरिएको छ । पञ्चायती व्यवस्थाका नकारात्मक पक्ष र मानवता विरोधी चरित्रलाई आख्यानीकरण गरिएको छ।

### ४.२.६ दृष्टिविन्दु

कथामा कुनै पात्रको केन्द्रीय भूमिका के छ ? अथवा कुन पात्रलाई मुख्य केन्द्र बनाएर भनिएको छ वा कथानकसँग त्यस पात्रको कस्तो सम्बन्ध कायम छ ? त्यसलाई दृष्टिविन्दु भनिन्छ । आन्तरिक र बाह्य गरी दृष्टिविन्दु दुई प्रकारका छन् । आन्तरिकतर्फ पनि केन्द्रीय र परिधीय दुई प्रकार रहेका छन्। आख्यानकार स्वयं उपस्थित भएर वा म पात्रको रूपमा प्रस्तुत हुने केन्द्रीय दृष्टिविन्दु हो भने पात्रको गौण भूमिका देखिने परिधीय दृष्टिविन्दु हो। त्यसैगरी बाह्य दृष्टिविन्दुलाई सर्वदर्शी, सीमित र वस्तुगत

गरी तीन प्रकारमा विभाजन गरिएको छ । सर्वदर्शी अन्तर्गत लेखकले प्राय सबै पात्रका मानसिक भावना, विचार, चिन्तन आदि कुरा व्यक्त गर्दै घटनाको विवरण दिएको हुन्छ । तसर्थ *अधुरो जिन्दगी* उपन्यासमा बाह्य र आन्तरिक दुवै दृष्टिविन्दुको प्रयोग गरिएको छ । रवि र रोमी अनि दिपक र दीपा दुई भिन्न पात्र खडा गरी उनीहरूको कथा उपन्यासमा भनिएको कारण बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु भन्न सकिन्छ । फेरि उपन्यासकार ठाउँ ठाउँमा आफैँ बोलेको हुँदा आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु पनि भन्न सकिन्छ ।

### ४.२.७ उद्देश्य

*अधुरो जिन्दगी* समाजको यथार्थ घटनामा आधारित भएकोले सामाजिक यथार्थवादी उपन्यास हो । नेपाली ग्रामीण समाजका यथार्थ घटनालाई जस्ताको तस्तै चित्रण गरिएको छ । दिल पौडेलका नयाँ कृतिका रूपमा औपन्यासिक बनोट र बुनोट गठन गर्न धेरै अपेक्षाहरू बाँकी रहे तापनि नेपाली समाजको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक संरचनाले प्रदान गरेका विभिन्न अनुभूतिका संरचनात्मक आयामहरूलाई समेट्ने प्रयास स्वरूप *अधुरो जिन्दगी* उपन्यास यथार्थवादी धारमा संरचित भएको छ (सिलवाल, २०७६,पृ. १३) । नेपालको राजनीतिक घटनाक्रमहरूलाई उपन्यासमा उतार्दै समाजको तीतो सत्य यथार्थ प्रस्तुत गरिएको पाइन्छ । उपन्यासकारको विचारपक्ष सशक्त रूपमा आएको छ । सामन्ती समाजका विकृति, त्यस ठाउँको अविकास, सामन्तहरूका अमानवीय व्यवहार, वर्गीय उत्पीडन र शोषकका अनेक रूपहरूको उद्घाटन यस उपन्यासमा गरिएको छ ।

*अधुरो जिन्दगी* उपन्यास सरल कथावस्तुमा आधारित छ । पञ्चायती व्यवस्थाका नकारात्मक पक्ष र मानवता विरोधी चरित्रलाई उक्त उपन्यासमा आख्यानीकरण गरिएको छ । यस उपन्यासका पात्रहरू अज्ञानी, अशिक्षित, सामन्ती सोच भएका, पछौटे संस्कृतिका, ऋण, डर, र आशङ्काका जालमा फसेका छन । यस उपन्यासमा तत्कालीन समयको नेपाली जनजीवनको प्रतिविम्ब प्रस्तुत गरिएको छ । उक्त उपन्यासमा शक्तिशाली नारीपात्रको उपस्थिति नभएको अनि शिक्षित, समाजचेत र प्रगतिशील विचार राख्ने नारीहरूको अभाव रहेको छ । आफूले चाहेको प्रेमको प्राप्तिलाई महत्त्व दिई न्याय दिलाउनको लागि भिड्ने आँट नभएका पात्रहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा गम्भीर जीवनवोध प्रस्तुत भएको छ । उत्पीडित वर्गको पक्षपोषण गर्नु, उत्पीडक वर्गको

विरोध गर्नु, मानवतावादको वकालत गर्नु, सामाजिक र राजनीतिक यथार्थको चित्रण गर्नु यस उपन्यासको मुख्य सारवस्तु रहेको छ ।

गरिबका जटिल जीवनस्थिति बोध गर्दै पछौटे र अविकसित समाजको वास्तविक स्वरूपको पर्दाफास गर्नु र पाठकमा निम्न वर्गीय उत्पीडनका विरुद्ध प्रगाढ समवेदना जगाउनु नै मुख्य सारवस्तु रहेको छ ।

### ४.२.८ भाषाशैली

*अधुरो जिन्दगी* उपन्यासको भाषाशैली सरल किसिमको छ । सरल, सहज तथा वर्णनात्मक शैलीको प्रयोग भएकाले कम पढेका व्यक्तिहरूले पनि सहजै रूपमा बुझ्न सक्ने भाषाको प्रयोग भएको छ । यस उपन्यासमा कतै कतै संवादात्मक शैली पनि पाइन्छ । यस उपन्यासमा अविधा शब्दशक्तिको आधिक्यता पाइन्छ । पात्रहरू जुन वर्ग र जुन स्तरका छन् तिनले बोल्ने भाषामा त्यही स्तरीयता वा स्वाभाविकता ल्याउने प्रयास गरिएको छ । पात्र–पात्रहरू बीचका संवादमा रोचकता पाइन्छ । त्यसैले यस उपन्यासमा आवश्यकता अनुसार संवादात्मक शैलीको प्रयोग भएको छ । पात्र अनुकूल स्थानीय भाषा र स्थानीय बोलीमा पात्रहरूलाई बोल्न लगाइएको कारण सरल भाषाको प्रयोग भएको छ ।

यस उपन्यासमा ठाउँ ठाउँमा अनुकरणात्मक शब्दको प्रयोग भएकाले पाठकलाई आकर्षित पारेको छ । ठाउँ–ठाउँमा प्रेमपत्र लेखन, गजल, गीत आदि समावेश गरेका र आफैं प्रश्न गर्दै आफैं उत्तर दिदैं गर्नाले पाठकको ध्यान आकर्षित गर्नु उपन्यासकारको मौलिक शैली मान्न सकिन्छ । रवि १० मा पढ्ने किशोर र रोमी कक्षा ९ मा पढ्ने नायक नायिकाको करिब दुई वर्षभन्दा बढी समयको उतारचढाव यस उपन्यासमा प्रस्तुत भएको छ । बिच बिचमा उखान टुक्काको प्रयोग भएको र उपन्यासकारले ग्राम्य घटना क्रमलाई प्राथमिकतामा राख्नाले त्यसको प्रभाव आकर्षक बन्न पुगेको छ । यो पुरुष प्रधान मानसिकता प्रखर रूपमा हावी भएको उपन्यास हो ।

### ४.२.९ शीर्षक सार्थकता

*अधुरो जिन्दगी* नेपाली समाजको वास्तविक घटनामा आधारित सामाजिक उपन्यास हो । यस उपन्यासमा उपन्यासकारले भोगेका, अनुभव गरेका, समाजमा घटेका यथार्थ घटनाहरूलाई रवि र रोमीको प्रेमिल घटना र दिपक र दीपाको रहस्यमय विवाह अनि दीपाको हत्यालाई आफ्नो कल्पना जालमा सजाएर उपन्यासको रचनामा मूल स्थान

दिएका छन् । उपन्यासकारले उपन्यासमा रवि र रोमीलाई मुख्य पात्रका रूपमा उपस्थित गराई अधुरो प्रेम र जीवन चित्रणलाई मुख्य औपन्यासिक कथ्य बनाएका छन् । दिपकले दीपालाई बिहे गरे पनि दिपकको षड्यन्त्रमूलक व्यवहारले दीपाको जीवन समाप्त भएको छ । दीपाको हत्यालाई सामाजिक अपराधको रूपमा चित्रण गरिएको र यस घटनालाई समाजको विकृति र विसङ्गतिको घटनालाई मुख्य कथावस्तु बनाइएको छ । यस उपन्यासका अधिकांश पात्रहरू दुर्घटना, मृत्यु, पलायन, धोका, धम्की, हत्या, बलात्कार, बाध्यता जस्ता घटनाका सिकार बनेकाले उनीहरूको जीवन अधुरो बन्न पुगेको छ ।

सामान्यबाट असामान्य अवस्थातिर अधिकांश घटनाहरू विकास भएका कारण उपन्यासका पात्रहरूले अधुरो जीवन बाँच्नु परेको छ । आशा र सौन्दर्यको स्थानमा निराशा र कुरूपतामा जीवन काट्न बाध्य भएकी दीपाको जीवन दिपक, मीना र सभापतिका षड्यन्त्रले हत्यामा परिणत भएको छ । रोमीका बुवाले प्रेम सम्बन्धी कठोर भाव बोकेका कारण रोमी र रविको जीवन दुःखान्तमय र अधुरो भएको छ ।

उपन्यासकारले रवि र रोमी अनि दिपक र दीपाको जीवनमा आएका अधुरा घटनालाई कथ्य आधार बनाई यस उपन्यासमा विषयवस्तु र शीर्षकका बीचमा सार्थकता ल्याउने प्रयास गरेकाले शीर्षक सार्थक बन्न पुगेको छ । दुई प्रेम कथालाई डोहोऱ्याएर अधुरो जिन्दगीमा उपन्यासको अन्त्य भएका कारण शीर्षक सार्थक छ ।

समग्रमा दिल पौडेलद्वारा लिखित *अधुरो जिन्दगी* पञ्चायती व्यवस्थाकालीन समाजका नकारात्मक पक्ष र मानवताविरोधी चरित्रलाई आख्यानीकरण गरेर लेखिएको सामाजिक यथार्थवादी उपन्यास हो । उपन्यासकारले सहज जीवनशैलीमा आफ्नै इच्छा चाहनाका कारण र पैसाको प्रलोभनका कारण आफू र अरूलाई अप्ठ्यारो परिस्थितिमा पुऱ्याएको विषयवस्तु प्रस्तुत गरेका छन् । मान्छेको इच्छा, चाहना, प्रेम नै दुःखको कारण बनेको छ । समाजका विसङ्गतिमूलक घटनालाई आफ्ना कल्पना जालले बुनेर उपन्यासको सिर्जना गर्नु पौडेलको खास विशेषता मान्न सकिन्छ । उनले नेपाली समाजका यथार्थ घटनालाई आफ्नो मौलिकपनमा प्रस्तुत गरेका छन् । समाजमा वर्गीय चरित्रका मान्छेहरू भएका कारण सामाजिक अपराध, बलात्कार, द्वन्द्व, मृत्यु जस्ता घटना घटेका कारण घटना प्रधान उपन्यास भन्न सकिन्छ । समाजका गरिब, निमुखा जनतालाई राजनीतिको आडमा र पैसा र पावरको आडमा विचल्ली पारिएको छ । दोषीलाई खुलेआम छोडी दिने र निर्दोष व्यक्तिलाई क्रुर यातना दिएको घटना यस

उपन्यासमा पौडेलद्वारा प्रस्तुत गरेका छन् । तत्कालीन ग्रामीण नेपाली समाजको जीवनस्थिति, शैक्षिक अवस्था, आर्थिक सङ्कट र तिनीहरूको जीवन पद्धति आदिको यथार्थपरक अङ्कन गरिएकाले यो उपन्यास सामाजिक यथार्थमा आधारित रहेको छ । सामन्ती समाजका विकृति, त्यस ठाउँको अविकास, अन्धविश्वास, सामन्तका अमानवीय व्यवहार, वर्गीय उत्पीडन, उच्च वर्गको निम्नवर्गमाथि शोषणका अनेक रूपहरूको उद्घाटन गर्दै उपन्यासकारले समुन्नत र न्यायपूर्ण समाजको अपेक्षा *अधुरो जिन्दगी* उपन्यासमा गरेका छन् । त्यसैले यो उपन्यास हृदयस्पर्शी वियोगान्त उपन्यास बन्न पुगेको छ ।

## ४.३ 'केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन' समालोचना सङ्ग्रहको विश्लेषण

### ४.३.१ परिचय

समालोचना साहित्यका चारै विधा (कविता, आख्यान, नाटक र निबन्ध) को व्याख्या विश्लेषण र मूल्याङ्कन गर्ने विधा हो । समालोचनालाई साहित्यको समीक्षात्मक लेखन पनि भनिन्छ । लेखकको सिर्जनालाई चिनाउन वा पाठकलाई बुझाउन समालोचनाको आवश्यकता पर्ने हुनाले समालोचकले साहित्यका सबै विधामा ज्ञान आर्जन गर्नु आवश्यक छ । कुनै पनि साहित्यिक विधाको समालोचना गर्नु भनेको समालोचकलाई चुनौतीपूर्ण हुन्छ । यस्तै चुनौतीपूर्ण कामलाई दिल पौडेलले औपचारिक अध्ययनबाट प्राप्त ज्ञान र स्वाध्ययनबाट आर्जन ज्ञानको समन्वय गरेर सन्तुलित ढङ्गले समालोचना गरेका छन् । दिल पौडेलले *केही साहित्यिक कृतिहरूको अध्ययन* समालोचना सङ्ग्रहमा विभिन्न दश विधाका रचनाको समालोचना गरेका छन् । यसको अलावा उनले अन्य कृतिको पनि समालोचना गरेर विभिन्न अनलाइन र पत्रपत्रिकामा प्रकाशन गरेको केही उदाहरण यसप्रकार छन् :

उनले यस सङ्ग्रहमा समावेश दश कृतिहरूलाई समाजका विकृतिले ग्रसित सामाजिक समस्यालाई चिरफार गर्दै वस्तुपरक र छोटो भाषाको प्रयोग गरेर समालोचना तयार पारेका छन् । उक्त कार्यमा समालोचना सङ्ग्रहको शिल्पसंरचना र विभिन्न दश कृतिका परिचय प्रस्तुत गरिएको छ ।

### ४.३.२ विषयवस्तु

समालोचक दिल पौडेलले विभिन्न समय र सन्दर्भमा गरिएका समीक्षात्मक, समालोचनात्मक आलेखलाई यस समालोचना सङ्ग्रहमा समावेश गरेका छन् । उनले यस

कृतिमा चन्द्रप्रसाद न्यौपानेको *उज्यालोको खोजीमा* निबन्धसङ्ग्रह, राम केसी चौतारेको *उत्पीडन* कथासङ्ग्रह, यदुनाथ बसन्तपुरेको *मायाको तरेली* गीतसङ्ग्रह, गोमा, शेरबहादुर, प्रतिभा र कृष्णा ढुङ्गानाको संयुक्त *आमाबाबु र छोराछोरीका कविता* कवितासङ्ग्रह, गेहनाथ गौतमको *उत्तर मसान* पूर्णाङ्की नाटक, केशवलोचन शर्माको *अनुभव र अनुभूति* कथासङ्ग्रह, डम्बर र सिक भारतीको *भूइँकुहिरो* लघुकथासङ्ग्रह, जीवन श्रेष्ठको *झरेका फूलहरू* मुक्तकसङ्ग्रह, ध्रुवलाल श्रेष्ठको *भाव मञ्जरी* कवितासङ्ग्रह र जेनु बस्नेतको *छचल्किएका आँसुहरू* गीतसङ्ग्रह गरी जम्मा दश वटा कृतिहरूको समालोचना गरेका छन् ।

पौडेलले *केही साहित्यिक कृतिहरूको अध्ययन* समालोचना सङ्ग्रहमा विधागत मान्यताका आधारमा कृतिमा व्यक्त चिन्तनको व्याख्या विश्लेषण गरेका छन् । डा.हरिप्रसाद सिलवालका अनुसार :"वर्णनात्मक शिल्पमा कृतिहरूको विवेचना गरी समालोचक पौडेलले ती कृतिमा निहित मूलभूत कथ्य र तथ्यलाई प्रकाश पारेका छन् । जटिल रूपमा सिद्धान्त राख्ने, विधि बनाउने, लम्बाउने, दर्शन स्थापना गर्ने कुनै पनि शैली प्रयोग नगरी स्पष्ट रेखामा आफ्नो बोध पाठक सामु सम्प्रेषण गर्ने समालोचकीय शिल्प सौन्दर्य दिल पौडेलमा निहित प्रवृत्ति हो" (सिलवाल, २०७६, पृ.११७) । कृतिमा व्यक्त भएका भावलाई स्वाभाविक ढङ्गले प्रस्तुत गर्नु उनको विशेषता मान्न सकिन्छ ।

दिल पौडेलले चन्द्रप्रसाद न्यौपानेको *उज्यालोको खोजीमा* निबन्धसङ्ग्रहको निबन्ध तत्त्वलाई आधार बनाएर विश्लेषण गरेका छन् । चन्द्रप्रसाद न्यौपानेलाई सिन्धुका शिखर साहित्यकार मानिन्छ । दिलले *उज्यालोको खोजीमा* निबन्ध सङ्ग्रहमा समावेश सबै निबन्धको चिरफार गरेका छन् । महाकाव्य लेखन र प्रकाशनमा महाकवि देवकोटालाई पनि उछिनेका साहित्यकार न्यौपानेको उक्त निबन्धात्मक कृतिलाई समालोचक पौडेलले सरल र सहज शैलीमा विधागत दृष्टिले केलाएका छन् (सिलवाल, २०७६, पृ. ११९) । पौडेलले समाजमा व्याप्त विसङ्गतिमाथि तीव्र व्यङ्ग्य भावलाई मुख्य चिन्तनको रूपमा विश्लेषण गरेका छन् ।

समालोचक दिल पौडेलले कथाकार राम केसी र उनका सामाजिक कथाहरू शीर्षकमा *उत्पीडन* कथासङ्ग्रहको विश्लेषण गरेका छन् । उनले यस कथा सङ्ग्रहमा भएका सबै कथाहरूको वस्तुपरक विवेचना गरेका छन् । यसमा समालोचकले करुण रसको प्रभावलाई देखाउँदै आदि, मध्य र अन्त्यको क्रमिकतामा राखे पनि परम्पराअनुसार चित्रण नगरेको बताएका छन् । समालोचकले उत्पीडन कथासङ्ग्रहमा विधागत शीर्षक

नराखी समग्रमा नेपाली समाजको दबाब, सामन्ती सोच, नारी उत्पीडनको चित्रण गरेका छन् ।

यस कृतिमा पौडेलले गीतकार यदुनाथ वसन्तपुरेको *मायाको तरेली* लोकगीत सङ्ग्रहलाई विश्लेषण गरेका छन । उनले यस रचनालाई संरचना, विषयवस्तु, भाषाशैली र उपसंहारका आधारमा विश्लेषण गरेर लोकभावको समेत चित्रण गरेका छन् ।

गोमा, शेरबहादुर, प्रतिभा, कृष्णा ढुङ्गानाको *आमाबुबा र छोराछोरीका कविता* कविता सङ्ग्रहको मानवतावादी दृष्टिले चित्रण गरेका छन् । यस कविता सङ्ग्रहमा एकै घरका आमा, बुबा, छोरा र छोरीका कविताहरू सङ्कलित छन् । हरिप्रसाद सिलवालको भनाइ अनुसार कवितामा प्रयुक्त सौन्दर्यशास्त्रीय दृष्टिकोणलाई पनि समालोचकले मनोविज्ञान, व्यङ्ग्य प्रहार, मानवताको उद्घाटन गरिएको कवितात्मक सामर्थ्यको सुन्दर चर्चा गरेका छन्'' (सिलवाल, २०७६, पृ.१२१) । समालोचक दिल पौडेलले विभिन्न विधाका सृजनामा समालोचना प्रस्तुत गर्ने सिलसिलामा नाटककार गेहनाथ गौतमको नाट्यकारिता र उत्तर मसानको विवेचना गरेका छन् । उनले यस कृतिले विषयवस्तुको गहिराइ भेट्न नसकेको र पात्रहरूको भूमिका सशक्त नपारिएका कारण विचारतत्त्व शून्य भएको बताएका छन् । यस कृतिलाई दिलले विषयवस्तु, शैली र सम्प्रेषणका आधारमा विवेचना गरेका छन् ।

दिलले कथाकार केशवलोचन शर्माको सामाजिक यथार्थवादी कथासङ्ग्रह *अनुभव र अनुभूति* कथासङ्ग्रहको विवेचना गरेका छन् । उनले यस कृतिलाई सामाजिकता, मनोविज्ञान, विषय कथानक, परिवेश, संवाद, विकृति-विसङ्गति, पात्र वा चरित्र चित्रण, द्वन्द्व-प्रतिद्वन्द्व, कौतुहलता , शिल्प प्रविधि र भाषा शैलीका आधारमा विवेचना गरेर चिनाएका छन् । यस कथासङ्ग्रहको सामाजिकता समालोचकले यसरी प्रष्ट पारेका छन् : ''समाजका मानवीय विवशता, बाध्यता, विसङ्गति र विषमताजन्य विडम्बनापूर्ण विकृतिले ग्रसित सामाजिक समस्यालाई कथावस्तु बनाई कथाकार केशवलोचन शर्मा सामाजिक कथाकारको रूपमा देखापरेका छन् र उनका कथामा समाज अत्यन्त असङ्गत, विषमतापूर्ण र सक्रमणकालीन देखिन्छ'' (पौडेल, २०६१ चैत, पृ.४७) । समाजको यथार्थ धरातलमा आधारित गाउँले जनजीवनको वास्तविक चित्रण नै यस सङ्ग्रहको खास विशेषता मान्न सकिन्छ ।

समालोचना सङग्रह तयार पार्ने क्रममा दिल पौडेलले डम्मर रसिक भारतीको *भुइँकुहिरो* कथा सङ्ग्रहको विषय, परिवेश, भाषशैली र उद्देश्यका आधारमा सरल तरिकाले विवेचना गरेको पाइन्छ । यस लघुकथा सङ्ग्रहमा निहित व्यङ्ग्यात्मक सामर्थ्यमाथि समालोचकले स्पष्ट पारेका छन् ।

यसैगरी दिलले जीवन श्रेष्ठको मुक्तक सङग्रहको विवेचना गरेका छन् । उनले यस मुक्तक सङ्ग्रहको भाव पक्षलाई बहत्तरवटा सार भावको बुँदामा विवेचना गरेका छन् । "मसिनोसँग मुक्तकहरूको भाव, राग, सन्देश, विषय, भाषा, व्यङ्ग्यका बारेमा समालोचकले विवेचना गरेका छन् ।

समालेचक दिल पौडेलले ध्रुवलाल श्रेष्ठको *भावामञ्जरी* नामक कविता सङ्ग्रहको सौन्दर्य चिन्तनको विश्लेषण गरेका छन् । "मृदुभाषी कवि ध्रुवलाल श्रेष्ठ मानवतावादी दृष्टिकोण राख्छन् अनि कविताहरूको माध्यमले कुरीतिप्रति अनास्था र वर्तमानप्रति असन्तोष फ्याक्छन् । उनका कवितामा भावनात्मक तुफानहरूले शान्तप्रियता र माङगलिक कार्यको अपेक्षा राख्छन्" (पौडेल, २०६१, पृ.७६) । दिलले यस कविता सङ्ग्रहमा अभिव्यक्त समसामयिक चिन्तन पक्षको बारेमा गहिरो विश्लेषण गरेका छन् ।

दिल पौडेलले यस कृतिमा विभिन्न विधाहरूको समालोचना गर्दै जाने क्रममा जेनु बस्नेतको 'छचल्किएका आँसुहरू' गीत सङ्ग्रहको पनि समालोचना गरेका छन् । उनले यस सङ्ग्रहमा सङ्ग्रहित गीतको भावलाई अलग अलग बुँदामा राखेर विवेचना गरेका छन् । पौडेलले यस कृतिलाई विवेचना गर्ने क्रममा प्रस्तुत कृतिमा वियोग, व्यथा, विरह, सपनाको अपूर्णता, मायाप्रेमको परिभाषा, समर्पणको भाव, पराजित मनोभाव, एक्लो हुनुको पीडा, अभिसप्त जीवन, बन्धनयुक्त बोझमय जीवन विवशताजस्ता विविध विषयवस्तुको संयोजन भएको बताएका छन् ।

प्रस्तुत समालेचना सङ्ग्रहमा दिल पौडेलले समग्रतापरक र विधापरक दृष्टिकोणलाई अङ्गाल्दै समालोचना गरेका छन् । उनका यस सङग्रहका समालोचना वस्तुपरक र प्रभावपरक प्रवृत्तिका देखिन्छन् । समालोचकले आफ्नो विवेक र क्षमताले भ्याएसम्म कुनै दाउपेच वा आग्रह पूर्वाग्रह नराखी समालोचना गरी पाठकहरू सामुन्ने पस्केको बताएका छन् । पौडेल सामाजिक उल्झनमाथि सामाधानको विचार स्थापित गराउन चाहन्छन् ।

समालोचक दिल पौडेलको *केही साहित्यिक कृतिहरूको अध्ययन* नामक समालोचना सङ्ग्रह उनको पहिलो र एकमात्र समालोचना कृति हो । यस सङ्ग्रहमा विभिन्न दश कृतिहरूको विभिन्न दृष्टिकोणले विवेचना गरिएको छ । जन्मथलो सिन्धुली र कर्मथलो सिन्धुपाल्चोक (२०६१) बनाएका दिलले दश जना साहित्यकारहरूको कृतिको समालोचना तयार पार्ने क्रममा कृति लेखकहरूलाई समेत चिनाएका छन् । उनले विभिन्न दश जना साहित्यकारको चिनारी सहित कृतिको विवेचना गर्नु नेपाली साहित्यमा नौलो प्रयास मान्न सकिन्छ । विनोद मन्जनका अनुसार "कुनै पनि कार्यमा मनले चिताएपछि दत्तचित्त भएर लाग्ने दिलमा पाश्चात्य शास्त्रीय चिन्तन र संस्कृति काव्य शास्त्रीय चिन्तनको समन्वय गरेर समालोचना गर्ने विशेषता पाइन्छ" (मन्जन, २०७५, पृ.७९) । समालोचकले आफ्नो समालोचना सङ्ग्रहमा प्रभावपरक, विधापरक, वस्तुपरक, सौन्दर्यशास्त्रीय जस्ता विभिन्न आधारबाट कृतिको विश्लेषण गरेका छन् ।

### ४.३.३ शिल्पसंरचना

दिल पौडेल (२०२८) द्वारा लिखित *केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन समालोचनासङ्ग्रह* (२०६१) मा प्रकाशित भएको हो । उनले ११२ पृष्ठमा समाहित यस सङ्ग्रहमा केही साहित्यकारका विभिन्न १० विधामा समालोचना गरेका छन् । सबै विधाका रचनामा समालोचना गरिएको यो आफैँमा नौलो कृति हो ।

### ४.३.४ दिल पौडेलको 'कात्रोमा मेरो देश' कविता सङ्ग्रहको विश्लेषण

#### ४.३.४.१ परिचय

दिल पौडेलद्वारा रचित फुटकर गद्य कविताहरूको सङ्गालो *कात्रोमा मेरो देश* कवितासङ्ग्रह भक्तपुर साहित्य समाजले (२०६३) साल भाद्रमा प्रकाशित गरेको हो । उक्त कृतिको विश्लेषण शिल्पसंरचना, विषयवस्तु, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास आदि विभिन्न कोणबाट गरिएको छ ।

#### ४.३.४.२ विषयवस्तु

*कात्रोमा मेरो देश* कवितासङ्ग्रहमा सङ्कलित कविताहरू सामाजिक विकृति, स्वार्थी संसार, विवेकहिन कर्मचारीतन्त्र, राष्ट्र प्रेम, मानवीय र प्रकृतिको प्रेम लगायतका भावमा केन्द्रित भएका छन् । "दिल पौडेलका यस सङ्ग्रहमा परेका कविताहरूमा

मूलरूपमा देशमा भइरहेको थिचोमिचो, अन्याय, अत्याचार, राजनीतिक प्रवृत्ति तथा मान्छेको तानाशाही प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । यिनले ठुलो भए पनि या सानो भए पनि तानाशाह तानाशाह नै हुन्छ भन्ने निष्कर्ष पनि निकालेका छन् । देशमा भइरहेको राजनीतिक, आर्थिक तथा सामाजिक शोषणका सन्दर्भमा कतिपय मान्छेले मान्छेजस्तै बाँच्न नपाएको कुरा उल्लेख गरेर मान्छेमा मानवतावादी दृष्टिकोण विकास हुनुपर्ने कुरा एकातिर कविले प्रष्ट पारेका छन् भने उनको मूल उद्देश्य भने नेपाल र नेपालीको भविष्य उज्ज्वल होस् भन्ने छ । वर्तमान द्वन्द्वबाट पीडित भइरहेको आजको अवस्थाबाट मुक्त नहुन्जेल हामीले सुखको सास फेर्न पाउँदैनौ भन्ने निष्कर्ष पनि उनले कतिपय कवितामा प्रस्तुत गरेको पाइन्छ (बराल, २०७५, पृ.४) ।

पौडेलले यस कविता सङ्ग्रहमा समयको तस्वीर एवम् सामाजिक विषयवस्तुमा कलम चलाएका छन् । उनको कवितामा समसामयिक स्वर यसरी मुखरित भएको छ ।

ऐना कहिल्यै झुट बोल्दैन

पूजा स्थलमा मान्छेले झैँ

बलि दिन मान्छे ठेल्दैन (मान्छे र ऐना,पृ.१) ।

अन्याय, अत्याचार, शोषण, भ्रष्टाचार, गरिबी, चित्कार, दमन, उत्पीडन मात्र हैन, मानवीय समवेदना र यथार्थता अनि जीवनदर्शन पनि यस कविता सङ्ग्रहका विषयवस्तु हुन् । मान्छेले जीवन भोग्ने क्रममा मान्छे भएर बाँच्न कठिन भइरहेको परिप्रेक्षमा *सिडियोको सेतो घोडा* शीर्षक कवितामा मुखरित भएको छ । कविले कतै देश दु:खेको कुराहरू उल्लेख गरेका छन् भने कतै चाकडी चाप्लुसी गर्ने जागिरेमाथि व्यङ्ग्य कवितामार्फत व्यक्त गरेका छन् । कवि दिल पौडेल सरकारी कर्मचारी भएर विभिन्न ठाउँमा पुग्दा त्यहाँ गरेका अनुभूतिहरू कवितामा उतारेका छन् । सिन्धुपाल्चोकको चौतारा पुगेको समयमा सोही शीर्षकको कवितांश यस्तो छ :

चौतारा,

पलायन मेलम्चीको दु:ख टेकेर

असहमति, अस्वीकृतिका साँझहरू

च्याप्प अङ्गाल्दै

कुइरोसँगै उकालिन्छ-जुगल भेट्न

सजाएका सुन्दर सपना

आफैँ हराएको सूचना च्यातेर

संवेदनाहीन बेमूल्य बाँच्नेहरूको खोंचमा

आस्था हराएको शिविर बनाइरहेछ (चौतारा, पृ.११) ।

पौडेलका कविताहरूले हाम्रै वास्तविक समयलाई प्रतिविम्बित गरेको छ । कविले आफ्नो भावनामार्फत् समाज र समयको ऐनामा कुरूप र सुन्दर दुबै खाले चित्र उतारिदिएका छन् ।

कविले देशको वस्तुस्थिति, जनताले भोग्नु परेको दुर्नियति, दुर्भाग्य, हिंसा–प्रतिहिंसाले पार्ने दूरगामी प्रभाव अभिव्यञ्जित गर्दा नवीन शैलीमा नभएको हुनसक्छ, हृदयपटमा जुनबेला जे पल्लवित भयो त्यही तस्वीर यहाँ प्रस्तुत गरिएको छ । उनले राजनीतिक विषयवस्तु, सामाजिक विकृति, भ्रष्टाचार, गिर्दो मानवता, तत्कालीन समयमा भइरहेको द्वन्द्वको चित्रण आदि विषयवस्तुको प्रयोग गरी कविताको रचना गरेका छन् । स्वार्थ, अविश्वास, दुष्कर्म, अन्याय, अत्याचार, असत्यप्रति कवितामार्फत विरोध गरेका छन् ।

बैंसका फूल झरेको थाहा नहोला

सृष्टि हो–गुफा भित्रैभित्रबाट

जरुवा पानी बगिरहन्छ

आहारिसे लाटाकोशेराहरू (मेरो अपेक्षा अक्षरसँग, पृ.१४) ।

दिल पौडेलका यस सङ्ग्रहका कवितामा मानवतावादी विचारको उद्घोष गरिएको पाइन्छ । केही कविताहरूको भावले कविको जीवन र जगत्प्रतिको अनुभूति व्यक्त गरेको पाइन्छ । खासगरी २०४६ सालको राजनैतिक परिवर्तनसँगै जन आकाङ्क्षाको विपरीत नेपाली राजनीति, प्रशासनतन्त्र आदिमा मौलाएका विकृति र विसङ्गतिहरूको चिरफार गर्नमा कविको ध्यान बढी केन्द्रित भएको देखिन्छ ( कला, २०७५, पृ.१२६ ) । आफ्ना अनुभव, विसङ्गति र मानवीय समवेदनाको ह्रासमूलकताको पहिचान गरी कविता लेख्नु पौडेलको खास विशेषता मान्न सकिन्छ । कविले नेपाली समाजको पीडालाई कवितामार्फत व्यक्त गरेका छन् । जीवन आशा र निराशाको संघारमा विभक्त भएको अवस्थालाई चित्रण गर्दै यस्तो कविता लेखेका छन् ।

निकम्मा र बेकम्मा युग

मात्र एम्बुस थापिरहन्छ

मस्तिष्कमा राजनीतिक ट्युमर उब्जाउँदै

घाटमा मानवता पोल्छ

चेतनाको लेपन बोक्दै गन्हाउँछ

धेरै गन्हाउँछ

निस्सासिनु, किच्चिनु, थिच्चिनु जस्ता

नियमिततालाई निरन्तरता दिँदै

दृष्टि, चेतना, अस्तित्व विभक्त गर्छ (एक्काइसौँ शताब्दी, पृ. २०) ।

कविले मानव जीवनको दर्दनाक अवस्थालाई कवितामार्फत् व्यक्त गरेका छन् । "सोचेजस्तो जीवनका अपेक्षाहरू पूरा हुँदैनन् तर प्रगति र प्रतिबद्धताको यात्रालाई झन् कसिलो पार्नुपर्छ भन्ने आशावादी स्वरलाई कवि पौडेलले व्यक्त गरेका छन् । युद्ध अशान्ति र अभावका बिचबाट शान्ति, स्वतन्त्रता र शक्तिको सञ्चयमा लम्कनु पर्ने मानवीय चाहनालाई उनले मूल स्वर बनाएका छन् । कवि पौडेलका कवितामा विषयवस्तुको चयन यथार्थ परिवेशबाट गरिएको छ" (सिलवाल, २०७५, पृ.५७) । नारीप्रतिको नकारात्मक र सकारात्मक भावलाई कवितामार्फत् व्यक्त गरेका छन् ।

कविले देश भक्तिको भाव व्यक्त गरेका छन् । यस सङ्ग्रहको एउटा कवितामा मात्रै "नारीहरूको नखशिखाको वर्णन गर्ने माध्यमिक कालीन नेपाली कविताको शृङ्गारिक प्रवृत्तिको आधुनिक संस्करण मान्दा हुन्छ" (दाहाल, २०७६, पृ. ४१) । नारीलाई हेर्ने दृष्टिकोण कमजोर भएका कारण समाज अशान्त, विसङ्गत, हत्या, हिंसा, बलात्कार जस्तो दलदलमा फसेको कुरा कवितामा व्यक्त गरेका छन् ।

त्यसैले नारीहरू

कसैका लागि उपन्यास भए

कसैका लागि वसन्त ल्याए

कसैका लागि कथा भए

कसैका लागि व्यथा

अनेकौँ रोगका व्यथा ( नारीहरूलाई, पृ.२८ ) ।

कवि दिल पौडेलले *कात्रोमा मेरो देश* कविता सङ्ग्रहमार्फत् स्वार्थी संसार भित्र उज्यालो खोजी गर्दै आशा र निराशाको स्वर व्यक्त गरेका छन् । नेपाली समाजमा विद्यमान विसङ्गतिजन्य यथार्थलाई आफ्नो भावनाले सजाएका छन् । समाजको दर्दनाक अवस्थालाई व्यङ्ग्य गर्दै प्रकृति प्रेम पनि व्यक्त गरेका छन् । उनी अन्तरर्वाताको क्रममा सिमाना मिचाहा भारतप्रति जङ्गिदै भन्छन् : दक्षिण एसियाका साना राष्ट्रको स्वतन्त्रतामाथि भारत खतरा हो । नेपाली समाजको यथार्थ घटनालाई आफ्नो कवितासङ्ग्रहको विषयवस्तु बनाएर त्यसको गहिराइसम्मै पुगेर पहिचान गर्नु उनको खास विशेषता मान्न सकिन्छ ।

### ४.३.४.३ शिल्पसंरचना

दिल पौडेलको *कात्रोमा मेरो देश* कवितासङ्ग्रहका कविताहरूले नेपालको समसामयिक विषयवस्तु र वैयक्तिक चिन्तनलाई प्रतिनिधित्व गरेका छन् । गद्य कविताहरूको सङ्गालो यस कवितासङ्ग्रह चालिस पृष्ठ सङ्ख्यामा एकतिस थान कविताहरू सङ्गृहीत भएका छन् । एकतिस थान फुटकर कविताहरूलाई दुई भागमा विभाजन गरिएको छ । खण्ड 'क'मा पन्ध्र र खण्ड 'ख'मा सोह्र थान कविताहरू सङ्गृहीत भएका छन् । कविले विभिन्न शीर्षक राखी रचना गरेका खण्ड 'ख'का कविताहरूलाई प्रारम्भिक चरणका सृजनाका रूपमा राखेका छन् भने खण्ड 'क'का कविताहरूलाई वर्तमान समय परिवेशको उपजका रूपमा स्वीकार गरेका छन् । यस सङ्ग्रह भित्रका कविताहरूले मुख्य रूपमा नेपाली समाजका थिचोमिचो, अन्याय, अत्याचार, शोषण, राजनैतिक विकृति एवं तानाशाहका कुकृत्यको विरोध गरेका छन् ।

### ४.३.४.४ परिवेश

*कात्रोमा मेरो देश* कविता सङ्ग्रहको परिवेश नेपाली समाज नै रहेको छ । नेपाली ग्रामीण जीवनको असुविधा, तत्कालीन राजनीतिक प्रणालीका विकृति–विसङ्गति, उच्च वर्गको थिचोमिचो, तानाशाहवादको असमान व्यवहार र विवेकहीन कर्मचारीतन्त्र भित्रको चाकरी आदि समस्या जनताले भोग्नु परेको परिवेश उक्त सङ्ग्रहमा आएका छन् । नेपाली समाजका पक्षपात, धनाढ्य व्यक्तिहरूको चुरीफुरी, अन्याय, अत्याचार, भ्रष्टाचार आदि यस कविता सङ्ग्रहको परिवेश बनेका छन् । कवि पौडेलले समाजका स्वार्थी प्रवृत्ति, अन्याय, नातावाद, असत्य, अविश्वास, दुष्कर्म र आडम्बरयुक्त बन्दै गएको मान्छेको

वास्तविक चित्र कवितामा उतार्नुका साथै वैयक्तिक, विसङ्गत परिवेशका अनुभूतिहरू सशक्त रूपमा प्रस्तुत गरेका छन् ।

यस कवितामा कवि पौडेलले विसङ्गतिपूर्ण समाजको यथार्थ चित्रण गरेका छन् । उनले राजनीतिले मानवता बिर्सन नहुने बताएका छन् । विसङ्गत र भयग्रस्त नेपाली परिवेशको वास्तविक चित्रण *कात्रोमा मेरो देश* कविता सङ्ग्रहमा पाइन्छ । कविले समय सँगसगै हिँड्न नसकेको नेपालको अवस्था चित्रण गर्दै सुधार र परिवर्तनको लागि खबरदारी गरेका छन् । कविले जिल्लामा सिडियोले मातहतका कर्मचारीहरूलाई घोडाझैँ ठानी त्यस्तै व्यवहार गरेको देखि सोही परिवेशलाई आधार बनाएर कविता सिर्जना गरेका छन् । दुःखद परिवेशको चित्रण गर्दै प्राकृतिक, सामाजिक, राजनीतिक, आर्थिक आदि सन्दर्भसँग गासिएका नेपाली ग्रामीण समाजको परिवेशको चित्रण यस कविता सङ्ग्रहमा प्रस्तुत भएको पाइन्छ ।

### **४.३.४.५ उद्देश्य**

दिल पौडेलद्वारा लिखित *कात्रोमा मेरो देश* कविता सङ्ग्रहले मुलुकले राजनीतिक फड्को मारिसक्दा पनि दलहरूबिच एकता हुन नसकेको यथार्थलाई उजागर गर्दै राजनीतिक माहौलमा देश र जनता पीडित बनेको र प्रतिक्रियावादी र प्रतिगामीहरूको चलखेल रहेसम्म देशमा लोकतन्त्र आइसकेर पनि त्यसको सदुपयोग हुन नसकेको अनुभव कवितामा रहेको पाइन्छ । कविले कविता लेखनको उद्देश्य मानवीय सौन्दर्यको खोज हो भनेका छन् । समाज र देशको मुक्ति सन्दर्भलाई विम्ब र प्रतीकका माध्यमले राष्ट्रिय भावधारा मुखरित गर्नु यस कविता सङ्ग्रहको उद्देश्य रहेको छ । झुट र आडम्बरयुक्त बन्दै गएको मान्छेको चित्र उतार्नु यस कविता सङ्ग्रहको मुख्य उद्देश्य रहेको छ । देशमा रहेको विद्यमान राजनीतिक, आर्थिक र सामाजिक शोषणका सन्दर्भमा धेरैजसो मान्छेले मान्छेको रूपमा बाँच्न नपाएको मानवतावादी दृष्टिकोण उजागर गरेको पाइन्छ भने अर्कोतर्फ नेपाल नेपालीको भविष्य उज्ज्वल होस् र द्वन्द्वको चपेटाबाट देश र जनताले मुक्तिको सास फेर्न पाऊन् भन्ने *कात्रोमा मेरो देश* कविता सङ्ग्रहको मुख्य उद्देश्य रहेको छ । *कात्रोमा मेरो देश* कविता सङ्ग्रहमा जीवन दर्शन मानवतावादी दृष्टिकोण साथै राष्ट्रिय भाव प्रकट भएको पाइन्छ अनि विसङ्गति र अनुभूतिको गुम्फन प्रकट भएको पाइन्छ ।

### ४.३.४.६ भाषाशैलीय विन्यास

दिल पौडेलको *कात्रोमा मेरो देश* कवितासङ्ग्रहमा प्रयुक्त भाषा अत्यन्त सहज, सरल र सम्प्रेष्य छन् । यसको भाषा प्रयोगमा कतै पनि जटिलता पाइँदैन । नेपाली भाषामा बहुप्रचलित सरल शब्दहरूको सहज र कलात्मक प्रयोग गरिएको यस कविता सङ्ग्रहको शैली सरलता, बोधगम्यता र सलल्ल बगेको पाइन्छ । अत्यन्तै सरल शब्दहरूको चयन गरी गद्य शैलीमा रचना गरिएको यस सङ्ग्रहका कविताको भावमा देशप्रेम, प्रकृतिप्रेम, भ्रष्टाचार विरोधी आवाज पाइन्छ । कवितामा प्रयोग भएका प्रश्नवाचक, विस्मयादिबोधक, अल्पविराम, पूर्णविराम आदि चिह्नहरूको प्रयोगले कविताको भावलाई गम्भीर र थप ओजपूर्ण बनाएका छन् । उनले ऐना, सेतो घोडा, कात्रो, बिच्छी, काग, छेपारो, सलह, सालक, जून, तारा, बौलाहा, कुकुर, बाज, बादल, रुख आदिलाई प्रतीकका रूपमा प्रयोग गरेका छन् (बराल, २०७५, पृ. ६) । *कात्रोमा मेरो देश* कविता सङ्ग्रहमा कविले क्रान्ति र परिवर्तनको स्वरलाई मुख्य आधार बनाई शीर्ष कवितामा वीर रसको प्रयोग गरेकाले कविता सामाजिक अन्याय विरोधी मान्यताबाट अगाडि बढेको देखिन्छ ।

कवि दिल पौडेलले सरल र मिठो शब्द चयन गरी मिठै शैलीमा सामाजिक विषयवस्तु यस कविता सङ्ग्रहमा पस्केका छन् । गद्य लयको प्रयोग भएको फुटकर रचनामा सङ्ग्रहित कविताहरू अलङ्कार, प्रतीक र विम्बको प्रयोगले झन् आकर्षक बन्न पुगेका छन् । उनका कविताले आञ्चलिक विषयवस्तुलाई पनि पक्रेको पाइन्छ । उनले आफ्ना कवितामा व्यङ्ग्यभाव व्यक्त गर्दै कलात्मकतामा पनि जोड दिएका छन् । विम्ब र प्रतीकको प्रयोगमा कवि सफल देखिन्छन् । उक्त कृति विषयपरक मात्र नभई भावपरक ढङ्गले पनि ग्रहण गर्नु पर्ने कविको भनाइ छ ।

समसामयिक विषयवस्तुमा आधारित दिल पौडेलको *कात्रोमा मेरो देश* कविता सङ्ग्रहका कविताहरू नेपाली भूमिमा भइरहेको थिचोमिचो, राजनीतिक विकृति, तानाशाही प्रवृत्ति, अन्याय, अत्याचार, भ्रष्टाचार आदि विषयवस्तुमा केन्द्रित छन् । कविले उच्च वर्ग र नीच वर्गका बीचको शोषण र गिर्दो मानवताप्रति गहिरो चिन्ता प्रकट गरेका छन् । गेहनाथ गौतमका अनुसार काठमाडौँलाई मेलम्ची पानीले नुहाउने योजना अलपत्र परेको सन्दर्भमा काठमाडौँले मेलम्चीलाई सिन्दुर हालेको वा दलालहरूले सर्वाङ्ग नाङ्गो पारेको कल्पना गर्न पुगेका छन् (गौतम, २०७५, पृ. १३६) । कविले राष्ट्रप्रेम, प्रकृतिप्रेम,

आञ्चलिकता आदि कुरालाई साथै लिदै समाजको विकृति, विसङ्गतिमाथि तिखो व्यङ्ग्य भाव प्रहार गरेका छन् ।

कात्रो शब्दलाई कविले देश विघटनको यात्रामा नजाओस् भन्ने भावमा व्यक्त गरेका छन् । अहितका र चरित्रप्रति व्यङ्ग्य गर्दै मान्छेमा सद्भाव र सत्चरित्र विकसित गराउने उद्देश्य कविको रहेको छ । सामाजिक आदर्शमा नयाँ मोडको अपेक्षा, नैतिकता, मानवता र आदर्शको आरम्भ गर्ने चेतनाको उद्बोधन मान्छेले अँगाल्नु पर्ने बाटोको निर्देश पौडेलका कवितामा व्यक्त भएका छन् । पौराणिक अर्थात् मिथकीय विम्ब विन्यास मानवतावादी भएर कर्तव्यमा जुटिरहने सन्देश कवितामा व्यक्त भएको छ । मृत्युपछि लासलाई बेर्ने कपडालाई कात्रो भनिन्छ । कविले कात्रोमा भन्नुको ध्वन्यार्थले अर्थ बहुलता र देशको शान्ति हराएको सन्दर्भमाथि ध्वन्यात्मक प्रहार गरेका छन् (सिलवाल, २०७६, पृ. ५३) । देशप्रेमी भावना बोकेका कवि पौडेलले आफ्नो व्यङ्ग्यात्मक चेतनालाई संश्लिष्ट गरी यस सङ्ग्रहको शीर्षक चयन गरेकाले शीर्षक सार्थक देखिन्छ । पौडेलका कविताले नेपाली समाजका मानवीय जर्जरता, मानवताहीन मूर्खता, राज्यका कमजोरी, राजनीतिक दाउपेच र व्यक्तिहरू बीचका द्वन्द्वात्मक अवस्थालाई मुखरित गरेको पाइन्छ ।

पौडेलले नेपाल र नेपाली समाजका यथार्थ घटनालाई आफ्नो कल्पनाले चित्रण गर्दै धनी सामन्तले गरिब निमुखामाथि गरेको शोषण र अन्यायको बिरोध कवितामार्फत् प्रकट गरेका छन् । समाजमा निहित वर्गीय संरचना र त्यसको विकृति विरुद्धमा रचनाको विषय बनाएर शोषित वर्गको मुक्ति र पीडित वर्गको उत्थानका निम्ति जुटिरहने चेतना भएका प्रस्तुति कवितामा पाइन्छ । कवि पौडेलले नेपाल र नेपालीको भविष्य उज्ज्वल हुनुपर्ने, गरिब निमुखा जनताले मुक्ति पाउनुपर्ने, मान्छेले पशुजस्तो दबिएर नभई मान्छे जस्तै भएर बाँच्न पाउनुपर्ने, राजनीतिक, आर्थिक र सामाजिक विकृतिबाट मुक्ति पाउनुपर्ने मुख्य भाव व्यक्त गरेका छन् । समाजका विसङ्गतिजन्य यथार्थलाई आफ्नो काव्यात्मक चिन्तनले उनेर देशप्रेम, भावुकता र भौतिक अनुभूति व्यक्त गरेका छन् । राजनीति निर्लज्जता र अकर्मन्यताप्रति असन्तुष्टि र व्यङ्ग्यको भाव प्रस्तुत भएको पाइन्छ । सकरात्मक सोचप्रति मूर्तता, अनुकरणीय उनका सिर्जनाले जीवनलाई सक्रिय पार्नका लागि, मानवीय मूल्यको विस्तार गर्नको लागि, समाज सेवाका सन्देश र उत्प्रेरणा प्राप्त गर्छ । निम्न स्तरका जनताको हितका निम्ति जीवन र सम्प्रेषणीय बनाई कृति निकाल्नु उदारता, उदात्तता, सेवा र समर्पणका ठगहरूको बिरुद्धमा उनी निर्भिक र स्पष्ट

छन् । बाह्य रूपमा उनी शान्त भद्र र शालीन भएपनि समाजका विकृति देखेर तनावग्रस्त बन्छन् । देशको अस्तित्व सङ्कटमा परेकोप्रति उनी चिन्तित बोका छन् । देशको अस्तित्व, समानता, गरिबको उत्थान, राष्ट्रिय एकता, सहकार्य र सामाजिक न्यायप्रति उनका सिर्जनाले सचेतता अपनाएका छन् ।

## ४.३.५ 'दिल पौडेलका गजलहरू' गजलसङ्ग्रहको विश्लेषण

### ४.३.५.१ परिचय

नेपाली साहित्यका विभिन्न विधाहरूमा गजललाई कविताकै एउटा उपविधाका रूपमा अध्ययन गरेको पाइन्छ । कवि दिल पौडेलले २०४८ सालदेखि गजलमा कलम चलाएका हुन् । 'प्रजातन्त्र आए पनि ...' शीर्षकको गजल २०५० सालमा पहिलो प्रकाशित गजल (वर्ष १, २०५० चैत, प्रतिविम्ब हवाइ मासिक) हो । यसै अवधिमा उनले लेखेका करिब साठी बटा गजल लेखेको मध्ये बत्तिस थान गजल कौशिकी साहित्य प्रतिष्ठान काठमाडौँद्वारा प्रकाशित *कौशिकी साहित्य त्रैमासिक* (वर्ष ९, अङ्क २, पूर्णाङ्क २४, २०६४) मा 'दिल पौडेलका गजलहरू' शीर्षकमा दिल पौडेल गजल विशेषाङ्कका रूपमा प्रकाशित भएको छ । प्रस्तुत शोधकार्यमा यिनै गजलकार दिल पौडेलको गजल सङ्ग्रहको बारेमा शिल्पसंरचना, विषयवस्तु, परिवेश, उद्देश्य र भाषाशैलीको सामान्य विश्लेषण गरिएको छ ।

### ४.३.५.२ विषयवस्तु

दिल पौडेलद्वारा रचना गरिएको 'दिल पौडेलका गजलहरू' शीर्षक गजल सङ्ग्रहका शेरहरूलाई संरचनाका हिसाबले चिटिक्क पारेर मौलिक विषयवस्तु पस्केका छन् । उनका गजलहरूमा सामाजिक विषयवस्तुको प्रयोग पाइन्छ । उनका गजलले विभिन्न सन्दर्भमाथि प्रहार गरेका छन् । राजनीतिक विकृति, सामाजिक विषयवस्तुको उठान, समाजका अन्याय, अत्याचार, नातावाद, सामन्ती प्रथा, आर्थिक असमानता, अन्धविश्वास, वर्गीय भेदभाव आदि विषयमा उनका गजलहरू व्यङ्ग्यात्मक रूपमा केन्द्रित भएका छन् । गजलकार आफ्ना गजलमार्फत् देशलाई जागरण, क्रान्ति, सुधार, परिवर्तनमुखी बनाउन चाहन्छन् । गीता त्रिपाठीको भनाइ अनुसार अरबी साहित्यबाट फारसी, उर्दू र हिन्दी हुँदै उत्तरोत्तर फैलिँदै आएका गजललाई माध्यमिककालीन भक्ति र शृङ्गारिक भाव प्रस्फुटनका सुललित माध्यम बनाएर मोतीराम भट्टले नेपाली साहित्यमा पहिलो पटक प्रवेश गराएका हुन् । उनले आफ्ना समकालीनहरूसँग मिलेर लयात्मक रचना र आकर्षक प्रस्तुतिका शैलीबाट

यसलाई लोकप्रिय बनाएर त्यही लोकप्रियताको सीमान्त परिणति भएर नेपाली जनसाहित्यमा लोकसाहित्य पछिको सर्वाधिक चर्चित र आस्वाद्य विषय भएर गजलले आज नयाँ विधागत परिचय प्राप्त गरेको छ (त्रिपाठी, २०७५, पृ.१०) । उनले राजनीतिक यथार्थताप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

कस्ले छाप्यो विज्ञापन प्रजातन्त्र हराएको ?

निर्धामाथि गोली हान्न किन मन पराएको ?(गजल-३)

नेपाली राजनीतिको यथार्थ अवस्था उक्त गजलका शेरहरूले प्रकट गरेका छन् । उनले सर्वसाधारण जनताका निराशालाई गजलमार्फत् व्यङ्ग्य गरेका छन् । पौडेलले नेपालको विसङ्गत राजनीतिप्रति व्यङ्ग्य प्रहार गर्दै लेख्छन् :

कसैलाई प्रजातन्त्र मन्त्री हुने चाल भो

कसैलाई प्रजातन्त्र नियोजनको ढाल भो

नेताहरू जतिसुकै भुकीभुकी हिँडे पनि

राष्ट्रियता चाहिँ अब जुवाडेको खाल भो (गजल-१३) ।

उपर्युक्त गजलका शेरहरूमा दिलले अराजक राजनीतिप्रति प्रहार गर्दै राजनीतिलाई भोगविलासको साधन बनाएर स्वार्थ पूरा गर्ने प्रणालीमाथि असन्तोषको भाव व्यक्त गरेका छन् ।

नेपाली समाजमा मौलाउँदै गएको भ्रष्टाचारप्रति गजलकार दिल पौडेलले तितो यथार्थ प्रस्तुत गरेका छन् । उनले मानव मर्यादा र अनुशासन नाघी धनको निम्ति जे पनि गर्न तयार हुने वर्गलाई त्यसो नगर्न ध्वन्यात्मक दृष्टिकोण राखेका छन् (सिलवाल, २०७६, पृ.८१) । सामन्ती सोच भएका शोषकहरू एक आपसमा मिलेर सोझा जनतालाई षड्यन्त्रको सिकार बनाई स्वार्थ पूरा गर्ने दाउमा रहेको कुरा गजलमा उल्लेख छ ।

दाना पानी भट्टी भित्र भ्रष्टाचारी तिनै

घ्याम्पोभित्र आफू डुब्ने लोटा मान्छे देखेँ (गजल-१०) ।

हुँदा खाने वर्गलाई समाजका भ्रष्टहरूले षड्यन्त्रको सिकार बनाइरहने गर्छन् । ठगैठगको समाजमा सोझा निमुखा जनतालाई बाँच्न कठीन भएको अवस्था दिल पौडेलका गजलका शेरहरूमा व्यक्त भएको पाइन्छ । उनले नेपाली राजनीतिमा आएको आमूल परिवर्तन र आम जनता र देशको यथास्थितिका बारेमा निकै असन्तुष्टि, असहमति र

विद्रोहका भाव व्यक्त गरेका छन् (त्रिपाठी,२०७५, पृ.२२) । पौडेलका गजलहरूमा मजदुरहरूले उचित ज्याला नपाएको र काम गर्ने भन्दा नगर्ने व्यक्तिहरू धनाढ्य भएको कुरा गजलमार्फत् वर्गीय भेदभावको विरोध गरेका छन् । पौडेलका गजलमा राष्ट्रियताको भाव यसरी प्रकट भएको छ :

जन्मजात कोही साना कोही किन ठूला ?

खोला नदी बेचिसके बेच नहर कुला ।

x x

सीता बेच, बुद्ध बेच, बेच सगरमाथा

के जान्छ र तिम्रो बाउँको गधा साले मुला (गजल-१८) ।

दिल पौडेलका गजलहरू प्रायजसो एउटै विषयवस्तुमा केन्द्रित रहेका छन् । उनका प्रायजसो गजलहरूले राजनीतिक विषयवस्तुमा आधारित भएर समाजको वास्तविक अवस्थाको चित्रण गरेको पाइन्छ । उनले समाजमा बढ्दै गइरहेको राजनैतिक विकृति, विसङ्गति र त्यस बीच भइरहेको द्वन्द्वको पर्दाफास गरेका छन् । उनका गजलहरूले राजनीतिज्ञहरूको फोहोरी कर्तुतलाई छर्लङ्ग्याउने प्रयासका साथै राजनीतिक व्यङ्ग्यका पीडा, दुःख, क्रोध र आशा-निराशाका भावहरू प्रष्ट पार्नु नै यस गजलसङ्ग्रहका विषयवस्तु हुन् ।

**४.३.५.३ शिल्पसंरचना**

नेपाली साहित्यका विभिन्न विधाका भिन्न–भिन्न शिल्पसंरचना रहेको पाइन्छ । नेपाली गजल परम्परामा यसलाई कविताकै एउटा उपविधाका रूपमा राखेर अध्ययन गरे तापनि यसको आफ्नै प्रकारको संरचना पाइन्छ । गजलको विषयवस्तु प्रेम र शृङ्गार मानिएको भए तापनि यसमा कुनै पनि रसको अभिव्यक्ति, कुनै पनि विषयको प्रयोग, विचार दर्शनको समावेश गर्न सकिन्छ ( सिलवाल, २०७६, पृ.७३ ) । यो पौडेलको हालसम्मको यो एकमात्र गजलसङ्ग्रह हो ।

सामान्यतया गजलमा चारदेखि एघार शेरको प्रयोग पाइएको भए पनि पौडेलका गजलहरूमा चार, पाँच र छ शेरको प्रयोग भएको पाइन्छ । उनको गजल १, २, ५, ६, ७, ८, ९, १०, १५, १६, १९, २०, २३, २४, २६, २७, ३० र ३२ शीर्षकका गजलहरूमा पाँच पाँच शेर प्रयोग गरेका छन् भने गजल २९ चाहिँ छ शेरमा संरचित छ । गजल ३,

४, ११, १२, १३, १४, १७, १८, २१, २२, २५, २८ र ३१ मा चाहिँ चार चार शेरको प्रयोग भएको पाइन्छ ।

मिसरा ए उला प्रश्नवाचक हुन्छ भने मिसरा ए सानी विस्मयादिबोधक हुन्छ । पौडेलका मिसरा ए उला र मिसरा ए सानी प्रयोग भएको गजल यस्तो छ :

कोही छैन - स्वार्थको ढोका बन्द गर्ने ?

कोही छैन - प्रजातन्त्र तिम्रो लागि मर्ने (गजल-१७) ।

उपर्युक्त गजलका शेरहरूले गजललाई आकर्षक र रोचक बनाएका छन् । उनको गजलमा काफियाको प्रयोग पनि पाइन्छ । गीता त्रिपाठीको भनाइ अनुसार गजलमा प्रयुक्त अनुप्रास वा तुकलाई नै काफिया भनिन्छ" ( त्रिपाठी, २०७५, पृ. १४ ) । काफियाको प्रयोग गरिएको गजलका शेर यसप्रकारका छन् :

"मुर्दाझैँ बाँचिदिँदा घिउ जिन्दगी

समयले च्यातिरहन्छ सिउ जिन्दगी" (गजल-७) ।

प्रस्तुत शेरमा प्रयोग भएका घिउ र सिउ काफिया हुन् । काफिया पछि आउने पद वा पदावलीलाई रदिफ भनिन्छ । गीता त्रिपाठीका अनुसार रदिफको खास विशेषता पनि हुबहु दोहोरीनु नै हो तर रदिफको प्रयोग अनिवार्य हुँदैन (त्रिपाठी, २०७५, पृ.१६) । रदिफको प्रयोग भएको गजल यसप्रकारको छ :

विना जलको खहरेसँग तृष्णा कसरी गर्नु ?

सधैं पैचो वसन्तले कुञ्ज कसरी भर्नु? (गजल-१)

यहाँ गजलमा प्रयोग भएको कसरी रदीफ हुन् । यो गर्नु र भर्नु काफियाको अघि आएको छ । यसरी पौडेलका गजल ६, ७, ९, १०, १२, १३, १४, १६, २०, २३, २४, २५, २८, २९, ३०, ३१ मा काफियाको अगाडि रदीफको प्रयोग भएको छ ।

मकताको शाब्दिक अर्थ उदय हो । पौडेलका गजलहरूमा मकताको प्रयोग भएको पाइन्छ । गजलकारले प्रारम्भ गरेको भनाइको सार वा निष्कर्ष नै मकता हो (त्रिपाठी, २०७५, पृ.२१) । गजलकारले मकताको अन्तिम पङ्तिमा आफ्नो नाम सङ्केत गर्नु नै तखल्लुस हो । तखल्लुस प्रयोग भएका गजल यस्तो छ :

सुगन्ध लिई समीर नित्य आउँछ फूलको,

दिल छोडेर सधैं कस्तो अन्यत्रै सर्नु ?(गजल-१)

x x

स्वार्थी र पापी मनले नियमकानुन लाउने

दिलबाहेक अरू सबै छोटा मान्छे देखें । (गजल-१०)

पौडेलका बत्तिस थान गजलमध्ये छ थान गजलका शेरहरूमा तखल्लुसको प्रयोग भएको पाइन्छ ।

### ४.३.५.४ परिवेश

गजलकार दिल पौडेलका गजलहरूमा नेपाली सामाजिक परिवेशको चित्रण गरिएको छ । नेपालको राजनीतिक परिवेशमा इमानदारी नभएको उल्लेख गरेका छन् । पार्टीका क्रियाकलाप स्वार्थ सिद्ध गर्ने दाउमा मात्रै सीमित भएको र त्यसले जनजीविकाको सवाललाई सम्बोधन गर्न नसकेको परिवेशको यथार्थप्रति उनका गजल केन्द्रित रहेका छन् (सिलवाल, २०७६, पृ.७४) । पौडेलका गजलहरूमा अमानवीय व्यवहार, राजनीतिक विसङ्गति, असामाजिक, नातावाद, भ्रष्टाचार आदि परिवेशप्रति तिखो व्यङ्ग्य गरिएको छ । सामाजिक, आर्थिक, राजनीतिक, राष्ट्रियताको भाव, भ्रष्टाचार विरोधी अभिमतको प्रकटीकरण, मानव भेदभावप्रति व्यङ्ग्यात्मक प्रहार, वर्गीय भेदभाव विरोधी अभिमत आदि विषयवस्तुलाई आफ्नो गजल सङ्ग्रहको मुख्य परिवेश बनाएर गजलको रचना गर्नु उनको खास विशेषता मान्न सकिन्छ ।

### ४.३.५.५ उद्देश्य

दिल पौडेलका गजलहरू गजलसङ्ग्रह सामाजिक, राजनीतिक विषयमा आधारित छन् । उनले समाजको राजनीति परिवर्तन गर्दै वर्ग विभेदको अन्त्य हुनु पर्ने कुरा यस गजलमार्फत् प्रस्तुत गरेका छन् । गीता त्रिपाठीका अनुसार समाजका मार्मिक विषयसँगसँगै राजनीतिक विसङ्गतिलाई आफ्नो गजलको मुख्य विषय बनाएर दिल पौडेलले राजनीतिक चेतना प्रहार गर्ने उद्देश्य राखेका छन् (त्रिपाठी, २०७५, पृ.२२-२३) । पौडेलले नेपाली समाजमा पाइने मानवता विरोधी कार्यतर्फ तिखो व्यङ्ग्य प्रहार गर्दै, मानव-मानव बीचको अन्तर हटाउनु पर्ने र भाइचाराको सम्बन्ध जोड्नु पर्ने उद्देश्य राखेका छन् । देशलाई जागरण, क्रान्ति, सुधार, परिवर्तनमुखी, भेदभाव रहित समाज निर्माण र वर्गीय समानता बनाउन चाहनु नै उनका गजलको मूल उद्देश्य हो ।

### ४.३.५.६ भाषाशैलीय विन्यास

दिल पौडेलद्वारा लिखित 'दिल पौडेलका गजलहरू' गजल सङ्ग्रहमा सरल, सहज र सम्प्रेष्य भाषा शैलीको प्रयोग गरिएको पाइन्छ । उनका गजलहरू नियमबद्ध छन् । पौडेलले गजलको संरचनालाई मौलिक स्वरूप दिने प्रयास गरेका छन् । यस सङ्ग्रहका गजलहरू चार, पाँच र छ शेरमा संरचित भएका छन् । उनका गजलहरूको भाषाशैली प्रतीकात्मक, अभिव्यञ्जनात्मक र जीवन्ततायुक्त पाइन्छ । गजलका शेरहरूमा काफिया, रदिफ, मकता, मतला र तखल्लुसको प्रयोग उचित किसिमले भएका कारण गजल आकर्षक बनेको पाइन्छ ।

### ४.३.५.७ विश्लेषण

गजलकार दिल पौडेलका गजलसङग्रह सामाजिक विषयवस्तुमा आधारित छन् । उनले समाजका समस्या, राजनीतिक विकृति, अन्याय, अत्याचार, भ्रष्टाचार आदि अवस्थाको तीव्र आलोचना गरेका छन् । समाजमा घट्ने वास्तविक घटना आर्थिक असमानता, कुप्रथा, कुरीति, अन्धविश्वास, राजनीतिक विसङ्गतिप्रति उनका गजलहरू व्यङ्ग्यात्मक रूपमा पस्तुत भएको पाउन सकिन्छ । उनी आफ्ना रचनालाई जागरण, क्रान्ति, सुधार, परिवर्तनमुखी बाटोतर्फ डोहोऱ्याउँन चाहन्छन् । उनी गजलमार्फत् राष्ट्रियता कमजोर भएकोमा चिन्ता गर्छन् । पौडेलका गजलका विषयवस्तु धेरैजसो राजनीतिक परिवेशका छन् । समाजका पहुँचवालाहरूको अन्याय, ज्यादती, नातावाद, अराष्ट्रिय कुकृत्य, कमिसन तन्त्र जस्ता विषयमा उनले आफ्ना गजलमार्फत् व्यङ्ग्य प्रस्तुत गरेका छन् ।

पौडेलले समाजमा भएको मानव-मानव बीचको भेदभावलाई विरोध गर्दै वर्गीय भेदभावको अन्त्य चाहेका छन् । उनका गजलहरू नेपाली गजल परम्परामा लोकतन्त्रको स्थापनापछि लेखिएका महत्त्वपूर्ण गजलहरू हुन् । उनका गजलले अँगालेको विषयगत मर्म वर्तमान स्थितिका लागि पनि उत्तिकै कालजयी स्वर भएको देख्न सकिन्छ । समाजको वास्तविक यथार्थलाई उनले गजलमा पस्केर समाजमा बढ्दै गइरहेको राजनैतिक विकृति, विसङ्गति र त्यस बीच भइरहेको द्वन्द्वको पर्दाफास गरेका छन् । पौडेलले नेपाली सोझा जनताका पीडा, क्रोध, आशा र निराशाका भावलाई गजलमार्फत प्रस्तुत गरेका छन् ।

दिल पौडेलले रचना कार्यमा निम्न र निम्न मध्यम वर्गका नेपालीहरूको आर्थिक अभावले सङ्कटग्रस्त बलियो जीवनप्रति सहानुभूतिको भाव व्यक्त गरेका छन् । उनले मानव जीवनका व्यस्त विकृति र विसङ्गतिको उजागर गर्दै मान्छेका पिर, व्यथा, अपमान, घृणा, क्रोध, आक्रोश, वेदना, अत्याचार र आडम्बरको प्रस्तुत गरेका छन् । उनी लोकतन्त्रको ताण्डब नृत्य, व्यक्तिगत सम्पति स्वार्थ, समाजका अनेक विषमताको पराकाष्ट चाहन्छन् । उनी काव्यमा अनिश्वरवादका पक्षधर देखिन्छन् र सामाजिक न्याययुक्त व्यवस्थाको चाहना राख्दछन् ।

### ४.३.६ दिल पौडेलको 'अतीतका अवशेष' संस्मरण सङ्ग्रहको विश्लेषण

#### ४.३.६.१ परिचय

संस्मरणले वितेका घटनाहरूलाई बुँझाउँछ तर संस्मरणलाई बितेका घटनाको सँगालो मात्रै नभई समयको दस्तावेज पनि मान्नु उपयुक्त हुन्छ । दिल पौडेलले आठ वटा संस्मरणलाई *अतीतका अवशेष* संस्मरणमा उतारेका छन् । उनको संस्मरणलाई संरचना, विषयवस्तु, उद्देश्य, भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

#### ४.३.६.२ विषयवस्तु

*अतीतका अवशेष* संस्मरणसङ्ग्रहमा संस्मरणकार पौडेलले आफ्नो वास्तविक जीवनका भोगाइ जागिरे जीवनका परिवेश र जीवनका तिता मिठा क्षणलाई प्रस्तुत गरेका छन् । कति व्यक्ति देश र विदेशको विभिन्न ठाउँ घुम्छन् तर आफूले गरेको अनुभवलाई अमर तुल्याउन र अरूलाई सम्प्रेषण गर्न सक्दैनन् । तर पौडेलले यस संस्मरणमा मानवजीवनका वास्तविक अनुभवलाई उतारेका छन् ।

संस्मरणकार दिल पौडेलले समाजको वास्तविक चित्र उतार्दै समाजको चेतनाको स्तर माथि उठी नसकेका कारण त्यस समाजका जनताहरू अन्धविश्वास, रुढिवादी सोच, धामी झाँक्रीको विश्वासमा पिल्सिएको अवस्थालाई उजागर गरेका छन् । नेपाली निबन्ध अहिले संस्मरणात्मक र यात्रा निबन्धमा समेत फैलिएको छ । नेपाली निबन्ध अहिले आत्मापरक, वस्तुपरक, संस्मरणात्मक, यात्रानिबन्ध र हास्यव्यङ्ग्य गरी तीन उपविधामा विभाजित छ (नेपाली निबन्धको इतिहास,पृ. २ प्रमोद प्रधान) । उनले प्रहरी यातनाका पीडाहरू, नेपालको गृहयुद्ध, सङ्कटकालीन अवस्थामा आफूले भोगेको

परिस्थिति, समाजले निम्न वर्गमाथि गर्ने अन्याय, महिला हिंसाका कुरा आदि *अतीतका अवशेष* संस्मरण सङ्ग्रहका विषयवस्तु बनेका छन् । यस संस्मरणले पौडेलको पारिवारिक, आर्थिक, शैक्षिक र वास्तविक जीवनका घटनाहरूलाई व्यक्त गरेको छ । खास गरी उनले निजामती सेवा भित्रका समस्या र सुविधाहरू, राजनीतिक हस्तक्षेपका कुराहरूलाई विषयवस्तु बनाई संस्मरण तयार पारेका छन् ।

चाकडी चाप्लुसी गर्न मन नपराउने दिल पौडेलले *अतीतका अवशेष* संस्मरण सङ्ग्रहमा ग्रामीण जीवनको यथार्थ प्रस्तुत गरेका छन् । उनले समाजमा देखिएका अन्याय, अत्याचार एवं आफ्नो जीवनका सङ्घर्षलाई यस संस्मरणमार्फत छर्लङ्ग पारेका छन् । निम्न वर्गमाथि उच्च वर्गको ज्यादती, प्रहरी हिरासतको पीडा, सरकारी कर्मचारी भए पछिका अनुभव, गाउँको सामाजिक, आर्थिक र शैक्षिक अवस्था आदिलाई विषयवस्तु बनाएर संस्मरण तयार पारेका छन् । आफूले बाल्यकालमै जेल जीवन बिताउनु परेको र विद्यार्थी जीवनका तीता मीठा अनुभवलाई उतार्दै गुरुजनको आनीबानी, पक्षपात, आदिलाई प्रस्तुत गरेका छन् । जागिरे जीवनका सिलशिलामा आफूले घुमेको प्रकृति, समाज, आर्थिक अवस्था, रुढीवादीले पिल्सिएको समाज, धामीझाँक्रीको कारण समाजको स्वास्थ्य अवस्थामा परेको घात प्रतिघात आदिलाई संस्मरणको विषयवस्तु बनाएका छन् । पेसाले सरकारी कर्मचारी भएर पनि आफ्ना अनुभवलाई साहित्यमा सजाउन सक्नु पौडेलको खास विशेषता मान्न सकिन्छ । यस संस्मरणमा प्रस्तुत भएका संस्मरण मध्ये 'उनको औपचारिकतामा थुनिएको रात' निकै रोचक लाग्छ र पाठकलाई कौतुहलताको शिखरमा पुऱ्याउदै संक्षिप्त रूपमै तीव्र प्रभाव पार्न सफल भएको पाइन्छ । उक्त संस्मरणका सम्पूर्ण विषयवस्तु पौडेलकै वास्तविक जीवनको झलक मान्न सकिन्छ ।

### ४.३.६.३ शिल्प संरचना

साहित्यिक व्यक्तित्वको धनी दिल पौडेलले वि.सं. २०६५ मा *अतीतका अवशेष* संस्मरणसङ्ग्रह प्रकाशित गराएर संस्मरणकार व्यक्तित्व बन्न सफल भएका छन् । *अतीतका अवशेष* कौशिकी मासिकमा प्रकाशित भएको उनको एक मात्र संस्मरणसङ्ग्रह हो । आत्मकथा आफ्नो हुँदाहुँदै पनि अरू सबैको जीवनमा मिल्ने गर्छ । यो कृति पनि त्यस्तै बनेको छ । आठ वटा फरक-फरक शीर्षक राखी आफ्नो जीवनका साहित्यिक गतिविधि,

यात्रा, धार्मिक अनुष्ठान, चुनाव, आन्दोलन, पञ्चायती व्यवस्था विरुद्धको आन्दोलन आदि प्रसङ्गहरूले हामी सबैले देखे भोगेका घटनालाई उनले *अतीतका अवशेष* संस्मरण सङ्ग्रहमा उतारेका छन् । यस संस्मरणमा ग्रामीण परिवेशको चित्रण गरिएको छ । दिलले *अतीतका अवशेष* संस्मरण सङ्ग्रहमा प्रहरी हिरासतमा प्रहरीको जाँच गर्दा, सिन्धुपाल्चोकमा त्रिचालीस महिना, दसैँमा गाउँघर घुम्दा, मनकामना दर्शन, बाल्यकालदेखि किशोरावस्थासम्म, उनको औपचारिकतामा थुनिएको रात, नुवाकोटमा जुर्मुराएको साहित्य, जस्ता शीर्षकमा आफ्नो अनुभव, भोगाइ र वास्तविक जीवनलाई उतारेका छन् ।

### ४.३.६.४ उद्देश्य

साहित्यका विविध विधामा कुनै न कुनै उद्देश्यबाट अभिप्रेरित भएर साहित्यकारले कलम चलाएका हुन्छन् । कुनै पनि विषयवस्तुको यथार्थ चित्रण गरी पाठकसमक्ष बितेका घटनालाई संस्मरणमा प्रस्तुत गर्नु नै संस्मरणको मुख्य उद्देश्य मान्न सकिन्छ । प्रस्तुत संस्मरण कृतिमा संघर्षमय जीवन यात्रा, स्वाभिमान, आत्मनिर्भर र राष्ट्रसेवकको साधनालाई उजागर गर्दै प्रेरणात्मक सन्देश प्रवाह गर्नु मुख्य उद्देश्य रहेको छ । यस कृतिमा पौडेलले समग्र जीवनचक्रसँग सम्बद्ध विविध घटनाक्रम र राजनीतिक खिचातानीका कारण उत्पन्न भएको वितृष्णा, समाजको रुढिवादी सोच, धामीझाँक्रीप्रति उपचारमा विश्वास आदिको यथार्थ बिम्ब प्रस्तुत गरिएको पाइन्छ । यस संस्मरणमा जीवनका समस्या, अभाव, आर्थिक सङ्कट, द्वन्द्वकालीन अवस्था, राजनीतिक भेदभाव आदि अवस्थालाई सार्वजनीन र युगीन बनाएर प्रस्तुत गर्नु मुख्य उद्देश्य मान्न सकिन्छ । नेपाली समाजको शैक्षिक, राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा व्याप्त विकृति र विसङ्गतिलाई पाठकसमक्ष यथार्थरूपमा प्रस्तुत गर्नु अनि समाज परिवर्तनको आशा राख्नु नै यस कृतिको मुख्य उद्देश्य हो ।

### ४.३.६.५ भाषाशैलीय विन्यास

दिल पौडेलद्वारा रचित *अतीतका अवशेष* संस्मरण सङ्ग्रहमा अत्यन्त सरल, सहज र सम्प्रेष्य भाषाको प्रयोग भएको छ । अत्यन्त सरल बोलीचालीकै भाषा प्रयोग गरेर आफ्नो अतीतका वास्तविक अनुभवलाई संस्मरणमा प्रस्तुत गर्नु उनको खास विशेषता मान्न सकिन्छ । लेखकले आफ्नो वास्तविक जीवनका अनुभवलाई प्रस्तुत गर्दै प्रकृतिको

वर्णन गरिएको वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ । यस संस्मरणमा जीवनका वस्तुगत सत्यको चित्रण पाइन्छ ।

दिल पौडेलको *अतीतका अवशेष* जीवनीमूलक संस्मरणसङ्ग्रह हो । यस कृतिमा पौडेलले आठ वटा संस्मरणलाई उतारेका छन् । तत्कालीन नेपाली समाजको वास्तविक जीवनलाई उतार्दै समाजले भोग्नु परेको अन्याय, थिचोमिचो, संस्कार, रुढिवादी सोच, धामीझाँक्री, भूतप्रेत आदिको कारण आक्रान्त बनेको यथार्थ घटना जस्ताको तस्तै उतारेका छन् । पौडेलले राष्ट्रसेवक भएर राष्ट्रको सेवा गर्ने क्रममा विभिन्न ठाउँमा पुग्दा त्यहीको सेरोफेरोलाई विषयवस्तु बनाई आफ्नो बाल्यकालीन सुखदुःखका घटनालाई उतार्दै प्रहरी यातनाको अनुभव प्रस्तुत गरेका छन् । पौडेलले यस संस्मरणमा तत्कालीन समाजको चेतनाको स्तर माथि उठिनसकेका कारण त्यस समाजका जनताहरू अन्धविश्वास र धामी झाँक्रीको विश्वासमा पिल्सिएको अवस्थालाई उजागर गरेका छन् ।

उनी सानैदेखि निडर र सुरा थिए । फुर्सदमा गाई गोठालो जाँदा ठुलो जङ्गलमा बाघ भालु जस्ता जनावरको भय रहेता पनि उनी एक्लै त्यति ठुलो जङ्गलमा घुमेको कुरा संस्मरणमा उतारेका छन् । जङगलमा पाइने फडिर, जामुन, क्यामुनो, भलायो, काफल आदि खोजेर खादा उनलाई मज्जा लाग्ने बताउछन् । त्यस बेला उनी हुर्किएको समाज धामीझाँक्री, भूतप्रेत आदि जस्तो अन्धविश्वासमा जक्डिएको थियो । यद्यपि उनी काम परेमा रातारात जुनसुकै बाटोमा एक्लै यात्रा तय गरेर घर आउँने गर्दथे । विजुली र बाटोघाटोको विकास भएको थिएन । त्यसबेला गाउँमा कहिलेकाही रातारात कसैको भूतले गाउँमा रोपाइँ गरिदिएको, कहिले कुनै गाउँलेलाई कुटपिट गरेर घाइते बनाएको जस्तो हल्ला उनी बारम्बार सुन्थे । उता घर नजिकैको दमाहारमा कहिलेकाँही बाघको गर्जन पनि सुन्न बाध्य भएको उल्लेख गरेका छन् ।

### ४.३.७ दिल पौडेलको हाइकु सङ्ग्रहको विश्लेषण

#### ४.३.७.१ विषय परिचय

हाइकु कम शब्दमा धेरै भाव व्यक्त गर्ने जापानी शैलीको कविता हो । सातौं आठौं शताब्दीतिर जापानमा जन्मिएको हाइकाइलाई हाइकुको रूपमा लिने गरिन्छ । यो पूर्ण रूपमा शास्त्रीय संरचनामा बाँधिएको विधा हो । यसको पहिलो हरफ पाँच, दोस्रो हरफ सात, तेस्रो हरफ पाँच अक्षरको हुन्छ । पाँच, सात, पाँच अक्षरको संरचना बन्दैमा

हाइकु बन्दैन, यसमा ओजिला र चमकदार किगोको प्रयोग गरिएको हुनुपर्छ । हाइकुमा थोरैमा कविले पाएको ज्ञान व्यक्त गर्ने शक्ति हुन्छ ।

हाइकुलाई विश्वमै लघुतम काव्यका रूपमा चिनिन्छ । हाइकु वर्तमान समयको नवीनतम विधा हो । हाइकुमा सानो कुरालाई राम्ररी सजाएर राख्ने जापानी सस्कृतिको जीवन शैली पाइन्छ । 'एउटै सानो सरल कृतिमा पूर्ण संसार देऊ' भन्ने राष्ट्रकवि माधवप्रसाद घिमिरेको कविताको भाव हाइकु विधामा पाइन्छ । कतिपय विद्वानहरूले यसलाई आँखिझ्याल जस्तो संसार अटाउने भाव लुकेको विधा भनेको पाइन्छ । साहित्यको विकास हुँदै जादा पद्य साहित्यको विकासमा विभिन्न आरोह, अवरोह पार गर्दै तांका, हाइकाई, होक्कु, हुँदै सत्रौं शताब्दीमा जैनपन्थीहरूको प्रभाव देखियो । काव्य साधनामा लागेका मात्सिओ वाशोले साहित्य मनोरञ्जनका लागि मात्र लेखिनु हुन्न भाव र अर्थ साधनामा चुर्लुम्म डुबेको 'साहित्य जनमानसमा पनि सुपाच्य हुन्छ' भन्ने नयाँ विचार व्यक्त गरेका छन् । वाशोले 'साहित्य आफैँमा रुन्चे भयो भने अर्को आत्मालाई कसरी हँसाउला' भन्ने भाव व्यक्त गरेका छन् । उनी हाइकु भनेको स्वयम् हाँस्य हुनुपर्छ अनि प्रेम, प्रकृति र सौन्दर्यता हुनुपर्छ भन्ने धारणा व्यक्त गर्छन् (पाल्पाली, २०६०, पृ. १६) । नेपाली साहित्यमा हाइकुको प्रथम प्रयोग वि. सं. २०१९ मा शंकर लामिछानेले गरे । त्यसपछि क्षेत्रप्रताप अधिकारी, रामकुमार पाँडे, माधवलाल कर्माचार्य, रामदयाल राकेशहरूबाट सिद्धान्त पक्ष र रचनाका तहमा केही कामहरू भए । आजको व्यस्त जीवनमा लामो रचना पढ्ने, लेख्ने, सुन्ने धैर्यता नहुने भएर पनि हाइकु लेखन तीव्र गतिमा अघि बढेको हो । शंकर लामिछानेले जापानी साहित्यको प्रभावबाट २०१९ सालमा एउटा तीन हरफे कविता रचना गरे । उक्त कविता यसप्रकार छ :

"माकुरा जाल
झोल्लिएको ओसले
तन्किँदै गयो" (निरौला, दिल पौडेलका हाइकुको विश्लेषण र मूल्याङ्कन, पृ. २१) ।

लामिछानेको यो तीन हरफे कविता नै नेपाली हाइकु इतिहासमा पहिलो हाइकु मानियो । पछि यसै समयावधिबाट नेपाली हाइकु लेखन आरम्भ भएको मानिन्छ । शंकर लामिछानेले हाइकुलाई चिनाउन २०२७ असोज अङ्कको रूपरेखा साहित्यिक पत्रिकामा 'जापानी हाइकु कविता' शीर्षकको सङ्क्षिप्त लेख प्रकाशन गरे । लामिछानेले उक्त लेखमा

जापानी हाइजिन वाशोका तीन ओटा, कुसोनका एउटा, सिकीको एउटा गरी पाँचओटा हाइकुलाई नेपाली भाषामा उल्था गरी छपाए । उनले यस लेखमा संक्षिप्त रूपमा हाइकुको बारेमा बताए । २०३० सालमा प्रकाशित मोहन हिमांशु थापाको 'खुकुरीमाथि एक चौटा बादल' शीर्षकको कविता सङ्ग्रहमा केही तीन हरफे कविता सङ्कलित देखिन्छन् (निरौला, २०७७, पृ. २२) । नेपाली साहित्यको हाइकु विकासमा *रूपरेखा, हिमानी, अभिनभ, मधुपर्क, मुकुट, दियालो, आँखिभ्याल* आदि पत्रिकाले ठूलो योगदान दिएका छन् ।

अभि सुवेदीले जापानी भाषाबाट नेपाली भाषामा अनुदित हाइकुसङ्ग्रह साझा प्रकाशनबाट जापानी हाइकु *हिजो र आज* प्रकाशित गरे । यस कृतिले नेपाली हाइकु परम्परामा एउटा क्रान्ति नै ल्यायो । अभि सुवेदीले २०४४ सालमा नै जापानी हाइकु, *हिजो र आज* प्रकाशन गरेर थालनी गरेका भए पनि नेपाली भाषामा लेखिएका हाइकु तथा ताङका अङ्ग्रेजी भाषामा अनुवादका साथै प्रकाशन गरी पुष्कर लोहनी, विष्णुबहादुर सिंह, मोहनबहादुर कायस्थ समेतले महत्त्वपूर्ण कार्य गरेका छन् । यस समयदेखि नै हाइकु लेखन परम्परा सशक्त भएको पाइन्छ । एकल सङ्कलन प्रकाशन गर्ने हाइजिन पनि उत्तिकै सशक्त देखिन्छ । आजका पुस्तालाई यस विधाले एकदम आकर्षण गरेको छ (निरौला, २०७७, पृ. २३) । हाइकु विधा संस्थागत रूपमा पनि स्थापित भइसकेको छ । यसैक्रममा नेपाली साहित्यका केही हाइकु रचनाकारहरूको पङ्तिमा फुटकर प्रकाशन भएपश्चात २०५५ सालदेखि दिल पौडेल जोडिन्छन् ।

### ४.३.७.२ 'प्रजातन्त्र' हाइकु सङ्ग्रहको विश्लेषण

#### (क) परिचय

विभिन्न विधामा कलम चलाएका दिल पौडेलले २०६२ मा *प्रजातन्त्र* नामक संयुक्त हाइकु सङ्ग्रहको प्रकाशन गरे । यस सङ्ग्रहका भाग दुईअन्तर्गतका हाइकु दिल पौडेलका हुन् । प्रस्तुत शोधकार्यमा उनको हाइकु सङ्ग्रहलाई शिल्पसंरचना, विषयवस्तु, परिवेश, उद्देश्य, भाषाशैलीका आधारमा परिचयात्मक विश्लेषण गरिएको छ ।

#### (ख) विषयवस्तु

दिल पौडेलद्वारा लिखित *प्रजातन्त्र* नामक हाइकु सङ्ग्रहमा राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि नेपाली जनताले भोगेका यथार्थ घटनालाई विषयवस्तु बनाएको पाइन्छ । समाजमा बढ्दो विसङ्गति, अन्याय, अत्याचार माथि चोटिलो प्रहार जीवनका

विविध पक्षमाथि प्रष्ट पारेका छन् । यस सङ्ग्रहका हाइकुमा राजनीतिक विषयवस्तु मूल रूपमा खडा भएका छन् । नेपाली राजनीतिको अस्तव्यस्ततालाई हाइकुमार्फत् प्रष्ट पारेका छन् । नेपालको राजनीति कुर्सीको खेलमा परिणत भएको सन्दर्भलाई हाइकुमार्फत् व्यङ्ग्य गर्दै एउटै शीर्षकको हाइकु रचनाले फरक-फरक मत व्यक्त गर्न सक्नु उनको खास विशेषता मान्न सकिन्छ । राजनीति गर्ने व्यक्तिहरूले इमानदारीपूर्ण कर्तव्य भुलेको कुरा हाइकुमा प्रष्ट पारेका छन् । नेपाली राजनीतिमा बहुदलीय व्यवस्था कुर्सीको खेलको रूपमा परिणत भएको सन्दर्भलाई हाइकुकारले उठाएका छन् (सिलवाल, २०७६, पृ.९२) । पौडेलका हाइकुले राजनीतिक गल्तीका कारणले नेपाली जनताले भोग्नु परेको यथार्थ वर्णन गरेका छन् । उनले नेपाली जनताले प्रजातन्त्रको नीतिलाई अपनाउनु पर्ने सन्देश हाइकुद्वारा व्यक्त गरेका छन् ।

कुर्सीको खेल

बाँदरको झगडा

खुट्टामा नेल (पृ.१९) ।

राजनीतिलाई तस्करीतन्त्रले गाँजेकोमा पौडेलले चिन्ता व्यक्त गरेका छन् । कैयौँ व्यक्ति राजनीति मै समर्पित भएर सहिद भएका छन् भने कतिपय व्यक्ति लुटतन्त्रमा लागेको कुरा हाइकुमा व्यक्त भएको पाइन्छ ।

दिल पौडेलले प्रशासनिक विषयवस्तुलाई आधार बनाएर हाइकुको रचना गरेका छन् । उनले प्रशासनको क्षेत्रमा हुने गरेको ढिलासुस्ती, घुसको लेनदेन, आलटाल जस्ता प्रशासनका समस्याहरू माथि हाइकुमार्फत् तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । उनको 'कर्मचारी' शीर्षकको हाइकु यस्तो छ :

चाकडी काम

सदैव छलछाम

अनि इनाम (पृ.२३) ।

प्रशासनको क्षेत्रमा आफन्त, नातागोता, परिवार, घुसखोरी जस्ता स्वार्थका कारण प्रशासन क्षेत्र अस्तव्यस्त भएको पाइन्छ । यस्ता क्रियाकलापले राज्यको विकासमा अवरोध सिर्जना गरेको देखिन्छ ।

पौडेलले *शिक्षक* शीर्षकमा हाजिर गरेर जागिर खाने शिक्षकहरूप्रति व्यङ्ग्य गरेका छन् । वास्तवमा शिक्षकको काम अँध्यारोमा रहेका विद्यार्थीहरूलाई ज्ञान बाँड्नु हो । उनले 'शिक्षक' शीर्षकमा रचना गरेको हाइकु यस्तो छ :

उज्यालो काम

हाजिर ठोक्ने काम

सबै तमाम । (पृ. २३)

शिक्षकहरूले आफ्नो जागिर जोगाउनेतर्फ नभई शिक्षाको ज्योति फैलाउनेतिर लाग्नु पर्ने र यस्ता गतिविधिलाई सुधार गर्नुपर्नेमा पौडेलको जोड रहेको छ । उनका हाइकुले जागिर जोगाउने शिक्षकलाई मात्र व्यङ्ग्य नगरी पढाइ छोडेर बरालिने अनि परीक्षामा राम्रो नतिजा नआँउदा शिक्षकलाई दोष दिने प्रवृत्तिमाथि चोटिलो प्रहार गरेका छन् ।

उनले नेपाली समाजको विभिन्न समस्या, बेरोजगारी, असमानता, अन्याय, अत्याचार आदि विषयवस्तुको चयन गरी हाइकुको रचना गरेका छन् । आफूले देखे भोगेका विकृति, रुढीवादी, अन्धविश्वास जस्ता विषयमा उनले व्यङ्ग्य प्रहार गरेका छन् । नेपाली समाजमा हुर्के बढेका छोरी चेलीलाई हेर्ने नजर र ट्युसन पढाउने बाहानामा भएका विकृतिहरूलाई हाइकुमार्फत् व्यक्त गरेका छन् ।

जवान केटी

ट्युसनको बहाना

दक्षिणा भेटी (पृ.२८) ।

दिल पौडेलले समाजको विषयवस्तुलाई टिपेर हाइकुको रचना गरी समाजका विभिन्न समस्याप्रति व्यङ्ग्य प्रहार गर्नु खास विशेषता मान्न सकिन्छ ।

दिल पौडेलले कानुनी विषयवस्तुको चयन गरेर हाइकु प्रस्तुत गरेका छन् । कानुन पेसामा लागेका मानिसले आफ्नो मर्यादा एवं आचरण पालना नगरेकोमा उनको व्यङ्ग्यात्मक टिप्पणी प्रस्तुत भएको छ । समाजलाई अनुशासनमा राख्ने साधन कानुन नै कमजोर भयो भने सामाजिक सभ्यता र गतिको बेथिति निम्तिने खतरा हुन्छ (सिलवाल, २०७५, पृ.१०१) । कानुनी विकृतिले समाजका सोझा सिधा जनतालाई र निम्न आयस्रोत

भएका व्यक्तिहरूलाई गम्भीर असर पार्ने कुरा 'वकिल' शीर्षकको हाइकुमार्फत् व्यक्त गरेका छन् :

फोहोर कालो

नावालकको आची

पुछेको टालो (पृ. १) ।

दिल पौडेलका हाइकुहरूले लैङ्गिक, भावनात्मक, राजनीतिक, प्रशासनिक, शैक्षिक, सामाजिक, वैचारिक-वर्गीय, मनोवैज्ञानिक, कानुनी एवं न्यायलय, कला-संस्कृति, राष्ट्रिय-अन्तराष्ट्रिय विभिन्न विषयवस्तुमा आधारित भई समाजलाई चोटिलो प्रहार गरेका छन् । उनका हाइकुहरू समसामयिक विषयवस्तुमा केन्द्रित छन् । पौडेलका हाइकु रचनामा विषय विविधता पाइन्छ । उनको 'अस्पताल' शीर्षकको हाइकु यस्तो छ :

धेरै विरामी

गरिब अशक्तको

के निगरानी ? (पृ.२६)

खासमा उनले हरेक विषयका हाइकुमार्फत् मानवीय सम्बन्ध बलियो बनाउनुपर्ने मुख्य भाव व्यक्त गरेका छन् ।

**(ग) शिल्पसंरचना**

दिल पौडेलद्वारा २०६१ मा प्रकाशित *प्रजातन्त्र* संयुक्त हाइकुसङ्ग्रह सानो भए पनि शक्तिशाली मानिन्छ । यस सङ्ग्रहमा सङ्ग्रहित भाग दुईका सतासी वटा हाइकु पौडेलका हुन् । कविता विधा अर्न्तगत पर्ने लघु आयामको रचना हाइकु हो । हाइकुकार दिल पौडेलले शीर्षक सहितको हाइकु रचना गरेका छन् । उनका हाइकुमा पाँच, सात, पाँचको अक्षर संरचना पाइन्छ । यस सङ्ग्रहमा पर्ने पृष्ठ १७-२९ सम्मका हाइकुमा भिन्न-भिन्न विचार व्यक्त भएका छन् ।

**(घ) परिवेश**

हाइकुकार दिल पौडेलद्वारा लिखित *प्रजातन्त्र* हाइकुसङ्ग्रहले नेपाली समाजको परिवेशलाई अङ्गालेका छन् । उनले नेपालको राजनीति, कानुनी, प्रशासनिक आदि परिवेशलाई आधार बनाएर हाइकुको रचना गरेका छन् । पौडेलका हाइकु सङ्ग्रहले विभिन्न

किसिमका द्वन्द्व, लैङ्गिकता, कला संस्कृति, वातावरण, दार्शनिक चिन्तन, मानवीय समवेदना, राष्ट्रियताका सन्दर्भ आदि परिवेश अङ्गालेका छन् । अस्पतालमा डाक्टरहरूको लापर्वाही, शैक्षिक क्षेत्रको मनोमानी, प्रशासन क्षेत्रको नातावाद, घुसखोरी जस्ता परिवेशको आधारमा उनले हाइकु रचना गरेका छन् । उनका हाइकु एउटै शीर्षकमा भिन्न-भिन्न आवाज लिएर आएका छन् । पौडेलले आफू हुर्केको समाज, अन्याय, अत्याचार, जातीय भेदभाव, अन्धविश्वास जस्ता आफैले भोगेका, देखेका सामाजिक परिवेशको चित्रण यस हाइकु सङ्ग्रहमा प्रस्तुत गरेका छन् ।

**(ङ) उद्देश्य**

दिल पौडेलले नेपालको वास्तविक घटनालाई आफ्नो हाइकुको विषयवस्तु बनाएका छन् । समाजमा फैलिएको विसङ्गति, धन र शक्तिको घमण्डले गरिबहरू मारमा परेका छन् । समाजको दुराचार, भ्रष्टाचार, नातावाद, जस्ता सन्दर्भहरू हाइकुमार्फत् व्यक्त गरेर नेपाली समाजलाई सचेत गराउनु पौडेलको हाइकु लेखनको मुख्य उद्देश्य रहेको छ । समाजका हरेक क्षेत्रमा सुधार र परिवर्तनको आवश्यकता रहेको कुरा उनका हाइकुले व्यक्त गरेका छन् । समाजको कुसंस्कार, चाकडीतन्त्र, भ्रष्टाचार, आर्थिक असमानता, राजनैतिक विकृति, आदिलाई हटाएर सभ्य समाजको निर्माण गर्न चाहनु पौडेलको हाइकु लेखनको मूल उद्देश्य मान्न सकिन्छ ।

**(च) भाषाशैलीय विन्यास**

पाँच, सात, पाँच अक्षर संरचनामा लेखिएको *प्रजातन्त्र* हाइकुसङ्ग्रहको भाषाशैली सरल, सहज र सम्प्रेष्य रहेका छन् । अत्यन्तै सरल भाषाको प्रयोगमा राजनीतिक विकृति, प्रशासनिक ढिलासुस्ती, नातावाद, भ्रष्टाचार, चाकडीवाद, आर्थिक असमानता आदि विभिन्न विषयवस्तुको चयन गरी राष्ट्रियप्रेमको भाव व्यक्त गरिएको छ । हाइकुमा प्रयोग भएका पूर्णविराम, प्रश्नवाचक चिह्न आदिको प्रयोगले हाइकुहरू ओजपूर्ण बनेका छन् । पौडेलले कतिपय शीर्षक सहितको हाइकु रचनामा एउटै शीर्षकमा फरक विषयवस्तु प्रस्तुत गर्नु खास शैली मान्न सकिन्छ ।

साहित्यका विभिन्न विधामा कलम चलाउन सफल दिल पौडेलको हाइकु रचनाकारिता उल्लेखनीय रहेको पाइन्छ । उनले हाइकु रचनामार्फत समाजलाई नियाल्ने प्रयास गरेका छन् । उनले आफ्नो सामाजिक, आर्थिक, राजनीतिक आदि परिवेशलाई विषयवस्तु बनाई हाइकुको रचना गरेका छन् । उनले समाजमा दिनप्रति दिन बढ्दै गएको भ्रष्टाचार, दुराचार, नातावाद, मानवताहीन, छरछिमेकीपनको कमी, समन्वयको अभाव भएका व्यथितिलाई हाइकुद्वारा प्रस्तुत गरेका छन् । समाजमा व्याप्त वर्गीय भेदभावका कारण निम्न वर्गमाथि कारुणिक अवस्था सिर्जना भएको पाइन्छ । धन र शक्तिको घमण्डले निम्न वर्गप्रति हिनताबोध भएको छ ।

दिल पौडेलले कुनै एक विषयवस्तुमा मात्र केन्द्रित नभइ विभिन्न प्रकारका द्वन्द्व, लैङ्गिकता, कला संस्कृति, देशप्रेम, वातावरण, प्रकृतिप्रेम, दार्शनिक चिन्तन आदि सन्दर्भलाई अङ्गालेका छन् । उनले समसामयिक विषयका विसङ्गतिहरूलाई हाइकुमार्फत् व्यङ्ग्य प्रस्तुत गरेका छन् । उनका हाइकुमा अस्पतालको लापर्वाही, प्रेमका नाममा आएका असङ्गत गतिविधि, असुरक्षित जीवन परिवेश जस्ता विविधतायुक्त विषयवस्तुमाथि व्यङ्ग्य प्रहार भएका छन् । हाइकुकार पौडेलले एउटै शीर्षकमा विभिन्न विषयवस्तुको प्रयोग गरेर हाइकुको रचना गर्नु उनको खास विशेषता मान्न सकिन्छ । प्रशासनिक ढिलासुस्ती, भ्रष्टाचार, नातावाद, कामलाई आलटाल गरी दिन विताउने प्रवृत्ति आदि विषयवस्तुमा उनको चोटिलो प्रहार छ ।

दिल पौडेलले आफ्नो हाइकुमार्फत् राजनीतिक अस्तव्यस्ततामाथि व्यङ्ग्य प्रहार गरेका छन् । उनका हाइकुले राजनीतिज्ञहरूले नातावाद, पावर र पहुँचवालाको मनोमानी, सत्ताको लागि खेलवाड आदिलाई व्यङ्ग्य गरेका छन् । उनले समाजबाट प्राप्त सूचनालाई हाइकुमा परिणत गरी पाठकलाई विविधता बोध गराउने प्रयास गरेका छन् । नेपाली समाजका विसङ्गतिमाथि हाइकुद्वारा आलोचनात्मक व्यङ्ग्य प्रहार गर्नसक्नु उनको खास विशेषता मान्न सकिन्छ । हाइकुकारले वर्तमान शिक्षा प्रणाली, सरकारी विद्यालय, निजी विद्यालय सञ्चालनको विकृति आदि विषयमा आलोचना गरेका छन् । पौडेलका हाइकुहरूले छोटो संरचनामा व्यापक विषयवस्तु समेट्नु खास विशेषता मान्न सकिन्छ ।

### ४.३.७.३ दिल पौडेलको ‘काउसो जून’ हाइकु सङ्ग्रहको विश्लेषण

**(क) परिचय**

दिल पौडेलद्वारा रचना गरिएको ‘काउसो जून’ हाइकुसङग्रह २०७७ साउनमा प्रकाशित कृति हो । काउसो जूनको रचना पौडेलले विश्वभर फैलिएको कोभिड १९ को सन्त्रास र बन्दाबन्दीको पहिलो वर्षको (२०७७ चैत्र ११ पछि) समयलाई भरपुर रूपमा उपयोग गरी तयार पारेका हुन् । प्रस्तुत कार्यमा *काउसो जून*लाई शिल्पसंरचना, विषयवस्तु, उद्देश्य, भाषशैलीका आधारमा परिचयात्मक विश्लेषण प्रस्तुत गरिएको छ ।

**(ख) विषयवस्तु**

दिल पौडेलको ‘काउसो जून’ प्रकाशनका दृष्टिले सातौँ र हाइकुका दृष्टिले दोस्रो कृति हो । यस कृतिमा विचार र कलाको समन्वय भएको पाइन्छ । उनका हाइकु र सेर्न्यु दुवै रचनामा समाजको वास्तविक कथा पाइन्छ । उक्त ‘काउसो जून’ कृतिभित्र समकालीन नेपाली जीवनको विविध पाटोलाई साङ्केतिक तथा व्यञ्जनात्मक रूपमा प्रतिविम्बन गरिएको छ । पुर्पक्ष मन सेर्न्यु सङग्रहमा गग्रमीण जीवन, कृषि जीवन र प्राकृतिक सौन्दर्य, मौसमलाई सूक्ष्म रूपमा उतारेका छन् । नेपालको न्याय प्रणालीमाथि पनि यस कृतिले चोटिलो प्रहार गरेको छ । कतै गरिबी, अभाब र तनाव, नेपालको राजनीति, धर्म संस्कृति, नारीमाथिको विभेद र अत्याचारका कथाहरू पोखिएका छन् । पौडेलले आफूले भोगेको संस्कृति, हिन्दू वैदिक दर्शन, आध्यात्मिक जीवन प्रणाली, सहिष्णुतापूर्ण सामाजिक बनोटबाट नै विचार निर्माण गरेका छन् र त्यही नै उनका हाइकुको पनि विचार वा विश्वदृष्टि हो (गडतौला, २०७७, भूमिका) । यस कृतिमा सौन्दर्य चेतना, स्मृतिका अनुभूतिजस्ता सारभूततत्त्व समावेश भएका कारण ‘काउसो जून’ उत्कृष्ट बन्न पुगेको छ । काउसो जूनमा पौडेलले यूगवोधी सरकारलाई यसरी व्यङ्ग्य गरेका छन् :

रामका भक्त
हनुमान बन्नेहरू
मात्रै सशक्त (पृ.५२) ।

दिल पौडेलले आम नेपालीको गाँस, बास र कपासको पीडालाई आफ्नो पीडा मानेका छन् । काम, माम र दामको अभावमा छटपटाएका परिवारलाई सुख दिन भनी विदेशिन बाध्य नेपाली युवाहरूको अवस्था हाइकुमार्फत् यसरी व्यक्त गर्छन् :

देशको झण्डा

परदेशको कुल्ली

अनन्त पीडा (पृ.४४) ।

खाडी पसेका

परिवारको जोहो

लास बाकस (काउसो जून, पृ.६९) ।

विभिन्न विद्वान्हरूले हाइकुको मूख्य विशेषता भनेको व्यङ्ग्य प्रहार नै हो भनेको पाइन्छ । यस कृतिमा पनि पर्याप्त व्यङ्ग्य पाइन्छ । सीमानाको विवादले रात दिन पिरोलिएका मनमा मलम लगाउन, सीमा उखेलिने र राष्ट्रवादी मन भएकाहरू निरीह भएर बस्नुपर्ने विसङ्गत पक्षमाथि यसरी व्यङ्ग्य गर्छन् :

निमुखा लाखे

राष्ट्रको मानचित्र

बाघको पन्जा (पृ.४२) ।

हामी अर्काको कमजोरी देख्छौँ तर आफूभित्रका डरलाग्दा कमजोरी देख्दैनौँ । मानवताको निरिह क्षणलाई कवि यसरी व्यङ्ग्य गर्छन् :

साँपको दाँत

भोको गिद्ध घुम्दै छ

लाचार मान्छे (पृ.२२) ।

नेपालमा नातावादले जरो गाडेको छ । राजनीति र आर्थिक हैसियत भएकाको दबदबा र नातावादले काम गर्ने निकायलाई ध्वस्त पारेको कुरा पौडेलका हाइकुमा व्यक्त भएका छन् । आजका पुस्ता बेरोजगारले पीडित छन् । आफन्त पोस्ने चलन मौलाएको छ । वर्तमान बेरोजगार युवाको पीडादायी अवस्था नै आफन्तलाई जागिरमा भर्ती गर्नु हो । उनका हाइकु रचनामा ए.बी.ए शैलीको प्रयोग पाइन्छ । पहिलो र तेस्रो पङक्तिमा अनुप्रास

मिल्ने र दोस्रोमा नमिल्नेलाई ए.वी.ए. शैली भनिन्छ (निलौरा, २०७७, पृ. १०५) । यस्तो अवस्थालाई पौडेलले यसरी व्यक्त गरेका छन् :

पैसा र कुर्सी

माथि हुन्छ जसको

उसैको फर्सी (पृ. ३०) ।

हुन्छ हजुर

भन्नेहरूको मात्रै

बन्छ गजुर (पृ.५८) ।

समाजका नैतिकहीन र दुष्परिणामजन्य घटनालाई टिपेर आफ्ना कवितामा उतारेका छन् । हिन्दू नारीहरू विश्व ब्रह्माण्डमा नै शक्तिशाली भएर पनि सिउँदोमा सिन्दुर लगाएर सामाजिक बन्धनमा बाधिएका छन् । यही सिउँदोका कारण नारी कमजोर हुन्छन् र यसबाट नारीले मुक्ति पाउनुपर्ने कुरा दिल पौडेलका हाइकुमा व्यक्त भएका छन् ।

स्वास्नी मानिस

अखण्ड जन्मभूमि

निर्दो सिउँदो (पृ.१६) ।

नेपाली किसानको जनजीवनलाई राम्ररी नियालेका पौडेलले आफ्नो हाइकुमा तिनै किसानको जनजीवन प्रस्तुत गरेका छन् । किसानहरू एक अर्कामा ख्यालठट्टा गर्दै खेतबारीमा बालीनाली लगाउछन् र मनलाई फुरुङ्ग पार्दै अन्नलाई अमूल्य जीवन ठान्दै बालीनाली थन्क्याउछन् भन्ने सन्दर्भमा रचना गरेका हाइकु यस्तो छ :

हिलोमा गाभा

रोपाइँको रौनक

मनमा आभा"। (पृ.६)

"लडेका आली

रोपाहार खित्का

प्रफुल्ल हली"। (पृ.७)

"फुरुङ्ग मन

खेतभरि सिँचाइ

अन्न जीवन । (पृ.७)

कतिपय अस्पतालमा बिरामीका लागि औषधि निःशुल्क व्यवस्था गरेको हुन्छ । तर असल ठानिएका डाक्टरले त्यो औषधि निजी पसलबाट बिक्री गरी पैसा कमाउने गरेको यथार्थ पक्षको चित्रण पौडेलले हाइकुमा व्यक्त गरेका छन् ।

मान्छे असल

सरकारी दबाई

निजी पसल । (पृ.५६)

पौडेल प्रशासनिक क्षेत्रमै कार्यरत भए पनि नेपालको प्रशासनिक क्षेत्रमा व्याप्त रहेको विकराल अवस्था र विकृतिप्रति सन्तुष्ट छैनन् ।

यसरी दिल पौडेलले नेपाली समाजको वास्तविक घटनाहरू, राजनीति, कार्मचारीतन्त्र, शिक्षा, स्वास्थ्य, कानुन, नारी वेदना, विकृति, विसङ्गति आदि कुराहरूलाई विषयवस्तु बनाएर हाइकुसङ्ग्रह तयार पार्नु खास विशेषता मान्न सकिन्छ ।

**(ग) शिल्पसंरचना**

दिल पौडेलद्वारा रचना गरिएको 'काउसो जून' नवीन कृति हो । उनले एउटै समयमा रचना गरेका ४७९ (चारसय उनासी) हाइकु, १८५ (एकसय पचासी) वटा सेन्र्यु, र १० (दश) मन्तव्यमा दिइएका गरी जम्मा ६७४ (छसय चौहत्तर) हाइकुलाई यस कृतिमा समावेश गरेका छन् । दिल पौडेलले प्रकृति चित्रणसहित रचिएका सिर्जनालाई हाइकुअर्न्तगत र प्रकृति चित्रणलाई सापेक्ष नबनाई व्यङ्ग्य प्रवल सिर्जनालाई सेन्र्यु खण्डमा राखेर 'पुर्पक्ष' मन नामकरण गरेका छन । '*भर्पाई दादै'*...शीर्षकमा १० (दश) वटा हाइकु लेखेर आफ्नो मन्तव्य दिएका छन् । उनले हाइकु र सेन्र्युको समग्र खण्डलाई 'काउसो जून' नामकरण गरेका छन् । परम्परित एवम् प्रचलित मान्यता अनुसार लेखिने हाइकुको अक्षर संरचना पाँच, सात, पाँचको हुनुपर्छ र सेन्र्युमा पनि यहि नियम लागु हुन्छ । हाइकु र सेन्र्युको बाहिरी संरचना एउटै भए पनि अन्तर संरचना फरक हुन्छ । दिल पौडेलले यी दुबैथरी रचनाको संरचना अक्षर संरचना मात्र नभएर वर्ण संरचनामा पनि हाइकुको रचना गरेका छन् । उनको 'काउसो

जून' सङग्रहभित्र ४७९ (चारसय उनासी) वटा हाइकु रचना शीर्षक बिहीन छन् र १८५ ( एकसय पचासी) वटा सेर्न्युमध्ये ६० (साठी) वटा शीर्षक युक्त छन् ।

**(घ) परिवेश**

दिल पौडेल नेपाली भाषा र साहित्यमा निरन्तर लागि पर्ने स्रष्टा हुन् । उनको हाइकुसङ्ग्रह *'काउसो जूनमा'* नेपालीपन अभिव्यक्ति भएको पाइन्छ । जब्बर लकडाउनलाई छिचोलेर आइपुगेको हाइकुसङ्ग्रह 'काउसो जून' का बारेमा यज्ञेश्वर निरौला लेख्छन् हाइकुकार दिल पौडेलले ग्रामीण नेपाली जनजीवनमा देखापर्ने संस्कार, रीतिरिवाज र परम्परालाई टपक्कै टिपेर त्यसैको विम्बमा हाइकु रचना गरेका छन् (पौडेल, २०७७, पृ.९५) । नेपाली समाजको जनजीवनका विविध पाटोलाई परिवेश बनाएर पौडेलले हाइकुको रचना गरेका छन् । उनका हाइकुमा ग्रामीण जीवन, कृषि जीवन, प्राकृतिक प्रकोपको सास्ती, प्राकृतिक सौन्दर्य आदिलाई परिवेश बनाएर वास्तविक जीवनका पाटाहरू प्रस्तुत गरिएको पाइन्छ । नेपालको न्याय प्रणाली फितलो भएको, समाजका गरिबी, अभाव, राजनीतिक, धार्मिक, सांस्कृतिक, नारीमाथिको अन्याय, अत्याचार, बलात्कार, जातीय विभेद आदि विषयवस्तुलाई परिवेश बनाएर आफ्नो विचार हाइकुसङ्ग्रहमा व्यक्त गरेका छन् ।

**(ङ) उद्देश्य**

हाइकुकार दिल पौडेलले ग्रामीण नेपाली जनजीवनमा देखा पर्ने वास्तविक घटनालाई 'काउसो जून' हाइकु सङ्ग्रहमा प्रस्तुत गरेका छन् । थोरै समयमा पढिने हाइकुले जीवनको लामो समय र घटनालाई प्रभाव पार्दछ । थोरै कुराले जीवनको व्यापक र गहिरो सम्प्रेषण गर्नु हाइकु लेखनको उद्देश्य मान्न सकिन्छ । यस विधाले समय व्यवस्थापन सँगै साहित्यको मूल प्रवाहबाट टाढिन नपरोस् र प्रकृति जीवनलाई सँगै राखेर मनोरञ्जनका साथै चेतनाको विकास पनि हुन सकोस् भन्ने मुख्य उद्देश्य रहेको छ । हाइकुमा दिलले विचार, भाव, वस्तुगत सूचना, ज्ञान र जीवनका घटनाक्रमलाई उद्देश्य बनाएका छन्'' (सिलवाल, २०७७, शब्दाङ्कुर, पृ.४०) । नेपाली समाजमा मौलाएको विस्तारवादको अन्त्य गर्नु, जातीय छुवाछुतको अन्त्य गर्नु, भ्रष्टाचार, बलात्कार, राजनीतिक दमन आदि विकृतिको अन्त्य गरी सुन्दर र सभ्य समाजको निर्माण चाहनु *'काउसो जून'* हाइकु सङ्ग्रहको उद्देश्य रहेको छ ।

**(च) भाषाशैलीय विन्यास**

दिल पौडेलको *'काउसो जून'* हाइकु सङ्ग्रहका भाषा हेर्दा अति सरल र सहज भए पनि यसले गहिरो भाव व्यक्त गरेको छ । उनका हाइकुहरू अर्थपूर्ण अक्षर, शब्द र अर्थको अन्विति मान्न सकिन्छ र संश्लिष्ट शिल्पमा गुणत्मक शब्द चयन भएको पाइन्छ । यस सङ्ग्रहका हाइकुमा कतै अनुप्रास मिलेको छैन भने कतै अन्त्यानुप्रासको राम्रो प्रयोग गरी हाइकुको रचना गर्नु पौडेलको मौलिकपन मान्न सकिन्छ । सुरु र अन्तिमको पङ्तिमा अन्त्यानुप्रासको प्रयोग भएमा ए बी ए शैली हुन्छ । उनका हाइकु रचनामा ए बी ए शैलीको प्रयोग राम्रो भएको पाइन्छ । हाइकुको आत्मा मानिने संभावनाको खालीपनको भरपुर प्रयोग भएको काउसो जूनमा क्रियापद, विम्ब विधान, अनुप्रासयुक्त कथन, प्रतीक, दर्शन आदि भाषाशैलीको प्रयोगका कारण उत्कृष्ट बन्न पुगेको छ । खँदिला, रसिला, सुपाठ्य र सुस्वाद्य, शिष्ट, विम्ब-प्रतीकको जीवन्त र प्रभावकारी प्रयोग भएको पाइन्छ । संक्षिप्त र सुन्दर ढङ्गमा प्रकृतिका विम्बको प्रयोग भएको छ । नेपाली हाइकुमा नयाँ उचाई र पहिचान भएको पाइन्छ । उनका हाइकुमा आक्रोश र विद्रोहको भाव समावेश भएको अनि निच्छल निर्मल भाव पनि व्यक्त भएको पाइन्छ । सुकोमल, सुललित तीक्ष्ण व्यङ्ग भावका हाइकु उनले प्रस्तुत गरेका छन् । प्रकृतिका सौन्दर्य चेतनामाथिका छोटा तर विशिष्ट शब्द संयोजनका विशेष अर्थ दिएका सजीव हाइकु प्रस्तुत भएको पाइन्छ ।

**(छ) निष्कर्ष**

हाइकुकार दिल पौडेलद्वारा रचना गरिएको 'काउसो जून' नवीन कृति हो । यस कृतिले सामाजिक र सांकृतिक परिवेशमा आएका विसङ्गतिमाथि तीव्र प्रहार गरेको छ । उक्त कृति पठन संस्कृति र साहित्य साधनाका लागि योग्य बनेको छ । काउसो जीवनका बाधक, असल आशामा, चिन्ताका धब्बाहरू हो । मानिसले काउसोलाई हटाएर मात्र जूनको शीतलता प्राप्त गर्छ । काउसो अँध्यारो र जून उज्यालोका प्रतीक हुन् । यस कृतिमा विचार र कलाको भरपुर प्रयोग भएको पाइन्छ । *'काउसो जून'* मा वर्तमानको सम्बोधन, सरकारी कार्यप्रणालीमा व्यङ्ग्य, कुर्सीको लागि लडाइँ आदि नकारात्मक पक्षप्रति आलोचना गरिएको छ । हाइकुको आत्मा मानिने संभावनाको खालीपनको भरपुर प्रयोग गरी लेखिएका यी हाइकुमा क्रियापद, विम्ब विधान, अनुप्रासयुक्त कथन आदिको राम्रो उपयोग भएको पाइन्छ । यो मानवीय जीवनका यथार्थ पक्ष, कोरोना माहामारीको कहालीलाग्दो र भयानक परिस्थितिको बेलामा विविध घटनालाई विषयवस्तु बनाएर रचिएको जनरुचिको कृति हो ।

उक्त कृतिले भाँचिएका मनमा मलम लगाउँदै उर्जाशील बनाउन सक्ने देखिन्छ । थोरैमा धेरै कुरा बोल्ने शक्ति 'काउसो जून' मा छ र यो हाइकुको विशेषता हो ।

### ४.३.७.४ दिल पौडेलका प्रकाशित फुटकर लेख रचनाहरू

नेपालको केन्द्रको एकेडेमी झोले र चम्चेहरूले भरिएको छ । त्यसैले त्यहाँबाट प्रकाशित हुने पत्रिकामा उनी आफ्ना लेख रचना प्रकाशन गर्न पठाउदैनन् र प्रतियोगीतामा पनि भाग लिदैनन् । त्यस्तै उनी राष्ट्रका स्थापित साहित्यिक मासिकमा पनि सम्पादकका नातागोता र निकटका आसेपासे सहरीयाहरूको प्रभाव देखेर सहभागी हुन चाहँदैनन् । त्यसैले उनका फुटकर रचनाहरू स्थानीय पत्रिकामा सयौं प्रकाशित भएका पाइन्छन् । जसको सामान्य चर्चा यसप्रकार छ । (शोधनायकको अनुसार)

**(क) कविता प्रकाशन**

दिल पौडेलका फुटकर कविता विभिन्न पत्रपत्रिका र अनलाइनमा प्रकाशित छन्, जसमध्ये कतिपय रचनाहरू डिलको फूल कवितासङ्ग्रहमा प्रकाशोन्मुख स्थितिमा छन् । उनका यस सङ्ग्रहका कविताहरू पनि ओझिला र चमकदार छन् । 'तिमीसँग अब केही छैन', 'सम्झना', 'भाग दुई प्रेम', 'प्रेम खेती', 'अच्युत', 'बच्चुराम', 'भक्तपुर', 'मेरो गाउँको सम्झना', 'विजय जुलुस', 'रङ् नम्बर', 'पुरानो सत्ता', 'अस्वीकृत प्रेम (दुई)', 'अन्तिम पटक भन्नुपर्दा...,' 'डिलको फूल', 'साला सिंहदरबार', 'ह्याङ्ओभर प्रेम', 'खोई सग्लो मान्छे', 'ठूला मान्छे', 'मेरा हाकिम', 'कामना', 'ब्रेकिङ् न्युज' गरी उनका एक्काइस थान कविता डिलको फूल सङ्ग्रहमा समावेश भएका छन् । माथि उल्लेखित कविताहरू अध्ययन गर्दा विविध विषयलाई अङ्गालेको देख्न सकिन्छ । 'तिमीसँग अब केही छैन', 'सम्झना', 'भाग दुई प्रेम', 'प्रेम खेती' 'ह्याङ्ओभर प्रेम', 'अस्वीकृत प्रेम (दुई)' 'ब्रेकिङ् न्युज' गरी जम्मा सात ओटा शीर्षकका कविताहरू प्रणय प्रेममा आधारित छन् भने अन्य कविताहरूले वास्तविक जीवनको विसङ्गति, प्रकृति, राजनीति, जीवनदर्शन, व्यङ्ग्य आदि विषयलाई समेटेको पाउन सकिन्छ । उनका माथि उल्लेखित कवितामा केही प्राविधिक विम्ब प्रतीकको सहाराले प्रेममय भाव प्रस्तुत गरेको छ । तर केही कवितामा अङ्ग्रेजी शब्दको प्रयोगका कारण भाषाशैलीमा जटिलता उत्पन्न भएको पाइन्छ ।

नयाँ वर्ष २०६४ र भक्तपुर समेतको दुई वटा कविता, *जनमत* प्रकाशन बनेपाबाट प्रकाशित भएको देखिन्छ जसमा भक्तपुरका विसङ्गति र विकृति र नेपाली नयाँ वर्षमा

भएको कुरीति प्रति व्यङ्ग्य गरिएको पाइन्छ । त्यस्तैगरि 'मेरो गाउँको सम्झना' र 'साला सिंहदरवार' कविताहरू *सिन्धुली आवाज* (पृ. ११० - ११२, अं. १७, २०७२) मा प्रकाशित भएको देखिन्छ ।

त्यस्तै अविस्मरणीय स्मरण पनि फुटकर रूपमा प्रकाशित देखिन्छ : साथै उनका केही गजलहरू पनि प्रकाशित भएको पाइन्छ । (गजल, फोन डायल गरेकै हो पृ.१२३-१२४, ३ वटा अतिथि कलम नुवाकोट गजलमाला, सम्पादक नवदीप अजनवी, प्रकाशक अभियान असल शासन क्लव, नुवाकोट-२०६७ असार) ।

**(ख) गीत**

बहुमुखी व्यक्तित्व साहित्यकार दिल पौडेल साहित्य आराधना र साधनामा तल्लिन छन् । जागिरका व्यस्त जीवनका सीमित क्षणलाई उपयोग गरेर उनले गीत पनि सिर्जना गरेका छन् । उनले २०४८ सालदेखि नै गीत लेखनमा प्रवेश गरेका हुन् । उनका गीतहरू स्थानीय पत्रपत्रिकामा थुप्रै प्रकाशित भएको पाइन्छ । तर गीतको पुस्तकाकृति प्रकाशित नभए तापनि विभिन्न छापाहरूमा उनका गीत प्रकाशित भएको पाइन्छ । सर्वप्रथम २०४८ मा मात्र हवाई पत्रिका मकवानपुरबाट उनको गीत प्रकाशित देखिन्छ । त्यसैगरी उनको २०५७ सालमा 'नआउ भन तिम्ले बरु म त आउदिन' भन्ने गीत रेडियो नेपालमा प्रथम रेकर्ड भएको पाइन्छ । उक्त गीत गायक रोशन शाहीको सङ्गीत र स्वरमा आधुनिक प्रतियोगितामा उत्कृष्ट १० भित्र परेकाले रेकर्ड भएको हो । उनको पहिलो प्रकाशित गीत यसप्रकार छ :

आफ्नो लास आफै पूर्ने खाडल खनायौँ

म त पागल होइन तर तिम्ले पागल बनायौँ ।

त्यसैगरी २०६६ सालमा 'सुनैको दरबार' गीत एल्वममा रेकर्ड भएको हो जुन डिजराज पौडेलको स्वर र सङ्गीतमा चर्चित छ । यो गीत लोकलयात्मक आधुनिक गीत हो । त्यसपछि गीत रेकर्ड हुने क्रममा २०६६ मा 'मैले तिमीलाई' भन्ने सिन्धुली वाङ्‌य प्रतिष्ठानको एल्वममा रेकर्ड भएको छ । जुन गीतले दार्शनिक भाव बोकेको छ ।

पीर व्यथा मानिसमा नपुरिने घाउ छ,

बगरका ढुङ्गालाई देउता बन्ने दाउ छ ।

उनका प्रायजसो गीतहरू श्रृङ्गार रसको भावनाले ओतप्रोत छन् । उनका गीतमा सामाजिक जीवनका विविध पक्ष र अनुभूतिहरू सशक्त र करुणमय ढङ्गले आएका छन् । उनका गीतमा प्रकृतितत्त्व सङ्गीतात्मकता र गहन शब्द सौष्ठव हुनाले लोकप्रिय छन् । उनका गीतहरूका केही अंश तल प्रस्तुत गरिएको छ :

दिल पौडेलको प्रथम रचना गरिएको गीत यसप्रकार रहेको पाइन्छ :

मलाई जसले जे भने नि तिम्ले मनायौ

म त पागल हाइन तिम्ले पागल बनायौ

x x

मेरो मुहार हेर्ने एउटा ऐना फुटेछ

त्यसैमा थिए सबै वस्ती आफै उठेछ ...(अधुरो जिन्दगी उपन्यासमा प्रकाशित) गीत ।

लोकप्रिय एवम् चर्चित गीत यसप्रकार छ :

'सुनैको दरबार'...

वियोग बेदना भाव प्रस्तुत भएका गीत यसप्रकार छ :

छातीभित्र छ मेरो तिमी डुब्ने सागर

सक्छौ भने तिमीले देखाऊ मनको बगर

...(२०४८/०९/०१) -शोधनायकबाट

दिल पौडेलका गीतहरू प्रेममूलक र राष्ट्रिय भावनाले ओतप्रोत छन् । उनका रतिरागात्मक वा प्रेम मूलक गीतका उदाहरण यसप्रकारका छन् :

प्रस्तुत वियोगान्त गीतहरूले हृदयलाई तत्क्षण छुन्छन् र स्पन्दित पार्छन् । नरनारीको नैसर्गिक प्रणयकामना र प्राकृतिक चाहानाको संयोजनमा आह्लाद र विह्लादको वेदनाका स्वर सशक्त रूपमा यी गीतले उरालेका छन् ।

मलाई पागल बनाइदिइन् पल्ला घरे नानीले

मुसुक्क हाँस्दै उनको, चोरी हेर्ने बानीले...(२०५८ कार्तिक, पल्लवीमा प्रकाशित) ।

प्रीतिका संसारमा विचरण गर्दा विरह भावनाका मनोदशाा प्रखर र मार्मिक देखिन्छन् । प्रियसीसँगको विछोडमा मिल्ने इच्छा उत्पन्न भएको आकुल व्याकुल मनोदशा यस्तो छ :

नआउ भन तिम्ले बरु म त आउदिन

तिम्रो यादमा कहिले पनि, गीत गाउँदिन...(२०५७/१२/२०) रिडियो नेपालमा रेकर्ड ।

हेटौँडाका सङ्गीतकार भोला जोशीद्वारा सङ्गीतबद्ध उनको अर्को आधुनिक गीत यस्तो छ :

हिड्दा हिड्दै मेरो यात्रा कतै बिसाई दिऊँ कि

यस्तो लाग्छ जिन्दगी नै सधैँ सुताई दिऊँ ?

...(२०४८/१०/१० रचनामाला) ।

दिल पौडेलको नगर गीत यस्तो छ :

प्रकृतिको सौन्दर्य र ऐश्वर्य अपार

सिन्धुली कै पहिचान हाम्रो गढी दरबार ।

यिनका गीतमा स्वप्नबिम्ब र प्रकृतिविम्बमा प्रियसीलाई सम्बोधन गरेको पाइन्छ । गीत मनोहर लयात्मक र सुमधुर छ । थोरै विचार चेतको प्राबल्य भएको गीत, नगर गीत, बालगीत समेत लेखेका छन् । गीत लयमा बग्ने, गाउँकै लागि लेखिने भएकाले यसको सङ्गीत नै प्राणतत्त्व हो । यिनका गीतमा भाव सम्प्रेषण सार्थक र प्रभावकारी मूल्याङ्कनका दृष्टिकोणले परिपोषित छ ।

दिल पौडेलद्वारा रचना गरिएको बाल गीत यस्तो छ :

मिलिजूली गीत गाउँ, हामी एउटै भाकामा

बुद्ध फेरि जन्मन्छन्, यही नेपाली पाखामा

...(पल्लवी अङ्क ३ सिन्धुलीबाट प्रकाशित) ।

माथि उल्लेखित प्रतिनिधी मूलक गीतहरू हुन् । उनका सयौँ गीतहरूको सङ्ग्रहमा प्रकाशोन्मुख छन् ।

त्यसैगरी यिनको विभिन्न पत्रपत्रिकामा गजलहरू प्रकाशित भएको पाइन्छ । 'बल्लतल्ल सङ्घर्षमा लोकतन्त्र हात लाग्यो ...' शीर्षकको गजल (सिन्धुली आवाज पृ.११, अं. १०, २०६५ असोज) मा देखिन्छ । 'साथै फोन डायल गरेकै हो...' भन्ने लगायतका तीन थान गजल नुवाकोट गजलमाला (पृ. २३-२४, २०६७ असार) मा प्रकाशित देखिन्छ ।

**(ग) फुटकर समालोचना प्रकाशन**

दिल पौडेलले भूमिका लेखन, प्रकाशकीय, पुस्तक चर्चा, लेखक चिनारी, विविध व्यक्तित्व चिनारीका साथै सयौँभन्दा बढी समालोचना लेखेका छन् । प्रमुख समालोचना यसप्रकार छन् :

**तालिका नं. ४.२: फुटकर समालोचना प्रकाशन**

| क्र.सं. | शीर्षक | विधा | पत्रिकाको नाम | मिति | सर्जक |
|---|---|---|---|---|---|
| १ | प्रपञ्च उपन्यास | समालोचना | नवकान्तिपुर डटकम अनलाइन | २०७६/१२/२७ | प्रकाश कोइराला |
| २ | नेपाली समालोचनाको क्षेत्रमा मनोविज्ञानपरक समालोचना | समालोचना | मैथिली त्रैमासिक जनकपुर | २०७६ साउन भाद्र वर्ष ३७ अङ्क-१, पृ.३३-४० | सम्पा. कुलराज घिमिरे, |
| ३ | यसरी नै आरु फुल्छ कथाको वैचारिक विश्लेषण | समालोचना | विगुल न्युज डटकम | २०७७/०२/०३ | विवस वस्ती |
| ४ | विस्मात उपन्यासको विधातात्त्विक विश्लेषण | समालोचना | | २०७७/०२/२१ | गोपाल सञ्जेल |
| ५ | विसङ्गतिको नालीबेली | समालोचना | एउटा कथाको पुर्नजन्म | २०७७ | महेश प्रसाईं |
| ६ | तृष्णा एक विहङ्गम दृष्टि | समालोचना | कृतिमा भूमिका | २०७३ | लक्ष्मीप्रकाश पौड्याल |

उनका फुटकर संस्मरण पनि प्रकाशन भएका छन् । मेरो अविश्मरणीय साथी उद्धव खड्का (पृ.७७-७८, अं. १२ २०७६ असोज) सिन्धुली आवाजमा निस्केको पाइन्छ । त्यस्तै उनका दर्जनौं संस्मरणहरू २०५४/२०५५ तिर सिन्धुली साप्ताहिकमा प्रकाशित भएको उनी बताउछन् ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

यस परिच्छेदमा शोधपत्रको सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ :

## ५.१ सारांश

प्रस्तुत शोधपत्रका पाँच परिच्छेदलाई आवश्यकतानुसार विविध शीर्षक, उपशीर्षकहरूमा बाँडफाँड गरिएको छ । पहिलो परिच्छेदमा शोधनायक दिल पौडेलको शोध परिचय प्रस्तुत गरिएको छ । शोधपत्रको परिचय अन्तर्गत दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गर्न विभिन्न शीर्षक उपशीर्षकहरू राखिएको छ ।

यस शोधपत्रको पहिलो उपशीर्षक शोधनायकको परिचय रहेको छ । शोधनायक दिल पौडेलको जीवनी, व्यक्तित्वको बारेमा जानकारी गराइएको छ भने उनका प्रकाशित साहित्यिक कृतिहरूको विश्लेषणात्मक अध्ययन गरिने जानकारी गराइएको छ । उपशीर्षक दुईमा समस्याकथन रहेको छ । यसअन्तर्गत दिल पौडेलका जीवनी, व्यक्तित्व र कृतित्वका के कस्ता पक्षहरू रहेका छन् भन्ने बारेमा केन्द्रित भएर शोधपत्र तयार पारिएको छ । उपशीर्षक तीनमा शोधपत्रको उद्देश्यका बारेमा चर्चा गरिएको छ । यसमा दिल पौडेलका जीवनीको अध्ययन गर्नु, व्यक्तित्वका विविध पक्षहरूलाई परिचित गराउनु र कृतित्वका बारेमा विश्लेषण गर्ने उल्लेख गरिएको छ । उपशीर्षक चारमा पूर्वकार्यको समीक्षा गरिएको छ । यो शोधपत्र तयार पार्नु अगाडि दिल पौडेलको जीवनी, व्यक्तित्वका बारेमा सामान्य चर्चा गरेको मात्रै पाइन्छ । उनका कृतिका बारेमा केही लेखक र साहित्यकारहरूले आंशिक टिप्पणी गरेका पाइन्छन् जुन् पूर्वकार्यको समीक्षामा प्रस्तुत गरिएको छ । उपशीर्षक पाँचमा शोधकार्यको औचित्य र महत्त्व प्रस्तुत गरिएको छ । दिल पौडेलका बारेमा समस्या कथनमा उठाइएका समस्याको समाधान र उद्देश्य कथनमा प्रस्तुत गरिएका उद्देश्य पूरा गरिने भएकाले शोधपत्र औचित्यपूर्ण रहेको कुरा उल्लेख गरिएको छ । उपशीर्षक छमा शोधपत्रको सीमाङ्कन प्रस्तुत गरिएको छ । उपशीर्षक सात अन्तर्गत सामग्री सङ्कलनविधि र विश्लेषण विधिको उल्लेख गरिएको छ । प्रस्तुत शोधकार्य पूर्ण गर्नका लागि शोधनायकसँग र उनका आफन्तसँग भेटी सामग्री सङ्कलन गरिएको छ । साथै उनका कृतिको प्रयोग पनि गरिएको छ । उपशीर्षक आठमा शोधपत्रको

रूपरेखा रहेको छ । यसरी प्रस्तुत शोधपत्रका पाँच परिच्छेदलाई आवश्कताअनुसार विविध शीर्षक उपशीर्षकहरूमा बाँडफाँड गरिएको छ ।

दोस्रो परिच्छेदमा दिल पौडेलको जीवनीको अध्ययन गरिएको छ । प्रस्तुत शीर्षक अन्तर्गत उनको जन्म र जन्मस्थान, बाल्यकाल, उपनयन, शिक्षादीक्षा, विवाह तथा दाम्पत्य जीवन, लेखनप्रेरणा र प्रभाव, सन्तान, लेखनकार्य र प्रकाशित कृति, आर्थिक अवस्था, सङ्घसंस्थागत आबद्धता, रुचि तथा स्वभाव, पुरस्कार तथा सम्मान आदि समस्त जीवनचक्रसँग सम्बद्ध घटनाहरूको क्रमश : अध्ययन गरिएको छ । उनी सिन्धुली जिल्लाको साविक  ३ र हालको दुधौली नगरपालिका-७ कल्लेखोला भन्ने ठाउँमा पिता धनबहादुर पौडेल र माता चन्द्रकुमारी पौडेलका ज्येष्ठ सुपुत्रका रूपमा २०२८ पौष १० गते शनिबार जन्मिएका दिल पौडेल नेपाली साहित्यका क्षेत्रमा सक्रिय व्यक्तित्वका रूपमा चिनिएका छन् । मध्यम वर्गीय परिवारमा जन्मिएका पौडेलको बाल्यकाल सिन्धुली जिल्लामै बितेको थियो । माध्यमिक विद्यालय बाट वि.सं.२०४२ जेठ ६ गते प्रहरीको हिरासतमा परी २२ दिन जेल जीवन विताए । मा. वि. बाट वि.सं.२०४४ मा एस. एल. सी. द्धितीय श्रेणीमा उत्तीर्ण गरी उच्च शिक्षाका लागि जनकपुरको आर. आर. क्याम्पसमा भर्ना भए । सोही क्याम्पस जनकपुरबाट आई. कम. गरेका पौडेलले वी. ए. र एम.ए. चाँहि रत्न राज्यलक्ष्मी बहुमुखी क्याम्पसबाट उत्तीर्ण गरेका हुन् । उनका आधा दर्जनभन्दा बढी साहित्यिक कृतिहरू प्रकाशित भएका छन् । जुन तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

सिन्धुली जिल्लाको  र दुधौलीमा दिल पौडेलको बाल्यकाल बितेको हो । उनले ४/५ वर्षको उमेरमा घर नजिकैको सालघारी पाठसालाबाट अक्षरारम्भ गरेका हुन् । उनको ८ वर्षको उमेरमा नै उपनयन भएको हो । वि.सं.२०४२ जेठ ६ गते माध्यमिक विद्यालय बाट पञ्चायती व्यवस्था मूर्दावाद लेखेको प्लेकार्ड सहित प्रहरीको हिरासतमा परेर २२ दिन जेल जीवन बिताउन पुगे । मध्यम वर्गीय परिवारमा जन्मेका पौडेल जीवनका हरेक समस्यासँग सङ्घर्ष गरेर वि.सं.२०४४ मा एस. एल. सी. उत्तीर्ण गरी उच्च शिक्षाका लागि २०४५ मा जनकपुर पुगे । उनले २०४८ सालमा सुमिता अधिकारीसँग प्रेम विवाह गरेर दाम्पत्यजीवन अगाडि बढाए । श्रीमती सुमिता पौडेलको साथ र सहयोगमा २०५० मा *अधुरो जिन्दगी* उपन्यास प्रकाशित गराए । उनको हालसम्म सात वटा कृति प्रकाशित भइसकेका छन् । २०५६ सालमा लोकसेवा पास गरी मुखिया पदमा इलाका हुलाक कार्यालय दुधौलीमा पदस्थापना भए । २०५९ सालमा गा. वि. स. सचिव उत्तीर्ण गरी सिन्धुपाल्चोक

चौतारामा सरुवा भए । पौडेलले सरकारी कामलाई प्राथमिकतामा राख्दै फुर्सदको समय घरपरिवार र साहित्य लेखनमा खर्चिदै आएका छन् । पौडेल यथार्थता, मानवता, राजनीति विकृति, समाजको विकृतिप्रति कटाक्ष, आदर्श र सरल लेखनशैली अँगाल्ने साहित्यकार हुन् । हाल बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, साना-ठुला सवारी, एकान्तकुना, ललितपुरमा अधिकृत छैटौँमा कार्यरत दिल पौडेलको परिवार श्रीमती, दुई छोरा र आफू सहित टीकाथली ललितपुरमा (२०६८ असार देखि) बस्दै आएका छन् । उनको समग्र जीवन सुखपूर्वक नै देखिन्छ ।

तेस्रो परिच्छेदमा पौडेलको व्यक्तित्वको अध्ययन गरिएको छ । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको परिवार, समाज, सत्सङ्ग, प्रतिभा, जीवनदर्शन, धर्म, संस्कृति र विचारले प्रमुख भूमिका खेल्दछ । अत : जीवनका विभिन्न पक्षहरूद्वारा व्यक्तित्वको निर्माण हुने गर्दछ । परिवर्तनशील संसारमा रहेर हरेक अवस्थामा आफ्नो प्रतिभाको गहन र स्पष्ट छाप साहित्य र समाजमा छोड्नसक्नु नै व्यक्तित्व हो । पौडेलको आन्तरिक व्यक्तित्व अन्तर्गत साहित्यिक व्यक्तित्वका रूपमा रहेका उपन्यासकार, समालोचक, गजलकार, कवि, संस्मरणकार र हाइकुकार व्यक्तित्वमध्ये उपन्यासकार व्यक्तित्व नै उच्च रहेको पाइन्छ । उनको साहित्येतर व्यक्तित्व अन्तर्गत साङ्गठनिक व्यक्तित्व, समाजसेवी व्यक्तित्व, प्रशासनिक व्यक्तित्व, पत्रकार व्यक्तित्व, राजनीतिक व्यक्तित्वहरूमध्ये प्रशासनिक व्यक्तित्व नै उच्च रहेको देखिन्छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वका बीच परस्परमा अन्त : सम्बन्ध छर्लङ्ग देख्न सकिन्छ ।

चौथो परिच्छेदमा दिल पौडेलका कृतिहरूको अध्ययन गरिएको छ । दिल पौडेलको पहिलो प्रकाशित कृति *अधुरो जिन्दगी* सामाजिक यथार्थवादी उपन्यास हो । अधुरो जिन्दगी उपन्यास अनुभव र अनुभूतिमा आधारित कृति हो । यस उपन्यासमा प्रेम र बिहेसम्बधी नेपाली समाजका विषमतामूलक परिवेशलाई अभिव्यक्ति गरिएको छ । यस उपन्यासमा सरल जीवनका जटिल मोडहरू प्रकट भएका छन् । सामाजिक यथार्थको सेरोफेरोको साँस्कृतिक पर्याद्वारमा विषमताजन्य अनुभूतिको संरचना नै मुख्यभाव रहेको छ । उपन्यासमा समाजका विभिन्न वर्गीय चरित्र उपस्थापन गराइएको छ र यात्रुहरू भयभीत र विचलित बनेका छन् । समाज विषाक्त छ, षड्यन्त्र हत्या, विभेद पलायन आशंका जस्ता कारक तत्त्वहरूले मानिसलाई तनाव र दबाव दिइएको छ भन्ने सन्देश उपन्यासमा व्यक्त भएको छ । उपन्यासकारले सामन्ती समाजका विकृति, अविश्वास,

अमानवीय व्यवहार, वर्गीय उत्पीडन आदि कुराको उठान गरेका छन् । तत्कालीन ग्रामीण नेपाली समाजको जीवन स्थिति, शैक्षिक अवस्था, आर्थिक सङ्कट र तिनीहरूको जीवनशैली आदिको यथार्थपरक अङ्कन गरिएकाले *अधुरो जिन्दगी* सामाजिक यथार्थवादी उपन्यास हो । समाजका उत्पीडित वर्गको पक्षपोषण गर्नु, मानवताको वकालत गर्नु, सामाजिक र राजनीतिक यथार्थको चित्रण गर्नुका साथसाथै गरिब निमुखा र पिछडिएका निम्न वर्गीय व्यक्तिप्रति प्रगाढ समवेदना जगाउनु यस उपन्यास लेखनको उद्देश्य रहेको छ । त्यसैले *अधुरो जिन्दगी* सामाजिक यथार्थवादी उपन्यास हो ।

दिल पौडेलको दोस्रो प्रकाशित कृति *केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन* समालोचनासङ्ग्रह हो । समालोचक दिल पौडेलका भूमिका बहुआयामिक छ । आवश्यकताआुसार भूमिका निर्वाह गर्न सक्ने दिलले जाँगर र मिहिनेतका साथै सिर्जना गरेर साहित्य भण्डारमा गुन लगाएका छन् । उनी कवि मात्रै नभएर समालोचक पनि हुन् । उनले मोफसलका साहित्यकारहरूलाई प्रेरणा दिन उनीहरूकै कृतिमाथि समालोचना सङ्ग्रह तयार गरेर प्रकाशित गरेका छन् । पौडेलले यस सङ्ग्रहमा विभिन्न दस कृतिहरूको विवेचना गरेका छन् । समालोचकले यस समालोचना सङ्ग्रहमा प्रभावपरक, विधापरक, वस्तुपरक, समन्वयवाद र सौन्दर्यशास्त्रीय जस्ता विभिन्न आधारमा कृतिहरूको विश्लेषण गरेका छन् ।

दिल पौडेलको तेस्रो प्रकाशित कृति *प्रजातन्त्र* संयुक्त हाइकुसङ्ग्रह हो । उनको यो कृति समसामयिक धारा, आलोचनात्मक यथार्थवादी धारामा केन्द्रित रहेको पाइन्छ । समाजका हरेक क्षेत्रमा सुधार र परिवर्तनको अपेक्षा गर्दै समाजको दुराचार, भ्रष्टाचार, अर्थवाद जस्ता सन्दर्भहरूलाई हाइकुको विषयवस्तु बनाएका छन् । समाजका हरेक कुसस्कारलाई हटाएर सुन्दर र सभ्य समाज निर्माणको चाहना राख्नु हाइकु लेखनको उद्देश्य रहेको छ । यसरी उनको यो कृति समसामयिक वस्तुमा आलोचनात्मक यथार्थवादी धारामा केन्द्रित रहेको पाइन्छ ।

उनको चौथो प्रकाशित कृति *कात्रोमा मेरो देश* कवितासङ्ग्रह हो । उनको यस कविता सङ्ग्रहले नेपालको समसामयिक विषयवस्तु र वैयक्तिक चिन्तनलाई प्रतिनिधित्त्व गरेको छ । उनको यो कृति विसङ्गतिवादमा आधारित देखिन्छ । पौडेलले देशमा भइरहेको राजनीतिक, आर्थिक तथा सामाजिक शोषणका सन्दर्भमा कतिपय मान्छेले मान्छेजस्तै बाच्न

नपाएको आक्रोश व्यक्त गर्दै मान्छेले मान्छे जस्तै भएर बाँच्न पाउनु पर्ने कुरा व्यक्त गरेका छन् । दिल पौडेल आलोचनात्मक समाजिक यथार्थवादी कवि हुन् । आशावादी स्रष्टा दिल पौडेल मानवीय संवेदनाका ह्रासमुलकताको गहिरो पहिचान गर्ने चेष्टा गर्दछन् । वैविध्यपूर्ण, पठनीय र विशिष्ट काव्य बोध भएका कविता अर्थवान सम्पृक्त र महत्त्वपूर्ण छन् । उनले *कात्रोमा मेरो देश* कवितासङ्ग्रहबाट समाजको अन्धकार पक्षमाथि ध्वन्यात्मक चित्रण गरेका छन् । देशमा भएका भ्रष्टाचार, दमन, शोषण र भेदभावमाथि विम्ब प्रतीकको संयोजनगरी उनले कडा व्यङ्ग्य प्रहार गरेका छन् । उनी मूलत : मानवतावादी कवि हुन् । उनका कवितामा मानवीय जर्जरता र राज्यका कमिकमजोरीका द्वन्द्वात्मक अवस्थालाई प्रतिध्वनित गरिएको छ । आम नेपाल र नेपालीको भविष्य उज्ज्वल होस् भन्ने यस कविता सङ्ग्रहको उद्देश्य रहेको छ । सिर्जना कालमा आन्तरिक उपद्रवका कारण मूलुक भर अशान्ति थियो । स्थानीय निकायहरू जनप्रतिनिधी विहिन थिए र तिनको जिम्मा कर्मचारिले पाएको असहज परिस्थिति थियो । त्यस्तो असहज परिस्थितिको सामना गर्दै प्रशासनिक व्यस्ततामा पनि रक्तमुछेल देशको विद्रोही चेतको स्वराङ्कन गर्न उनी आफ्ना कवितामा सफल भएका छन् । उनको यस कविता सङ्ग्रहले नेपालको समसामयिक विषयवस्तु र वैयक्तिक चिन्तनलाई प्रतिनिधित्त्व गरेको हुनाले विसङ्गतिवादमा आधारित देखिन्छ ।

दिल पौडेलको पाँचौं प्रकाशित कृति 'दिल पौडेलका गजलहरू' (अचानो मन) गजलसङ्ग्रह हो । यस गजल सङ्ग्रहमा सामाजिक विषयवस्तुको प्रयोग भएको छ । उनको यो कृति आलोचनात्मक र समसामयिक वादमा केन्द्रित छ । दिल पौडेलका गजलमा सामाजिक विषयवस्तुको उठान गरिएको पाइन्छ । गजलकारले समस्याग्रस्त नेपाली समाजका विकृति, अन्याय, कमिशनतन्त्र, अन्तराष्ट्रिय कुकृत्य, सामन्ती अर्थ व्यवस्थामाथि तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । उनको यस कृतिमा असामाजिक र अमानवीय परिवेश, व्यवहार र विकृतिमाथि तिखो भण्डाफोर गरिएको छ । पौडेलले समाजका समस्या, अन्याय, अत्याचार, राजनीतिक विकृति, भ्रष्टाचार आदि अवस्थाको तीव्र आलोचना गरेका छन् । नेपाली समाजको वर्ग अन्त्य गर्दै राजनीतिक विकृतिलाई हटाई जनतालाई चेतनाको विस्तार गर्नु नै गजलसङ्ग्रहको उद्देश्य रहेको छ । गजलमा लयात्मकता, सुक्तिमयता, संक्षिप्तता र भावको गहनता जस्ता आधार प्रस्तुत भएका छन् । संरचनाका हिसाबले उनका गजलका शेरहरू चिटिक्क परेका छन् । कतिपय शेरहरूले चित्तमा चमत्कार दिदै ध्वन्यात्मक झङ्कार दिने क्षमता बोकेका छन् । गजलका

रदिफले शेरै पिच्छे दिने लयात्मक आकर्षणले श्रोतालाई सँगसँगै ध्वनिमा वग्न प्रेरित गर्दछ । तसर्थ उनका गजल प्रतीकात्मक अभिव्यञ्जना भएको जीवन्ततायुक्त अभिव्यक्ति पाइन्छ ।

दिल पौडेलको छैटौँ प्रकाशित कृति *अतीतका अवशेष* सस्मरणसङ्ग्रह हो । प्रत्येक मानिसको अतीत स्मरणीय हुन्छ । राजनीतिक दलमा जस्तो साहित्यमा भौगोलिक सीमा लाग्दैन । त्यसैले उनी जागिरे जीवनमा जहाँजहाँ पुगे तत्तत् स्थान, समाज र परिवेशको चित्रण गर्न उद्दत रहे । उनको यो कृति वस्तुपरक र विवरणात्मक रूपमा रहेको पाइन्छ । यस सङ्ग्रहमा लेखकको समग्र जीवनचक्रसँग सम्बद्ध विविध घटनाक्रम र राजनीतिक खिचातानीका कारण उत्पन्न भएको यथार्थ विम्ब प्रस्तुत गरी जीवनका समस्या, अभाव, प्राप्ति, सफलता र अवस्थालाई सार्वजनीन र युगीन बनाई प्रस्तुत गर्नु यस कृतिको उद्देश्य हो ।

दिल पौडेलको सातौँ प्रकाशित कृति 'काउसो जून' हाइकुसङ्ग्रह हो । यस कृतिमा मानवीय जीवनका यथार्थ पक्ष, कोरोना महामारीको कहालीलाग्दो र भयानक परिस्थितिको तनावजन्य फूर्सदमा विविध विषयवस्तु टिपेर रचना गरिएको नवीन कृति हो । संश्लिष्टतामा विस्तृत व्यङ्ग्य प्रहार गर्नु उनको हाइकु लेखनको सार हो । राजनीतिक अस्तव्यस्तता, प्रशासनिक ढिलासुस्ती र कामचोर प्रवृत्ति, अवसरवादी चाकडीतन्त्रप्रति उनी आलोचनात्मक दृष्टिकोण राख्दछन् । उनको यस कृति स्वच्छन्दतावादमा आधारित रहेको पाइन्छ । यसमा सामाजिक, धार्मिक, साँस्कृतिक, शैक्षिक, समसामयिक, राजनीतिक, प्रशासनिक र आफूले देखे भोगेका अनि अनुभव गरेका विकृति विसङ्गतिलाई कटाक्ष गर्नु हाइकु लेखनको मुख्य उद्देश्य रहेको छ । त्यसैले यो स्वच्छन्दतावादमा आधारित कृति हो ।

दिल पौडेलका नेपाली साहित्यमा विभिन्न विधाका सात कृतिहरू प्रकाशित भै सकेका छन् । उनको प्रकाशोन्मूख अवस्थामा रहेको *ऐलानी घाम* हाइकुसङ्ग्रह समेत पाँच कृतिको रचना तथा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित सयौँ लेख रचनालाई प्रकाशनमा ल्याएर नेपाली साहित्यको क्षेत्रमा निरन्तर क्रियाशील हुँदै आएका छन् ।

## ५.२ निष्कर्ष

दिल पौडेल यथार्थता, मानवता, धार्मिकढोङ्, प्रेम प्रणय, विविध विकृति विसङ्गतिप्रति कटाक्ष, गरी आदर्श र सरल लेखनशैली अँगाल्ने साहित्यकार हुन् । एक

व्यक्ति साहित्य र समाजप्रति समर्पित हुँदा उसका व्यक्तित्वका बहुविध पाटाहरूको निर्माण हुने गर्दछ । साहित्यकार दिल पौडेलको जीवनमा आरोह-अवरोहको क्षण आए पनि उनी आफ्नो उद्देश्य र लक्ष्यप्राप्तिबाट कति पनि विचलित भएनन् । स्कुले जीवनदेखि हाल सम्म पनि उनी साहित्य र समाजका विविध पाटासँग सम्बद्ध रही निन्रन्तर कार्य गरिरहेका छन् । उनका कृतिहरूमा जीवनमा देखेभोगेका, अनुभव गरेका, जीवनको सङ्घर्ष, प्राप्ति एवं सफलता, पीडा-व्यथा, द्वन्द्व-प्रतिद्वन्द्व, जीवन भोगाइका क्रममा आउने अनेक घटना, जीवनका अनेक अप्ठ्यारा परिस्थिति, पारिवारिक पृष्ठभूमि, रुचि, पेशा, शिक्षादीक्षा आदि विषयवस्तु प्रस्तुत भएका छन् ।

उनी सामाजिक, राजनीतिक, धार्मिक, शैक्षिक, साँस्कृतिक एवं प्रशासनिक क्षेत्रमा व्याप्त विकृति र विसङ्गतिप्रति व्यङ्ग्यात्मक प्रहार गर्न सफल भएका छन् । मानवता, वैचारिकता, कल्पनाशिलता, पाश्चात्य र पूर्वीय सभ्यता आदि माध्यामबाट समाजमा देखिएका गलत परम्परा, अन्याय, विचलन, मानवीय स्वार्थ, राजनीतिक खिचातानीको यथार्थ विम्ब प्रस्तुत गरी जनचेतना जगाउन प्रयास गर्नु पौडेलको मूल उद्देश्य रहेको छ । यिनी मार्क्सवादी मान्यता राख्दछन्, तर यिनका सिर्जनामा द्वन्द्वात्मक भौतिकवादको नियम पालना छैन । यिनी आर्थिक असमानताको डटेर सामना गर्दै वर्गभेद विहिन शोषण सहित समाजको कल्पना गर्ने स्रष्टा हुन् । यिनका सिर्जनामा सामाजिक यथार्थता पाइन्छ । यिनले आनन्द भन्दा उपयोगितावादमा जोड दिएका छन् । धनसम्पति नै सबै विकृतिको जड हो भन्ने यिनको विश्वास छ । यौन र पद प्राप्तिलाई पनि यिनी द्वन्द्वको कारक ठान्छन् । भक्ति र वास्तविकताको पर्दाफास गर्दै विखण्डित मानव मनको पूनः चित्रण गर्छन । त्यसैले यिनका सिर्जनाले समाजका विविध पक्षको विश्लेषण गरेका छन् ।

यथातथ्यमा जोड दिई लोकमंगलको अपेक्षा गर्दै यिनी मानव कल्याणको पक्षपोषण गर्छन् । मूलत भगवानको अस्तित्वलाई अविश्वास गर्छन् । रुढीवादी धारणा र अन्ध विश्वासी रीतिरिवाजमाथि प्रहार गर्छन् । यद्यपि उनी पूर्ण नास्तिक होइनन् । धर्म र राजनीतिमा नैतिकता हराएको खोजी गर्छन् । जीवनबाट उदास नहुने मैथ्युआर्नोल्डको नीतिवादी मान्यतालाई अपनाउँछन् । तर दैवी ऐश्वर्यको अवलोकन गर्दैनन् । सत्यको जय र असत्यको पराजयको कल्पना गर्छन् । सुन्दर सामाजिक वातावरणको यथार्थवादी प्रतिविम्ब उतार्न तल्लीन भएपनि वैचारिक आग्रहको अस्त्र प्रयोग गरेका छैनन् । सङ्गीत, प्राकृतिक

दृश्य र रागात्मक मनोभाव (कविता, गीत, गजल, हाइकु) यिनका काव्यमा टलपल देखिन्छन् ।

जातिगत सामाजिक रहनसहनको विरोध गर्छन् । कतै कतै जीवशास्त्रीय सम्बन्धमा पनि जोड दिन्छन् । मानव मनका लैङ्गिक कुण्ठाको आत्मसात गर्छन । भोकाको भोक मेटाउनु, दुःखी जीवनको चोटमा मलम लगाउनु उनी धर्म ठान्दछन् । भजन कीर्तन स्तुती गर्दै मन्दिरमा ट्याङ्ट्याङ् घण्टी बजाउनुलाई उनी धर्म मान्दैनन् । संसारमा खराब व्यक्तिको आतङ्क छ । तिनलाई परास्त गर्न असल मान्छे अघि लाग्नु पर्छ । नेपोलियन वोनापार्ट भन्छन् 'इमान्दार बन्नु भनेको गरिब नै रहनु हो' । तर इमान्दारिता गुमाएपछि संसारमा सत्य, न्याय, धर्म विधिको लोप हुन्छ अनि ज्ञानी मानिसले शास्त्रले उत्तर लेख्छन् र दुष्टले शस्त्रले प्रहार गर्छन् । दिल पौडेलको निजामति सेवा प्रमुख पेशा हो । साहित्य लेखन प्रकाशन र सम्पादन यिनको रुचि क्षेत्र रहेको पाइन्छ । यिनका सिर्जनामा बौद्धिकता, तार्किकता, कलात्मकता र प्रगतिशीलता जस्त प्रमुख विशेषता रहेका छन् । तसर्थ दिल पौडेलको सम्पूर्ण जीवन नियाल्दा तपशिल बमोजिमको सकारात्मक पक्षहरू देखिन्छ :

१. उनले अन्तरजातीय बिहे गरी सामाजिक क्रान्ति गरेका छन् ।
२. उनले प्रशासनिक कार्य गर्दै आधा दर्जनभन्दा बढी पुस्तकाकृति सिर्जना गरेका छन् ।
३. अरू लेखकका आधा दर्जनभन्दा बढी कृति प्रकाशन गरेका छन् ।
४. अरूको मेहेनतलाई कदर गर्दै झन्डै दुई सय जति व्यक्तित्वलाई सम्मान गरेका छन् ।
५. शिक्षाको उन्नयनको लागि विभिन्न ठाउँमा पुस्तकालय स्थापना गर्न पहल गरेका छन् ।
६. साहित्यिक संस्था स्थापना गरी कमजोर आर्थिक अवस्थाका बेलामा पनि भाषा साहित्यको सेवा गरेका छन् ।
७. जागिरे जीवनमा बेर्फुसद भए पनि साहित्यका विविध विधा (आख्यान, समालोचना, काव्य) सिर्जना गरी कृति प्रकाशन गरेका छन् ।

८. साहित्यमार्फत् समाजमा भएका राजनीतिक, प्रशासनिक आदि क्षेत्रका अन्याय, अत्याचार, पक्षपात, थिचोमिचो, विसङ्गति, वेथितिमाथि निडरतापूर्वक कलम चलाएका छन् ।

९. कर्तव्यपालनाको सिलसिलामा मुद्धा झमेला परे पनि निडरतापूर्वक सामना गरेका छन् ।

१०. वैचारिक रूपमा मार्क्सवादी भएपनि मानवतावादमा जोड दिएर साहित्यको सेवा गरेका छन् ।

११. बिलासिताको लागि धन, सत्ता र पदमा द्वन्द्व गरेका छैनन् ।

१२. निम्न वर्गको पक्षमा वकालत गरी सकेसम्म सहयोग गरेका छन् ।

१३. पूर्खौली सम्पति हुँदाहुँदै पनि आफै स्वाभलम्वी भई घर परिवार धानेका छन् ।

१४. युवाकाल देखि नै विभिन्न सङ्घसंस्थाको नेतृत्त्व गरी समाजको कल्याण गरेका छन् ।

१५. द्वन्द्वको अनेक घटनामा दुःख परे पनि जीवनलाई सकारात्मक पारी सफलता हात पारेका छन् ।

**सम्भाव्य शोधशीर्षकहरू**

दिल पौडेलका प्रकाशित कृतिहरूको यस अध्ययनमा सामान्य चर्चा मात्रै गरिएको छ । तसर्थ उनका कृतिहरूमाथि थप अध्ययन-अनुसन्धान गरी शोधपत्र तयार गर्न इच्छुक शोधार्थीहरूका लागि निम्न सम्भाव्य शोध शीर्षकहरू उपयोगी हुन सक्ने छन् ।

१. अधुरो जिन्दगी उपन्यासमा सामाजिकता ।

२. अधुरो जिन्दगी उपन्यासको विधातात्त्विक विश्लेषण ।

३. दिल पौडेलका साहित्यिक कृतिहरूको अध्ययन ।

४. दिल पौडेलका समालोचकीय शिल्प सौन्दर्य ।

५. दिल पौडेलका हाइकुमा प्रयुक्त विषय विधान ।

६. कात्रोमा मेरो देश कवितासङ्ग्रहमा वैचारिकता ।

७. दिल पौडेलका गजलमा ध्वनि तत्त्व ।

८. दिल पौडेलका हाइकुको संरचना विधान ।

९. दिल पौडेलका हाइकुको सामाजिक चेतना ।

१०. दिल पौडेलका हाइकुमा प्रगतिवादी चेतना आदि ।

यसरी जीवनमा विभिन्न व्यक्तित्वहरूबाट हामीले सङ्घर्षबाट नै लक्ष्य हासिल गर्न सक्छौँ भन्ने सकारात्मक ज्ञान प्राप्त हुन्छ । बौद्धिक, प्राज्ञिक, व्यक्तित्व स्रष्टा-द्रष्टा दिल पौडेलका यिनै कृतिका न्यायपूर्ण मूल्य निर्णयको लागि मेरो भावक मनमा परेको प्रभाव र समालोच्य विषयवस्तुको विश्लेषण तथा मूल्याङ्कन टुङ्ग्याउन चाहन्छु ।

# परिशिष्ट -१

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत नेपाली विषयको स्नातकोत्तर तह चौथो सत्र शोधपत्र लेखनको (कोड. नं. ५७७) दिल पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व (२०७५ – २०७६) शोधपत्र लेखन तयारी : प्रश्नावली**

## व्यक्तिगत विवरण

**(१) तपाईको परिचय दिनुहोस् ।**

**उत्तर :** मेरो परिचय यसप्रकार छ :

नाम :

न्वारनको नाम : देवबहादुर पौडेल
वास्तविक नाम : दिलबहादुर पौडेल
साहित्यिक नाम : दिल पौडेल
जन्म मिति / स्थान : २०२८/०९/१०, –३ (हाल दुधौली–७ सिन्धुली)

ठेगाना :

(क) स्थायी : दुधौली–७ कत्लेखोला, सिन्धुली
(ख) अस्थायी : महालक्ष्मी नगरपालिका–५, टीकाथली,ललितपुर
(ग)dilpoudel98bahadur@gmail.com
(घ) मोवाइल नं. : ९८५१२०७४५१/९८४९३७७४५१

**(२) पारिवारिक विवरण लेखिदिनुहोस् ।**

**उत्तर** :बुबा : धनबहादुर पौडेल

आमा : चन्द्रकुमारी पौडेल
हजुरबुबा : बृषबहादुर पौडेल
हजुरआमा : लीलामाया बुढाथोकी
श्रीमती : सुमीताकुमारी अधिकारी (पौडेल)
छोराहरू : सुदिप र सुमन

**(३) औपचारिक शिक्षा कतिसम्म होला ?**

**उत्तर :**

शिक्षा : स्नातकोत्तर नेपाली, (इतिहास, राजनीतिशास्त्र अध्ययनरत)

**(४) पेशा के हो ? र कहिले देखि प्रवेश गर्नुभयो ?**

**उत्तर :**

पेसा : निजामति सेवा (२०५६ असार ३२ देखि प्रवेश), हाल कार्यरत : यातायात व्यवस्थापन कार्यालय, सानाठूला सवारी, एकान्तकुना, ललितपुर

**(५) तपाइको रुचि / लेखन आरम्भ र पहिलो विधा के हो ?**

**उत्तर :**

रुचि : साहित्य अध्ययन र सिर्जना अनि समाजसेवा
लेखन आरम्भ : २०४४ सालमा कविता विधाबाट ।

**(६) लेखन प्रेरणाका स्रोत के के हुन् ?**

**उत्तर :**

लेखन प्रेरणा :

(क) व्यक्ति : सामाजिक र राजनैतिक विसङ्गति
(ख) अन्य : विभिन्न लेखकहरूको साहित्यिक, धार्मिक, पौराणिक कृति अध्ययन र राजनैतिक दमन ।

**(७) तपाईका प्रकाशित लेखन विधाका छोटो परिभाषा दिनुहोस् । (कविता, गीत, गजल, हाइकु ...) सर्वप्रथम कुन विधाको कुन रचना कहिले प्रकाशन गर्नुभयो ?**

**उत्तर :**

प्रथम प्रकाशित विधा :

'सकिनँ' शीर्षकको कविता, २०४७ हेटौँडाको *वर्चश्व* मासिक साहित्यिक पत्रिकाबाट प्रकाशित ।

**(८) तपाइको प्रकाशित र अप्रकाशित कृतिहरू के के हुन् ?**

प्रकाशित कृतिहरू :

१. *अधुरो जिन्दगी* उपन्यास –(२०५०),

२. *केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन* – समालोचनासङ्ग्रह (२०६१),

३. *प्रजातन्त्र*संयुक्त हाइकुसङ्ग्रह –(२०६१),

४. *कात्रोमा मेरो देश* कवितासङ्ग्रह –(२०६३),

५. *अचानो मन* गजलसङ्ग्रह –(२०६४),

६. *अतितका अवशेष* संस्मरणसङ्ग्रह –(२०६५),

७. *काउसो जून* हाइकुसङ्ग्रह –(२०७७) पर्दछन् ।

अप्रकाशित कृतिहरू :

१. *डिलको फूल* कवितासङ्ग्रह

२. *अन्तर्वार्ता सङ्ग्रह* (भक्तपुर विशेषमा)

३. *गीत* सङ्ग्रह

४. *समालोचना* सङ्ग्रह

५. *ऐलानी घाम* हाइकुसङ्ग्रह

**(९) फुटकर लेखन र प्रकाशनमा पहिलो गीत, गजल, कविता, लघुकथा, निबन्ध कहिले प्रकाशन भयो ? र ती के के हुन् ?**

**उत्तर :**

पहिलो प्रकाशित गजल : प्रजातन्त्र आए पनि बास माग्न सकिएन

विरोध गर्दा मर्नेको सास माग्न सकिएन । (२०५०)

(चैत अङ्क – ३, प्रतिबिम्ब हवाइ मासिक, सिन्धुलीबाट प्रकाशित) ।

पहिलो प्रकाशित गीत : आफ्नो लास आफैँ पुर्ने खाडल खनायौ

म त पागल हैन तिम्ले पागल बनायौँ ।

(हेटौँडाको झरना हवाइ मासिकमा प्रकाशित) ।

लघुकथा : 'यहाँ यस्तै हुन्छ' शीर्षकको , जनकपुरबाट नवविचार साप्ताहिकमा २०५१ चैत्र अङ्कमा प्रकाशित ।

कथा : 'आफ्नै कथा' शीर्षकको, काठमाडौंबाट प्रकाशित, मनोभाव – २०५९, असोज अङ्कमा ।

**(१०) तपाईका अनुभव प्रस्तुत गर्नुहोस् ।**

**उत्तर :**पत्रकारिता क्षेत्रको मेरो अनुभव :

पत्रकारिता : संवाददाता, दैनिक छहरा, विदेह साप्ताहिक जनकपुर – (२०५१–२०५५)

साहित्यिक पत्रकारिता : *मेदिनी* सा.त्रैमासिक – २०५४/२०५५

पेशागत तालिम : खरिदार पदमा रहँदा – ३० दिने ।

: नायव सुब्बा पदमा रहँदा – ३० दिने ।

**(११) तपाइँ प्रकाशक पनि हुनुहुन्छ र आजसम्म ककसका कृतिहरू प्रकाशित गर्नुभयो ?**

**उत्तर :**मैले प्रकाशन गरेका प्रकाशित अन्य लेखकका कृतिहरू यसप्रकार छन् :

| क.सं. | कृति | लेखक | साल |
|---|---|---|---|
| १ | तृष्णा कथासङ्ग्रह | लक्ष्मीप्रकाश पौड्याल | २०७३ |
| २ | ओझेलवारी र ओझेलपारीका केही साहित्यकारहरू, समालोचनासङ्ग्रह | यज्ञेश्वर निरौला | २०७४ |
| ३ | केही अवधारणा केही समालोचना, समालोचना सङ्ग्रह | रामप्रसाद ज्ञवाली | २०७५ |
| ४ | पर्यावरण र नारीकेन्द्री समालोचना, समालोचनासङ्ग्रह | गीता त्रिपाठी, | २०७५ |
| ५ | एउटा कथाको पुर्नजन्म, लघुकथासङ्ग्रह | महेश प्रसाई, | २०७७ |
| ६ | नेपाली हाइकु परिचय | यज्ञेश्वर निरौला | २०७७ |

**(१२) तलका प्रश्नहरूको छोटो परिभाषा लेख्नुहोस् ।**

**उत्तर :जीवन** : जन्म –मृत्युको यात्रामा बर्तमानको पुरस्कार

**यौन** : बर्षे कुवा

**कला** : जीवनको सार्थक रूप

**धर्म** : परोपकार, कर्तव्य

**प्रेम** : नडुब्ने घाम

**साहित्य** : इच्छाको अधिवेशन ।

**राजनीति** : परिवर्तनको प्रत्यक्ष माध्ययम

**(१३) तपाईका विशेष आकर्षण के के मा छन् ?**

**उत्तर : रङ्** : नीलो

**पेशाक** : राष्ट्रिय
**धर्म** : प्रगतिशील
**राजनीतिज्ञ** : बि.पि./मदन भण्डारी
**समय** : हल्का वर्षाद
**मौसम** :वसन्त ऋतु
**खेल** : भलिबल / क्रिकेट
**गीत** : आधुनिक
**फिल्म** : वलिदान
**गायिका** : कुन्ति मोक्तान
**नायिका** : गौरी / करिश्मा
**टेलिफिल्म** : मुक्ति
**उपन्यासकार** : कुशवाहकान्त
(हिन्दी),सरुभक्त(नेपाली), पारिजात
**गजलकार** : ज्ञानु / घनु / मनु
**संगीतकार** : रामेश / शम्भुजीत
**विदेश** : स्वीजरल्याण्ड
**अन्तराष्ट्रिय कृति** : द सतानिक भर्सेज (रुस्दी)
**नारी लेखिका** : पारिजात
**कथा** : दोषी चश्मा , परिवन्ध, कर्नेलको घोडा
**प्रगतिशील लेखक** : मोदनाथ प्रश्रित, खगेन्द्र सङ्ग्रौला
**नियात्राकार** : निर्मोही व्याँस, ताना शर्मा
**स्मरणीय घटना** : प्रजातन्त्रको स्थापनार्थ २०४२ जेष्ठ ६ देखि २५ गतेसम्म हिरासत परेको घटना ।
**कमजोरी** : सत्य बोल्नु
**भोजन** : साधारण
**यात्रा साधन** : मोटर साइकल
भाषा : अङ्ग्रेजी / हिन्दी
दिन : शनिबार
**साथी** : सत्यका समर्थक जो कोही ।

**(१४) तपाईले हालसम्म के के सम्मान तथा पुरस्कार पाउनुभयो ?**

**उत्तर :**मैले पाएका विभिन्न सम्मान तथा पुरस्कार यस प्रकार छन् :

१. (२०७५-२०७६ दुई पटक), दुधौली नगरपालिकाको कार्यलय, सिन्धुली ।
२. (२०७६), फिक्कल गाउँपालिकाको कार्यालय, सिन्धुली ।
३. (२०७६), ७ नं. वडा कार्यालय, दुधौली नगरपालिका, सिन्धुली ।

४. (२०७५ र २०७६ दुई पटक), दुधौली साप्ताहिक परिवार, सिन्धुली ।
५. (२०७६) , कोहिनुर साप्ताहिक परिवार, दुधौली, सिन्धुली ।
६. (२०७६), जनमुखी कल्याणकारी नेपाल, दु.न.पा.१०, सिन्धुली ।
७. (२०७५), मा. वि. टाँडी, पत्रिङ्गा, दुधौली-११ सिन्धुली ।
८. (२०७६), आधारभुत विद्यालय पोखरढिक, दुधौली-१२, सिन्धुली ।
९. (२०७६), जनप्रिय आधारभूत विद्यालय, रानीटार, दुधौली-१४, सिन्धुली ।
१०. (२०७६), सिर्जना आधारभूत विद्यालय, रमितेदोबाटो, दुधौली-१४ सिन्धुली ।
११. (२०७६), सरस्वती आधारभूत विद्यालय, ठाकुरदमार, दुधौली-१३ ।
१२. (२०७६), निम्न माध्यमिक विद्यालय मनवा चौतारा, दुधौली-१३, सिन्धुली ।
१३. (२०७६), माध्यमिक विद्यालय बाँसबोटे, दुधौली-१४, सिन्धुली ।
१४. (२०७६), जनप्रेमी माध्यमिक विद्यालय, अरूणडाँडा, दुधौली-१३, सिन्धुली ।

**(१५) तपाईले दिएका प्रमुख अन्तर्वार्ताको उल्लेख गर्नुहोस् ।**

**उत्तर :** मैले दिएको साहित्यिक अन्तर्वार्ता यसप्रकार छन् :

२०६५ मा भक्तपुर एफ. एम.बाट २ पटक अन्तर्वार्ता ।

२०७७/६/२९ बेलुकी ९:१५ समावेशी एफ.एम. कटारीबाट प्रसारण ।

२०७७/२/२६ मा ॐकार टेलिभीजनबाट प्रसारण–३:१५देखि ३:३०सम्म ।
२०७७ मा देशपाष्ट अनलाइन टि.भीबाट २ पटक अन्तर्वार्ता ।
२०७७ नेपाल बोर्डर अनलाइन टि. भीबाट १ पटक ।
२०७८/०६/०९ रेडियो पर्यावरण ललितपुरबाट १ पटक ।

**(१६) पुस्तक चर्चा, व्यक्ति चिनारी र समीक्षा के कति जति क-कसको लेख्नुभयो ?**

उत्तर :पुस्तकाकृतिको रूपमा केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन (२०६१) प्रकाशित भएको छ । फुटकर रूपमा गजलकार 'शरु काली, कवि 'ध्रुवलाल श्रेष्ठ', दोलखा निवासी कवयित्री 'जेनु बस्नेत ', लोक गायिका 'सानु मैयाँ', बहुमुखी प्रतिभाका धनी गीतकार 'भिम विराग', साहित्यकार 'चन्द्रप्रसाद न्यौपाने' सँगको कुराकानी, गायन र लेखनको सुन्दर नाम 'माया निरासी' सँगको अर्न्तवार्ता, समाजसेवी 'अम्बरदीप देवकोटा' लगायत ५० औं व्यक्तित्वका सिर्जना प्रकाशन र चिनारी लेखिसकेको छु ।

**(१७) तपाईका कृतिहरूको चर्चा एवं समीक्षा क-कसले कुन कुन पत्रिकामा गरेका छन् ?**

**उत्तर :**

मेरा साहित्यिक कृतिको समीक्षा गरी लेखिएका कृतिमा *दिलको सृष्टि, अध्येताको दृष्टि* समालोचना (२०७५) (प्रकाशक : दुधौली साप्ताहिक परिवार), *दिल पौडेलका साहित्यिक कृतिको विश्लेषण* (२०७६) (लेखक : डा. हरिप्रसाद सिलवाल) र *दिल पौडेलका हाइकुको : विश्लेषण र मूल्याङ्कन* (२०७८) (डा. यज्ञेश्वर निरौला) गरी तीन कृति पर्दछन् । त्यसैगरी विभिन्न पत्रपत्रिकामा विभिन्न लेखकहरूले फुटकर रूपमा चर्चा गरेका छन्,जुन यसप्रकार छन् :

(क) डा.हरिप्रसाद सिलवाल, *शब्दाङ्कुर* साहित्यप्रधान मासिक (२०७७) ले *दिल पौडेलको हाइकुकारिता : सामान्य चर्चा* मा संक्षिप्त समालोचना प्रकाशित भएको पाइन्छ ।

(ख) तरुण साप्ताहिक (२०७७) पुस २० बुधबारले नेपाली साहित्यमा हाइकुको महत्त्व शीर्षकमा *काउसो जून* हाइकुसङ्ग्रहको सामान्य चिनारी प्रस्तुत गरेको पाइन्छ ।

(ग) बालसिर्जना मासिक (बर्ष १०, अङ्क २, पूर्णाङ्क ११०,२०७७) साउनले, 'बहुमुखी प्रतिभा सम्पन्न साहित्यकार दिल पौडेल' शीर्षकमा संक्षिप्त जीवनी प्रस्तुत गरेको पाइन्छ ।

(घ) कृति परिचयतर्फ 'केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन' सिन्धुयात्रा मासिक, वर्ष ४, अङ्क ३, २०६२ असार, ले सामान्य चर्चा गरेको पाइन्छ ।

(ङ) केहीनेपाली साहित्यिक कृतिहरूको अध्ययन कृतिबाट 'दिल पौडेलको लगन' कान्तिपुर राष्ट्रिय दैनिक (२०६२, ०६, २२, ०७) लीलानाथ घिमिरले केही सामान्य विश्लेषण गरेको पाइन्छ ।

(च) कर्मथलो सिन्धुपाल्चोकलाई प्यारो ठान्ने कवि दिल पौडेल, शीर्षकमा प्रकाशक *अविरल साहित्यिक त्रैमासिक,* सिन्धुपाल्चोक, (२०६३ असोज प्रवेशांक, पृ.११६) ले सामान्य चर्चा गरेको पाइन्छ ।

(छ) विसङ्गतिमाथि तिखो प्रहार, *कात्रोमा मेरो देश* कवितासङ्ग्रहमा प्रस्तुत समीक्षा, त्रिशुली प्रवाह, साप्ताहिकमा(२०६७, ११, २६, ६) नवदीप अजनवीद्वारा सामान्य परिचय प्रस्तुत भएको पाइन्छ ।

(ज) समय बिम्बमा *कात्रोमा मेरो देश,* काशिराम विरसबाट नेपाल न्यूज साप्ताहिक, भक्तपुर, (२०६३, ०७, २२, ४) ले सामान्य चर्चा गरेको छ ।

(झ) *कात्रोमा मेरो देश* सविना सिन्धुले (२०६३, १०, १७) घटना र विचार साप्ताहिक काठमाडौंले सामान्य चर्चा गरेको पाइन्छ ।

(ञ) कविता चर्चा शीर्षकमा *कात्रोमा मेरो देश*को बारेमा स्वर्णगजुर पृ. २९, २०६३ मा सामान्य विश्लेषण भएको देखिन्छ ।

(ट) 'दिल पौडेलका गजल विशेष' *कौशिकी साप्ताहिक त्रैमासिक* अङ्क २४, २०६४, मा सामान्य चर्चा भएको देखिन्छ ।

(ठ) 'चर्चामा गीत ओझेलमा गीतकार', लीलानाथ घिमिरे, कान्तिपुर राष्ट्रिय दैनिक, २०६७, ०१,

(ड) साताको सिर्जना, '२ थान गजल', सिन्धु सन्देश साप्ताहिक, सिन्धुपाल्चोक, २०६२/११/२०, ले सामान्य परिचय प्रस्तुत गरेको पाइन्छ ।

(ढ) *यहाँ यस्तै हुँन्छ* प्रथम लघुकथा प्रकाशित, नवविचार साप्ताहिक, जनकपुर, २०५१/१२/२० सोमबार, ले सामान्य चर्चा गरेको छ ।

(ण) *प्रजातन्त्र गजल* प्रतिबिम्ब हवाई पत्रिका २०५० चैत्र, अङ्क २,मा सामान्य विश्लेषण भएको पाइन्छ ।

(त) दिल पौडेलको *कात्रोमा मेरो देश* को चिनारी सिन्धुलीका स्रष्टा, पृ. १८१/८२ लेखक प्रा. डा. कुलचन्द्र कोइरालाद्वारा सामान्य विश्लेषण भएको पाइन्छ ।

**(१८) तपाईले भौतिक पूर्वाधार विकास गर्न कहाँ कहाँ पहल गरी योजना पार्नु भयो ?**

**उत्तर :**

विकासका कार्यालयहरूबाट सिन्धुली जिल्ला भित्र पारेका योजनाहरू तपशिल बमाजिमका छन् ।

| क.स. | योजनाको नाम | लागत अनुमान | स्थान | स्थिति |
|---|---|---|---|---|
| १ | खत्री टोलमा सिँचाइ | करिब २० लाख | दुधौली नगरपालिका-७ कत्लेखोला | निर्माण सम्पन्न |
| २ | झोलुङ्गे पुल खत्री टोल | करिब १ करोड ६ लाख, | दुधौली ७ | निर्माण सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| ३ | पँरासे गभुवा झोलुङ्गे पुल, | करिब ३ करोड ५५ लाख | दुधौली १४ पराँसे गभुवा ककुरठाकुर, कटारी | निर्माण सम्पन्न |
| ४ | झोलुङ्पुल कमला नदी ढोडेली मंगलपुर | करिब ५करोड ६५ लाख बराबरको | दुधौली-१० र ६ | सर्भे |
| ५ | बाटो पिच झुँगा-धानरी | ६८ करोड लागत | दुधौली-३-११ | निर्माण सम्पन्न |
| ६ | पक्की पुल, धनसरी बेलसोत | करिब २१ करोड | दिल पौडेल र स्थानीय प्रमुख तीन दलको पहलमा, दुधौली-११ | निर्माण सम्पन्न |
| ७ | सिम्ले सिँचाई आयोजना | ५० लाख | गोलन्जोर गाउँ पालिका-६ | निर्माण सम्पन्न |
| ८ | पक्कीपुल, झोलुङ्गे पुल,सडक पिच, मन्दिर निर्माण आदि | करिब १० करोड | फिक्कल गाउँपालिकाका विभिन्न वडामा | निर्माणाधीन |
| ९ | पक्की पुल दुधौलीखोला | करिब ४ करोड बराबरका | दुधौली-७ दुधौलीखोलामा | निर्माण सम्पन्न |
| १० | झोलुङ्गे पुल | १ करोड ६० लाख, | कत्लेगाउँको गायटारमा | निर्माणाधीन |
| ११ | झोलुङ्गे पुल | १ करोड ६६ लाख, | कत्लेगाउँको रूपाटारमा | निर्माणाधीन |
| १२ | पक्की पुल | करिब ३७ लाख बराबरको | दुधौली-७ कत्लेखोलामा | निर्माण सम्पन्न |
| १३ | जाल्पादेवी मन्दिर निर्माण | करिब २ लाख ३५ हजार | दुधौली-७ | बजेट फ्रिज |
| १४ | पक्की पुल | करिब ९२ लाख बराबरको | दुधौली-७ दुधौलीखोलाको पहाडेदहमा | निर्माणाधीन |
| १५ | झोलुङ्गे पुल, डम्मरखाडी हडैया | | दुधौली-७ र कटारी-२ | निर्माणाधीन |
| १६ | चार ओटा काठे पुल | ६० हजार | दुधौली-७ कत्लेखोला | निर्माण सम्पन्न |

**(१९) बिर्सन नसकिने घटनाहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**

**उत्तर :**

बिर्सन नसकिने घटनाहरू तपशिल बमोजिमका छन् :

(१) प्रहरी हिरासतमा परेको (२०४२ जेठ ६)

(२) बेलसोत खोलाले रातभरी थुँनेको (२०३६/०२३७)

(३) २०५९ मा सामुदायिक वनको मुद्दा ( २८ महिना तारिखमा) ।

(४) नागरिकता सिफारिस काण्ड

(क) सिन्धुपाल्चोक-१ (२०६२/२०६३)

(ख) नुवाकोट-१ (२०६६/२०६७)

(५) गृहयुद्धका स्मरणीय क्षण (२०५७/२०६३, आधादर्जन जति)

....................................... ....................................

दिलबहादुर पौडेल

शोधनायक

हस्ताक्षर

शोधार्थी

अनिमाकुमारी पौडेल

नेपाली केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौँ


समुह : २०७५–२०७६

मेवाइल नं. ९८४१३१३८५४



शोधनायकसँग अन्तर्वार्ता लिँदै

## वंशबृक्ष तालिका-२




यीनै दिल पौडेल शोधनायक हुन् ।



माता चन्द्रकुमारी र पिता धनबहादुर पौडेल



शोधनायकका श्रीमती सुमिता अधिकारी र छोराहरू सुदीप र सुमन

# सन्दर्भ सामग्रीसूची


अधिकारी, धर्मराज (२०७७). *काउसो जून.* नवकान्तिपुर अनलाइन ।

खड्का, उद्धव. "अविस्मरणीय साथी" *सिन्धुली आवाज* (२०७६) पृ.७७-७८ ।

गुरुङ, रोहितकुमार. "करोडौँ रकमको सामग्री दुधौलीलाई" *दुधौली साप्ताहिक* (व.२, अं.३३, २०७५ मंसिर १६) पृ.६ ।

गुरुङ, रोहितकुमार. "भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अपनाउन पौडेल" *दुधौली साप्ताहिक* (व.२, अं.३३, २०७५ पौष २९) पृ.६ ।

ज्ञवाली, रामप्रसाद (२०७५) . *"केही अवधारणा केही समालोचना",* काठमाडौँ : दिल पौडेल ।

त्रिपाठी, गीता. (२०७५). दिल पौडेलका गजलहरूको प्रवृत्तिगत विश्लेषण. (संम्पा. दीपेन्द्र बुढाथोकी) *दिलको सृष्टि : अध्येताको दृष्टि.* सिन्धुली : दुधौली साप्ताहिक परिवार ।

त्रिपाठी, गीता. (२०७५). "पर्यावरण र नारीकेन्द्री समालोचना" काठमाडौँ : दिल पौडेल ।

त्रिपाठी, वासुदेव (२०६६). *"साहित्य-सिद्धान्त : शोध तथा सृजनविधि",* काठमाडौँ : पाठ्यसामग्री पसल ।

दाहाल, दुर्गाप्रसाद. (२०६७). *कृति विमर्श,* काठमाडौँ : सम्पदा प्रकाशन ।

दाहाल, रोशन र खतिवडा, ऋषिराम (२०७५), "दिलको सृष्टि अध्येताको दृष्टि", सिन्धुली : दुधौली साप्ताहिक परिवार ।

दाहाल, दुर्गाप्रसाद (२०७५). "विसङ्गति र अनुभूतिको गुम्फन दिल पौडेलको कात्रोमा मेरो देश कवितासङ्ग्रह" *दिलको सृष्टि : अध्येताको दृष्टि* (संम्पा. दीपेन्द्र बुढाथोकी), सिन्धुली : दुधौली साप्ताहिक परिवार।

निरौला, यज्ञेश्वर. (२०७४). *ओझेल वारि र ओझेल पारिका केही साहित्यकारहरू* काठमाडौँ : दिल पौडेल ।

निरौला, यज्ञेश्वर. (२०७७). *दिल पौडेलका हाइकुको विश्लेषण र मूल्याङ्कन* काठमाडौँ : सुमिता पौडेल ।

निरौला, यज्ञेश्वर. (२०७७). *नेपाली हाइकु परिचय* काठमाडौँ : दिल पौडेल ।

पाल्पाली, वी. के. (२०६०). *हाइकु साहित्य र सैद्धान्तिक अवधारणा,* बनेपा : जनमत प्रकाशन ।

पौडेल, दिल (२०५०). *अधुरो जिन्दगी,* जनकपुर : रुद्र पौडेल ।

पौडेल, दिल.(२०६१). *केही नेपाली साहित्यिक कृतिहरूको अध्ययन,* काठमाडौँ : स्थानीय विकासका लागि साहित्यिक प्रतिष्ठान ।

पौडेल, दिल(२०६१). *प्रजातन्त्र,* सिन्धुपाल्चोक : अविरल साहित्य समाज ।

पौडेल, दिल (२०६३). *कात्रोमा मेरो देश,* भक्तपुर : भक्तपुर साहित्य समाज ।

पौडेल, दिल (२०६४).दिल पौडेलका गजलहरू, *कौशिकी मासिक* (सम्पा. चेतनाथ धमला) वर्ष ९, अङ्क २, पृ. २४ ।

पौडेल, दिल (२०६५). अतीतका अवशेष, *कौशिकी मासिक* (सम्पा. चेतनाथ धमला) वर्ष ८, अङ्क २७, पृ. ८३ ।

पौडेल, दिल (२०७५). *दिलको सृष्टि : अध्येताको दृष्टि* (संम्पा. दीपेन्द्र बुढाथोकी), सिन्धुली : दुधौली साप्ताहिक परिवार ।

पौडेल, दिल (२०७७). *काउसो जून,* ललितपुर : सुमिता पौडेल ।

पौडेल, दिल "गायन र लेखनको सुन्दर नाम-निरासी" *सर्वपक्ष,* पृ.२३ ।

पौड्याल, लक्ष्मीप्रकाश. (२०६३). *तृष्णा,* काठमाडौँ : दिल पौडेल ।

प्रसाई, महेश. (२०७७). *एउटा कथाको पुनर्जन्म* काठमाडौँ : दिल पौडेल ।

बराल, ऋषिराज. (२०६५). उपन्यासको सौन्दर्य शास्त्र. ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. (२०६६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* (तेस्रो संस्करण), ललितपुर : साझा प्रकाशन ।

मगर, गाधीराज. (२०७५) "दिल एक दील अनेक" *दुधौली साप्ताहिक,* २ (३३), २०७५ माघ २०) पृ.६ ।

मुनकर्मी, राजुराम. "स्वर्णगजुर साहित्यिक खुराक बन्नुपर्छ" *समय समाज* (२०६३ मंसिर १७) पृ.६ ।

रेग्मी, दीनदयाल (सम्पा.) *"बहुमुखीप्रतिभा सम्पन्न साहित्यकार दिल पौडेल"* बालसिर्जना मासिक, वर्ष १०, अङ्क २, ११०, २०७७, साउन, पृ. ३-४ ।

श्रेष्ठ, गंगा *"दिल पौडेलका संस्मरणबारे केही दृष्टि"* (२०६५). (भूमिका) *अतीतका अवशेष.* कौशिकी मासिक।

श्रेष्ठ, धीरकुमार, (प्र.सम्पादक) हरिप्रसाद सिलवाल. "दिल पौडेलको हाइकुकारीता : सामान्य चर्चा", *शब्दाङ्कुर,* साहित्यप्रधान, मासिक, वर्ष २०, अङ्क ३, २३१, २०७७, पुस, पृ. ३१-४२ ।

श्रेष्ठ, प्रिया 'पत्थर'. (२०७५). "अधुरो जिन्दगी उपन्यासका लागि केही सुझावहरू". (संम्पा. दीपेन्द्र बुढाथोकी) *दिलको सृष्टि : अध्येताको दृष्टि.* सिन्धुली : दुधौली साप्ताहिक परिवार ।

सञ्जेल, नवराज. "फरासिला दिलका हाम्रा दिलसर" *अनलाइन साप्ताहिक* (व.४, अं.१, २०६१ श्रावण १२) ।

सिलवाल, हरिप्रसाद. (२०७६). *दिल पौडेलका : साहित्यिक कृतिहरूको विश्लेषण.* काठमाडौँ : सुमिता पौडेल ।